# मधेशी आयोगको

## सातौं वार्षिक प्रतिवेदन

(आ.व. २०८१/०८२)




मधेशी आयोग

ज्वागल, ललितपुर, नेपाल

२०८२

# मधेशी आयोगको

## सातौं वार्षिक प्रतिवेदन

(आ.व. २०८१/०८२)

मधेशी आयोग

ज्वागल, ललितपुर, नेपाल

२०८२

# मधेशी आयोगको सातौ वार्षिक प्रतिवेदन

प्रकाशकः मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल

फोन नं.: +९७७-०१-५२६९१८५

टोल फ्रि : १६६००११६१८५

अङ्क : सातौं

Website: www.madheshicommission.gov.np

Email: madheshicommission@gmail.com

सर्वाधिकारः मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल

कम्प्युटर- मुद्रण - दीप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स, बिजुलीबजार, काठमाडौं

Email: deepkirantraders12@gmail.com

# नेपाल

संघीय नेपालको प्रादेशिक सिमाङ्कन





# नेपालको राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म संस्कति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।





सम्माननीय राष्ट्रपतिज्यूसमक्ष छैठौं वार्षिक प्रतिवेदन बुझाउनुहुँदै आयोगका तत्कालिन माननीय अध्यक्षज्यू



सम्माननीय राष्ट्रपतिज्यूसँग आयोग परिवार



सम्माननीय राष्ट्रपतिज्यूसँग आयोगका कर्मचारीहरु

# आयोगका पदाधिकारीहरू



जीवछ साह (अधिवक्ता)
मानानीय कार्यवाहक अध्यक्ष
मो. ९८५२८३३३४४



रेणु देवी साह
माननीय सदस्य
मो. ९८४२८२०३२७



विजय कुमार गुप्ता
माननीय सदस्य
मो. ९८४८०२४३५३



आभा कुमारी
माननीय सदस्य
९८५२८२०७७९



सचिव
नरेश राज खरेल
९८४१८१३१०२

# मधेशी आयोग

ज्वागल, ललितपुर

प.सं.: २०८२/८३

च.नं. ३३

फोन नं. ०१-५२६९१८५
टोल फ्रि नं. १६६००११६१८५

मिति: २०८२।०५।१७

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाण्डौं ।

विषय- सातौं वार्षिक प्रतिवेदन सम्बन्धमा ।

नेपालको संविधानको धारा २९४ एवम् मधेशी आयोग ऐन, २०७४ को दफा २२ बमोजिम मधेशी आयोगले आर्थिक वर्ष २०८१।८२ मा सम्पादन गरेका कार्यको सातौं वार्षिक प्रतिवेदन यसै पत्रसाथ संलग्न गरी पेश गरेको छु ।

भवदीय

..........................

जीवछ साह
कार्यबाहक अध्यक्ष

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"
Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np

# मन्तव्य

नेपाल बहुल जातीय, भाषिक तथा सांस्कृतिक विविधतायुक्त देश हो। यस व्यापक विविधताभित्र, मधेशी समुदायको हक-हितको संरक्षण र संवर्द्धन तथा सो समुदायको सशक्तीकरणका लागि **मधेशी आयोगको स्थापना** गरिएको हो। एक ऐतिहासिक आवश्यकता र न्यायिक उत्तरदायित्वको अवतरणका लागि स्थापना गरिएको हो।

यस्तो संस्थाको स्थापना केवल औपचारिकतामा मात्र सीमित हुँदैन; यसको सार्थकता तब मात्र सम्भव हुन्छ जब यो उद्देश्य, नीति, संगठन, संरचना, मानव स्रोत, भौतिक स्रोत, अनुगमन, मूल्याङ्कन तथा त्यसअनुरूपको पुनःसंचालन जस्ता तत्वहरूद्वारा सुसंस्कृत हुन्छ।

तर, आजको यथार्थमा यस्तो चेतनशील अभ्यासभन्दा टाढा, व्यवहारमा विरोधाभासी प्रवृत्तिहरू दृष्टिगोचर हुन्छन्। मानव अधिकारका आदर्शहरू जसमा *"सोऽहम्"* को चेतना, अर्थात् **"म पनि त्यो परम अस्तित्वकै अंश हुँ"** भन्ने बोध, समाजवाद हुँदै साम्यवादतर्फको मार्गचित्र प्रस्तुत गर्छ तर व्यवहारमा ***"दासोऽहम्"*** अर्थात् **"म त केवल सेवक हुँ"** भन्ने आत्मविलोपकारी मनोवृत्तिले ग्रस्त अवस्था देखिन्छ।

यदि कुनै कालखण्डमा राज्यले साँचो अर्थमा **'सोऽहम्'** पथ अवलम्बन गरेको थियो भने आज त्यो भावनालाई सुधार गर्न '*पापोऽहम्*-आत्मग्लानि र आत्मचिन्तनको भावनाबाटै राष्ट्रले आत्मसात् गरेर समाधानतर्फ उन्मुख हुनुपर्थ्यो। त्यो नै मानवता र दायित्वबोधको मार्ग हो, जसले राज्यलाई प्रायश्चित र पुनर्निर्माणको दिशामा उन्मुख गराउँथ्यो।

तर, दुर्भाग्यवश नेपाली परिप्रेक्ष्यमा यस्ता भावनाहरूलाई निषेध गर्ने, दबाउने, र अमानवीय मौनताको गर्भमा थुन्ने प्रयास हुँदै आएको छ। **व्यक्ति भन्न सक्ने पात्र हो, जो स्वतन्त्र रूपमा अभिव्यक्त हुन सक्छ।** यही नै मानव अधिकारको आधारशिला हो।

मधेशी आयोग कर्मनिष्ठ भावनाले सञ्चालित छ '**कर्मानुबन्ध र तृणानुबन्धको आदर्शमा**' जहाँ राज्यप्रति कर्तव्यभाव, जनप्रति उत्तरदायित्व, र भविष्यप्रति प्रतिबद्धता निहित छन्।

नेपालको संविधानको धारा ४२ मा सामाजिक न्यायको व्यवस्था गरिए पनि, त्यसको व्यवहारिकता भने अझै पनि ओझेलमा छ। पहिचान, पहुँच र प्रतिनिधित्व - यी तीन आधार स्तम्भहरूलाई लिखित रूपमा स्वीकृति दिइए पनि व्यवहारमा तिनीहरूको प्रत्याभूति

अभावमै छ। यथार्थ के हो भने, अहिलेको अवस्थामै पहिचानभित्रको पहिचान, पहुँचभित्रको पहुँच र प्रतिनिधित्वभित्रको प्रतिनिधित्वका कुरा अझै संकटमा छन्। एक अदृश्य संरचनागत असमानताले **'वर्गीयता'** को अवस्थालाई अकल्पनीय दूरीमा धकेलेको छ।

सामाजिक न्याय प्रदान गर्ने प्रक्रिया केवल सैद्धान्तिक औषधिले सम्भव हुँदैन; यो त तथ्यमा आधारित रोग पहिचान र सटीक निदानमा निर्भर हुन्छ। तर त्यो *औषधि* अझै अग्नितापी बन्न सकेको छैन शरीर पोल्दैन, सिस्टमनै शिथिल छ। अमावस्यामा पूर्णिमाको खोजी गर्नु झैं यो न्यायको खोज पनि अँध्यारोबाट उज्यालोतर्फको उर्द्धगमन हो, जहाँ आशा थामिएको छ, तर मार्ग अझै धमिलो छ।

जातभित्रको वर्ग र वर्गभित्र रहेका जात-यी तहगत संरचनाहरूको यथार्थ चिनारी बिना अधिकार र कर्तव्यको विमर्श अपूर्ण रहन्छ। सामाजिक न्याय तब मात्र सार्थक हुन्छ, जब समुचित विश्लेषण र गहन अन्तरदृष्टिका साथ नीतिहरूको निर्माण हुन्छ, जसले सबै तहका पीडित र वञ्चित आवाजहरूलाई न्यायको प्रवाहमा समाहित गर्न सक्छ।

यहि दर्शनलाई आत्मसात् गर्दै, मधेशी आयोग निरन्तर तथ्यमा आधारित अध्ययन, पहिचान र समाधानको कार्यमा अहोरात्र लागिपरेको छ। यसले सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यावरणीय, प्रशासनिक, राजनीतिक, शैक्षिक तथा आरक्षण सम्बन्धी अवस्था अध्ययन गर्दै संविधानले दिएको दायित्वलाई गहिरो विवेकसाथ अघि बढाएको छ।

आजको मधेश केवल भौगोलिक क्षेत्र मात्र नभएर, सांस्कृतिक सजीवता, सामाजिक असमानताको विरुद्धको संघर्ष र राष्ट्रिय पुनर्संरचनाको नाभिकेन्द्र बनेको छ। मधेशका मुद्दाहरूलाई आयोगले केवल विश्लेषण गरिरहेको छैन, ती मुद्दाहरूको समाधानको यात्रामा अग्रपङ्तिमा उभिएको छ। वर्तमानमा उब्जिएका महत्वपूर्ण विषयहरूमा आयोग सदैव अघि बढेको छः

### १. भूमिहीनता र पुनःस्थापनाको संकट

मधेशका हजारौं भूमिहीनहरू (दलित, मुसहर, थारु, तथा मधेशी सुकुम्बासी) अझै पनि राज्यबाट कानुनी मान्यता र जमिनको स्वामित्व पाउनबाट वञ्चित छन्। आयोगले भूमिहीनता र सामाजिक न्यायबीचको सम्बन्धको वैज्ञानिक व्याख्या गर्दै, सरकार समक्ष स्थायी समाधानको माग अघि सारेको छ।

## २. सीमा नाकामा रोजगारी र सम्मानको संकट

सीमान्तकृत जनसंख्या भारतसँगको खुला सीमाबाट गुजारा गर्ने बाध्यता भोग्दै आइरहेका छन्। पछिल्लो समय, सीमा नाकामा शोषण, अपमान र मानव तस्करीका समस्या बढ्दो छन्, जुन मधेशी अस्तित्वमाथिको प्रत्यक्ष चुनौती हो। आयोगले संघीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरी सीमा नाकामा रोजगारी र सम्मानको संकटबाट मुक्ती सुनिश्चित गर्न कार्य गरिरहेको छ।

## ३. नागरिकताको असमान पहुँच

मधेशी युवायुवती अझै पनि नागरिकताको प्रक्रियाबाट बञ्चित छन्। विशेष गरी आमाबाट नागरिकता लिने सवालमा भएको महिलामाथि दोहोरो विभेद सिर्जना गरेको छ। आयोगले संवैधानिक ग्यारेन्टीको व्याख्या गर्दै, नागरिकताको सवाललाई मानव अधिकारको मौलिक अङ्गका रूपमा पुनः परिभाषित गरिरहेको छ।

## ४. साँस्कृतिक पहिचान र भाषा संरक्षण

मधेशका मैथिली, भोजपुरी, अवधी लगायत भाषाहरू अझै पनि शिक्षा, प्रशासन र सञ्चार माध्यमहरूमा अधिकारपूर्वक प्रयोग हुन सकेका छैनन्। आयोगले संविधानको धारा ६ (राष्ट्रभाषा) र ७ (सरकारी कामकाजको भाषा) को कार्यान्वियनको माग गर्दै, भाषिक अधिकारलाई सशक्त बनाउने नीति सिफारिस गरिरहेको छ।

## ५. महिला तथा दलित मधेशी समुदायको बहुपहिचान संकट

मधेशी महिलाहरू र दलित समुदाय अझै पनि प्रतिनिधित्व, सम्पत्ति, न्याय र नेतृत्वको सवालमा बञ्चित छन्। आयोगले यो **'पहिचानभित्रको पहिचान'** लाई नीति निर्माणको केन्द्रीय विमर्शमा ल्याउने प्रयास गर्दै आएको छ।

## ६. सङ्घीयताको असमान कार्यान्वयन

सङ्घीयता मधेश आन्दोलनको उपलब्धि हो। तर, सङ्घीय संरचनामा मधेशी समुदायको बराबरी सहभागिता अझै संस्थागत रूपमा कार्यान्वियन हुन सकेको छैन। आयोगले यो विषयमा नेपालको संविधानको धारा १८ (समानताको हक), ३८ (महिलाको हक), ४२ (सामाजिक न्यायको हक), र २८३ (समावेशी सिद्धान्त बमोजिम नियुक्ती गर्नुपर्ने) अनुसार सिफारिशमार्फत जनप्रतिनिधित्व र सेवा प्रवेशमा समावेशी अभ्यास सुनिश्चित गरिरहेको छ।

अत्यन्त न्यून स्रोत र साधनका बावजुद, स्थापना कालदेखि नै आयोगले कानुनीरूपमा परिभाषित जिम्मेवारी निर्वाह गर्दै आएको छ। यसलेः

- समस्या पहिचान,
- वर्गीय विश्लेषण,
- 'लोगो' निर्माण,
- पदाधिकारीदेखि कर्मचारीसम्म प्रविधिसम्पन्न संरचना निर्माण,
- पञ्चवर्षीय रणनीतिक योजना निर्माण,
- उजुरी संकलन तथा सिफारिसमार्फत कार्यान्वयन,
- मधेश क्षेत्रको पुर्णपरिभाषा,
- जातजातिको थरको तथ्याङ्क निरुपण,
- खण्डीकृत तथ्याङ्कको प्रकाशन,
- मधेशी समुदायको राज्य संयन्त्रमा पहुँच,
- मधेश प्रोफाइलको अद्यावधिक प्रकाशन
- राजर्षि जनक दर्शन
- मधेशी आयोगको ६ वर्ष (२०७५ देखी २०८१) अवसर तथा चूनौतीहरु जस्ता महत्वपूर्ण कामहरू सम्पन्न गरिसकेको छ,

र अझ सशक्त कुरा यो हो कि स्थापनाको सातौं वर्षमा समेत आयोगको वेरुजु शून्य रहेको छ। नैतिक उत्तरदायित्व र पारदर्शितामा अडिग रहेर कार्य सम्पादन गर्ने यो आयोग सम्माननीत र पुरस्कृत समेत भइसकेको छ जुन एक निस्तेज प्रणालीमा उज्यालो बन्ने कोशिसको प्रमाण हो।

स्थापनाकालदेखि नै, मधेशी आयोगले आफ्नो संवैधानिक दायित्वप्रति निष्ठावान् भई **विपन्न स्रोत, सीमित साधन र न्यून जनशक्तिका बीच** पनि उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ। यस्ता कार्यहरू आयोगको पहिचान मात्र होइन, सामाजिक रूपान्तरणतर्फको मार्गचित्र पनि हुन्।

आयोगबाट भएका केही मुख्य कार्यहरू निम्नानुसार रहेका छन्:

१. **संस्थागत ढाँचा र कानुनी आधारको स्थापनाः** आयोगका लागि आवश्यक पर्ने बैठक सञ्चालन नियमावली, कार्यविधि तथा विविध कानुनी दस्तावेजहरू निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिएको छ 'जहाँ प्रक्रिया, पारदर्शिता र जवाफदेहिताको आधार सुनिश्चित गरिएको छ।

२. **रणनीतिक दूरदृष्टिको अवलम्बनः** आयोगको **पञ्चवर्षीय रणनीतिक योजना** तयार गरी नेपाल सरकारसमक्ष पेश गरिएको छ; नदी जस्तै बहिरहने संस्थागत यात्रा स्पष्ट दिशामा निर्देशित गर्नका लागि।

३. **आयोगको प्रतीकात्मक पहिचानः** आयोगको **लोगो र वार्षिक कार्यतालिका** निर्माण गरी कार्यान्वयन गरिएको छ, जसले संस्थाको कार्यसंस्कृति र पहिचानलाई औपचारिकता दिएको छ।

४. **समुदायको वस्तुस्थिति अभिलेखनः** विभिन्न जिल्लाबाट **मधेशी समुदायको वास्तविक वस्तुस्थिति** सङ्कलन गरी सोको आधारमा सिफारिशहरू प्रस्तुत गरिएको छ 'नीतिगत सुधारको मेरुदण्डस्वरूप।

५. **प्रविधिमैत्री पहुँच प्रवर्द्धनः** जन–आयोग सम्पर्क सरल र सुलभ बनाउन वेबसाइट, फेसबुक पेज, टोल–फ्री नम्बर आयोगलाई पूर्णतया **प्रविधिमैत्री बनाइएको** छ।

६. **पहिचानको ऐतिहासिक अनुसन्धानः** सिमित बजेट र स्रोतसाधनका बाबजुद नेपालमा पहिलोपटक **"मधेशी को हो?"** भन्ने गहिरो अनुसन्धान गरियो, जसमा **मधेशी थरहरूको सुचिकरण अध्ययन** गरी सो प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गरिएको छ।

७. **पारदर्शिता र वित्तीय अनुशासनः** हालसम्म आर्थिक वर्ष (२०८०/८१) सम्म **आयोगको बेरुजु शून्य** रहेको छ, र संस्थाले **सम्मान र पुरस्कार** समेत प्राप्त गरेको छ; सार्वजनिक संस्थामा एक अनुकरणीय उदाहरणस्वरूप।

८. **जनशक्तिको अभावमा पनि दक्ष कार्य सम्पादनः** यद्यपि आयोगमा **दक्ष मानवीय स्रोतको अभाव** रहेको छ, तथापि आयोगले परिभाषित कार्यहरू सङ्गठित, सटीक र उत्तरदायी ढंगले सम्पन्न गरेको छ।

९. **राज्य सन्दर्भमा पहुँचको विश्लेषण:** विषय विज्ञहरूको सहयोगमा **मधेशी समुदायको राज्यसन्दर्भीय पहुँच अध्ययन प्रतिवेदन** तयार पारी कार्यान्वयनका लागि नेपाल सरकारमा सिफारिश गरिएको छ।

१०. **युवा सशक्तीकरणमा अग्रसरता:** मधेशी समुदायका युवाहरूलाई सशक्त बनाउन **लोकसेवा तयारी अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन** गरिएको छ।

११. **प्रदेशस्तरीय अभिमुखीकरण:** युवाहरूलाई लक्षित गर्दै विभिन्न प्रदेशहरूमा **लोकसेवा तयारीसम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू** संचालन गरिएको छ।

१२. **नैतिक शिक्षा प्रवर्द्धन:** स्थापना कालदेखि नै आयोगले मानवीय मूल्यको पुनरुत्थानको लागि **"नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा"** कार्यक्रम सञ्चालन गर्दै आएको छ।

१३. **संवैधानिक निकायहरूसँग समन्वय:** विभिन्न संवैधानिक निकायहरूसँग संस्थागत एकता र उद्देश्यमा सहसञ्चालनको भावनासँग सुमधुर समन्वय स्थापित गर्दै सहकार्यमा कार्य सम्पादन गरिएको छ।

१४. समन्वय र सहकार्यमार्फत **'मुलुक दर्शन'** कार्यक्रमको सञ्चालन गरी तराई–मधेशसँग हिमाल र पहाडबीचको सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक सम्बन्धलाई पुनः प्रवाहित गराउने प्रयास गरिएको छ 'जहाँ राष्ट्र एक हो, रगत एउटै बग्दछ' भन्ने मान्यता संस्थागत रूपमा स्थापित गराउन आयोग सफल भएको छ।

१५. **सुरक्षा निकायहरूसँग संवाद र समन्वय:** नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेनाका उच्चपदस्थ अधिकारीहरूसँग समय–समयमा समसामयिक विषयमा गहन संवाद र विमर्श गरि नतिजामुखी निष्कर्ष प्रस्तुत गर्दै संवेदनशील विषयमा सिफारिशहरू सरकार समक्ष पेश गरिएको छ।

१६. राष्ट्रिय गौरवका आयोजनासँग सरोकार राख्ने अधिकारीहरूसँग गहिरो संवाद गरी योजनाको प्रभावकारी कार्यान्वयनको लागि सुनिश्चित सुझावहरू प्रस्तुत गरिएको छ।

१७. जनताको विश्वासप्रति आयोगको उत्तरदायित्वको मूर्त रूप दिन आयोगमा प्राप्त उजुरीहरूको तुरुन्त सिफारिश गरिएको छ।

१८. आयोगद्धारा गरिएका निर्णयहरूको ९५% भन्दा बढी कार्यान्वियनमा ल्याइएको, जुन कार्य सम्पादन क्षमताको उदाहरण हो।

१९. सामाजिक दुर्व्यवहार, विभेद र उत्पीडनका घटनाहरूमा तुरुन्त सिफारिश र कारबाही गराइने कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गरिएको छ।

२०. नेपाल सरकारलाई विभिन्न घटना र मुद्दामा गम्भीर ध्यानाकर्षण गराईंदै समयसापेक्ष कदम चाल्न प्रेरित गरिएको छ।

२१. सरकारी तथा गैर–सरकारी संस्थाहरूसँग सहकार्य गर्दै लक्षित वर्गलाई समेट्ने विविध कार्यक्रमहरू आयोजना गरिएको छ।

२२. विभिन्न देशका मानवअधिकार संस्थासँग कूटनीतिक स्तरमा सम्बन्ध स्थापना गरी मधेशी समुदायको समस्यालाई अन्तर्राष्ट्रिय मञ्चमा समेत प्रस्तुत गरिएको छ।

२३. "**माटोको सुगन्ध**" लाई अझ सुवासित गर्न कानुनीरूपमा परिभाषित कार्यहरू अत्यन्त प्रभावकारी रूपमा १२१ वटा बैठकहरू सर्वसम्मतिपूर्वक सम्पन्न गरिएका छन्।

२४. राष्ट्रको एकता, अखण्डता, र सामीप्यता प्रवर्द्धन गर्ने कालजयी कार्य गरिएको छ' जहाँ एकलव्यी भावना, कानूनको निर्माण र प्रयोगको मेरुदण्डको रूपमा आत्मसात् गरिएको छ।

२५. आयोगको लोकप्रिय नारा "**जहाँ समस्या, त्यही आयोग**" अक्षरशः कार्यान्वियनमा ल्याउने निरन्तर प्रयास गरिएको छ; 'विश्वास, पहिचान र पहुँचको जीवित अभिव्यक्ति।

२६. आयोगसँगै बहुआयामिक समृद्धि, सुशासन, पहुँच, रूपान्तरण र सशक्तिकरणको सुप्रस्थान आत्मसात् गरिएको छ, जहाँ न्याय मात्र होइन, संवेदनाको पनि शासन छ।

२७. आयोगले "**राजर्षि जनक दर्शन अध्ययन प्रतिवेदन**" तथा "**मधेशी आयोगको ६ वर्ष (२०७५–८१): अवसर तथा चुनौतीहरू**" शीर्षकमा ऐतिहासिक दस्तावेज प्रकाशन गरेर कार्यको समग्र मूल्याङ्कन प्रस्तुत गरेको छ।

मधेशी आयोग केवल मुद्दा उठाउने संस्था होइन, समाधान खोज्ने अग्रगामी निकाय हो। संस्थागत दूरदृष्टिले अब आयोगको भूमिकालाई नीति निर्माण, कानुनी संशोधन, क्षमता विकास, र अन्तर-सरकारी समन्वयमा थप विस्तार गर्नु पर्ने भएको छ।

**आयोगले आगामी वर्षहरूमा निम्न बृहत कार्यसूचीमा केन्द्रित हुने अठोट लिएको छः**

- मधेशी महिला, दलित, सन्थाल जस्ता समुदायको लागि लक्षित नीति निर्माण।
- मानव अधिकार कार्यनीति।
- **'मधेशी युवा उद्यम कार्यक्रम'** अन्तर्गत स्वरोजगारको प्रवर्द्धन।
- **'भाषिक समावेशिता कार्ययोजना'** लागू गर्नका लागि स्थानीय तहहरूसँग सहकार्य।
- सङ्घीय शासन प्रणालीमा मधेशी समुदायको प्रभावकारी सहभागिता सुनिश्चित गर्न नीति संवाद।

मधेशी आयोग, राष्ट्रिय असमानताको अन्धकारमा न्यायको दीपशिखा बनेर उभिएको छ। संविधानले प्रत्याभूत गरेको अधिकारलाई व्यवहारमा बदल्ने यो अभियान अझ सशक्त बन्नेछ, जब हामी सबै मधेशको माटोलाई न्याय, समानता र समावेशिताको सुगन्धले सुवासित गर्न सँगठित हुनेछौं।

अन्त्यमा, यस सातौं वार्षिक प्रतिवेदनको तयारीमा प्रत्यक्ष वा परोक्ष रूपमा योगदान पुऱ्याउनु भएका सबै पदाधिकारी, प्राज्ञजन, कर्मचारी, सुरक्षाकर्मी तथा सरोकारवालाहरूलाई कोटी–कोटी नमन र आभार व्यक्त गर्दछु।

हामी सबैको समर्पण, संकल्प, र साझा सपना न्याय, समानता र गरिमापूर्ण पहिचानको मधेश निर्माणका लागि प्रेरणाको स्रोत बनिरहोस्।

माननीय जीवछ साह (अधिवक्ता)

कार्यवाहक अध्यक्ष

मधेशी आयोग

# प्राक्कथन

हाम्रो देश बहुल जातजाति, भाषाभाषीको राज्य हो। बहुलपन हाम्रो परिचय हो। देशमा रहेका विविध जातजाति, भाषाभाषी समुदाय मध्ये मधेशी समुदायको हक हितको संरक्षण र संबर्द्धन तथा सो समुदायको सशक्तीकरणका लागि मधेशी आयोगको स्थापना भएको हो। आयोगको उद्देश्य बमोजिम आयोग आफ्नो कार्य क्षेत्रमा सक्रिय रुपमा कार्यरत छ। आयोगबाट गरिएका सिफारिस र अनुगमनबाट मधेशी समुदायमा भएका गलत क्रियाकलापहरुमा दोषी उम्कन नपाउने र पीडितले न्याय पाउने अवस्था रहेको छ। सालवसाली रुपमा मधेशी आयोगबाट सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश हुने प्रतिवेदनबाट मधेशी समुदायमा थप गर्नुपर्ने सुधारको विषय र यसबाट प्राप्त प्रतिफल र परिणाम सम्बन्धमा समेत उल्लेख गरिने हुँदा मधेशी समुदायको उत्थानका लागि यो प्रतिवेदन कोशे ढुङ्गा सावित हुने कुरामा दुईमत छैन। मधेशी आयोगको **सातौं वार्षिक प्रतिवेदन** तयारीमा सहयोग पुऱ्याउनु हुने सबै प्राज्ञजन लगायत सम्पूर्ण आयोग परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

नरेश राज खरेल
सचिव
मधेशी आयोग

# कार्यकारी सारांश

मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र मधेशी समुदायको सशक्तीकरण गर्नको लागि स्थापित यस संवैधानिक आयोगले आफ्नो स्थापना काल देखि संवैधानिक परिधि तथा ऐन कानुन भित्र रही कार्यहरु सम्पादन गर्दै आइरहेको छ।

## १. हक हितको संरक्षण

### (क) उजुरी

मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी आयोगको ऐनको दफा ७ (ठ) अनुसार सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कानुनी जिम्मेवारी अनुसार प्रतिवेदन अवधिमा कुल ३७ वटा उजुरी तथा गुनासाहरु आयोग समक्ष प्राप्त भएका छन्। यस आयोगले पिडितलाई न्याय दिलाउन ती वार्षिक रुपमा प्राप्त भएका उजुरीहरुको आवश्यक छानबिन तथा तहकिकातका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाएको छ।

(अनुसूची २ सँग सम्बन्धित)

### (ख) अनुगमन

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि विकासको समग्र अवस्थाको अनुगमनको लागि नीतिगत पृष्ठपोषण लिई आयोगबाट आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले प्रदेशगत रुपमा विभिन्न जिल्लाहरुको अनुगमन भएको थियो। जसमा शिक्षा, स्वास्थ्य, रोजगारी, औद्योगिक क्षेत्र, सिँचाई, कृषि तथा प्राकृतिक स्रोत, पर्यटन, सांस्कृतिक सम्पदा, पर्यायिवरण, चुरे क्षेत्रको अवस्था, स्थानीय तहको नीति तथा कार्ययोजना तयारी, शान्ति सुरक्षा सम्बन्धी समस्या, महिला हिंसा, घरेलु हिंसा, वालविवाह, लागु औषध तथा दुर्व्यसन, धार्मिक द्वन्द्व, दाइजोप्रथा, पर्यावरणजन्य न्याय/जलवायुजन्य न्याय, बाढि पिडित, सुकुम्वासी समस्या, मानव अधिकारको अवस्था, छुवाछुत, विभेद, मधेशी समुदायका अति विपन्न र विपन्न समुदायको आर्थिक अवस्था र भौतिक पूर्वाधारहरुको अवस्था आदिको बारेमा बुझ्न तथा आगामी दिनमा चालिनु पर्ने कदमको बारेमा सुझाव लिन आयोगबाट विभिन्न समयमा अनुगमन गरिएको थियो।

(परिच्छेद २ र अनुसूची ४ सँग सम्बन्धित)

## २.	अध्ययन/अनुसन्धान

### (क)	राजर्षि जनकदर्शन अध्ययन प्रतिवेदन

मधेशी आयोगद्वारा माघ २०८१ मा प्रकाशित "**राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन**" ले ब्रह्मज्ञानी राजर्षि जनकको ज्ञान, दृष्टिकोण र बुझाइलाई प्राचीन ग्रन्थहरूको गहिरो अध्ययनका आधारमा प्रस्तुत गरेको छ। ६ अध्यायमा विभाजित यो प्रतिवेदनले जनक दर्शनका मूल सिद्धान्त, ऐतिहासिक विकासक्रम र त्यसका सैद्धान्तिक तथा व्यावहारिक पक्षहरूको दार्शनिक विश्लेषण गर्दछ।

यो अध्ययन मधेशी आयोग ऐन, २०७४ को प्रावधानअनुसार तयार पारिएको हो, जसको मुख्य उद्देश्य इतिहास र संस्कृतिको पहिचान, संरक्षण र सम्वर्द्धन गर्नु हो। प्रतिवेदनले वेद र उपनिषद्मा आधारित जनक दर्शनलाई पूर्वीय दर्शनको एक महत्त्वपूर्ण आधार-स्तम्भको रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ। जनकका विचारहरू कुनै एउटै लिखित ग्रन्थमा नभेटिए पनि महाभारत, श्रीमद्भागवत, बृहदारण्यकोपनिषद् र अष्टावक्र गीता जस्ता विभिन्न ग्रन्थहरूमा छरिएर रहेका ज्ञानलाई एकीकृत गरिएको छ।

यस प्रतिवेदनले जनकलाई एक दार्शनिकभन्दा पनि दर्शनको जिज्ञासुका रूपमा प्रस्तुत गरेको छ, जसले व्यवहारवादी अद्वैतवादको अभ्यासबाट मोक्ष प्राप्त गर्न सकिने तर्क अघि सारेका थिए। प्रतिवेदनमा जनक दर्शनको तुलना अन्य भारतीय दर्शनहरू जस्तै सांख्य, योग, न्याय, र वेदान्तसँग पनि गरिएको छ। समग्रमा, यो अध्ययनले मिथिला क्षेत्रको सांस्कृतिक र सामाजिक महत्त्वलाई उजागर गर्दै जनक दर्शनको प्रासंगिकता र प्रभावलाई व्यापक रूपमा विश्लेषण गरेको छ।

(परिच्छेद २ र अनुसूची ५ (१) सँग सम्बन्धित)

### (ख) मधेशी आयोगको ६ वर्षः चूनौती र अवसरहरु

मधेशी आयोग, नेपालले आफ्नो स्थापनाको ६ वर्ष (२०७५-८१) को अवसरमा एक विश्लेषणात्मक प्रतिवेदन सार्वजनिक गरेको छ। नेपालको संविधानद्वारा मधेशी समुदायको पहिचान, हकहित र सशक्तीकरणका लागि स्थापित यस आयोगले आफ्नो कार्यकालमा विभिन्न अवसर र चुनौतीहरूको सामना गरेको छ।

आयोगले मधेशी समुदायका युवाहरूलाई लक्षित गरी लोकसेवा तयारी कक्षा र "**नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा**" जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू सञ्चालन गरेको छ। यी कार्यक्रमहरूले समुदायमा चेतना अभिवृद्धि र सशक्तीकरणमा योगदान पुऱ्याएका छन्। आयोगले आफ्नो स्थापनाकालदेखि गरेका मुख्य मुख्य कार्यहरूमा मधेशी समुदायको थर सूचीकरण, पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा, विभिन्न संवैधानिक निकायहरूसँग समन्वय, र राज्यमा मधेशी समुदायको पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन प्रकाशन जस्ता महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ।

यद्यपि, आयोगले न्यून स्रोतसाधन, दक्ष जनशक्तिको अभाव र अन्य आयोगहरूसँग कार्यक्षेत्रमा देखिने दोहोरोपना जस्ता चुनौतीहरूको सामना गरिरहेको छ। संवैधानिक रूपमा प्राप्त अधिकारहरूको प्रभावकारी कार्यान्वयन र सरकारलाई गरिएका सिफारिशहरूको सुनुवाइ आयोगका लागि प्रमुख चुनौती बनेको छ। यी अवसर र चुनौतीहरूलाई सम्बोधन गर्दै आयोगले मधेशी समुदायको समग्र विकास र राज्यको मूलधारमा उनीहरूको पहुँच सुनिश्चित गर्न निरन्तर प्रयास गरिरहेको छ।

(परिच्छेद २ र अनुसूची ५ (२) सँग सम्बन्धित)

## (ग) अन्तरक्रिया कार्यक्रम

आ.व. २०८१।८२ मा विभिन्न अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएका छन्। आयोगको ऐनको दफा ७ (ज) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका तीनै तहका संघ, प्रदेश र स्थानीय बुद्धिजीवीहरु, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका सांसद र जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुखहरु एवम् आवश्यक पर्ने अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले मधेशी समुदायको हक हित, संरक्षण, सम्बर्द्धन, सशक्तीकरण र समग्र विकासको लागि अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ। सो सन्दर्भमा कार्यपत्रात्मक कार्यक्रमहरु समेत सम्पन्न गरिएको थियो। साथै जितिया पर्वको अवसरमा व्रतिहरुलाई राजपत्रमै प्रकाशित गरी विदा दिन समेत माग भए बमोजिम नेपाल सरकारले राष्ट्रिय विदा घोषणा गरेको छ। पिडितहरुको उजुरीलाई मध्यनजर राखी सबै सरोकारवालाहरुसँग गरिएका कार्यक्रमहरु, छुटेका जातजातिहरुलाई समाविष्ट गर्ने कार्यक्रम आदि रहेका छन्। यस्ता कार्यक्रमबाट मधेशी समुदायको सांस्कृतिक सशक्तीकरणका लागि तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत,

कानुनी र संस्थागत सुधारका विषयमा आयोगको मात्र भूमिका नभई सबै सरोकारवालाहरुको उत्तिकै जिम्मेवार र दायित्व रहेको कुरा ती समुदायहरुमा सम्प्रेषण गर्न आयोग सफल भएको छ।

(परिच्छेद २ सँग सम्बन्धित)

## २.१ अधिकार प्रर्वद्धन तथा सशक्तीकरण

समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानले आत्मसात गरेको छ। साथै मधेशी समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने राज्यको नीति रहेको छ। त्यसैगरी मधेशी आयोग ऐन, २०७४ मा मधेशी समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्न, भइरहेका कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा सुधार गर्न, सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्न, चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्न नीति निर्माणका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने र कार्यक्रम आयोग स्वयमले गर्ने व्यवस्था रहेको छ।

सोही अनुरुप मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई यस आयोगको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख छ। राष्ट्र निर्माणमा यूवाहरुको भूमिका अहम् हुने हुँदा उनीहरुलाई राज्यको मूलप्रवाहमा ल्याउनुपर्ने आवश्यक हुन्छ।

यही कुरालाई मध्यनजर गर्दै मधेशी आयोगले यूवाहरुका लागि "**नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रम** " र लोकसेवा आयोगमा सहज पहुँच होस भन्ने हेतुले "**मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम**" संचालन गरेको थियो।

### (क) मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम

मधेशी समुदायको सशक्तीकरण र पहुँचको लागि राज्यले हरेक निकायमा आरक्षणको व्यवस्था गरेको छ। सोही अनुरुप ती व्यवस्थाहरुको बारेमा जानकारी दिने, निजामती

सेवा लगायत अन्य सरकारी सेवाहरुमा प्रवेश कसरी गर्ने, सेवा भित्र के कस्ता अवसरहरु छन्। सेवा प्रवेशका लागि के कति योग्यता आवश्यक पर्छ आदि विषयमा प्रशिक्षण दिने तथा सहभागीहरुका जिज्ञासा संबोधन गर्ने ध्येयले कोशी प्रदेशको मोरङ्ग जिल्लाको जहदा, उदयपुर जिल्लाको गाइघाट, मधेश प्रदेशको सप्तरी जिल्लाको कन्चनरुप नगरपालिका, सिराहा जिल्लाको मिर्चैया, धनुषा जिल्लाको जनकपुरधाम, महोत्तरी जिल्लाको मनरा सिसवा गाउँपालिका, कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, लुम्बिनी प्रदेशको बाँके जिल्लाको नेपालगंजमा सम्पन्न गरिएको छ।

**(ख) मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम**

परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने भएकोले मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि कोशी प्रदेशको सुनसरी जिल्लाको कोशी गाउँपालिका, मधेश प्रदेशको सप्तरी जिल्लाको राजगढ, धनुषा जिल्लाको जनकपुरधाम, बारा जिल्लाको कलैया, लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको मर्चवार गाउँपालिका, नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका, कपिलवस्तु जिल्लाको यसोधारा गाउँपालिकामा संचालन गरिएको थियो। यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ।

**(ग) प्रतिवेदन प्रकाशन**

यस आयोगले आफूले गरेको काम कारबाहीको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ र छैठौ वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिसकेको छ।

संविधानको धारा २९४(२) अनुसार कोशी प्रदेश, मधेश प्रदेश, सुदुरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु समक्ष आयोगको छैठौ वार्षिक प्रतिवेदन पेश गरिएको छ।

## २.२ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल

मधेशी आयोगले आफ्नो संवैधानिक दायित्वलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले विभिन्न सरोकारवालाहरूसँग नियमित रूपमा छलफल र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यी कार्यक्रमहरूको मुख्य लक्ष्य मधेशी समुदायका जमीनी समस्या, आवश्यकता र अपेक्षाहरू संकलन गरी राज्यको नीति निर्माण तहसम्म पुर्‍याउनु हो।

आयोगले मधेश प्रदेशका जिल्लाहरूदेखि काठमाडौंसम्म नागरिक समाजका अगुवा, बुद्धिजीवी, जनप्रतिनिधि, पत्रकार, र युवाहरूसँग **"मधेशी समुदायको समस्या र समाधान"** जस्ता विषयमा विमर्श गरेको छ। यस्ता छलफलहरूमा मधेशी समुदायको हकहित, थर सूचीकरण, सामाजिक-सांस्कृतिक विकृतिहरूको अन्त्य, र समावेशीकरण जस्ता मुद्दाहरूमा केन्द्रित रहेर सुझाव संकलन गरिन्छ।

यसका साथै, आयोगले शान्ति सुरक्षाको अवस्था र सुरक्षा निकायमा मधेशीहरूको पहुँच बढाउने विषयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका उच्च पदस्थ अधिकारीहरूसँग पनि छलफल गरेको छ। आयोगले आफ्ना कामकारबाही, प्रगति र भावी योजनाबारे सञ्चारकर्मीहरूलाई नियमित रूपमा जानकारी गराउन अन्तरक्रिया कार्यक्रमहरू आयोजना गर्ने गरेको छ।

यी छलफल र अन्तरक्रियाबाट प्राप्त सुझाव र निष्कर्षहरूले आयोगलाई तथ्यपरक वार्षिक प्रतिवेदन तयार गर्न र मधेशी समुदायको बृहत्तर हितका लागि सरकारलाई ठोस नीतिगत सिफारिशहरू गर्न महत्त्वपूर्ण आधार प्रदान गर्दछ। यसमार्फत आयोगले समुदाय र राज्यबीच एक सेतुको रूपमा काम गरिरहेको छ।

(परिच्छेद २ सँग सम्बन्धित)

## २.३ आयोगका गतिविधीहरु

### २.३.१ आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगको बैठक बसी विविध विषयमा निर्णय गरिएको छ। आयोगको बैठकको निर्णयहरु सम्बन्धमा **अनुसूची - ६** मा उल्लेख गरिएको छ।

### २.३.२ आयोगको प्रेस विज्ञप्ति

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो संवैधानिक भूमिका निर्वाह गर्ने क्रममा विभिन्न मितिमा विभिन्न घटना, परिवेश विषयहरुको बारेमा आयोगमा बैठक बसी विभिन्न समयमा प्रेस विज्ञप्तिहरु जारी गरेको छ। उक्त प्रेस विज्ञप्ति सम्बन्धमा **अनुसूची**-७ मा उल्लेख गरिएको छ।

## ३. सिफारिस

### (क) आयोगबाट गरिएका सिफारिस

मधेशी आयोगको ऐन, २०७४ अनुसार यस आयोगले तराईमा हाल देखा परेको खानेपानी तथा सिचाई समस्या, तराई मधेशमा सामाजिक कुरीतिका रुपमा रहेका महिला हिंसा, घरेलु हिंसा, वालविवाह, लागु औषध तथा दुर्व्यसन, धार्मिक द्वन्द्व न्युनीकरण, दाइजोप्रथा, बोक्सी/बोक्सापप्रथा, शिक्षा, स्वास्थ्य, रोजगारी, औद्योगिक क्षेत्र, सिँचाई, कृषि तथा प्राकृतिक स्रोत, पर्यटन, सांस्कृतिक सम्पदा, पर्यायवरण, आरक्षण नीतिको प्रभावकारी कार्यान्वियन, वातावरणीय प्रदूषण र चुरे संरक्षण, सीमा क्षेत्रका समस्या, लागूऔषध दुर्व्यसन, सरकारी सेवामा मधेशीको पहुँच, सांस्कृतिक सम्पदाको संरक्षण, शीत लहर र गर्मीको प्रकोप, कृषिमा यान्त्रिकीकरणको अभाव, सहकारी ठगी, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समस्या, नेपालका प्रमुख मठमन्दिरलाई धार्मिक सर्किटको रुपमा जोड्ने सम्बन्धमा, नेपालको राष्ट्रिय गौरब आयोजनाको सम्बन्धमा, विद्युतमा नियमन, शान्ति सुरक्षा सम्बन्धी समस्या, पर्याविरणजन्य न्याय/जलवायुजन्य न्याय, बाढि पिडित, सुकुम्वासी समस्या, मानव अधिकारको अवस्था, छुवाछुत, विभेद, मधेशी समुदायका अति विपन्न र विपन्न समुदायको आर्थिक अवस्था र भौतिक पूर्वाधारहरुको अवस्था, सांस्कृतिक स्थल निर्माणार्थ प्रभावकारी रुपमा कार्य गर्न, चुरेको विनाशलाई रोक्न सरकारलाई सिफारिस गरिएको छ।

(परिच्छेद ३ सँग सम्बन्धित)

# विषयसूची

पेज नं.


**कार्यकारी सारांश** **(i-vii)**

परिच्छेद-१

**प्रारम्भिक** १

१.१ पृष्ठभूमी १

१.२ आयोगको उद्देश्य १

१.३ आयोगको काम, कर्तव्य र अधिकार २

१.४ संगठन ४

परिच्छेद-२

**आयोगबाट सञ्चालित र गतिविधि र कार्यक्रम** **५**

२.१ हक हितको संरक्षण ५

२.१.१ उजुरी ५

२.१.२ अनुगमनका कार्यक्रमहरु ६

२.२ अधिकारको प्रबर्द्धन तथा सशक्तीकरण ७

२.२.१ प्रतिवेदन प्रकाशन ७

२.२.२ मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम ७

२.२.३ सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम ९

२.२.४ राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन ११

२.२.५ मधेशी आयोगको ६ वर्षः चुनौति र अवसरहरु ११

२.२.६ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया १२

२.३ आयोगका गतिविधिहरु १९

२.३.१ आयोगका वैठकका निर्णयहरु १९

२.३.२ आयोगका प्रेस विज्ञप्ति १९

**परिच्छेद-३**

३.१ सुझाव तथा सिफारिस २०

३.१.१ आयोगका तर्फबाट प्रस्तुत गरिएका सुझाव तथा सिफारिस २०

**परिच्छेद– ४**

**भौतिक स्रोत साधन र उपयोगको अवस्था** **३२**

४.१ आयोगको भौतिक सम्पत्ति ३२

**परिच्छेद –५**

**उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु** **३३**

५.१ उपलब्धीहरु ३३

५.२ समस्या तथा चुनौतिहरु ३५

५.३ आयोगको अपेक्षा तथा भावी कदमहरु ३६

**परिच्छेद–६**

**कार्यक्रम र लागत** **४२**

६.१ वार्षिक कार्यक्रम र खर्च ४२

**अनुसूचीहरु**

**अनुसूची-१:** मधेशी आयोगको संगठन संरचना र कर्मचारी विवरण ४३

**अनुसूची-२:** आयोगमा परेका उजुरीहरुको विवरण ४६

**अनुसूची-३:** कार्यक्रमहरु ५०

**अनुसूची-४:** आयोगका पदाधिकारीबाट गरिएका अनुगमन ७२

**अनुसूची-५:** १. राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन २०८१ ८८

२. मधेशी आयोगको ६ वर्षः चुनौति र अवसरहरु ९७

**अनुसूची-६:** आयोगका बैठकहरु १२१

**अनुसूची-७:** आयोगका प्रेस विज्ञप्ति १४५

**अनुसूची-८:** आयोगको भौतिक सम्पत्ति १८८

**अनुसूची-९:** आयोगका आर्थिक विवरण १९२

**अनुसूची-१०:** विविध क्रियाकलापको फोटो ग्यालरी २००

**नेपालमा मधेशी समुदाय अन्तर्गत पर्ने जात/जातिहरु** **२४०**

# परिच्छेद १

# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

मधेशी समुदायको हक हित प्रबर्द्धन गर्दै उनीहरुलाई राज्यको मूलप्रवाहमा प्रवाहीकरण गर्न नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ। मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदले मधेशी आयोग ऐन, २०७४ बनाई मिति २०७४।०६।२७ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइ विधिवत रुपमा मधेशी आयोगको गठन भएको हो। नेपाल सरकारको मिति २०७५।०७।२७ गतेको निर्णयबाट मधेशी आयोगको कार्यालय स्थापना भएको हो। यस आयोगका प्रथम अध्यक्षको रुपमा माननीय डा. विजयकुमार दत्तज्यू नियुक्त हुनु भई मिति २०७५।१२।०७ मा सम्माननीय राष्ट्रपतिज्यू समक्ष शपथ ग्रहण पश्चात सोही दिन पदबहाली तथा कार्य प्रारम्भ गर्नु भएको। त्यसैगरी मिति २०७७।१०।२१ मा सदस्यको रुपमा माननीय सदस्य जीवछ साहज्यू, माननीय सदस्य रेणु देवी साहज्यू, माननीय सदस्य विजय कुमार गुप्ताज्यू र मिति २०७८।३।१० मा माननीय सदस्य आभा कुमारीज्यू नियुक्त भई सपथ ग्रहण गरी कार्य प्रारम्भ गरेसँगै यस आयोगले कार्य सुसंचालन गर्दै आएको छ। मिति २०८१ चैत्र ६ गतेबाट माननीय अध्यक्ष डा. विजय कुमार दत्तज्यूको कार्यकाल समाप्त भई मिति २०८१ चैत्र ७ गतेबाट माननीय सदस्य श्री जीवछ साहज्यू कार्यवाहक अध्यक्षज्यूको रुपमा जिम्मेवारी सम्हाल्नुभयो।

## १.२ आयोगको उद्देश्यः

नेपालको संविधानको धारा २६२ तथा मधेशी आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नु नै यस आयोगको मुख्य उद्देश्य रहेको छ।

## १.३ आयोगको काम, कर्तव्य र अधिकारः

मधेशी आयोग ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ३ को दफा ७ मा मधेशी आयोगको काम, कर्तव्य र अधिकारहरु देहायबमोजिम तोकिएका छन्।

(क) मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,।

(ख) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वियनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वियन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वियन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) मधेशी समुदायसँग सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वियनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वियनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वियन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वियनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने।

(ठ) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ड) मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

(ढ) मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ण) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(त) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने।

**यस बाहेक मधेशी आयोग ऐन, २०७४ को दफा ८,९,१० र ११ मा देहायका थप अधिकारहरु समेत रहेका छन:**

(क) आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्ने,

(ख) आयोगले मधेशी आयोग ऐन, २०७४ र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने

भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्ने,

(ग) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्यविधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने,

(घ) आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्ने,

## १.४ संगठनः

आयोगको कार्य संचालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहने कानूनी व्यवस्था रहेकोले ललितपुर जिल्लास्थित ज्वागलमा आयोगको कार्यालय स्थापना भएको छ। नेपालको संविधानको धारा २६२ को उपधारा (१) मा व्यवस्था भए बमोजिम आयोगमा १ जना अध्यक्ष र ४ जनासम्म सदस्य रहने व्यवस्था रहेकोमा आयोगका तत्कालिन माननीय अध्यक्ष मिति २०८१ चैत्र ६ गतेदेखि पदावधि समाप्त भएकोले हाल आयोगमा १ जना कार्यवाहक अध्यक्ष र ३ जना सदस्यहरु कार्यरत रहनुभएको छ। आयोगको काम कारबाही सूचारु गर्नको लागि नेपाल सरकारबाट संशोधित एवम् स्वीकृत संगठन संरचना बमोजिम रा.प. प्रथम श्रेणी (नेपाल प्रशासन सेवा) को सचिव लगायत २४ जना कर्मचारी रहने गरी दरवन्दी स्वीकृत भएको छ। संगठन संरचना र आयोगमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-१ मा दिइएको छ।

# परिच्छेद २

# आयोगबाट सञ्चालित गतिविधि र कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान हक हितको संरक्षण र सम्वर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २६२ मा व्यवस्था भए बमोजिम मधेशी आयोगको स्थापना गरिएको छ।

मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा आयोगबाट तपसिल बमोजिमका गतिविधिहरु सञ्चालन गरियो।

## २.१ हक हितको संरक्षण

### २.१.१ उजुरी

मधेशी आयोग ऐन, २०७४ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। सो दफाको उपदफा (ठ) मा मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा विभिन्न माध्यमबाट प्राप्त भएको पत्र, व्यक्ति, टेलिफोन, विभिन्न संस्थाहरु, सामाजिक सञ्जाल, मौखिक र विद्युतीय माध्यमबाट कुल ३७ वटा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा उजुरीहरु प्राप्त भएका छन्। आयोगमा प्राप्त हुन आएका उजुरीहरु विभिन्न माध्यमबाट संकलन गर्ने, दर्ता गर्ने, आयोग समक्ष पेश गर्ने, आवश्यक छलफल गर्नुपरेमा आयोगको बैठक बसी छलफल गर्ने र उजुरीको कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने कार्य सम्पन्न भएको छ। यस सम्बन्धी विस्तृत विवरण यस प्रतिवेदनको उजुरी सहितको वर्गीकरण अनुसूची-२ मा उल्लेख गरिएको छ।

## २.१.२ अनुगमनका कार्यक्रमहरु

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्न आयोगबाट विभिन्न समयमा पूर्व मेची देखी महाकालीसम्म अनुगमनात्मक कार्य सम्पन्न भएको छ। मधेशी समुदायको जनजिविकाका सवाल र मधेशी समुदायको समग्र अवस्थाको अनुगमन गर्ने क्रममा विभिन्न धारणाहरु प्राप्त गरी ती विषयहरुलाई आयोगले गम्भिरतापूर्वक मनन गरी सम्बन्धित निकायमा समस्या समाधानको लागि सिफारिस गर्ने गरेको छ।

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले प्रदेशगत रुपमा विभिन्न जिल्लाहरुको अनुगमन भएको थियो। चुरे संरक्षण, शैक्षिक संस्थाहरुको सशक्तीकरण सम्बन्धी कार्य भएको, स्थानीय तहमा नीति तथा कार्ययोजना सम्बन्धी अवलोकन, विभिन्न जिल्लाहरुमा उत्पन्न शान्ति सुरक्षा सम्बन्धी समस्या समाधानार्थ गरिएका स्थलगत कार्य, लक्षित विद्यालय तहमा दिवा खाजा कार्यक्रमको गुणस्तर सम्बन्धमा, महिला हिंसा र दाइजोको कारण उत्पन्न समस्याहरुको बारेमा, सहकारी पिडित, थर सूचीकरणमा जातजातिको पहिचान सम्बन्धी समस्या, राज्यमा पहुँच नभएका समुदायमा हुने विभिन्न समस्याहरुको बारेमा अनुगमन गरिएको थियो। त्यसैगरी मधेशी समुदायको राज्यमा पहुँचको अवस्थामा अझ प्रभावकारी सुधार हुनुपर्ने देखिएको जातीय, धार्मिक तथा साम्प्रदायिक विवादहरुको यथार्थपरक जानकारीको लागि कार्यको प्राप्त गर्ने कार्य, साथै आयोगमा दर्ता भएका उजुरीहरु माथि सत्य तथ्य बुझ्ने गरी आयोगबाट अनुगमन भएको थियो। अति विपन्न र विपन्न समुदायको पारस्परिक सीप, सम्बर्द्धनको अवस्थाको जानकारी प्राप्त गरिने कार्य, हिमाल, पहाड र तराई मधेशका धार्मिक तथा पर्यटकीय स्थलहरुको माध्यमबाट आय आर्जनलाई प्रत्यक्ष प्रभावकारी बनाउने सम्बन्धी कार्यहरु, सामुदायिक तथा सांस्कृतिक सम्बन्ध अभिवृद्धि गर्ने हेतुले जनस्तरमै गरिएका कार्य, सो को आधारमा आयोगबाट आवश्यक छानबिन गरी कारबाही गर्नुपर्ने विषयमा सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको थियो। आयोगबाट भएको अनुगमन सम्बन्धी विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ।

## २.२ अधिकार प्रर्वद्धन तथा सशक्तीकरण

### २.२.१ प्रतिवेदन प्रकाशन

यस आयोगले आफुले गरेको काम कारबाहीको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैठौ वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिसकेको छ।

संविधानको धारा २९४ (२) अनुसार छैठौ वार्षिक प्रतिवेदन कोशी प्रदेश, मधेश प्रदेश र सुदुरपश्चिम प्रदेशको माननीय प्रदेश प्रमुखज्यू समक्ष पनि प्रतिवेदन पेश गरिसकेको छ।

### २.२.२ मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

आजको मानव समाज निहित स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत, सामाजिक, धार्मिक तथा जातिय बिभेद जस्ता साँघुरो सोचवाट गुज्रिरहेको छ। यस्तो सोचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ।

नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोंचको विकास तथा क्षमताहरुको अभिबृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ। मानिस नैतिक रुपमा सफा हुनु पर्दछ, जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढाउदै व्यक्तिमा सदाचार, बिनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन्। परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता बोध गरी मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि कोशी प्रदेशको सुनसरी जिल्लाको कोशी गाउँपालिका, मधेश प्रदेशको सप्तरी जिल्लाको राजगढ, धनुषा जिल्लाको जनकपुरधाम, वारा जिल्लाको कलैया, लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको मर्चवार गाउँपालिका, नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका, कपिलवस्तु जिल्लाको यसोधारा गाउँपालिकामा संचालन गरिएको थियो। यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ। उक्त कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरु निम्नानुसार लिपिबद्ध गरिएको छ। साथै यस सम्बन्धी कार्यक्रमहरु प्रदेशगत रुपमा राखिएको छ।

**सुझावहरुः**

१. नैतिक शिक्षाको माध्यमबाट समग्र मानव जीवनमा वात्सल्य र माधुर्य भाव, समत्वको उर्द्धगमन तिरको यथार्थता प्राप्त हुने हुँदा नैतिक शिक्षाको उन्नयनमा सरकारले प्रभावकारी भूमिका खेल्नुपर्ने।

२. मानवजीवनलाई सामाजिक कु-संस्कार कुरीति र अन्धविश्वासबाट उज्यालो दिशातिर उन्मुख गराउनुपर्ने हुँदा विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्ने।

३. समाजमा रहेका राम्रा पक्षलाई प्रेरित गर्न यसले महत्वपूर्ण भूमिका खेल्नुपर्ने।

४. समाज र राष्ट्रको विकासका लागि व्यक्तिगत सदाचार, स्वाबलम्बीले ठूलो भूमिका खेलेको हुन्छ भन्ने कुरामा जोड दिएको हुँदा नैतिक शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी रुपले संचालन हुनुपर्ने।

५. व्यक्तिको व्यबहार, विनम्रता, आदर, संस्कार जस्ता आधारभूत आवश्यक मान्यताहरुमा विशेष जोड दिनुपर्ने। जसबाट वाल—वालिकाहरु भविष्यमा असल र कुशल नागरिक भै देश, समाज र विश्व मै अनुकरणीय उदाहरण बन्न सक्ने।

६. आयोगबाट नै बर्षेनी यस्ता जीवन उपयोगी कार्यक्रमहरु संचालन हुनुपर्ने।

७. सफलतम व्यक्तिहरुलाई समेत अभिमुखीकरणमा सहभागी गराउनुपर्ने।

८. "गाउँघरमा पण्डितजी, मौलाना र भन्सा (अगुवा) हरूको कुरा धेरैले मान्छन्। आयोगले उहाँहरूलाई नै तालिम दिएर मन्दिर र गाउँको भेलामा भ्रष्टाचार, दाइजो, छुवाछुत र भेदभाव गर्नु पाप हो, अनैतिक हो भनेर प्रवचन दिन लगाउनु पर्‍यो। उहाँहरूले बोलेको कुराले छिटो असर गर्छ।"

९. "आजका युवाहरूलाई सही बाटो देखाउन जरुरी छ। युवा क्लबहरू गठन गरेर उनीहरूलाई गाउँको सरसफाइ, वृक्षारोपण, अशक्तलाई सहयोग गर्ने जस्ता सामाजिक काममा लगाउनुहोस्। जब उनीहरूले आफ्नो समाजप्रति जिम्मेवारी महसुस गर्छन्, तब गलत काम गर्नबाट आफैं रोकिन्छन्।

१०. "यो कार्यक्रम एकपटक गरेर छोड्ने खालको हुनुहुँदैन। यसको निरन्तर अनुगमन हुनुपर्छ। हरेक गाउँबाट केही पढेलेखेका र प्रतिष्ठित युवाहरूलाई 'नैतिकता दूत' (Ethics Ambassador) को रूपमा छानेर उनीहरूलाई आफ्नो समुदायमा यो अभियानलाई जीवित राख्ने जिम्मेवारी दिन सकिन्छ।"

### २.२.३ सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

नेपालको संविधानको भावनाको मूल मर्म अनुसार संवैधानिक निकायको रुपमा स्थापित यस मधेशी आयोगले स्थापनाकाल देखि नै मधेश र मधेशी जनताको हित र रक्षाको निम्ति कार्य गर्दै आईरहेको छ। नेपाल बहुजातिक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त बहुलतामा आधारित मुलुक भएकोले राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक आदि आयामहरुमा बहिष्करणमा परेका र पारिएका वर्ग, क्षेत्र, लिङ्ग, समुदाय जातजातीलाई शासन विकास र सेवा प्रवाहमा मूलप्रवाहिकरण गरी समावेशी र अपनत्व सहितको राज्य स्थापना गर्ने गरी समावेशीकरण अभ्यास अवलम्वन गरिएको छ। यस सन्दर्भमा मधेशी जनताको हित रक्षा गर्न क्षमता विकास सशक्तीकरण गरी प्रशासनिक एवम राजनीतिक प्रक्रियामा पहुँच स्थापना गर्ने एवम मधेश र मधेशी समुदायको सर्वाङ्गिण विकासमा टेवा पुर्याउनका लागि आयोगले वार्षिक विकास कार्यक्रम अन्तर्गत क्षमता विकास र सशक्तीकरणका लागि कार्य गर्दै आईरहेको छ। यसै अन्तर्गत मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई आयोगद्वारा अध्ययन गरिएका मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका अति विपन्न र विपन्न वर्गका नागरिकलाई सशक्तीकरण, रुपान्तरण, सचेतीकरण, संचारीकरण, प्रसारीकरणका माध्यमबाट मुलधारमा ल्याउने ध्येयले कोशी प्रदेशको मोरङ्ग जिल्लाको जहदा, उदयपुर जिल्लाको गाइघाट, मधेश प्रदेशको ससरी जिल्लाको कन्चनरुप नगरपालिका, सिराहा जिल्लाको मिर्चैया, धनुषा जिल्लाको धनुषा जिल्लाको जनकपुरधाम, महोत्तरी जिल्लाको मनरा सिसवा गाउँपालिका, कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, लुम्विनी प्रदेशको नेपालगंजको मंगल प्रसाद महिला कलेजमा सम्पन्न गरिएको छ।

**प्राप्त सुझावहरुः-**

१. "शहरमा गएर लोकसेवाको तयारी गर्न धेरै खर्च लाग्ने भएकोले आयोगले हरेक पालिका वा वडास्तरमा कम्तीमा हप्ताको केही दिन निःशुल्क तयारी कक्षा संचालन

गर्नुपर्ने। त्यहाँ पढाउनका लागि लोकसेवा पास गरेका स्थानीय युवा वा अनुभवी शिक्षकहरूलाई नै बोलाउँदा अझै राम्रो हुन्छ।"

२. लोक सेवा तयारी कक्षा संचालन तीनै तहको सहकार्य, समन्वयमा प्रभावकारी र फलदायी हुनुपर्ने।

३. सीमित बजेटबाट लोकसेवा तयारी कक्षा संचालन गर्नु पर्ने अवस्थामा आर्थिक रुपले विपन्न मधेशी समुदायका विद्यार्थीलाई समावेश गर्नु उपयुक्त हुने।

४. लोकसेवा तयारी कक्षा अत्यन्त फलदायी भएकोले यस्ता कार्यक्रमलाई सघनतापूर्वक निरन्तरता प्रदान गर्नुपर्ने।

५. ग्रामिण भेगमा पनि शहर जस्तो लोकसेवा तयारी कक्षाका संस्थाहरु हुनुपर्ने।

६. सफल निजामती कर्मचारीहरुको "जीवन" सम्वद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष विचार सम्प्रेषण हुनुपर्ने।

७. एक-दुई दिनको कार्यक्रम गरेर मात्र पुग्दैन। आयोगले तयारी गरिरहेका युवायुवतीहरूको एउटा अनलाइन समूह (जस्तैः WhatsApp/Facebook Group) बनाइदिनुपर्छ, जहाँ उनीहरूले आपसमा छलफल गर्न, नयाँ जानकारी साट्न र एकअर्कालाई सहयोग गर्न सकून्। आयोगले पनि बेलाबेलामा त्यो समूहमा विज्ञहरू पठाएर सहयोग गर्नुपर्छ।"

८. सरकारी सेवामा पहुँच सम्बन्धी नागरिक समाज, बुद्धिजिवी लगायतको संचारमाध्यमसँग प्रचार-प्रसार, अन्तरक्रिया, गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गर्नुपर्ने।

९. महिलालाई चुलो-चौकोमा मात्र सीमित नराखी गाउँ-समाजको निर्णय प्रक्रियामा सहभागी गराउनुपर्छ। महिला समूह गठन गरेर उनीहरूलाई बोल्न, आफ्नो कुरा राख्न र नेतृत्व गर्न सिकाउनुहोस्। घरेलु हिंसा भएमा कहाँ जाने, कसलाई भन्नेबारे विशेष जानकारी दिनुपर्छ।"

१०. "धेरैलाई त कुन पदका लागि के पढ्ने, पाठ्यक्रम कस्तो हुन्छ, प्रश्न कसरी सोधिन्छ भन्ने नै थाहा हुँदैन। आयोगले संघ, प्रदेश र स्थानीय तहको पाठ्यक्रम, परीक्षाको ढाँचा (लिखित, अन्तर्वार्ता), र अंक विभाजनबारे एकदमै सरल तरिकाले बुझाइदिनुपर्छ।"

### २.२.४ राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन

मधेशी आयोगद्वारा माघ २०८१ मा प्रकाशित "राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन" ले ब्रह्मज्ञानी राजर्षि जनकको ज्ञान, दृष्टिकोण र बुझाइलाई प्राचीन ग्रन्थहरूको गहिरो अध्ययनका आधारमा प्रस्तुत गरेको छ। ६ अध्यायमा विभाजित यो प्रतिवेदनले जनक दर्शनका मूल सिद्धान्त, ऐतिहासिक विकासक्रम र त्यसका सैद्धान्तिक तथा व्यावहारिक पक्षहरूको दार्शनिक विश्लेषण गर्दछ।

यो अध्ययन मधेशी आयोग ऐन, २०७४ को प्रावधानअनुसार तयार पारिएको हो, जसको मुख्य उद्देश्य इतिहास र संस्कृतिको पहिचान, संरक्षण र सम्वर्द्धन गर्नु हो। प्रतिवेदनले वेद र उपनिषद्मा आधारित जनक दर्शनलाई पूर्वीय दर्शनको एक महत्त्वपूर्ण आधार-स्तम्भको रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ। जनकका विचारहरू कुनै एउटै लिखित ग्रन्थमा नभेटिए पनि महाभारत, श्रीमद्भागवत, बृहदारण्यकोपनिषद् र अष्टावक्र गीता जस्ता विभिन्न ग्रन्थहरूमा छरिएर रहेका ज्ञानलाई एकीकृत गरिएको छ।

यस प्रतिवेदनले जनकलाई एक दार्शनिकभन्दा पनि दर्शनको जिज्ञासुका रूपमा प्रस्तुत गरेको छ, जसले व्यवहारवादी अद्वैतवादको अभ्यासबाट मोक्ष प्राप्त गर्न सकिने तर्क अघि सारेका थिए। प्रतिवेदनमा जनक दर्शनको तुलना अन्य भारतीय दर्शनहरू जस्तै सांख्य, योग, न्याय, र वेदान्तसँग पनि गरिएको छ। समग्रमा, यो अध्ययनले मिथिला क्षेत्रको सांस्कृतिक र सामाजिक महत्त्वलाई उजागर गर्दै जनक दर्शनको प्रासंगिकता र प्रभावलाई व्यापक रूपमा विश्लेषण गरेको छ।

(राजर्षि जनकदर्शन अध्ययन प्रतिवेदन २०८१ सम्बन्धी विस्तृत विवरण अनुसूची ५(१) मा दिइएको छ)

### २.२.५ मधेशी आयोगको ६ वर्षः चूनौती र अवसरहरु

मधेशी आयोग, नेपालले आफ्नो स्थापनाको ६ वर्ष (२०७५-८१) को अवसरमा एक विश्लेषणात्मक प्रतिवेदन सार्वजनिक गरेको छ। नेपालको संविधानद्वारा मधेशी समुदायको पहिचान, हकहित र सशक्तीकरणका लागि स्थापित यस आयोगले आफ्नो कार्यकालमा विभिन्न अवसर र चुनौतीहरूको सामना गरेको छ।

आयोगले मधेशी समुदायका युवाहरूलाई लक्षित गरी लोकसेवा तयारी कक्षा र "**नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा**" जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू सञ्चालन

गरेको छ। यी कार्यक्रमहरूले समुदायमा चेतना अभिवृद्धि र सशक्तीकरणमा योगदान पुऱ्याएका छन्। आयोगले आफ्नो स्थापनाकालदेखि गरेका मुख्य मुख्य कार्यहरूमा मधेशी समुदायको थर सूचीकरण, पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा, विभिन्न संवैधानिक निकायहरूसँग समन्वय, र राज्यमा मधेशी समुदायको पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन प्रकाशन जस्ता महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ।

यद्यपि, आयोगले न्यून स्रोतसाधन, दक्ष जनशक्तिको अभाव र अन्य आयोगहरूसँग कार्यक्षेत्रमा देखिने दोहोरोपना जस्ता चुनौतीहरूको सामना गरिरहेको छ। संवैधानिक रूपमा प्राप्त अधिकारहरूको प्रभावकारी कार्यान्वयन र सरकारलाई गरिएका सिफारिशहरूको सुनुवाइ आयोगका लागि प्रमुख चुनौती बनेको छ। यी अवसर र चुनौतीहरूलाई सम्बोधन गर्दै आयोगले मधेशी समुदायको समग्र विकास र राज्यको मूलधारमा उनीहरूको पहुँच सुनिश्चित गर्न निरन्तर प्रयास गरिरहेको छ।

(मधेशी आयोगको ६ वर्षः चूनौती र अवसरहरु सम्बन्धी विस्तृत विवरण अनुसूची ५ (२) मा दिइएको छ)

## २.२.६ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया

(क) मिति २०८१ मंसिर ११ गते गृह, सञ्चार तथा कानून मन्त्री माननीय राजकुमार लेखीज्यूको प्रमुख आतिथ्यतामा मधेशी आयोगको आयोजना तथा प्लान इन्टरनेशनल नेपाल र सामाजिक विकास र अनुसन्धान केन्द्रको सहकार्यमा **"बालविवाह अन्त्यका लागि धर्म गुरुहरुको भूमिका सम्वन्धी अन्तरक्रिया तथा प्रतिवद्धता कार्यक्रम"** रौतहट जिल्लाको चन्द्रपुर नगरपालिकामा सम्पन्न भयो। यस कार्यक्रममा सर्लाही, वारा, पर्सा र रौतहट जिल्लाका धर्मगुरु, पण्डितज्यू, पुरोहित, मोल्वी, नागरिक समाज तथा संचारकर्मीहरुको उल्लेखनिय सहभागिता थियो।

त्यसैगरी मिति २०८१ मंसिर १३ गते मधेश प्रदेशको प्रदेशप्रमुख माननीय सुमित्रा सुवेदी भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मधेशी आयोगको आयोजना तथा प्लान इन्टरनेशनल नेपाल र सामाजिक विकास र अनुसन्धान केन्द्रको सहकार्यमा वालविवाह अन्त्यका लागि धार्मिक गुरु, पण्डितज्यू, पुरोहित, मोल्वी, नागरिक समाज तथा संचारकर्मीहरुको उल्लेखनिय सहभागितामा **वालविवाह अन्त्यका लागि धार्मिक गुरुहरुको भुमिका विषयक कार्यक्रम सम्बन्धी अन्तरक्रिया तथा प्रतिवद्धता कार्यकम** सिराहाको मिचैया नगरपालिकामा

सुसम्पन्न भयो। उक्त कार्यक्रममा ससरी, सिराहा, धनुषा र महोत्तरी जिल्लाका धर्मगुरु, पण्डितज्यू, पुरोहित, मोल्वी, नागरिक समाज तथा संचारकर्मीहरुको उल्लेखनिय सहभागिता थियो। माथी उल्लेखित कार्यक्रममा सहभागीहरुको प्रतिवद्धता देहाय अनुसार रहेका छन्:

- जुनसुकै धर्मले बालविवाहलाई समर्थन गर्दैन साथै नगर्न र नगराउन अनुरोध गर्दछौं।
- शारिरीक र मानसिक रुपमा पुर्ण भई तथा उमेर बीस वर्ष पुरा भए मात्र विवाहको वातावरण सिर्जना गर्नेछौं।
- धार्मिक अनुष्ठान, कर्मका साथै कानूनको पालना गर्न गराउन तथा दण्डनीय अपराध कार्य नगर्न, नगराउन अनुरोध गर्दछौं।
- सभा, सम्मेलन एवं प्रवचनमा समेत बालविवाह नगर्ने संदेशको प्रचार प्रसार प्रवाह गर्नेछौं।
- हामी सामुहिक रुपमा बालविवाह जस्ता हानिकारक परम्परालाई परिवर्तन गर्दै नागरिक समाजहरुसँग सहकार्य गरी राष्ट्रिय लक्ष्य पुरा गर्न प्रतिबद्ध छौं।

(ख) आयोगले अल्पकालिन, मध्यकालिन र दीर्घकालिन विभिन्न विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ। यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो। सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने गरेको छ। आ.ब. २०८१।८२ मा विभिन्न अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएका छन्। मधेशी आयोग ऐन, २०७४ को दफा ७ (ज) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका तीनै तहका सरकार, स्थानीय बुद्धिजीवीहरु, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका सांसद र जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुखहरु एवम् आवश्यक पर्ने अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले मधेशी समुदायको हक हित, संरक्षण, सम्बर्द्धन, सशक्तीकरण र समग्र विकासको लागि अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ। तराई मधेशको भुगोल मिथिला, भोजपुरा, अवध लगायतको क्षेत्रहरुमा ज्योतिष विज्ञान वा ज्योतिष शास्त्रको आधारमा मधेशी समुदायमा प्रकृति पुजन, कृषि कर्म र धर्ममा आधारित नक्षत्रहरुमा विभिन्न पर्वहरु मनाइन्छ। साथै

जितिया पर्वको अवसरमा व्रतिहरुलाई राजपत्रमै प्रकाशित गरी विदा दिन समेत माग भए बमोजिम नेपाल सरकारले राष्ट्रिय विदा घोषणा गरेको छ। यसको संरक्षण, संबर्द्धन र प्रचार प्रसारको लागि मिति २०८१ असोज ५ गते सम्माननीय सभामुख देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यतामा मधेशी आयोगको सभाहलमा जितिया पर्व सम्बन्धी कार्यक्रम सुसम्पन्न गरियो। सो कार्यक्रममा कार्यपत्र समेत प्रस्तुत गरिएको थियो।

नेपालका धार्मिक तथा सांस्कृतिक धरोहर तथा विश्व सम्पदाको सूचीमा सूचीकृत गर्न सिफारिस गरिएकाहरुमध्ये विश्व प्रसिद्ध जानकी मन्दिर सहितका धरोहरहरुलाई संरक्षण गर्न गरिएका कार्य, पिडितहरुको उजुरीलाई मध्यनजर राखी सबै सरोकारवालाहरुसँग गरिएका कार्यहरु, मधेशी समुदायको थर सूचिकरणमा छुटेका जात र थरहरुलाई समाविष्ट गर्ने कार्य, यस्ता कार्यक्रमबाट मधेशी समुदायको सांस्कृतिक सशक्तीकरणका लागि तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा आयोगको मात्र भूमिका नभई सबै सरोकारवालाहरुको उतिकै जिम्मेवारी र दायित्व रहेको कुरा ती समुदायहरुमा सम्प्रेषण गर्न आयोग सफल भएको छ।

## सरोकारवालाहरुसँगको बैठक

| सि.नं. | मिति | कार्यक्रमको नाम |
|---|---|---|
| १ | २०८१ असोज ५ | जितिया पर्व सम्बन्धी कार्यक्रम |
| २ | २०८१ असोज ७ | सुरक्षा सेवा निर्देशनालय, नक्सालसँग छलफल कार्यक्रम |
| ३ | २०८१ कार्तिक ११ | नेपाल रेलवे कम्पनी लिमिटेडसँग छलफल कार्यक्रम |
| ४ | २०८१ मंसिर ६ | राजर्षि जनकदर्शन अध्ययन प्रतिवेदनको प्रारम्भिक मस्यौदामाथी छलफल कार्यक्रम |
| ५ | २०८१ मंसिर १९ | राजर्षि जनकदर्शन अध्ययन प्रतिवेदन २०८१ सम्बन्धमा सरोकारवालाहरुसँग छलफल तथा अनुमोदन कार्यक्रम |
| ६ | २०८१ पुस १५ | मधेशी आयोगको ६ वर्षः अवसर र चुनौतीका सम्बन्धमा सरोकारवालाहरुसँगको छलफल कार्यक्रम |

| सि.नं. | मिति | कार्यक्रमको नाम |
|---|---|---|
| ७ | २०८१ चैत्र २० | माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्युको बधाई तथा शुभकामना, नेपालको निजामती सेवामा समावेशीकरण सम्बन्धी व्यवस्था तथा अन्य विविध विषयहरुमा छलफल कार्यक्रम |
| ८ | २०८१ चैत्र २७ | बालिका दुलही होइन, नेपाल र आयोगसँग समन्वय र सहकार्य बिस्तार गर्न तथा बालविवाह न्यूनीकरण सम्बन्धी विषयमा छलफल कार्यक्रम |
| ९ | २०८२ बैशाख १२ | Yes Together We Can संस्थासँग छलफल कार्यक्रम |
| १० | २०८२ जेठ १९ | आयोगमा प्राप्त भएका उजुरीहरुका सम्बन्धमा विभिन्न सरोकारवालाहरुसँगको छलफल कार्यक्रम |
| ११ | २०८२ असार २२ | निल हिरा समाजसँग छलफल कार्यक्रम |

## मधेशी आयोग र सरोकारवालहरुसँगको बैठकको फोटोहरु




मधेशी आयोगद्वारा आयोजित जितिया पर्वमा प्रमुख अतिथीको रुपमा सम्माननीय सभामुख देवराज घिमिरेज्यू सहित सहभागीहरु




मधेशी आयोगद्धारा आयोजना गरिएको जितिया पर्वमा सहभागीहरु




Yes together we can सँगको छलफल कार्यक्रम




आयोगमा प्राप्त उजुरीहरुको सम्बन्धमा तथा विभिन्न समसामयिक विषयमा महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र नेपाल बार एशोसिएशनको प्रतिनिधिहरुसँगको छलफल




राजर्षि जनकदर्शन अध्ययन प्रतिवेदनको मस्यौदामा छलफल




मधेशी आयोग र निलहिरा समाजसँगको समसामयिक विषयमा छलफल कार्यक्रम



मधेशी आयोगद्धारा आयोगको प्राङ्गनमा आयोजित होली कार्यक्रम

## २.३ आयोगका गतिविधिहरु

### २.३.१ आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार संबैधानिक निकायको रुपमा स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्न अपेक्षित नतिजा र उद्देश्य प्राप्त गर्न, विवादित विषयवस्तुहरुको निक्यौल गर्न, सरोकारवालाबीच समन्वय गर्न, समस्याहरुलाई छिटो छरितो तवरबाट समाधान गर्ने क्रममा विभिन्न मितिमा २६ (छब्बीस) वटा आयोगको बैठक बसी विभिन्न विषयमा निर्णय गरेको छ। आयोगको बैठकको निर्णयहरु सम्बन्धमा अनुसूची - ६ मा उल्लेख गरिएको छ।

### २.३.२ आयोगको प्रेस विज्ञप्ति

मधेशी आयोग ऐन, २०७४ को कार्यक्षेत्र भित्र रही मधेशी समुदायको हक हितको संरक्षण, सम्वर्द्धन, सशक्तीकरण, नीतिगत, कानुनी र संस्थागत सुधारका विषय, मधेशी समुदायभित्रका भाषा, लिपी, संस्कृति, ईतिहास, परम्परा, साहित्य, कलाको संरक्षण, विकासका साथै विभिन्न समयमा सिर्जित समस्याहरुको समाधानका लागि सरकारको भूमिकालाई प्रभावकारी र जनमुखी बनाई दवाव सिर्जना गर्न आयोगले यस प्रतिवेदन अवधिमा विभिन्न मितिमा १८ वटा प्रेस विज्ञप्ति जारी गरेको छ। उक्त प्रेस विज्ञप्ती सम्बन्धमा अनुसूची - ७ मा उल्लेख गरिएको छ।

# परिच्छेद ३

## ३.१ सुझाव तथा सिफारिस

### ३.१.१ आयोगको तर्फबाट प्रस्तुत गरिएको सुझाव तथा सिफारिसहरु :-

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को (झ) र (ञ) लाई विशेष सम्बोधन गर्दै नेपाल सरकारलाई देहाय बमोजिमका सुझावहरु पेश गरिएका छन्।

**सिफारिसहरुः**

**१. तराईमा हाल देखा परेको खानेपानी समस्या समाधानका लागि सरकारलाई निम्न चार बुँदे सुझाव सिफारिस गरिन्छः**

(क) तराई-मधेशमा भूमिगत पानीको सतह घट्दै जानु र पानीका स्रोतहरू सुक्नुको मुख्य कारण चुरे क्षेत्रको अनियन्त्रित दोहन र वन विनाश हो। तसर्थ, चुरे संरक्षणका लागि तत्काल प्रभावकारी कार्यक्रम लागू गरी यसको प्राकृतिक पुनर्भरण क्षमतालाई पुनर्स्थापित गर्न कडा कदम चाल्नुपर्दछ।

(ख) चापाकलको पानीमा आर्सैनिक जस्ता हानिकारक तत्व देखिने हुँदा, सम्पूर्ण नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउन डिप बोरिङ मार्फत निकालिएको पानीलाई प्रशोधन गरी घर-घरमा वितरण गर्ने **"तराई-मधेश खानेपानी सुधार कार्यक्रम"** लाई तीव्रता दिनु आवश्यक छ।

(ग) वर्षातको पानीलाई Water recharge system मार्फत जमिन मुनी पठाउनुपर्ने र संकलन तथा पुनर्भरण प्रणालीलाई हरेक घर र समुदायमा प्रोत्साहन गरिनुपर्छ।

(घ) यस परिप्रेक्ष्यमा सरकारले तत्काल शुद्ध पानीको वैकल्पिक स्रोत पहिचान, वर्षाजल संकलन प्रणालीको प्रवर्द्धन, तथा खानेपानी परियोजनामा दीर्घकालीन योजना र पर्याप्त बजेट विनियोजन गर्नुपर्ने आवश्यकता छ। साथै, प्रदूषण नियन्त्रण र जलस्रोत संरक्षणमा स्थानीय तह, समुदाय र सम्बन्धित निकायबीच समन्वयात्मक कार्य संस्कृति विकास गरी दिगो समाधानतर्फ अग्रसर हुन जरुरी छ।

## २. नागरिकता समस्याः

तराई-मधेशमा ठूलो संख्यामा नागरिकहरूले नागरिकता प्रमाणपत्र पाउन सकेका छैनन्। प्रक्रियागत झन्झट, प्रशासनिक ढिलासुस्ती र आवश्यक कागजातको अभावले उनीहरू राज्यबाट प्रदान गरिने सेवा-सुविधाबाट वञ्चित भएका छन्। यसले उनीहरूको शिक्षा, रोजगारी र सम्पत्तिको अधिकारमा समेत असर पारेको छ। सरकारले विशेष टोली परिचालन गरी नागरिकताविहीनहरूको पहिचान गरी सहज रूपमा नागरिकता प्रदान गर्ने व्यवस्था मिलाउनु आवश्यक छ। साथै, जन्मसिद्ध नागरिकका सन्तानले वंशजको नागरिकता पाउने संवैधानिक व्यवस्थालाई प्रभावकारी कार्यान्वियन गर्नुपर्छ।

## ३. कृषि तथा सिँचाइ समस्याः

तराई-मधेश कृषि उत्पादनको दृष्टिकोणले महत्त्वपूर्ण भए तापनि सिँचाइको अभाव, मलखादको समयमा अनुपलब्धता र कृषि उपजको उचित बजारको अभाव जस्ता समस्याहरूले किसानहरू मारमा परेका छन्। परम्परागत खेती प्रणाली र आधुनिक प्रविधिको कम प्रयोगले उत्पादकत्व बढाउन सकेको छैन। सरकारले कृषिमा अनुदान, सहुलियत ऋण, सिँचाइ सुविधा विस्तार र कृषि उपजको समर्थन मूल्य तोक्नुपर्छ। साथै, कृषिमा आधारित उद्योगहरूको स्थापना गरी रोजगारी सिर्जना गर्नुपर्छ।

## ४. डुबान, भडान र बाढीको समस्याः

हरेक वर्ष वर्षायाममा तराई-मधेशका अधिकांश भू-भाग डुबान तथा भडानमा पर्ने गरेका छन्। नेपालको सीमा क्षेत्रमा बनाएका बाँध, तटबन्ध र सडकजस्ता संरचनाले पानीको प्राकृतिक बहाव रोकिँदा यो समस्या झन् विकराल बनेको छ। यो समस्याको दीर्घकालीन समाधानका लागि छिमेकी मुलुकसँग कूटनीतिक पहल गरी समन्वयात्मक रूपमा काम गर्नुपर्छ। चुरे क्षेत्रको अनियन्त्रित दोहनले पनि बाढी र भू-क्षयको जोखिम बढाएको छ। संघ, प्रदेश र स्थानीय तहको सक्रियतामा चुरे क्षेत्रको दोहनको नियन्त्रण गर्नुपर्छ।

## ५. शिक्षामा पहुँच र गुणस्तरको कमीः

तराई-मधेशमा शिक्षामा पहुँच र गुणस्तर दुवैको अवस्था कमजोर छ, विशेषगरी दलित र महिला समुदायमा गरिबी, सामाजिक चेतनाको कमी र विद्यालयमा भौतिक पूर्वाधारको

अभावले धेरै बालबालिका विद्यालय बाहिर छन्। विद्यालयहरुमा दरबन्दि अनुसारको शिक्षक/शिक्षिकाको अभाव, विषयगत र तहगत शिक्षक/शिक्षिका नहुनु, शिक्षक/शिक्षिका र विद्यार्थीहरुको अनुपातमा फरक पर्नु जस्ता समस्यालाई समाधान गरी गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न आवश्यक छ। साथै, मधेशी समुदायको मातृभाषा सहितको संस्कृति र इतिहासलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ।

### ६. स्वास्थ्य सेवामा पहुँचको अभावः

तराई-मधेशका ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य सेवाको पहुँच अत्यन्तै न्यून छ। स्वास्थ्य संस्थाको कमी, दक्ष स्वास्थ्यकर्मीको अभाव र गरिबीका कारण मानिसहरू सामान्य रोगको उपचारबाट समेत बञ्चित छन्। विशेषगरी दलित र सीमान्तकृत समुदायका मानिसहरू स्वास्थ्य सेवाबाट बढी प्रभावित छन्। सरकारले ग्रामीण क्षेत्रमा स्वास्थ्य संस्थाको स्थापना, निःशुल्क औषधि वितरण र स्वास्थ्यकर्मीको उचित व्यवस्थापन गर्नुपर्छ।

### ७. बेरोजगारी समस्याः

तराई-मधेशमा बेरोजगारीको समस्या विकराल छ, जसले गर्दा हजारौं युवाहरू रोजगारीका लागि विदेशिन बाध्य छन्। कृषि क्षेत्रको परम्परागत ढाँचा र औद्योगिक विकासको कमीले रोजगारीका अवसरहरू सिर्जना हुन सकेका छैनन्। सरकारले कृषिमा आधुनिकीकरण, साना तथा मझौला उद्योगहरूको प्रवर्द्धन र सीपमूलक तालिमहरू सञ्चालन गरी रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ।

### ८. सामाजिक विभेद र छुवाछुतः

तराई-मधेशमा जातीय विभेदको समस्या अझै पनि विद्यमान छ, कानूनले दण्डनीय मानेको यो कुप्रथालाई जरैदेखि उन्मूलन गर्न सामाजिक चेतना अभियान र कानूनी कारबाहीलाई कडाइका साथ लागू गर्नुपर्छ।

### ९. लैङ्गिक हिंसा र सशक्तीकरणको कमीः

तराई-मधेशमा लैङ्गिक हिंसा, दाइजो प्रथा, बालविवाह जस्ता सामाजिक कुरीतिहरू अझै पनि व्याप्त छन्। महिलाहरुको शिक्षा, स्वास्थ्य र सम्पत्ति माथिको अधिकार सीमित छ। वैदेशिक रोजगारीले महिलाको निर्णय क्षमतामा केही सकारात्मक प्रभाव पारे पनि समग्र

सशक्तीकरणको अवस्था कमजोर छ। सरकारले महिला शिक्षा र सशक्तीकरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरी सामाजिक कुरीतिहरू अन्त्य गर्नुपर्छ।

### १०. आरक्षण नीतिको प्रभावकारी कार्यान्वयनः

राज्यको मूलप्रवाहमा ल्याउन मधेशी समुदायका पछाडि परेका जातजाती (मधेशी दलित, मधेशी आदिवासी जनजाति, पीछडा वर्ग) र वर्गको घरदैलो सर्भेक्षण गराई जातजातीको लागि ६० प्रतिशत र वर्गको लागि ४० प्रतिशतमा वर्गिकरण गरी आरक्षण वा पहुँचका लागि राज्यले नीति नियमन गर्नुपर्दछ।

### ११. वातावरणीय प्रदूषण र चुरे संरक्षणः

चुरे क्षेत्रको अनियन्त्रित दोहन र वन विनाशले तराई-मधेशमा वातावरणीय सन्तुलन खलबलिएको छ।यसले गर्दा पानीका मुहानहरू सुक्ने, बाढी, पहिरो र मरुभूमीकरणको समस्या बढ्दै गएको छ। सरकारले चुरे संरक्षणका लागि अझ ठोस योजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। साथै, वातावरणीय प्रदूषण नियन्त्रणका लागि उद्योगहरूलाई प्रभावकारी नियमन र जनचेतना अभिवृद्धि गर्नुपर्छ।

### १२. सीमा क्षेत्रका समस्याः

नेपाल-भारत खुला सिमानाका कारण सीमावर्ती क्षेत्रका बासिन्दाहरूले विभिन्न समस्या भोग्नुपरेको छ। सीमा स्तम्भहरूको मर्मतसम्भार नहुनु र सुरक्षा चुनौतीहरू प्रमुख समस्या हुन्।सरकारले सीमा सुरक्षालाई सुदृढ बनाउनुका साथै सीमावर्ती क्षेत्रका बासिन्दाहरूको सुरक्षा र सुविधाका लागि विशेष ध्यान दिनुपर्छ।

### १३. लागूऔषध दुर्व्यसनः

तराई-मधेशका युवाहरूमा लागूऔषध दुर्व्यसनको समस्या बढ्दै गइरहेको छ। बेरोजगारी, निराशा र चेतनाको कमीले युवाहरू कुलतमा फस्ने गरेका छन्। यसले उनीहरूको व्यक्तिगत जीवन मात्र नभई परिवार र समाजमा पनि नकारात्मक असर पारेको छ। सरकारले लागूऔषध नियन्त्रणका लागि कडा कदम चाल्नुका साथै युवाहरूलाई सकारात्मक बाटोमा डोर्याउन परामर्श र पुनःस्थापना कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

## १४. सरकारी सेवामा मधेशी समुदायको पहुँचः

राज्यका विभिन्न अंगहरूमा मधेशी समुदायको समानुपातिक प्रतिनिधित्व अझै पनि सुनिश्चित हुन सकेको छैन। भाषागत समस्या र सूचनाको अभावले गर्दा धेरै मधेशीहरू सरकारी सेवा र अवसरहरूबाट वञ्चित छन्। सरकारले लोकसेवा आयोग लगायतका सरकारी निकायहरूमा मधेशी समुदायको पहुँच बढाउनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। लोकसेवाले लिइने विभिन्न परीक्षाहरु मातृभाषाहरुमा पनि दिन पाउने व्यवस्था गर्नुपर्दछ।

## १५. सांस्कृतिक सम्पदाको संरक्षणः

तराई-मधेशको भाषा, लिपि, संस्कृति, इतिहास र कलाको संरक्षण र प्रवर्द्धनमा राज्यको ध्यान पुग्न सकेको छैन। यी अमूल्य सम्पदाहरू लोप हुने खतरा बढेको छ। सरकारले मधेशी समुदायको सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान र संरक्षणका लागि विशेष कार्यक्रमहरू ल्याउनुका साथै यसलाई राष्ट्रिय पहिचानको अंग बनाउनुपर्छ।

## १६. शीत लहर र गर्मीको प्रकोपः

तराई-मधेशका जनता हरेक वर्ष हिउँदमा शीतलहर र गर्मीमा अत्यधिक गर्मीको प्रकोपबाट प्रभावित हुने गरेका छन्। यसबाट विशेषगरी गरिब, विपन्न र वृद्धवृद्धाहरूको स्वास्थ्यमा गम्भीर असर पर्ने र ज्यान समेत जाने गरेको छ। सरकारले शीतलहरको समयमा न्यानो कपडा, स्वास्थ्य शिविर, दाउरा वितरण तथा गर्मीको समयमा समयमै आगलागी नियन्त्रण, स्वास्थ्य शिविर सञ्चालन र सुरक्षित खानेपानी वितरण गर्नुपर्छ।

सरकारले प्राकृतिक प्रकोपबाट हुने जनधनको क्षतिबाट बचाउन सुरक्षित आवासको प्रभावकारी व्यवस्था गर्नुको साथै जनचेतना कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्छ।

## १७. कृषिमा यान्त्रिकीकरणको अभावः

तराई-मधेशको कृषि अझै पनि परम्परागत र निर्वाहमुखी छ। कृषिमा यान्त्रिकीकरणको अभावले लागत बढी र उत्पादन कम हुने गरेको छ। साना किसानहरूको लागि उपयुक्त र गुणस्तरीय कृषि यन्त्रहरूको सहज पहुँच छैन। सरकारले कृषि यन्त्रहरूमा अनुदान दिने, सहुलियत दरमा उपलब्ध गराउने र किसानहरूलाई आवश्यक तालिम प्रदान गरी कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्नुपर्छ।

## १८. सहकारी ठगीः

पछिल्लो समय देशव्यापी रुपमा सहकारी ठगीका घटनाहरू बढिरहेका छन्, जसबाट लाखौं सर्वसाधारणको बचत जोखिममा परेको छ। कमजोर नियमन र राजनीतिक संरक्षणका कारण ठगहरूले सजिलै उन्मुक्ति पाइरहेका छन्। सरकारले सहकारी क्षेत्रको प्रभावकारी अनुगमन गरी बचतकर्ताको रकम सुरक्षित गर्न र ठगीमा संलग्नलाई कडा कारबाही गर्नुपर्छ।

## १९. लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समस्याः

लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरू सामाजिक बहिष्करण र विभेदको शिकार भइरहेका छन्। उनीहरूले शिक्षा, स्वास्थ्य, रोजगारी र सम्पत्तिको अधिकारबाट वञ्चित हुनुपरेको छ। सरकारले उनीहरूको पहिचान र अधिकार सुनिश्चित गर्नका लागि आवश्यक कानून निर्माण गरी सामाजिक चेतना जगाउनु पर्छ।

## २०. बसाईँसराइः

पहाडी क्षेत्रबाट तराई-मधेशमा बसाईँसराइको चाप बढ्दो छ, जसले यहाँको सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा असर पारेको छ। यसले गर्दा जमिनको खण्डीकरण, जनघनत्व वृद्धि र स्रोतसाधनमाथि दबाब बढेको छ। सरकारले सन्तुलित विकास नीति अपनाई पहाडी क्षेत्रमा पनि रोजगारी र अवसरहरू सिर्जना गरी बसाईँसराइलाई व्यवस्थित गर्नुपर्छ।

## २१. राजनीतिक अस्थिरता र सुशासनको कमीः

राजनीतिक अस्थिरता र सुशासनको कमीले विकास निर्माणका कामहरू प्रभावित भएका छन्। भ्रष्टाचार, नातावाद र कृपावादले गर्दा सरकारी योजनाहरू प्रभावकारी रूपमा कार्यान्वियन हुन सकेका छैनन्। सरकारले राजनीतिक स्थायित्व कायम गरी पारदर्शी र जवाफदेही शासन प्रणाली सुनिश्चित गर्नुपर्छ।

## २२. युवा पलायनः

देशभित्र रोजगारीका अवसरहरूको कमी, राजनीतिक अस्थिरता, भविष्यप्रतिको अनिश्चितताले गर्दा ठूलो संख्यामा मधेशी युवाहरू विदेश पलायन भइरहेका छन्। यसले गर्दा देशले दक्ष जनशक्ति गुमाइरहेको छ भने सामाजिक र पारिवारिक संरचनामा पनि नकारात्मक असर

परिरहेको छ। सरकारले युवाहरूलाई स्वदेशमै बस्ने र काम गर्ने वातावरण सिर्जना गर्न ठोस नीति र कार्यक्रमहरू ल्याउनु आवश्यक छ।

**२३. अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको कार्यान्वयनः**

नेपालले हस्ताक्षर गरेका मधेशी समुदायको हकहितसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। यी सन्धि-सम्झौताहरूको कार्यान्वयन पक्षमा जोड दिने र अनुगमन गर्ने कार्यको सुनिश्चितता सरकारको तर्फबाट हुनु आवश्यक छ।

**२४. मधेशी आयोगको सबलीकरणः**

मधेशी आयोगलाई संवैधानिक रूपमा अधिकारसम्पन्न बनाउनु आवश्यक छ। अपर्याप्त बजेट र जनशक्तिका कारण आयोगले आफ्ना कामकारबाहीहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकेको छैन। सरकारले आयोगलाई आवश्यक स्रोत-साधन उपलब्ध गराई आयोगका सिफारिसहरूको कार्यान्वयनमा गम्भीरता देखाउनुपर्छ, ताकि यसले मधेशी समुदायको हकहितमा ठोस योगदान पुऱ्याउन सकोस्।

**२५. भूमिहीन तथा सुकुम्बासी समस्याः**

तराई-मधेशमा पुस्तौंदेखि बसोबास गर्दै आएका ठूलो संख्याका दलित र गरिब समुदाय भूमिहीन छन्। भूमिहीन सुकुम्बासीहरूलाई व्यवस्थित बसोबास र जीविकोपार्जनका लागि जमिन उपलब्ध गराउनु राज्यको दायित्व हो। यसका लागि वैज्ञानिक भूमिसुधार लागू गरी वास्तविक भूमिहीनको पहिचान गरी जग्गाधनी पुर्जा वितरण गर्नुपर्छ। साथै, अव्यवस्थित बसोबासीहरूको समस्या समाधानका लागि पनि ठोस योजना ल्याउनु जरुरी छ।

**२६. नेपालका प्रमुख मठमन्दिरलाई धार्मिक सर्किटको रुपमा जोड्ने सम्बन्धमाः**

पूर्वको पाथिभरा देवी मन्दिर — ताप्लेजुङ, हलेसी महादेव मन्दिर — खोटाङ, वराहक्षेत्र-सुनसरी, कंकालिनी मन्दिर, सखरा भगवति मन्दिर-सप्तरी, शम्भुनाथ मन्दिर, सप्तरी, पञ्चाभगवती मन्दिर-लहान, सिराहा, सलहेश फुलबारी, लाहान, सिराहा, सलहेश मन्दिर, सिराहा, जानकी मन्दिर — जनकपुरधाम , धनुषा, जलेश्वर महादेव — महोत्तरी, पशुपतिनाथ मन्दिर — काठमाडौं, स्वयम्भूनाथ स्तुप - काठमाडौं, दक्षिणकाली मन्दिर - फर्पिङ, काठमाडौं, मनकामना मन्दिर — गोरखा, पलान्चोक भगवती -काभ्रेपलानचोक, कालिन्चोक

भगवती मन्दिर-दोलखा, चुरियामाई मन्दिर-मकवानपुर, गढिमाई मन्दिर-बारा, देवघाट-चितवन, विन्ध्यवासिनी मन्दिर-पोखरा, मुक्तिनाथ मन्दिर-मुस्ताङ, कालिका भगवती मन्दिर-बाग्लुङ, स्वर्गद्वारी मन्दिर-प्युठान, मौलाकालिका मन्दिर-नवलपरासी, सिद्धबाबा मन्दिर-रूपन्देहि, मायादेवि मन्दिर-कपिलबस्तु, सुपादेउराली मन्दिर-अर्घाखाँची, पाणिनी तपोभूमि-अर्घाखाँची, बागेश्वरी मन्दिर-नेपालगञ्ज, बाँके, देउतीबज्यै-सुर्खेत, बडीमालिका मन्दिर-बाजुरा, शैलेश्वरी मन्दिर-सिलगढी, डोटी, उग्रतारा मन्दिर-डडेल्धुरा, चन्दननाथ मन्दिर, जुम्ला सम्मका प्रमुख धार्मिक स्थलहरूलाई जोडेर **"बृहत् राष्ट्रिय धार्मिक सर्किट"** घोषणा गर्न सिफारिस गर्दछ। यो सर्किटले मधेश प्रदेश र पहाडको महत्वपूर्ण धरोहरहरूसँग जोड्नेछ। यसले तराई-मधेश, पहाड र हिमालबीच सांस्कृतिक सद्भाव बढाएर राष्ट्रिय एकतालाई सुदृढ गर्नेछ। साथै, आन्तरिक एवं भारतीय पर्यटकलाई आकर्षित गरि धार्मिक पर्यटन मार्फत रोजगारी वृद्धि हुनुका साथै आर्थिक समृद्धि समेत हुनेछ।

## २७. राष्ट्रिय गौरबका आयोजनाको सम्बन्धमाः

हुलाकी राजमार्ग, काठमाडौँ-तराई/मधेश द्रुतमार्ग, निजगढको अन्तर्राष्ट्रिय विमानस्थल र सुनकोशी-मरिन डाइभर्सन मधेश प्रदेशको आर्थिक समृद्धिका मेरुदण्ड हुन्। द्रुतमार्गले राजधानीसँगको सहज पहुँच र निजगढ अन्तर्राष्ट्रिय विमानस्थलले अन्तर्राष्ट्रिय पहुँच र अन्तर्राष्ट्रिय व्यापार विस्तार गर्नेछ। मरिन डाइभर्सनले सिन्चित कृषियोग्य भुमि विस्तार भई कृषि उत्पादनमा क्रान्ति ल्याउनेछ। त्यसैगरी, हुलाकी राजमार्गले मधेशका ग्रामीण क्षेत्रहरूमा सहरीकरणको प्रक्रियालाई व्यवस्थित बनाउँदै कृषि, उद्योग र रोजगारीको अवसर सिर्जना गर्नेछ, र यसका छेउछाउमा औद्योगिक र व्यवसायिक पूर्वाधारहरूको विकासले ग्रामीण अर्थतन्त्रमा स्थायी उन्नति ल्याउने सम्भावना रहेको छ। यी राष्ट्रिय गौरवका आयोजनाहरूको शीघ्र सम्पन्नताले मधेश प्रदेशमा बसोवास गर्ने मधेशी समुदायको साथै उपत्यकावासीहरू, आयोजनाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभान्वित हुने अन्य जनसंख्याहरुको जीवनस्तर उकास्नुका साथै राष्ट्रिय अर्थतन्त्रमा समेत उल्लेखनिय टेवा पुग्नेछ। तसर्थ, यी राष्ट्रिय गौरबका आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखी तोकिएकै समयमा सम्पन्न गर्नका लागि आवश्यक स्रोत, साधन, जनशक्ति, उच्चत्तम प्रविधि लगायत आवश्यक सबै कदम चाल्न मधेशी आयोग नेपाल सरकारसमक्ष सिफारिस गर्दछ।

## २८. विद्युतमा नियमनः-

विद्युतमा नेपाली जनताको पहुँच बढ्दै गएको सन्देश सकारात्मक रहेको छ। तर, विद्युत प्राधिकरणको लापरवाही र जनतामा सचेतनाको अभावले दिनप्रतिदिन मृत्यु हुनेको संख्या बढदै गएको छ। मुलुकमा यो दृश्य/अदृश्य समस्या क्रमशः गम्भिर रुप लिदै गएको छ। खासगरी मधेश प्रदेशमा २०७५ सालदेखि हालसम्म ५०० जना भन्दा बढीले विद्युत प्रवाहको कारण ज्यान गुमाएका छन्। विद्युतका कारण ज्यान गुमाएकाहरुले राज्यबाट पाउनु पर्ने उचित परिपुरण समेत पाएका छैन। राज्य र सरोकारवालाहरुले विद्युत प्राधिकरणलाई अझ बढि जिम्मेवार बनाई र जनतालाई सचेत बनाई यस्ता मानवकृत विपदलाई निर्मुलीकरण गरी पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने देखिन्छ।

## २९. मधेश प्रदेशमा सिँचाइ समस्या र मरुभूमीकरण समाधानका लागि सुझावहरू:-

हालै मधेश प्रदेशमा मरुभूमीकरण र सिँचाइ समस्याले कृषकहरू र ग्रामीण जनतामा गम्भीर संकट निम्त्याइरहेको छ। यस समस्यालाई समाधान गर्न सरकारले सिँचाइ प्रणालीको सुधार र विस्तारमा प्राथमिकता दिनुपर्छ। कृषकहरुका लागि समयमै मलखाद, विउविजनको उपलब्धता समयमै गर्नुपर्छ। जलस्रोत संरक्षण, ताल तलैया पुनःनिर्माण, र साना-ठूला बाँधहरूको पुनरुद्धारमार्फत पानीको उपलब्धता सुनिश्चित गर्न आवश्यक छ। साथै, आधुनिक र प्रभावकारी सिँचाइ प्रविधि जस्तै ड्रिप इरिगेसन र स्प्रिंकलर सिँचाइ प्रवर्द्धन गर्नुपर्नेछ। सरकारले कृषकहरूलाई जल संरक्षण र सिँचाइ व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी स्थानीय समुदायसँग सहकार्य गर्दै दीगो कृषि विकासका लागि नीति बनाउनुपर्छ। यसरी मात्र मधेश प्रदेशको कृषिक्षेत्रलाई पुनर्जीवित गरी खाद्य सुरक्षा र आर्थिक समृद्धि सुनिश्चित गर्न सकिन्छ। साथै सिचाईका दीर्घकालीन समाधानका लागि सुनकोशी मरिन डाइभर्सनजस्ता ठूला आयोजनाहरूको शिघ्ररुपमा सम्पन्न गर्नुपर्छ।

## ३०. छठपर्वको विदा सम्बन्धमाः

नेपालको महत्वपूर्ण चाडपर्वहरु मध्ये छठ पर्वमा नेपाल सरकारले दिदै आएको अस्ताउँदो सूर्य (साझको अर्घ) १(एक) दिनको विदालाई बढाई भोलीपल्ट उदाउँदो सूर्य (पारण) को दिन समेत गरी २ (दुई) दिन सार्वजनिक विदा दिन नेपाल सरकार समक्ष आयोग सिफारिस गर्दछ।

### ३१. खाल्डोमा जमेको पानीमा डुबेर बालबालिकाको मृत्यु हुने सम्बन्धमाः

मधेशमा विकास निर्माणका नाममा जथाभावी माटो तथा बालुवा झिकेर छाडेको खाल्डोमा जमेको पानी, माछापोखरी लगायतमा डुबेर बालबालिकाको ज्यान जाने क्रम बढ्दो छ। त्यस्तै निजी जग्गाबाट माटो तथा ग्राभेल बेचेर छाडिएका खाल्डा प्रमुख कारण रहेका छन्।

वर्षौंसम्म यस्ता खाल्डाहरू पुरिदैनन्।यही कारण यी खाल्डाहरूमा वर्षाको पानी जमेपछि बालबालिकाहरु डुब्ने गर्दछन्।यस्तो समस्या समाधानका लागि स्थानीय तह र जिल्ला समन्वय समितिको भूमिका महत्वपूर्ण रहेको हुन्छ।प्रभावकारी अनुगमन नहुँदा खाल्डा छोड्ने प्रवृत्ति बढेको छ। बालबालिकाको ज्यान जाने गरे पनि मुद्दा चलाएर कारबाही भएको पाईंदैन। जथाभावी खनेको खाल्डो वा पोखरीमा डुबेपनि कारबाहीको लागि बालबालिका डुब्ने घटना न्यूनीकरणका लागि मौजुदा कानुनको प्रभावकारी कार्यान्वियन गर्नुको साथै सचेतना समेत बढाउनुपर्दछ।

### ३२. मानव बेचबिखन

गरिबी, बेरोजगारी र चेतनाको कमीको फाइदा उठाउँदै मानव तस्करहरूले मधेशका महिला तथा बालबालिकाहरुलाई राम्रो काम र विवाहको प्रलोभन देखाएर छिमेकी तथा अन्य देशहरूमा बेचबिखन गर्ने गरेका छन्। खुला सिमानाले यो अपराधलाई थप सहज बनाएको छ। सीमा नाकाहरूमा प्रहरी र गैरसरकारी संस्थाहरूको सहकार्यमा कडा निगरानी कक्षहरू स्थापना गर्नुपर्छ। शंकास्पद व्यक्तिहरूको आवतजावतमाथि सोधपुछ र निगरानी बढाउनुपर्छ। बेचबिखनविरुद्ध गाउँ-गाउँमा जनचेतना अभियान चलाउनुपर्छ। बेचबिखनमा परेकाहरूको उद्धार र पुनर्स्थापनाका लागि प्रभावकारी संयन्त्र बनाउनुपर्छ र दोषीमाथी कडा कारबाही हुनुपर्छ।

### ३३. सरुवा रोगको प्रकोप

गर्मी र वर्षायाममा लामखुट्टेको टोकाइबाट सर्ने डेंगु, मलेरिया, कालाजार र फोहोर पानीका कारण हुने झाडापखाला, हैजा जस्ता सरुवा रोगहरूको प्रकोप मधेशमा हरेक वर्ष फैलिन्छ। पूर्वतयारी र नियन्त्रणको प्रभावकारी संयन्त्र नहुँदा यी रोगहरूले महामारीको रूप लिन्छन् र धेरैको ज्यान जान्छ।रोग फैलनुअघि नै सरकारले लामखुट्टेको लार्भा नष्ट

गर्ने अभियान, कीटनाशक औषधि छर्कने, झुल वितरण गर्ने र जनचेतना फैलाउने कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। स्वच्छ खानेपानी र सरसफाइमा पहुँच बढाउनु नै यस्ता रोगहरूबाट बच्ने दीर्घकालीन उपाय हो। स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि र परीक्षण किटहरूको पर्याप्त व्यवस्था, पर्याप्त स्वास्थ्यकर्मी र आवश्यकता अनुसार स्वास्थ्य शिविरहरुको संचालन गर्नुपर्छ।

## ३४. कमजोर स्वास्थ्य पूर्वाधार

मधेशका ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य चौकीहरूको अवस्था दयनीय छ। अधिकांश ठाउँमा दक्ष स्वास्थ्यकर्मी, उपकरण र आवश्यक औषधिहरूको अभाव छ। सामान्य रोगको उपचार वा प्रसूति सेवाका लागि पनि घण्टौं लगाएर सदरमुकाम वा भारतीय शहरहरूमा जानुपर्ने बाध्यता छ, जसले गर्दा कयौंले बाटोमै ज्यान गुमाउँछन्। सरकारले प्रत्येक स्थानीय तहमा कम्तीमा एक सुविधासम्पन्न अस्पताल र प्रत्येक वडामा दक्ष स्वास्थ्यकर्मीसहितको स्वास्थ्य चौकीको व्यवस्था सुनिश्चित गर्नुपर्छ। स्वास्थ्यकर्मीहरूलाई ग्रामीण क्षेत्रमा काम गर्न प्रोत्साहन गर्न विशेष भत्ता र सुविधा दिनुपर्छ। गुणस्तरीय सेवा उपलब्ध गराउन जिल्ला अस्पतालहरूको स्तरोन्नति गरी विशेषज्ञ सहितको सेवा उपलब्ध गराउनुपर्छ।

## ३५. कृषि संकट (मल, बीउ, सिँचाइ)

मधेश नेपालको अन्न भण्डार भए पनि यहाँका किसानहरू सधैं समस्यामा छन्। बाली लगाउने बेलामा मल र उन्नत बीउको अभाव हुन्छ। सिँचाइका लागि बनाइएका नहरहरू जीर्ण छन् र आकाशे पानीको भर पर्नुपर्ने बाध्यता छ। यी कारणहरूले गर्दा कृषि उत्पादन लागत बढ्ने तर उत्पादन घट्ने समस्या छ। सरकारले किसानलाई समयमै र सहुलियत दरमा मल तथा बीउ उपलब्ध गराउने विश्वासिलो र गुणस्तरीय वितरण प्रणाली बनाउनुपर्छ। सुनकोशी-कमला डाइभर्सन जस्ता ठूला सिँचाइ आयोजनाहरू छिटो सम्पन्न गर्ने र पुराना नहरहरूको मर्मत-सम्भार गरी बाह्रै महिना सिँचाइको व्यवस्था गर्नुपर्छ। कृषि उपजको बीमा र न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्नुपर्छ।

## ३६. उखु किसानको भुक्तानी समस्या

मधेशका हजारौं उखु किसानहरूले चिनी मिलहरूलाई उखु बिक्री गरेबापतको भुक्तानी वर्षौंसम्म पाउँदैनन्। हरेक वर्ष भुक्तानीका लागि उनीहरूले आन्दोलन गर्नुपर्ने दुःखद

अवस्था छ। यसले किसानहरूलाई ऋणमा डुबाएको छ र उखु खेतीबाटै पलायन हुने अवस्था सिर्जना गरेको छ। सरकारले उखु किसान, चिनी मिल र सरकारी प्रतिनिधि रहने गरी एक स्थायी संयन्त्र बनाउनुपर्छ र उखु खरिद बिक्रिकै बेला तत्कालै भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्छ। समयमा भुक्तानी नदिने उद्योगलाई कानुन अनुसार कडा कारबाही गर्ने व्यवस्थाले मात्र यो समस्याको दीर्घकालीन समाधान हुन्छ।

**३७. कृषि उपजको सम्बन्धमा :**

धान, चामल, गहुँ, मकै, तरकारी, मसला, आलु, प्याज, माछा, तेलहन, दलहन, आँप लगायतका फलफुल, दुग्धजन्य पदार्थहरुको उत्पादन, भण्डारण, बजारीकरण, विविधिकरण, आधुनिकिकरण सम्बन्धमा रहेका समस्याहरुलाई समाधान गर्न कृषि बीमा, भण्डारणका लागि कोल्ड स्टोर (शित गृह), बिक्रि वितरणका लागि सरकारद्वारा संचालित मन्डी हाउसको व्यवस्था गर्नुपर्छ।

**३८. जीर्ण ग्रामीण सडक**

मधेशका अधिकांश ग्रामीण सडकहरू धुलाम्मे र हिलाम्मे छन्। वर्षायाममा गाउँहरू सदरमुकामसँग सम्पर्कविच्छेद हुन्छन्, जसले गर्दा सर्वसाधारणलाई आवतजावत गर्न, बिरामीलाई अस्पताल लैजान, विद्यार्थीलाई विद्यालय जान र कृषि उपज बजार पु-याउन समेत कठिन हुने गरेको छ। कमजोर सडक पूर्वाधार विकासको मुख्य बाधक बनेको छ। स्थानीय, प्रदेश र संघीय सरकारको समन्वयमा ग्रामीण सडकहरूलाई कालोपत्रे, ढलान वा ग्राभेल गरी बाह्रै महिना चल्ने बनाउन एक एकीकृत योजना बनाउनुपर्छ। **'एक पालिका, एक मुख्य पक्की सडक'** को अवधारणामा काम गर्न सकिन्छ। सडक निर्माणमा गुणस्तर सुनिश्चित गर्न कडा अनुगमन र सार्वजनिक सुनुवाइको व्यवस्था गर्नुपर्छ।

# परिच्छेद ४

# भौतिक स्रोत साधन र उपयोगको अवस्था

## ४.१ आयोगको भौतिक सम्पत्ति

आयोगको आफ्नो घर-जग्गा छैन र ललितपुरको ज्वागलमा कार्यालयको लागि घर भाडामा लिई कामकाज गर्दैं आइरहेको छ। भाडामा लिइएको घर सानो र साँघुरो भएको हुँदा आयोगका माननीय सदस्यहरुको निजी सहायकहरुको लागि कार्यकक्ष व्यवस्थापनमा कठीनाइ भएको छ।

आयोगमा हाल भएको सवारी साधन, मेसिनरी औजार, फर्निचर लगायतका भौतिक स्रोत साधनको विस्तृत विवरण अनुसूची-८ मा उल्लेख गरिएको छ।

# परिच्छेद ५

# उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

## ५.१ उपलब्धीहरु

मधेशी आयोग ऐन, २०७४ को दफा ८, ९, १०, र ११ माथि उल्लेखित कार्यहरुको आधारमा आयोगले आफ्नो कामकारवाहीको सम्बन्धमा बिभिन्न सरोकारवाला र विज्ञहरुसँग सल्लाह सुझाब लिई कार्य गरेको छ। विभिन्न संबैधानिक आयोगहरुसँग बैठक बसी आगामी दिनमा कसरी जान सकिन्छ भन्ने बारेमा छलफल गरिएको छ। त्यसैगरी नागरिक समाजको अगुवासँग बैठक गरिएको छ।

१. राजर्षि जनकदर्शन अध्ययन प्रतिवेदन तयार गरिएको।

२. मधेशी आयोगको ६ वर्ष : अवसर र चुनौती सम्बन्धमा प्रतिवेदन तयार गरिएको।

३. नैतिकवान मधेश र नैतिक शिक्षा कार्यक्रम कोशी प्रदेशको सुनसरी जिल्लाको कोशी गाउँपालिका, मधेश प्रदेशको सप्तरी जिल्लाको राजगढ, धनुषा जिल्लाको जनकपुरधाम, वारा जिल्लाको कलैया, लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको मर्चवार गाउँपालिका, नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका, कपिलवस्तु जिल्लाको यसोधारा गाउँपालिकामा संचालन गरिएको थियो। यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ।

४. लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यकम कोशी प्रदेशको मोरङ्ग जिल्लाको जहदा, उदयपुर जिल्लाको गाइघाट, मधेश प्रदेशको सप्तरी जिल्लाको कन्चनरुप नगरपालिका, सिराहा जिल्लाको मिर्चैया, धनुषा जिल्लाको जनकपुरधाम, महोत्तरी जिल्लाको मनरा सिसवा गाउँपालिका, कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, लुम्विनी प्रदेशको नेपालगंजको मंगल प्रसाद महिला कलेजमा सम्पन्न गरिएको छ। यसबाट लक्षित वर्गलाई सरकारी सेवामा पहुँचको लागि सकारात्मक विचार सहजीकरण र सम्प्रेषण भएको छ।

५. विभिन्न माध्यमबाट आयोगमा प्राप्त उजुरीहरू सम्बन्धमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत

राखी आयोगमा छलफल गरिएको छ। जसबाट पीडितहरुलाई केही सहजता भएको छ।

६. विभिन्न प्रदेशका विभिन्न जिल्लाहरूमा समन्वय र सहकार्य गरी विषयगत कार्यक्रम तथा अनुगमन गरिएको छ। यसबाट अपेक्षित वर्गहरु लाभान्वित भएका छन्।

७. वालविवाह तथा दाइजोप्रथा अन्त्यका लागि मधेश प्रदेश अन्तर्गत रहेका आठ वटै जिल्लाका विभिन्न समुदायका धर्मगुरुहरु, वुद्धिजिवीहरु, नागरिक समाजका अगुवा तथा संचारकर्मीहरुसँग गहन अन्तरक्रियात्मक तथा प्रतिवद्धात्मक कार्यक्रम महोत्तरी जिल्लाको वर्दिवासमा सुसम्पन्न भएको छ। जसबाट विभिन्न समुदायका धार्मिक स्थलहरुमा हुने गरेको वालविवाह तथा दाइजोप्रथा निर्मुलीकरणको अभियान संचालन हुनेछ।

८. राजनीतिककर्मी र विज्ञहरुसँग विभिन्न सामाजिक र साँस्कृतिक विषयमा छलफल गरिएको छ। जसबाट उठाइएका समस्याहरु समाधान गर्न सहज भएको छ।

९. सामाजिक अभियन्ता तथा नागरिक संगठनहरूसँग छलफल अन्तरक्रिया गरिएको छ।यसमा छुट भएका जातजातिहरु समावेश गरिएका छन्।

१०. मिटरव्याजी पिडितहरुको मागको अनुगमन गरी सम्बोधनका लागि सिफारिस गरिएको छ। जसबाट नेपाल सरकार र आन्दोलनरत मिटरव्याजी पिडित बीचमा वार्ता भई समस्या समाधानका लागि सरकारले विभिन्न कार्यहरु गरिरहेका छन। यसका साथै मिटरव्याज पिडितलाई ठोस रुपमा पहिचान गरी लगानीकर्ताहरुसँग छलफल गरी मात्र कानुनी कारवाहीलाई अग्रसारित गर्नुपर्छ।

११. मधेशका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक तथा धार्मिक स्थलहरूको अध्ययन गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिएको छ।

१२. मधेशी समुदायको विविध पक्षहरूलाई सशक्तीकरण गर्नका लागि विज्ञहरूसँग सामुहिक परामर्श गरी प्राप्त समस्या समाधानार्थ सहज भएको छ।

१३. महिला हिंसा, घरेलु हिंसा, धार्मिक द्वन्द्व, वालविवाह तथा जातिय विभेदका घटनाको स्थलगत अनुगमन गरिएको छ, जसबाट समस्याको समाधान गर्न सहज भएको छ।

## ५.२ समस्या तथा चुनौतीहरु

आयोगले मानव स्रोत र जनशक्तिमा पूर्णता नपाउनु, आयोगको दायित्व पूरा गर्नका लागि स्रोत साधन सीमित हुनु, संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्न वित्तीय साधन अभाव रहनु मुख्य चुनौतीको रुपमा रहेका छन्। आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन्।

१. बालविवाह, बहुविवाह तथा दाइजोप्रथा अन्त्यका लागि कानुन भएतापनि सो सम्बन्धमा नागरिक सचेतनाको अभावमा तराई मधेशका जिल्लाहरुमा बालविवाह, बहुविवाह तथा दाइजोप्रथा उन्मुलन हुन नसकेको कारणले यसका लागि जनचेतनामूलक कार्यक्रमहरु सरोकारवालाहरुले गर्नुपर्ने देखिन्छ। जसबाट बालविवाह, बहुविवाह तथा दाइजोप्रथा जस्ता कुरीति तथा अपराधहरुमा बन्देज लाग्नेछ।
२. मधेशी समुदायको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थामा गर्नुपर्ने सुधार सम्बन्धी अध्ययनको लागि प्रर्याप्त बजेटको अभाव रहनु।
३. आयोगको आफ्नो जग्गा र उपयुक्त भवन नहुँदा कार्यालय सहजतापूर्वक सञ्चालन गर्न कठिनाई हुनु।
४. आयोगको काम बढी जसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरबन्दी नहुनु।
५. मधेशी समुदायसँग सम्बन्धित एकिकृत तथ्यांकको विश्लेषणका लागि पर्याप्त बजेट नहुनु।
६. मधेशी समुदायको अपेक्षित माग र आयोगबाट प्रवाहित सेवा बीच तालमेलको कमि हुनु।
७. सीमित जनशक्ति, अपर्याप्त बजेट र स्रोतसाधनका बाबजुद मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्न सरकारलाई विश्लेषणात्मक र अनुसन्धानमूलक सुझाव दिन कठिनाई हुनु।
८. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजोप्रथा उन्मूलन गर्न नेपाल सरकारले आयोगलाई प्रभावकारी समन्वय गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य चुनौतीको रुपमा रहनु।

९. मधेशी समुदायको हक, हित र अधिकारको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गरी त्यस्तो समुदायमाथि हुने सवै प्रकारका भेदभावको अन्त्य गरी समानुपातिक सहभागिता, पहुँच अभिवृद्धि र हिंसाको प्रभावकारी रुपमा निराकरण गरी मधेशी समुदायको उत्थान र विकास गर्नु।

१०. पिडितमैत्री, जनमैत्री, समाज र समुदायमैत्री वातावरणको आवश्यकता अनुसार व्यवस्थापन गर्न कठिनाई हुनु।

११. आयोगका कामलाई प्रभावकारी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्पर्क तथा समन्वयको कार्यालय बनाउनुपर्नेमा आयोगले सिफारिस गरेता पनि अझै सम्म सो व्यवस्था हुन नसक्नु।

१२. संविधानद्वारा प्रदत्त समानुपातिक-समावेशी आरक्षित पदसंख्याहरुमा विगत पाँच वर्षदेखी सुरक्षा निकायहरु लगायतका निकायहरुमा पदपूर्ति हुन नसक्नुले समुदायमा विश्वासको संकट उत्पन्न हुनु।

१३. मधेशी आयोग लाई **"राष्ट्रिय"** शब्द थपि राष्ट्रिय मधेशी आयोग अझैसम्म राज्यले नामांकरण गर्न नसक्नु।

## ५.३ आयोगको अपेक्षा तथा भावी कदमहरुः-

१. मधेशी आयोग ऐन, २०७४ अनुसार "**मधेशी समुदाय**" भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ। मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ। सो ऐनको दफा ७ (ड) मा उल्लेखित कार्य मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ। मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई भनि दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधाबाट वञ्चित हुनु परेको छ। तसर्थ मधेशी समुदायको स्पष्ट पहिचानका आधारहरु तोकि

थर सूचीकरण गर्नु अति आवश्यक र कानुनी रुपमा बाध्यकारी समेत भएको कुरालाई आत्मसात गर्दै आयोगलाई बजेट विनियोजन भएमा प्रथम तथ्याङ्कको आधारमा थर सूचीकृत गर्ने कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

२. मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामै मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि मधेशी आयोगको आवश्यकता भएको विषयलाई जोड दिएको छ। मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ। सो ऐनको दफा ७ (क) मा मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ। तदअनुरुप यस आयोगबाट अध्ययन, अनुसन्धान गर्न पञ्चवर्षिय रणनीतिक योजना अन्तर्गत विभिन्न २० वटा कार्यदल गठन गरी काम गर्ने लक्ष्य रहेको सन्दर्भमा प्रथम तथ्याङ्कको आधारमा मधेश पार्श्वचित्र (प्रोफाइल) निर्माण सम्बन्धी कार्यदल पनि एक रहेकोले सोही बमोजिम मधेश प्रोफाईल निर्माणको कार्यक्रम सम्पन्न गरिनेछ। आधाजसो जनसंख्या बसोवास गर्ने मधेशमा अझै पनि आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा त्यहाँको भूगोल, जनसंख्या, भू-उपयोग, प्रमुख पेशा, उत्पादन, प्राकृतिक श्रोत साधन, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाईको अवस्था, धार्मिक सम्पदा, सडक संजाल, उद्योगधन्दा, कलकारखाना, सञ्चारमा पहुँच लगायतका विषयहरुमा केन्द्रित भई वास्तविक चित्र समेटेर अर्थविद, योजनाविद, भूगोलविद, जनसंख्याविद लगायत क्षेत्रगत विषयविज्ञहरु, बुद्धिजिवी, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका प्रतिनिधि तथा राष्ट्रिय सभाका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यहरुसँग अन्तरक्रिया तथा छलफल गरी विज्ञको सहायतामा सबै स्थानीय तहको लागि प्रोफाईलमा समेटिने विषयवस्तुको आधारमा नमूना प्रोफाइलको विकास गरिनेछ। आयोगलाई बजेट विनियोजन भएमा नमूना प्रोफाइल तयार गर्ने कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

३. मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा आयोगले यो ऐन र प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानुन बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने व्यवस्था रहेको छ। मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी नीतिगत कानुनी र संस्थागत सुधारको विषयमा, मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेको कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारको सम्बन्धमा र मधेशी समुदायको अधिकार उलंघन गर्ने व्यक्ति वा संस्थाको विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले कानुनी विशेषज्ञको आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना कानुनी विज्ञ व्यवस्था गर्न साथै सोही ऐनको दफा ७ मा व्यवस्था भए बमोजिम मधेशी समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडी परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, मधेशी समुदाय भित्रका विभिन्न भाषा लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गर्न, मधेशी समुदायको विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न वा मधेशी समुदायको सशक्तीकरणको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले सामाजिक तथा संस्कृति विज्ञ आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना सामाजिक तथा सांस्कृतिक विज्ञ व्यवस्था गर्न र उल्लेखित कार्यहरुका लागि आयोगमा वजेट विनियोजन भएमा कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

४. मधेशी समुदायको गौरवपूर्ण भाषा संस्कृति परम्पराको संरक्षण र प्रवर्द्धनका रचनात्मक कार्यक्रमहरू तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न आवश्यक मानवीय वित्तीय र भौतिक स्रोत साधन नेपाल सरकारबाट प्राप्त गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने।

५. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि निर्माण गरिएको पञ्चवर्षिय रणनीतिक योजना-अनुसार विविध क्षेत्रका विज्ञहरुको राय सुझाव अनुसार क्रमशः कार्यान्वियन गर्दै जाने।

६. आयोगलाई सूचना प्रविधीमैत्री गराउदै काम कारवाहीमा सूचना प्रविधिको प्रयोग बढाउदै  लैजाने।

७. मधेशी समुदाय भित्रका लक्षित वर्गको उत्थान तथा सशक्तीकरणको लागि प्रभावकारी रुपमा विविध कार्यक्रम संचालन गरिने।

८. मधेशी समुदायको हक हित संरक्षण गर्दै अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्धको उजुरी संकलन, सिफारिस तथा अनुगमनलाई स्वस्फूर्तरुपमा सञ्चालन गर्दै लगिनेछ। कानुनी सल्लाहका लागि एकजना कानुन विशेषज्ञको सेवा आयोगले नेपाल सरकारबाट अपेक्षा गरेको छ। यसका साथै, मधेशी आयोग ऐन २०७४ को दफा ७ को (ठ) मा संशोधन गरी **"उजुरी माथी छानविन गर्ने"** अधिकारको प्रत्याभूति गर्नुपर्ने।

९. मधेशी समुदाय सम्बन्धमा नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वियन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वियनको लागि सिफारिस गरिनेछ वा सुझाव दिईनेछ।

१०. आयोगको संस्थागत विकास अन्तर्गत पर्ने भवन तथा भौतिक संरचना निर्माण वा प्राप्तिको लागि आवश्यक पहल गरिने छ।

११. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय, सहकार्य गरी आयोगका क्रियाकलापहरुमा गुणात्मक सहभागिता वृद्धि गर्ने।

१२. संवैधानिक मर्म अनुसार आयोगको कार्यक्षेत्र भित्रका विषयहरुमा निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन र समीक्षा गर्दै लैजाने।

१३. सम्बन्धित क्षेत्रका ख्यातिप्राप्त विज्ञहरुको राय सुझावको आधारमा संविधानले तोकेका आयोगको काम, कर्तव्य साथै अधिकारका विषयहरुमा आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी पार्दै लैजाने।

१४. मधेशी समुदायसँग सम्बन्धित एकीकृत तथ्याङ्कलाई सरल, एकिकृत र व्यवस्थित रुपमा राखी वहुउपयोगी बनाउदै लैजाने र मधेश प्रोफाइललाई २०७८ को जनगनणाको प्राथमिक तथ्याङ्क अनुसार अद्यावधिक गर्ने।

१५. प्राप्त थर सूचीकरणको प्रतिवेदनलाई प्राथमिक तथ्याङ्कको आधारमा स्वरुप प्रदान गर्न कार्यक्रम कार्यान्वयका लागि नेपाल सरकारमा सिफारिस गर्ने।

१६. मधेशी समुदायको राज्यमा पहुँचको अवस्था सम्बन्धी अध्ययन, अनुसन्धान कार्य द्वितीय तथ्याङ्कको आधारमा भएतापनि प्राथमिक तथ्याङ्कको आधारमा तयार गर्न थप बजेटको अपेक्षा गरेको छ।

१७. आयोगले निरन्तर समस्याहरुका समाधानका लागि सिफारिस गरेतापनि अझैसम्म राज्यले संवेदनशिल हुन नसकेको अवस्था रहेको छ।

१८. संघीय संसदका प्रतिनिधसभा र राष्ट्रियसभाका समितिहरुले संसदमा नीति निर्माण भन्दा पहिले आयोगसँग मधेशी समुदायको चुनौती र अवसरहरु के के रहेका छन् भन्ने कुराको आयोगको स्थापना भएको सातौं वर्षसम्म गहन छलफल हुन नसकेकोले आगामी आर्थिक वर्षमा संसदमा प्रस्तुत हुने नीति तथा कार्यक्रम भन्दा पूर्व अनिवार्य रुपमा आयोगको सल्लाहकारी भूमिकालाई स्वीकार र अंगिकार गर्नुपर्ने देखिन्छ।

१९. पर्यावरण संरक्षणका लागि नेपाल सरकारले पर्यावरणमैत्री अवस्थाको सृजना गर्नुपर्ने जसबाट वन तथा वातावरण, नदीजन्य व्यवस्थापन तथा जलचरको यथोचित व्यवस्थापन हुनेछ। यसका साथै आपदा, विपदालाई अवसरमा रुपान्तरण हुनेछ।

२०. शिक्षाको आधारभुत तहसम्म अनिवार्य रुपमै मातृभाषामा पठनपाठनको व्यवस्थापन गर्नुपर्ने।

२१. शिक्षा ऐनलाई समाज उपयोगी बनाई शिक्षामा गुणस्तरीय परिवर्तन गरी यूवाशक्ति आय आर्जन तथा समाजमा जिम्मेवारीपूर्ण वातावरण बनोस् जसबाट मुलुक विकासको अग्रगतितिर लम्किनमा सहजता प्रदान हुनेछ। यसका लागि विद्यालयमा मानविय जनशक्ति, भौतिक पूर्वाधार, शैक्षिक सामाग्री विद्यार्थी अनुसारका दरबन्दी र दरबन्दी अनुसारका शिक्षक अविलम्ब व्यवस्था हुनुपर्नेछ।

२२. लक्षित कक्षासम्मका विद्यार्थीहरुलाई दिवाखाजाको कार्यक्रम रहेता पनि सो अनुसारका सम्भव भएसम्म रैथाने/स्थानीय रुपमा उत्पादित वस्तुहरुको प्रयोग गरी गुणस्तरीय तथा स्वास्थ्यवर्द्धक खाजाको व्यवस्थापन अनिवार्य गर्नुपर्दछ।

२३. विद्यालयमा सवै वालवालिकाहरुको पहुँच हुनुपर्ने, नामांकित गरिएका विद्यार्थीहरुको उपस्थिति सकेसम्म सत प्रतिशत हुनुपर्ने, विद्यार्थीको अध्ययनलाई अविरल रुपमा संचालनका लागि व्यवस्था गरिएका छात्रवृतिलाई प्रभावकारी रुपमा वितरण गर्नुपर्ने। एउटै विद्यालयमा विद्यार्थीहरुलाई उपस्थितिको लागि अनिवार्यता गर्ने,

२४. प्रभावकारी सुशासनको माध्यमले शिक्षा, यातायातका संशाधन, स्वास्थ्य, खानेपानी सहितका सामाजिक सूचकहरुमा सकारात्मकता ल्याई मुलुकलाई समृद्धितिर डोर्याउनुपर्ने। यसका साथै समाजका अति महत्वपूर्ण वर्ग ज्येष्ठ नागरिकका ज्ञान, सिप र क्षमतालाई सदुपयोग गरी मुलुकको विकासलाई द्रुतगति अगाडि बढाउनुपर्ने तथा ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा प्राप्त गर्ने वर्गहरुले प्राप्त गर्दै आउदै गरेका सामाजिक सुविधाहरुलाई तीनै तहका सरकारले समयमै नियमित रुपमा उपलब्ध गराउदा ती व्यक्तित्वहरुलाई सम्मानको भावनामा बृद्धि हुनेछ तथा जीवनयापनमा सहजता प्राप्त हुनेछ।

२४. तराई मधेशमा विकराल रहेका विवाहदर्ता, जन्मदर्ता र मृत्युदर्ताको समयावधि ३५ दिन रहेता पनि व्यवहारतः सो समयावधि भित्र घटना दर्ता गरेको देखिदैन। यो अवस्थाको निर्मुलीकरण गर्न स्थानीय सरकारका वडा कार्यालयले स्थलगत वा परिवारगत रुपमा दर्ता हुने गरी व्यवस्था गरेमा घटना दर्ता सम्बन्धी समस्या न्यून हुने देखिन्छ। घटना दर्तालाई प्रभावकारी बनाउनका लागि सरोकारवाला सवैले आवश्यक व्यवस्थापनमा ध्यान दिन आयोग ठम्याई रहेको छ। साथै, प्रविधिको माध्यमबाट तोकिएका म्यादभित्र निशुल्क पञ्जिकरण हुने कानुनी व्यवस्था रहेकोले सो कानुनी व्यवस्थालाई अक्षरसः अंगिकार गर्न तीनै तहका सरकार तथा सरोकारवालाहरुले सामाजिक तथा कानुनी सचेतनाका लागि प्रभावकारी प्रयास गर्नुपर्ने देखिन्छ।

# परिच्छेद ६

# कार्यक्रम र लागत

## ६.१ वार्षिक कार्यक्रम र खर्च

यस आयोगको लागि आ.व. २०८१/८२ को निमित्त विनियोजन भएको बजेट र खर्चको आर्थिक विवरण अनुसूची-९ मा समावेश गरिएको छ।

# अनुसूची १: (परिच्छेद १ सँग सम्बन्धित)

## मधेशी आयोगको संगठन संरचना र कर्मचारी विवरण




**करार सेवा**

निजी सहायक-५ जना

ह.स.चा.-५ जना

का.स.-२ जना

## कर्मचारी संख्या

| सि.नं | पद | श्रेणी | सेवा | समूह/ उपसमूह | स्थायी दरबन्दी | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प. प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | २ | २ | |
| ४ | नायब सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | सा.प्र. | २ | ३ | |
| ५ | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | विविध | | १ | १ | |
| ७ | निजी सहायक | रा.प. अनं. प्रथम सरह | | | - | ४ | करार |
| ८ | ह.स.चा. | श्रेणीविहिन | | | २ | ६ | ६ जना मध्य २ जना स्वीकृत दरबन्दीमा करारमा र ४ जना करारमा |
| ९ | कार्यालय सहयोगी (स्वीपर १ समेत) | श्रेणीविहिन | | | ३ | ५ | ५ जना मध्य ३ जना स्वीकृत दरबन्दीमा करारमा र २ जना करारमा |
| **जम्मा** | | | | | १३ | २४ | |

## आयोगमा हाल कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | नरेश राज खरेल | सचिव | ९८४१८१३१०२ | |
| २ | सविता डंगोल | उपसचिव | ९८४१२९८४७५ | |
| ३ | रमेश कुमार दास | शाखा अधिकृत | ९८५११७९९३६ | |
| ४ | अखिलेश्वर कर्ण | | ९८४१६६७६१५ | |
| ५ | अनुप बहादुर खड्का | ना.सु. | ९८४१४२४८५५ | |
| ६ | अमित कुमार साह | क.अ. | ९८४११५३३७३ | |
| ७ | चन्द्रा कुमारी विष्ट | लेखापाल | ९८५८७७७७९७ | |
| ८ | सुन्दर प्रसाद निरौला | ना.सु. | ९८४२५६०३५८ | |
| ९ | खगेन्द्र नेपाली | ना.सु. | ९८४७१८४१५३ | |
| १० | रोबिन साह | निजि सहायक | ९८५१०८०८४४ | |
| ११ | अमन कुमार साह | निजि सहायक | ९८६६४५७०५७ | |
| १२ | राजिब ढकाल | निजि सहायक | ९८६६२१२४९६ | |
| १३ | राजहंस सिह | निजि सहायक | ९८६२८३३१०० | |
| १४ | ईश्वर प्रसाद गुनी | ह.स. चालक | ९८४११२६७४४ | |
| १५ | भुवल भण्डारी | ह.स. चालक | ९८४१९६७५९८ | |
| १६ | तिलक बहादुर तामाङ | ह.स. चालक | ९८४१५०६६३३ | |
| १७ | मणी कुमार शिवाकोटी | ह.स. चालक | ९८४१५७५२०६ | |
| १८ | डम्बर ब. बि.क | ह.स. चालक | ९८४३५५४३२५ | |
| १९ | मोहन बहादुर मल्ल | ह.स. चालक | ९८६१३३८२७७ | |
| २० | सिता थापा | का. सहयोगी | ९८४४९३९४४५ | |
| २१ | गिरिजेश कोइरी | का. सहयोगी | ९८६७२११८७८ | |
| २२ | शारदा अधिकारी | का. सहयोगी | ९८६१८१८७०१ | |
| २३ | कृतिवान मौर्य | का. सहयोगी | ९८६३५९१४४८ | |
| २४ | माया पोडे पुजारी | का. सहयोगी | ०१-५१३७३३० | |

# अनुसूची २

## आयोगमा प्राप्त भएको उजुरी तथा गुनासोहरुको विवरण (२०८१/०८२)

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय |
|---|---|---|---|---|
| १. | २०८१/०४/०३ | विश्व हिन्दु परिषद, नेपाल | ईमेल | मजहवी पर्वको बहानमा मन्दिरको तबला फुटाई जबरजस्ती गर्नु अराजकताको पाराकाष्ठा |
| २. | २०८१/०४/०६ | हिरा विजय शाह | प्रत्यक्ष | आम विक्री भएको बापत कबूल रकम उपलब्ध गराई हुने बारे |
| ३. | २०८१/०४/२१ | सौरभ यादव | ईमेल | १५ नेपाली कामदार दुई महिना देखी मलेसियामा अलपत्र |
| ४. | २०८१/०४/२१ | News 24 | ईमेल | गैर मधेशीलाई मधेशी भनेर प्रमाणित र नियुक्ति दिईएको बारे |
| ५. | २०८१/०४/२३ | प्रविण कुमार प्रजापति सहित ३ जना अन्य | प्रत्यक्ष | कार्यवाही सम्बन्धमा |
| ६. | २०८१/०४/२३ | ओम प्रकाश यादव | प्रत्यक्ष | आवश्यक छानविन गरी कारवाही गरी पाउँ |
| ७. | २०८१/०४/२४ | विश्व हिन्दु परिषद,नेपाल | ईमेल | बङ्गलादेशी हिन्दुमाथी इस्लामिक जिहादी बर्बरता बारेमा ध्यानाकर्षण सम्बन्धमा |
| ८. | २०८१/०४/२५ | शंकर भण्डारी (प्रतिनिधि सभा सदस्य) | ईमेल | बङ्गलादेशमा अल्पसंख्यक हिन्दु तथा बौद्ध धर्माबलम्बी माथी हत्या, आक्रमण जस्ता निन्दनिय कार्यको बारेमा ध्यानाकर्षण |

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय |
|---|---|---|---|---|
| ९. | २०८१/०४/३० | अजय शाह | ईमेल | मधेशी, धोती जस्ता अपमान शब्द प्रयोग गरेको सम्बन्धमा |
| १०. | २०८१/०४/३० | आलोक तिवारी | प्रत्यक्ष | कडा कारवाही सम्बन्धमा |
| ११. | २०८१/०४/३१ | | प्रत्यक्ष | मधेशी प्रमाणित सम्बन्धी नक्कली प्रमाणपत्र बनाएको सम्बन्धमा |
| १२ | २०८१/०४/३१ | देव कुमार चौधरी | प्रत्यक्ष | कारवाहीको सम्बन्धमा |
| १३. | २०८१/०५/२३ | बिरेन्द्र कमार सिंह | अप्रत्यक्ष | मधेशीकै आरक्षणमा भागवण्डा सम्बन्धमा |
| १४. | २०८१/०५/२३ | रेडियो नेपाल | अप्रत्यक्ष | झाडापखालाबाट नरैनापुरवासी त्रासमा था एक महिलाको मृत्यु |
| १५. | २०८१/०५/२१ | दिपक | ईमेल | गैर मधेशीलाई आरक्षण दिएको सम्बन्धमा |
| १६. | २०८१।०६।१४ | प्रदिप प्रसाद यादव | इमेल | Regarding death facts |
| १७. | २०८१।०६।१६ | राम सखी देवी ठाकुर हजाम | प्रत्यक्ष | उजुरी सम्बन्धमा |
| १८. | २०८१।८।७ | प्रतिमा गुप्ता | प्रत्यक्ष | मेरो लुगा फिर्ता गराइदिने सम्बन्धमा |
| १९. | २०८१।८।१८ | हिन्दु सम्राट नेपाल | प्रत्यक्ष | जनकपुर बोल्ट्सकोको लोगो सम्बन्धमा |
| २०. | २०८१/०९/०५ | Nepal Online TV(Facebook) | अप्रत्यक्ष | मधेशी समुदायलाई गाली (धोती) गरेको सम्बन्धमा |
| २१. | २०८१।०९।०८ | सुजित मण्डल | प्रत्यक्ष | गुनासो सम्बन्धमा |
| २२. | २०८१/०९/०९ | अनुराज झा | ईमेल | आवश्यक कारवाही गरी पाऊ |

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय |
|---|---|---|---|---|
| २३. | २०८१/०९/१६ | जयन्ती श्रेष्ठ मिश्रा | प्रत्यक्ष | सम्बन्धित निकायमा समन्वय गरी दिन हुन बारे |
| २४. | २०८१/१०/०७ | नरेन्द्र नारायण साहु सहित अन्य | ईमेल | पुरस्र्थापन गराउनुको साथै क्षतिपर्ति तथा दोषीलाई कारवाही गरी पाऊँ बारेमा |
| २५. | २०८१/१०/१३ | शुभम रौनियार | ईमेल | त्रिभुवन विश्वविध्यालयबाट ट्रान्सक्रिप्ट प्राप्त नगरेको सम्बन्धमा |
| २६. | २०८१/१०/०६ | शान्ति कुमारी साह सहित अन्य तिन | प्रत्यक्ष | पुनर्स्थापित गराउनुको साथै क्षतिपुर्ति तथा दोषीलाई कारवाही गरी पाऊँ बारे |
| २७. | २०८१/१०/१८ | डा. सतिश कुमार देब | प्रत्यक्ष | मेरो हकहित संरक्षणको लागि पहल गरी पाऊँ |
| २८. | २०८१/१२/०८ | पत्रिका कान्तिपुर (१२/०७) | अप्रत्यक्ष | महायज्ञ गर्न भन्दै दलितको घरमा डोजर लगाएर उठीबास |
| २९. | २०८१।१२।१९ | उपेन्द्र महतो | प्रत्यक्ष | जिउ ज्यानको शान्ति सुरक्षा गरीपाउँ |
| ३०. | २०८१।१२।२१ | जय कुमार महतो | प्रत्यक्ष | शान्ति सुरक्षा गरी पाउँ |
| ३१. | २०८१।१२।२५ | जय कुमार सहनी | प्रत्यक्ष | शान्ति सुरक्षाको साथै कारवाही गरीपाउँ। |
| ३२. | २०८१/१२/२५ | नयाँ पत्रिका (पेज नं. ३) | अप्रत्यक्ष | संघअन्तर्गत कै मधेशीका अस्पतालमा पाईँदैन बिमा अनुसारको निःशुल्क औषधि |
| ३३. | २०८१/१२/२६ | अर्जुन साह | प्रत्यक्ष | छानबिन गरी आवश्यक कारवाही गर्ने सम्बन्धमा |

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय |
|---|---|---|---|---|
| ३४. | २०८१।१२।३१ | शत्रुघन प्रसाद यादव | प्रत्यक्ष | उजुरी सम्बन्धमा |
| ३५. | २०८२/०१/०३ | गोबिन्द कुमार शर्मा | ईमेल | Urgent Complaint Regarding Discriminatory Behavior and Abuse from ADBL costomer support (कानुनी प्रक्रिया अगाडी बढाई न्याय पाऊँ बारे) |
| ३६. | २०८२/०१/०८ | कृतिका यादव | प्रत्यक्ष | जिल्ला प्रहरी कार्यालय धनुषाले पटक पटक प्रमाण लुकाएको सम्बन्धमा |
| ३७. | २०८२/०२/१९ | प्रभु प्रसाद दास | अप्रत्यक्ष | व्यक्ति हराएको खोजी तलासी गरी पाऊ भन्ने बारे |

# अनुसूची ३

## कार्यक्रमहरु

आ. व. २०८१।८२ मा आयोगमा स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेट रकम भित्र रही सम्पादन गरिएका कार्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

**(क) कार्यक्रमको नामः मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम**

(१) माननीय डा. विजय कुमार दत्तज्यूको अध्यक्षतामा मिति २०८१ फागुन ११ गते देखी १७ गते सम्म मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाम।

(२) माननीय जीवछ साहज्यूको अध्यक्षतामा मिति २०८२ जेठ १५ गते मधेश प्रदेशको सिराहा जिल्लाको मिर्चैयामा श्री दामोदरानन्द कलेजमा लोकसेवा तयारी अभिमुखीकरण कार्यक्रम।

(३) माननीय रेणु देवी साहज्यूको अध्यक्षतामा लोकसेवा तयारी अभिमुखीकरण कार्यक्रम।

(क) मिति २०८२ जेठ ११ गते मधेश प्रदेशको सप्तरी जिल्लाको कंचनरुप न.पा. वडा नं. ८ स्थित सर्वोदय उ.मा.वि, ।

(ख) मिति २०८२ जेठ १२ गते कोशी प्रदेशको मोरङ्ग जिल्लाको जहदा गाउँपालिका।

(ग) मिति २०८२ जेठ १६ कोशी प्रदेशको उदयपुर जिल्लाको बरुवा क्याम्पस, गाईघाट ।

(४) माननीय विजय कुमार गुप्ताज्यूको अध्यक्षतामा लोकसेवा तयारी अभिमुखीकरण कार्यक्रम।

(क) मिति २०८१ मंसिर २६ गते लुम्बिनी प्रदेशको बाँके जिल्लाको नेपालगंजको मंगल प्रसाद महिला कलेज

(ख) मिति २०८१ मंसिर २५ गते बर्दिया जिल्लाको श्री गौरीशंकर माध्यमिक विद्यालय डल्लापुर।

(५) माननीय आभा कुमारीज्यूको प्रमुख आतिथ्यतामा

(क) मिति २०८२ जेठ २८ गते विहान ७ बजे मधेश प्रदेशको महोत्तरी जिल्लाको मनरा सिसवा गाउँपालिकाको मुनसिफ मा.वि. साँढामा राज्यको मूल प्रवाहमा मधेशी समूदायहरुको सहभागिता सम्बन्धी कार्यक्रम।

(ख) मिति २०८२ जेठ २८ गते दिउँसो १२ बजे मधेश प्रदेशको महोत्तरी जिल्लाको मनरा सिसवा गाउँपालिकामा विद्यालय सुधारका लागि आमा अभिभावक भेला कार्यक्रम।

**कार्यक्रमहरुको उद्देश्य**

- कार्यक्रमको प्रमुख उद्देश्य मधेशी समुदायलाई सशक्त बनाउनु हो। प्रशासनिक क्षेत्रमा मधेशीहरूको उपस्थिति बढाएर समग्र समुदायको उत्थानमा योगदान पुर्याउनु।
- सुषुप्त अवस्थामा रहेका मधेशी अभिभावकहरूलाई जागृत गराई मधेशी समुदायको प्रशासनिक क्षेत्रमा सहभागिता बढाउनु यस कार्यक्रमको महत्त्वपूर्ण उद्देश्य हो।
- लोकसेवा परीक्षाको तयारी गरिरहेका वा गर्न चाहने मधेशी विद्यार्थीहरूलाई उत्प्रेरित गर्नु र उनीहरूलाई आवश्यक ज्ञान, सीप र सूचना प्रदान गर्नु।
- कार्यक्रममा लोकसेवा आयोगका पदाधिकारीहरू, विषय विज्ञहरू र सफल प्रशासकहरूद्वारा विद्यार्थीहरूलाई परीक्षा तयारी सम्बन्धी महत्त्वपूर्ण प्रशिक्षण प्रदान गर्नु जसले उनीहरूलाई परीक्षाको महत्त्व र तयारीको तरिकाबारे जानकारी दिन्छ।
- मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास र सबै प्रकारका शोषणको अन्त्यका लागि सचेतना फैलाउनु।
- अध्ययनसीप लेखनसीप कसरी गर्ने भन्ने सम्बन्धमा जानकारी दिने।
- निजामती सेवाको महत्व भूमिका तथा यसका चुनौतीहरुको बारेमा जानकारी दिने।
- निजामती सेवा प्रवेश गरिसकेपछि अवसरहरुको वारेमा जानकारी दिने।

कार्यक्रममा प्राप्त सुझावहरु

**यो कार्यक्रम आफूहरुका लागि उपलब्धिमुलक भएको यस्ता कार्यक्रम विभिन्न समयमा आयोगले गरिराख्नु पर्ने सहभागीहरुबाट सुझाव प्राप्त भएको**

- कार्यक्रम छोटो अवधिको भएको हुँदा यसलाई बढाउनुपर्ने सुझाव प्राप्त भएको।
- कुनै एउटा पद तोकेर प्रशिक्षण दिनुपर्ने।
- कार्यक्रमको सूचना समयमा दिनुपर्ने।
- बढीभन्दा बढी सहभागी गराउनुपर्ने।
- आयोगले तालिका बनाई योजनाबद्धरुपमा यस्ता कार्यक्रम स्थानिय स्तरसम्म संचालन गर्नुपर्ने।
- मधेशी समुदाय भित्रका सबै वर्ग, क्षेत्र जातजातीको प्रतिनिधित्व हुने गरि सहभागी गराउनु पर्ने।
- लोकसेवा आयोगबाट धेरै माग हुने पदहरुको एकिन गरि लोकसेवा आयोग कक्षा संचालन गर्नु पर्ने।
- प्राविधिक र अप्राविधिक पदहरुका लागि छुट्टाछुटै रुपमा प्रशिक्षण दिनु पर्ने।

सुधारात्मक पक्षहरु:

- सके सम्म सार्वजनिक विदा नपर्ने गरि कार्यक्रम सोमबार देखी विहीवार सम्म राख्नु पर्ने।
- विज्ञ छनौट गर्दा आयोगको निर्णयानुसार गर्नुपर्ने।
- आयोगबाट सहभागी हुने कर्मचारीहरु कार्यक्रम हुनु २ दिन अगावै सम्बन्धित ठाउँमा पुग्नु पर्ने।
- कार्यक्रम ११ बजे पछि मात्र संचालन गर्नु पर्ने।
- सहभागीहरुको संख्या कार्यालयबाट नै निर्धारण गर्नुपर्ने।
- कार्यक्रम अनुमानित लागत टिप्पणी समयमा नै सदर हुनु पर्ने।
- पेश्की रकम एक साता अगावै निकासा हुनु पर्ने।

## उपलब्धी र सुझाव तथा भावी कार्यदिशा

| उपलब्धीहरुः | सुझाव तथा भावी कार्यदिशा |
|---|---|
| १. आयोगले लोकसेवा तयारी कक्षा सञ्चालन गरी मधेशी युवाहरूलाई राज्यको मूलधारमा ल्याउने प्रयास गरेको छ। यसले प्रशासनिक क्षेत्रमा मधेशी समुदायको सहभागिता बढाउन सकारात्मक भूमिका खेलेको छ।<br>२. आयोगले विभिन्न जिल्लाहरूमा आयोजना गरेका अभिमुखीकरण कार्यक्रमहरूले मधेशी युवाहरूलाई लोकसेवा परीक्षाबारे जानकारी गराएर उनीहरूमा आत्मविश्वास बढाएको छ।यी कार्यक्रमहरूले मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास र सबै प्रकारका शोषणको अन्त्यका लागि सचेतना फैलाउन पनि मद्दत पुर्याएको छ।<br>३. यी कार्यक्रमहरूमा सयौं विद्यार्थी तथा अभिभावकहरूको सहभागिता रहेको पाइएको छ, जसले लोकसेवाप्रति मधेशी समुदायको चासो बढेको संकेत गर्दछ। आयोगले यी कार्यक्रमहरू मार्फत मधेशी समुदायका अति विपन्न, विपन्न, सम्पन्न र सुसम्पन्न वर्गलाई | १. कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय तहका सरकारहरूसँग रणनीतिक साझेदारी गर्नु आवश्यक छ। मधेशी बाहुल्य रहेका स्थानीय तहहरूलाई लोकसेवा तयारी कक्षा सञ्चालनका लागि प्रोत्साहित गर्ने, स्रोतसाधन जुटाउन सहयोग गर्ने र उत्कृष्ट विद्यार्थीलाई थप प्रोत्साहनका लागि समन्वय गर्ने कार्यदिशा लिनुपर्छ। यसले कार्यक्रमको पहुँच फराकिलो बनाउँछ र दिगोपना सुनिश्चित गर्छ।<br>२. शिक्षा र स्वास्थ्यका क्षेत्रमा तालुक निकायहरुले नियमित अनुगमन गरी सेवालाई प्रभावकारी बनाउने।<br>३. मधेशी समुदायमा व्याप्त सबै प्रकारका अन्धविश्वास, कुरीति, छुवाछुत, विभेद र शोषणको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने।<br>४. भाषा, कला, संस्कृति, लिपीको संरक्षण र सम्बर्द्धन गर्नु राज्यको दायित्व भएको हुँदा यसको संरक्षण र सम्बर्द्धन गर्न राज्यका तीनै तहले विशेष ध्यान दिने। |

| उपलब्धीहरुः | सुझाव तथा भावी कार्यदिशा |
| --- | --- |
| पहिचान गर्न सफल भएको छ।<br>४. अभिमुखीकरण कार्यक्रमहरूले तयारी गरिरहेका विद्यार्थीहरूलाई लोकसेवा आयोगका पदाधिकारी, विषय विज्ञ तथा सफल प्रशासकहरूसँग प्रत्यक्ष भेटघाट र छलफल गर्ने मञ्च प्रदान गरेको छ। यसले उनीहरूलाई परीक्षाको तयारी, रणनीति र प्रशासनिक क्षेत्रको वास्तविकता बुझ्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ।<br>५. यी कार्यक्रमहरूले मधेशी समुदायको प्रशासनिक क्षेत्रमा न्यून उपस्थिति रहेको सवाललाई स्थानीय स्तरसम्म पुऱ्याएर अभिभावक, विद्यार्थी र स्थानीय सरकारको ध्यानाकर्षण गराएको छ। यसले समुदाय स्तरमा नै लोकसेवा तयारीका लागि सकारात्मक वातावरण सिर्जना गर्न सहयोग पुगेको छ। | ५. स्थानीय जनप्रतिनिधि तथा स्थानीय निकायद्वारा वार्षिक बजेट नै व्यवस्था गरी नयाँ पुस्ताको योद्धाहरुलाई लोकसेवा तयारी सम्बन्धी ३ महिने/६ महिने कार्यक्रम चलाई तालिम संचालन गर्ने।<br>६. एक वा दुई दिनको अभिमुखीकरणले मात्रै विद्यार्थीलाई निरन्तर उत्प्रेरित गर्न सक्दैन। यसका लागि आयोगले निजामती सेवामा कार्यरत मधेशी समुदायका सफल प्रशासकहरूलाई मेन्टरको रूपमा परिचालन गरी तयारी गरिरहेका युवाहरूसँग नियमित अन्तरक्रिया र परामर्शको व्यवस्था मिलाउनुपर्छ। यसले विद्यार्थीहरूमा आत्मविश्वास बढाउनुका साथै सही मार्गदर्शन प्रदान गर्न मद्दत गर्छ। |

**(ख) कार्यक्रमको नामः मधेशी आयोगको इच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम अन्तर्गत**

(१) माननीय अध्यक्ष डा. विजय कुमार दत्तज्यूको प्रमुख आतिथ्यता तथा माननीय सदस्य जीवछ साहज्यूको अध्यक्षतामा मिति २०८१ पौष २० गते मधेश प्रदेशको धनुषा जिल्लाको जिल्ला समन्वय समिति, जनकपुरधाममा स्थानीय

तहमा रहेको झै-झगडा तथा विवाद समाधान सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम TOT (Traning of Trainer) कार्यक्रम।

(२) माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यूको अध्यक्षतामा मिति २०८२ असार १५ मधेश प्रदेशको बारा जिल्लाको जिल्ला समन्वय समिति, कलैयामा स्थानीय तहमा रहेको झै-झगडा तथा विवाद समाधान सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम TOT (Traning of Trainer) कार्यक्रम।

(३) माननीय रेणु देवी साहज्यूको अध्यक्षता र कोशी गाउँपालिकाको अध्यक्ष ऐयुब अंसारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२ जेठ २७ गते कोशी प्रदेशको सुनसरी जिल्लाको कोशी गाउँपालिकाको शोभानपुर उच्च मा.वि. पश्चिम कुशहामा कार्यक्रम।

(४) माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यूको प्रमुख आतिथ्यता र माननीय विजय कुमार गुसाज्यूको अध्यक्षतामा नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रम अन्तर्गत बालविवाह अन्त्यका लागि सरोकारवालाहरुको भूमिकासम्बन्धी मधेशी आयोगको आयोजना र Plan International Nepal को सहकार्यमा कार्यक्रम।

(क) मिति २०८२ बैशाख २३ गते लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको मर्चवार गाउँपालिकामा।

(ख) मिति २०८२ बैसाख २४ गते नवपलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिकामा।

(ग) मिति २०८२ बैसाख २५ गते कपिलबस्तु जिल्लाको यसोधरा गाउँपालिकामा।

(५) माननीय आभा कुमारीज्यूको अध्यक्षता र राष्ट्रिय सभाको पूर्व सदस्य श्री सुमन राज प्याकुरेलज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२ जेठ ८ गते मधेश प्रदेशको ससरी जिल्लाको राजगढ गाउँपालिकाको वडा नं. २ बनैनिया जनता मा.वि. मा राज्यको मूल प्रवाहीकरणमा मधेशी समुदायको सहभागिता कार्यक्रम राजगढ गाउँपालिकाको सहकार्यमा।

**कार्यक्रमको उद्देश्यः**

१. **नैतिकवान समाजको निर्माण गर्नुः** कार्यक्रमको मूल उद्देश्य नै परिवार, समाज र राष्ट्रलाई सही दिशा प्रदान गरी सामाजिक व्यवहारमा सुधार ल्याएर एक नैतिकवान समाजको स्थापना गर्नु हो। यसअन्तर्गत युवाहरूलाई असल चरित्र र आचरणका लागि प्रेरित गरिन्छ।

२. **सामाजिक कुरीति र अन्धविश्वासको अन्त्यका लागि पैरवी गर्नुः** मधेशी समुदायमा विद्यमान दाइजो प्रथा, बालविवाह, छुवाछुत जस्ता कुरीति, अन्धविश्वास र सबै प्रकारका शोषणको अन्त्य गर्न चेतना फैलाउनु यस कार्यक्रमको उद्देश्य हो।

३. **पाठ्यक्रममा नैतिक शिक्षालाई पुनः समावेश गर्न जोड दिनुः** देशमा नैतिक शिक्षाको अभावले युवाहरू दिशाहीन बनेको महसुस गर्दै, आयोगले विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा नैतिक शिक्षालाई अनिवार्य विषयको रूपमा समावेश गर्न पैरवी गर्नुलाई एक प्रमुख लक्ष्य बनाएको छ।

४. **युवाहरूलाई सही दिशा र मार्गदर्शन प्रदान गर्नुः** राष्ट्र निर्माणमा युवाहरूको भूमिका महत्त्वपूर्ण हुने भएकाले उनीहरूलाई सही र गलत छुट्याउन सक्ने बनाउनु, उनीहरूमा सकारात्मक सोचको विकास गर्नु र जीवनलाई सही दिशामा अघि बढाउन मार्गदर्शन प्रदान गर्नु यस कार्यक्रमको उद्देश्य हो।

५. **मधेशी समुदायको इतिहास, संस्कृति र पहिचानको संरक्षण गर्नुः** कार्यक्रमले मधेशी समुदायको गौरवशाली इतिहास, मौलिक संस्कृति, भाषा र परम्पराको महत्त्वबारे जानकारी गराएर त्यसको संरक्षण र सम्वर्द्धनका लागि युवा पुस्तालाई प्रोत्साहित गर्ने लक्ष्य राखेको छ।

६. **चेतनामूलक कार्यक्रममार्फत समुदायलाई सशक्त बनाउनुः** मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेअनुसार चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी मधेशी समुदायलाई उनीहरूको हक, हित र अधिकारबारे सचेत गराउँदै समग्र समुदायको सशक्तीकरण गर्नु यसको बृहत्तर उद्देश्य हो।

७. **सकारात्मक राष्ट्रिय भावनाको विकास गर्नुः** कार्यक्रमले मधेशी समुदायभित्रका युवाहरूलाई आफ्नो समुदाय र संस्कृतिको सम्मान गर्दै राष्ट्रप्रति जिम्मेवार र

कर्तव्यमुखी नागरिक बन्न प्रेरित गर्दछ। यसले "पहिले राष्ट्र, त्यसपछि भावना" (First Nation then Emotion) भन्ने सोचलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

**कार्यक्रमहरुको उपलब्धी**

१. **नैतिक शिक्षाको महत्त्वबारे बहस सिर्जनाः** कार्यक्रमले विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा नैतिक शिक्षालाई पुनः अनिवार्य विषयको रूपमा समावेश गर्नुपर्ने विषयलाई राष्ट्रिय स्तरमा बहसको विषय बनाएको छ। देशमा नैतिक शिक्षाको अभावले युवाहरू दिशाहीन बनेको तर्कलाई स्थापित गर्दै आयोगले यसको आवश्यकतामा जोड दिएको छ, जुन आफैमा एक वैचारिक उपलब्धि हो।

२. **सामाजिक कुरीतिविरुद्ध जनचेतना अभिवृद्धिः** मधेशका विभिन्न जिल्लाहरूमा कार्यक्रम आयोजना गरी दाइजो प्रथा, बालविवाह र अन्य अन्धविश्वास जस्ता सामाजिक विकृतिविरुद्ध प्रत्यक्ष रूपमा चेतना फैलाउने काम भएको छ। यसले स्थानीय स्तरमा यस्ता मुद्दाहरूमा खुला छलफलको वातावरण सिर्जना गरेको छ।

३. **युवाहरूको सशक्तीकरण र संलग्नताः** यो कार्यक्रम विशेष गरी युवाहरूमा केन्द्रित थियो, जसले उनीहरूलाई राष्ट्र निर्माण र सामाजिक सुधारमा आफ्नो भूमिकाबारे सचेत गराएको छ। तराई मधेशका विभिन्न ठाउँमा विद्यार्थीहरूलाई नैतिकवान बन्न र आफ्नो समुदायको भविष्य निर्माणमा जिम्मेवार हुन प्रेरित गरियो, जसले युवाहरूमा सकारात्मक सोचको विकास गर्न मद्दत पुऱ्यायो।

४. **मधेशी पहिचान र राष्ट्रियताबीच सन्तुलनको प्रवर्द्धनः** कार्यक्रमहरूमा मधेशी समुदायले आफ्नो भूमि र पहिचानको रक्षाका लागि गरेको योगदानको चर्चा गर्दै राज्यबाट हुने विभेदपूर्ण व्यवहारको पनि आलोचना गरिएको छ। यसले मधेशी युवाहरूलाई आफ्नो पहिचानप्रति गर्व गर्दै राष्ट्रिय एकताका लागि जिम्मेवार बन्न प्रोत्साहित गरेको छ।

५. **अन्तर-सामुदायिक संवादको थालनीः** मधेश प्रदेश बाहिर अन्य प्रदेशमा समेत यो कार्यक्रम आयोजना गरिनुले मधेशी समुदायका सवालहरूलाई अन्य समुदायमाझ पुऱ्याउन र एक सकारात्मक संवादको सुरुवात गर्न मद्दत गरेको छ। यसले मधेशी समुदायप्रतिको बुझाइलाई फराकिलो बनाउन योगदान दिएको छ।

६. **सरोकारवालाहरूबीच समन्वय र सहकार्यः** आयोगले यी कार्यक्रमहरू मार्फत स्थानीय सरकार, शैक्षिक संस्था, नागरिक समाज र संचारकर्मीहरूलाई एकै ठाउँमा ल्याएर नैतिक समाज निर्माणको अभियानमा सहकार्यको अवसर जुटाएको छ।

७. **आयोगको उपस्थितिको प्रभावकारी प्रदर्शनः** "नैतिकवान मधेश" जस्ता रचनात्मक र सान्दर्भिक कार्यक्रमहरू सञ्चालन गरेर मधेशी आयोगले आफ्नो संवैधानिक भूमिका र समुदायप्रतिको प्रतिबद्धतालाई प्रभावकारी रूपमा प्रदर्शन गरेको छ। यसले आयोगको छविलाई एउटा अधिकारमुखी निकाय मात्र नभएर सामाजिक सुधारको संवाहकको रूपमा पनि स्थापित गर्न मद्दत गरेको छ।

**कार्यक्रमको लागि सुझाव तथा भावी कार्यदिशाः**

**१. कार्यक्रमबाट अभियानमा रूपान्तरण (कार्यक्रमलाई दिगो बनाउने):**

हाल यी कार्यक्रमहरू विभिन्न जिल्लामा एकदिवसीय वा सेमिनारका रूपमा आयोजना भइरहेका छन्। यसलाई दिगो बनाउन आयोगले स्थानीय तहका विद्यालय, कलेज तथा सामाजिक संघ-संस्थाहरूमा "नैतिक शिक्षा क्लब" वा "नैतिक जागरण समूह" गठन गर्न प्रोत्साहन गर्नुपर्छ। यी क्लबहरूले वर्षभरि नैतिक शिक्षा र सामाजिक सुधारसम्बन्धी क्रियाकलापहरू (जस्तैः बहस, निबन्ध प्रतियोगिता, सरसफाइ, वृक्षारोपण) सञ्चालन गर्ने र आयोगले उनीहरूलाई स्रोत सामग्री र मार्गदर्शन प्रदान गर्ने कार्यदिशा लिनुपर्छ।

**२. प्रभावकारिताको मापन र अनुगमन प्रणालीको विकासः**

कार्यक्रमको सफलता केवल सहभागीको संख्याले मात्र निर्धारण हुँदैन। यसको वास्तविक प्रभाव मापन गर्न आयोगले एक स्पष्ट अनुगमन तथा मूल्यांकन (Monitoring & Evaluation) प्रणाली विकास गर्नु आवश्यक छ। कार्यक्रम सञ्चालन गर्नुअघि र पछि छनोट गरिएका क्षेत्रहरूमा सामाजिक व्यवहार, कुरीतिप्रतिको धारणा र युवाहरूको सोचमा आएको परिवर्तनबारे सर्वेक्षण (Baseline and Endline Survey) गर्न सकिन्छ। यसले कार्यक्रमको प्रभावकारिता मापन गर्न र भविष्यका लागि रणनीति बनाउन वैज्ञानिक आधार प्रदान गर्छ।

### ३. प्रविधिको प्रयोग र डिजिटल सामग्री निर्माणः

आजको डिजिटल युगमा युवाहरूसम्म पुग्न प्रविधिको प्रयोग अपरिहार्य छ। आयोगले "नैतिकवान मधेश" को अवधारणालाई प्रवर्द्धन गर्न सामाजिक सञ्जाल (फेसबुक, टिकटक, युट्युब) मा छोटो भिडियो, सन्देशमूलक कथाहरू र ग्राफिक्स निर्माण गरी व्यापक प्रचारप्रसार गर्नुपर्छ। साथै, नैतिक शिक्षा, मधेशको गौरवशाली इतिहास र सामाजिक सुधारसम्बन्धी सामग्रीसहितको एक मोबाइल एप वा वेबसाइटको विकास गरी युवाहरूलाई सहज पहुँच प्रदान गर्ने कार्यदिशा लिनु प्रभावकारी हुन्छ।

### ४. विषयवस्तुको स्थानीयकरण र व्यावहारिक अभ्यासमा जोडः

नैतिक शिक्षाको प्रवचन दिनु मात्र पर्याप्त हुँदैन, त्यसलाई व्यवहारमा उतार्न प्रेरित गर्नुपर्छ। कार्यक्रमको विषयवस्तुलाई हरेक क्षेत्रको विशिष्ट सामाजिक-सांस्कृतिक परिवेशअनुसार स्थानीयकरण गर्नुपर्छ। दाइजो प्रथा बढी भएको ठाउँमा त्यही विषयमा केन्द्रित हुने, बालविवाहको समस्या भए त्यसैमा जोड दिने र स्थानीय लोककथा, नायकहरू (जस्तैः सलहेस) र उखानहरूलाई नैतिक शिक्षाको माध्यम बनाउँदा यो अझ बढी सान्दर्भिक र प्रभावकारी हुन्छ। साथै, सरसफाइ, रक्तदान, असहायलाई सहयोग जस्ता व्यावहारिक सामाजिक कार्यमा युवाहरूलाई संलग्न गराउनुपर्छ।

### ५. पाठ्यक्रम निर्माणमा ठोस पहल र निरन्तर पैरवीः

विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा नैतिक शिक्षा पुनः समावेश गराउने उद्देश्यलाई साकार पार्न आयोगले केवल कार्यक्रमहरूबाट माग राख्ने मात्र होइन, एक ठोस कार्यदिशा बनाउनुपर्छ। यसका लागि आयोगले शिक्षाविद्, पाठ्यक्रम विकास केन्द्र र शिक्षा मन्त्रालयसँग मिलेर मधेशको सामाजिक सन्दर्भसमेत समेटिएको एक नमुना नैतिक शिक्षा पाठ्यक्रमको खाका तयार गरी सरकारलाई बुझाउन सक्छ। यो विषयलाई निरन्तर राष्ट्रिय बहसमा ल्याउन र निर्णय प्रक्रियालाई प्रभाव पार्न निरन्तर पैरवी गरिरहनु आवश्यक छ।

### मधेशी आयोग र प्लान इन्टरनेशनलको सहकार्यमा भएका कार्यक्रम

मिति २०८१ मंसिर ११ गते गृह, सञ्चार तथा कानून मन्त्री माननीय राजकुमार लेखीज्यूको प्रमुख आतिथ्यतामा मधेशी आयोगको आयोजना तथा प्लान इन्टरनेशनल

नेपाल र सामाजिक विकास र अनुसन्धान केन्द्रको सहकार्यमा बालविवाह अन्त्यका लागि धर्म गुरुहरुको भूमिका सम्वन्धी अन्तरक्रिया तथा प्रतिवद्धता कार्यक्रम चन्द्रपुर, रौतहटमा र मिति २०८१ मंसिर १३ गते मधेश प्रदेशको माननीय प्रदेशप्रमुख सुमित्रा सुवेदी भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मधेशी आयोगको आयोजना तथा प्लान इन्टरनेशनल नेपाल र सामाजिक विकास र अनुसन्धान केन्द्रको सहकार्यमा वालविवाह अन्त्यका लागि धर्म गुरुहरुको भुमिका सम्बन्धी अन्तरक्रिया तथा प्रतिवद्धता कार्यकम मिर्चैया, सिराहामा सुसम्पन्न भयो। जुन कार्यक्रममा सहभागीहरुको प्रतिवद्धता देहाय अनुसार रहेका छन्।

- जुनसुकै धर्मले बालविवाहलाई समर्थन गर्दैन साथै नगर्न र नगराउन अनुरोध गर्दछौ।
- शारिरीक र मानसिक रुपमा पुर्ण भई तथा उमेर बीस वर्ष पुरा भए मात्र विवाहको वातावरण सिर्जना गर्नेछौं।
- धार्मिक अनुष्ठान, कर्म का साथै कानुनको पालना गर्न गराउन तथा दण्डनीय अपराध कार्य नगर्न, नगराउन अनुरोध गर्दछौ।
- सभा, सम्मेलन एवं प्रवचनमा समेत बालविवाह नगर्ने संदेशको प्रचार प्रसार प्रवाह गर्नेछौं।
- हामी सामुहिक रुपमा बालविवाह जस्ता हानिकारक परम्परालाई परिवर्तन गर्दै नागरिक समाजहरुसँग सहकार्य गरी राष्ट्रिय लक्ष्य पुरा गर्न प्रतिबद्ध छौं।

**मधेशी आयोगको स्थापनाको छैठौ वार्षिक उत्सव कार्यक्रमः**

मधेशी आयोगको छैठौ वार्षिक उत्सव कार्यक्रम मिति २०८१ चैत्र ७ गते सभ्य र भव्य रुपमा सुसम्पन्न भयो। माननीय उपसभामुख इन्दिरा रानाज्यूको प्रमुख आथित्यतामा तथा मधेशी आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यूको अध्यक्षतामा उक्त कार्यक्रम आयोजना भएको थियो। माननीय उपसभामुखज्यूले मधेशी समुदायको पहिचान र अधिकार स्थापनाका लागि भएको बलिदानीपूर्ण संघर्षको सम्मान गर्दै संविधानले प्रदान गरेका अधिकारहरूको पूर्ण कार्यान्वियनमा जोड दिनुभयो। त्यसैगरी माननीय कार्यवाहक अध्यक्षज्यूले मधेशी समुदायका थर सूचीकरण, मधेशी समुदायभित्रका विभेद अन्त्यका लागि गरिएका प्रयासबारे जानकारी दिनुभयो। उहाँले आयोगले आफ्नो सीमित स्रोत र साधनका बाबजुद मधेशी समुदायको उत्थानका लागि निरन्तर काम गरिरहेको

बताउनुभयो। कार्यक्रमकै दौरानमा राजर्षि जनक दर्शन अध्ययन प्रतिवेदन र मधेशी आयोगको ६ वर्ष : अवसर र चुनौती सम्बन्धी प्रकाशनको विमोचन कार्यक्रम सम्पन्न भयो।

वार्षिकोत्सवको अवसरमा विभिन्न संवैधानिक निकायका अध्यक्ष तथा सदस्यज्यूहरुको गरिमामय उपस्थिति रहयो। मधेशी आयोगका माननीय सदस्यज्यूहरुको समेत उपस्थिति थियो। आयोगका सचिव श्री नरेश राज खरेलज्यूको बौद्धिक तथा प्राविधिक दक्षता र क्षमताको पूर्ण उपयोगका साथ उपस्थिती रहयो। अन्य आयोगका सचिवहरु लगायत मधेशी आयोगका कर्मचारीहरुको उपस्थितिमा छैठौं वार्षिक उत्सव कार्यक्रम सम्पन्न भयो। सो वार्षिक उत्सव कार्यक्रमबाट आगामी दिनमा आयोगका कामकाज तथा कर्मचारीहरुको मनोवलमा थप वल पुग्ने अपेक्षा राखेको छ। मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धनका निम्ती आयोग तत्पर रहने विश्वास लिएको छ। मधेशी आयोगको काम कर्तव्य र अधिकार मार्फत मधेशी समुदायको हितमा कार्य प्रभावकारीता हुने विश्वास साथ कार्यक्रम सम्पन्न भएको थियो।




मधेशी आयोग स्थापनाको
छैटौं वार्षिक उत्सव कार्यक्रम


कार्यक्रम


मधेशी आयोग स्थापनाको


मधेशी आयोग स्थापनाको
छैटौं वार्षिक उत्सव कार्यक्रम
मिति: २०८१/१२/०७ गते
स्थान: नेपाल प्रज्ञाप्रतिष्ठान, कमलादी, काठमाडौं


मधेशी आयोग स्थापनाको


मधेशी आयोग स्थापनाको
मधेशी आयोग स्थापनाको
छैटौं वार्षिक
उत्सव कार्यक्रम


मधेशी आयोग स्थापनाको
छैटौं वार्षिक उत्सव कार्यक्रम
मधेशी आयोग स्थापनाको




मधेशी आयोग स्थापनाको
छैंटौ वार्षिक उत्सव कार्यक्रम
मधेशी आयोग स्थापनाको
छैंटौ वार्षिक
उत्सव कार्यक्रम


मधेशी आयोग स्थापनाको
छैंटौ वार्षिक उत्सव कार्यक्रम




मधेशी आयोग स्थापनाको
वार्षिक उत्सव



मिति २०८१ चैत्र ७ गते मधेशी आयोगको कार्यवाहक अध्यक्ष भई पदभार ग्रहण गर्नुभएको माननीय कार्यवाहक अध्षक्ष जीवछ साहज्यू




मधेशी आयोगका कार्यवाहक अध्यक्ष हुँदा आयोगको सभाहलमा भएको बधाई तथा सम्मान कार्यक्रम

## तालिम

यस आयोगका सचिव श्री नरेश राज खरेलले Nepal Administrative Staff College, Jawalakhel, Lalitpur द्वारा नेपाल सरकारका राजपत्रांकित प्रथम श्रेणीको अधिकृतहरुलाई 49th Senior Executive Development Programme मिति २०८१।८।२४ गते देखी मिति २०८२।२।२३ गते सम्म तालिम सफलतापूर्वक सम्पन्न गर्नुभएको छ। तालिम अवधि भित्र मित्र राष्ट्र People's Republic of China द्वारा Chinese Academy of Governance को निमन्त्रणामा चीनको Beijing र Chhendu समेतको एक साता तालिम सम्पन्न गर्नु भएको छ।

## तालिमको क्रममा लिइएका फोटोहरु




Top Row (Left to Right) : Mr. Surendra Paudel, Mr. Kamal Raj Shrestha, Mr. Sandesh Shrestha, Dr. Anip Joshi, Dr. Kiran Rupakhetee, Mr. Dinesh Prasad Ghimire, Mr. Chhabi Lal Rijal, Mr. Kishor Kumar Chaudhary, Mr. Prakash Joshi, Mr. Narayan Prasad Bhattarai, Dr. Shrawan Kumar Thapa

Middle Row (Left to Right): Mr. Man Bahadur Aryal Kshetri, Dr. Narayan Prasad Regmi, Mr. Tara Prasad Pandey, Mr. Achyut Mani Neupane, Mr. Ishwari Prasad Dhakal, Dr. Chuman Lal Das Kebrat, Dr. Maheswor Shrestha, Dr. Pramod Kumar Yadav, Mr. Naresh Raj Kharel, Dr. Yadu Chandra Ghimire

Bottom Row (Left to Right): Ms. Sita Kafle Wagle, Dr. Archana Shrestha, Dr. Shyam Kirat Rai (Coordinator), Dr. Raghu Bista (Director of Studies), Dr. Rajan Khanal (Executive Director), Mr. Trilochan Pokharel (Senior Director of Studies), Ms. Aakriti Shakya (Coordinator), Ms. Sabitri Baral, Dr. Manisha Rawal

Nepal Administrative Staff College, Jawalakhel, Lalitpur द्वारा संचालित 49th Senior Executive Development Programme मा सामुहिक तस्विरमा आयोगका सचिवज्यू




बेइजिङ्ग स्थित Chinese Academy of Governance मा आयोगका सचिवज्यू



तालिमकै क्रममा ग्रेट वाल अफ चाइनाको अवलोकन गर्नुहुदै आयोगका सचिवज्यू



Chhendu स्थित पाण्डा संरक्षण क्षेत्रको अवलोकन गर्नुहुँदै आयोगका सचिवज्यू




49th Senior Executive Development Programme को Graduation Ceremony मा श्रीमान् मुख्यसचिवज्यूबाट प्रमाणपत्र ग्रहण गर्नुहुँदै आयोगका सचिवज्यू।

# अनुसूची ४

## आयोगका पदाधिकारीहरुबाट गरिएको अनुगमन

आ.ब. २०८१।८२ मा यस आयोगबाट गरिएको अनुगमनको विवरण निम्नानुसार रहेका छन्।

### माननीय अध्यक्ष, डा. विजय कुमार दत्तज्यू

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| १ | २०८१।५।९ देखी २०८१।५।१६ सम्म | मधेश प्रदेशका जिल्लाहरु | अनुगमन | • बाढी पहिरोबाट हुन सक्ने क्षतिको रोकथाम बारे जनचेतना।<br>• धार्मिक समन्वय र सहकार्य भएको<br>• धार्मिक द्वन्द्व व्यवस्थापन<br>• लैङ्गिक समानता र समावेशीकरण सम्बन्धी सशक्तीकरण |
| २ | २०८१।०६।१५ देखी २०८१।०६।२१ सम्म | लुम्बिनी प्रदेश | भिषण वर्षा, बाढी पहिरो अनुगमन | |
| ३ | २०८१।०६।२२ देखि २०८१।०६।२४ सम्म | मधेश प्रदेशका जिल्लाहरु | मानव अधिकार रक्षक संजाल कार्यक्रम | |
| ४ | २०८१।०७।०१ देखि २०८१।०७।०७सम्म | मधेश प्रदेशका जिल्लाहरु | अनुगमन | |
| ५ | २०८१।०७।१२ देखी २०८१।०७।१४ सम्म | बागमती र मधेश प्रदेशका जिल्लाहरु | अनुगमन | |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| ६ | २०८१।०७।२० देखी २०८१।०७।२६ सम्म | मधेश प्रदेशका जिल्लाहरु | अनुगमन | |
| ७ | २०८१।०८।०९ देखी २०८१।०८।१५ सम्म | मधेश प्रदेशका जिल्लाहरु | बालविवाह न्यूनीकरण कार्यक्रम | |
| ८ | २०८१।०९।१२ देखी २०८१।०९।१४ सम्म | गण्डकी प्रदेशको पोखरा | लैंगिक समानता तथा समावेशीकरण को अभ्यास कार्यक्रम | |
| ९ | २०८१।१०।१४ देखी २०८१।१०।२० सम्म | कोशी प्रदेशका जिल्लाहरु | अनुगमन | |
| १० | २०८१।१०।२४ देखी २०८१।१०।३० सम्म | मधेश प्रदेशका जिल्लाहरु | अनुगमन | |
| ११ | २०८१।११।०४ देखी २०८१।११।१० सम्म | मधेश प्रदेशका जिल्लाहरु | अनुगमन | |
| १२ | २०८१।११।१८ देखी २०८१।११।२३ सम्म | मधेश प्रदेशका जिल्लाहरु | अनुगमन | |
| १३ | २०८१।११।२७ देखी २०८१।१२।०४ सम्म | मधेश प्रदेशका जिल्लाहरु | अनुगमन | |

# माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यूले आ.ब. २०८१।८२ मा गर्नुभएको अनुगमनहरु

| क्र.स | मिती | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| १. | २०८१/०४/२५ | रुपन्देही जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी, सहायक C.D.O. लगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरु | जिल्लामा शान्तिसुरक्षाको अवस्था साथै मधेशी समुदायहरुको समस्याहरु जिल्लामा घटेका घटनाहरु सम्बन्धमा। | घटनाहरु बारे जानकारी भयो, आगामी दिनमा आयोग र स्थानिय प्रशासनको सहकार्यमा घटना न्युनिकरण र जनचेतनामुलक कार्यक्रम गर्ने। |
| २. | २०८१/०४/२७ | कपिलवस्तु जिल्ला प्रशासन कार्यालयमा, प्रमुख जिल्ला अधिकारी लगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरुसँग। | जिल्लामा घटेका धार्मिक तथा अन्य घटनाहरु बारे छलफल तथा जानकारी। | जिल्लामा घटेका धार्मिक तथा अन्य घटनाहरु बारे छलफल गरी अब उपरान्त अझ बढी संवेदनशिल भई कार्य गर्न साझा प्रतिबद्धता। |
| ३. | २०८१/०५/१३ | जिल्ला प्रशासन कार्यालय, मोरङ्गको प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला सुरक्षा निकायका प्रमुखहरु। | मोरङ्ग जिल्लाको विराटनगरमा हनुमान जयन्ती र्‍यालीमा भएको अवरोध सम्बन्धी। | अब उपरान्त हुने धार्मिक र्‍यालीहरुलाई व्यवस्थित गर्ने। |

| क्र.स | मिती | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| ४. | २०७१/०५/१७ | जिल्ला प्रशासन कार्यालय, सुनसरीको प्रमुख जिल्ला अधिकारी लगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरु। | सुनसरी जिल्लामा भएको धार्मिक द्वन्द र मिटर ब्याजी छलफल सम्बन्धमा। | जिल्लामा धार्मिक द्वन्द हुन नदिन धार्मिक संघ संस्था र राजनैतिक दलहरुसँग छलफल, समन्वय गरी कार्य गर्ने, साथै आयोगहरुले समेत यस कार्यमा अझ बढी ध्यान पुर्याउने। |
| ५. | २०७१/०५/१५ | मोरङ्ग जिल्लाको विराटनगर स्थीत कटहरी-२, सिधिया नदि छेउमा रहेका श्री श्री १००८ बाबा गनिनाथजीको जन्मोत्सव एवम् पुजा समारोहमा अतिथीको रुपमा सहभागिता, धार्मिक गुरुहरुका साथै भक्तजनहरु सम्बन्धमा। | अखिल नेपाल वैस्य हलुवाई सेवा समितीद्वारा श्री श्री १००८ बाबा गनिनाथजीको जन्मोत्सव एवम् पुजा समारोहमा सहभागिता लाई धार्मिक कार्यलाई प्रोत्साहन भएको। | आयोगले मधेशी समुदायको धर्म सस्कृतिलाई जर्गेना गर्ने कार्य समेत रहेकोले समुदायलाई उत्साह बढेको। |
| ६. | २०७१/०७/२५ | सर्लाहि जिल्लाको सदरमुकाममा भएको धार्मिक विवाद। स्थानियहरुसँगको छलफल, भेटघाट, साथमा राष्ट्रिय मानव अधिकार आयोगको अधिकृत। | सर्लाहि जिल्लामा भएको धार्मिक सम्बन्धी घटनाको बारेमा जानकारी सम्बन्धमा। | स्थानियहरु सँग भेटघाट गरी घटना बारे जानकारी लिएर एक आपसमा सहअस्तीत्व बनाई बस्ने सहकार्य। |

| क्र.स | मिती | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| ७. | २०८१/१०/०७ | जिल्ला प्रशासन कार्यालय नवलपरासी, परासी बजार (बर्दघाट सुस्ता पश्चिम)। प्रमुख जिल्ला अधिकारी, जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, उद्योग वाणिज्य संघका उपाध्यक्ष। | जिल्लामा घटेका घटनाहरु, लैंगिक हिंसा, घरेलु हिंसा, लागुऔषध, बालविवाह, धार्मिक सदभाव, सामाजिक कुरिती लगाएतका बारे छलफल। | जिल्लामा घटीरहने घटनाहरुलाई अझ न्यूनीकरण गर्न सबै सरोकारवालाहरुको साझा प्रतिवद्धता। |
| ८. | २०८१/१०/२३ | मधेश प्रदेशको माननीय प्रदेश प्रमुख श्री सुमित्रा सुवेदी भन्डारीज्यू समक्ष आयोगको २०८०/८१ को वार्षिक प्रतिवेदन पेश। | मधेशी आयोगको छैठौं वार्षिक प्रतिवेदन पेश। | नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम २०८०/०८१ मा आयोगले सम्पादन गरेको काम कारवाहीहरु समेटेर तयार गरिएको छैठौं वार्षिक प्रतिवेदन समयमा नै पेश गर्ने काम सम्पन्न। |
| ९. | २०८१/१०/२७ | बारा जिल्लाको सदरमुकाम कलैयामा। जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीज्यूसँग। | जिल्लामा घटेका विभिन्न खालका घटनाहरुका साथै मुद्दाका प्रकृतिहरु मधेशी समुदायको अवस्था बारे छलफल। | जिल्लाका विभिन्न समस्याहरु मधेशी आयोगसँगको सरोकारवाला घटनामा आयोगसँग समेत सहकार्य गर्ने। |

| क्र.स | मिती | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| १०. | २०७९/१२/०१ | सिरहा जिल्लाको मिर्चैयामा परम्परादेखी होली महोत्सव मनाउने कार्यक्रम अन्तरगत स्थानियहरुको सहभागितामा होली मिलन समारोह कार्यक्रम। | परम्परादेखी धुमधामका साथ मनाइने होली मिलन समारोहमा सहभागिता भएको। | स्थानिय साथीभाईहरु आफन्तहरुसँग होली मिलन समारोहमा सहभागिता जनाउदा धर्म संस्कृतिको जगेर्ना गर्नुको साथै सामुहिक सह- अस्तित्व, अपनत्व, सदभाव आयोगले राखेको जनअनुभूती गरियो। |
| ११. | २०७९/१२/२९ | रुपन्देही जिल्लाको बुटवल इलाका प्रशासन कार्यालयमा।<br>इलाका प्रशासन कार्यालयका प्रमुख र बुटवल स्थीत सुरक्षा निकायका प्रमुख। | बुटवलमा भइरहेको कुरीतिजन्य प्रथा, लागु औषधमा मधेशी युवाहरु लगायतका घटनाहरुबारे छलफल। | मधेशी युवाहरुलाई लागु औषध सेवन, ओसार पसार लगायतको घटनाहरुलाई आयोग समेतको सरोकारवालाहरुको सहकार्यमा रोकथाम, न्यूनिकरण गर्न अझ बढी सफल अभ्यास गर्ने। |
| १२. | २०८०/०१/२७ | रोल्पा जिल्लाको सदरमुकाम लिवाङ्गको जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी र जिल्लाका सुरक्षा निकायका प्रमुखहरु। | रोल्पा जिल्लामा मधेशीहरुको बसोबास निजहरुले गर्ने व्यवसाय, धर्म संस्कृति लगायत जिल्लाका विभिन्न घटना, मुद्दाहरुको प्रकृतिबारे छलफल। | उत्पन्न समस्याहरुलाई मधेशी आयोगको सहकार्यमा समेत सहकार्य गर्ने, समस्याहरुलाई अझ बढी प्रभावकारीताका साथ सामाधान गर्ने। |

| क्र.स | मिती | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| १३. | २०७२/०१/२९ | गोरखा जिल्लाको जिल्ला प्रशासन कार्यालय गोरखामा प्रमुख जिल्ला अधिकारी र जिल्लाका सुरक्षा निकायका प्रमुखहरु। | गोरखा जिल्लामा मधेशीहरुको बसोबास अथवा उपस्थिती, कर्मचारीहरु, व्यवसायीहरु वा घरबनाई बसोबास गर्नेहरुको धर्म संस्कृति, चाडपर्वको साथै जिल्लामा घटने घटनाहरुमा कतिको सहभागिता कुन प्रकारको मुद्दामा लगायतका विषयमा छलफल। | उत्पन्न समस्याहरुलाई मधेशी आयोगको सहकार्यमा समेत सहकार्य गर्ने, समस्याहरुलाई अझ बढी प्रभावकारीताका साथ समाधान गर्ने। |

# माननीय सदस्य रेणुदेवी साहज्यूले विभिन्न जिल्लामा गर्नुभएको अनुगमनको विवरण

| सि.न. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| १ | २०८१/०४/ १७ देखि २३ | मधेश प्रदेश- बारा जिल्ला | प्रसौनी गाउँपालिकाको समस्या सम्बन्धी अनुगमन | • स्थानीय युवाहरूको सहभागिता उल्लेखनीय देखियो।<br>• गाउँपालिकाको वार्षिक योजना संघीय तथा प्रादेशिक प्राथमिकतासँग आंशिक मेल खाने देखियो।<br>• लैङ्गिक समानता, शिक्षा र स्वास्थ्य क्षेत्रमा नीति सुदृढ गर्न सिफारिस गरियो।<br>• बजेट कार्यान्वयनमा पारदर्शिता र निगरानी संयन्त्र बलियो बनाउन सुझाव प्रदान। |
| २ | २०८१-०६-१८ देखि २४ | कोशी प्रदेश- सुनसरी जिल्ला | बाढी पहिरोको क्षति बारे | |
| ३ | २०८१।७।०२ देखी २०८१।०७।०६ सम्म | कर्णाली प्रदेशको मुगु | जलवायु परिवर्तन सम्बन्धी | जलवायु परिवर्तनको प्रभावले पर्ने असरहरुलाई न्यूनीकरण सम्बन्धमा COP २९ को लागी सुझाव प्रस्ताव |

| सि.न. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| ४ | २०८१-०८-१६ देखि २२ | कोशी प्रदेश- मोरङ जिल्ला | आयोगको छैठौं वार्षिक प्रतिवेदन कोशी प्रदेशका माननीय प्रदेश प्रमुखज्यूलाई हस्तान्तरण। | प्रतिवेदनले मधेशी समुदायका मुद्दा प्रादेशिक नीति निर्माणमा समावेश गर्न सहयोग पुऱ्याउने अपेक्षा। |
| ५. | २०८१-०९-२८ देखि १०-०५ | कोशी प्रदेश- सुनसरी, मोरङ र उदयपुर जिल्ला | शितलहर बारे | • शितलहरबाट प्रभावित भएका पिडित समुदायहरुलाई तत्काल राहत उपलब्ध भएको। |
| ६. | २०८१/१०/२७ गते | सुदुरपश्चिम प्रदेश—दार्चुला र जिल्ला | नेपालका सीमाक्षेत्रका नागरिकहरुसँगको छलफल | • तत्काल प्राथमिकता दिने गरी गुनासो र सुझाव स्थानीय प्रशासनलाई हस्तान्तरण।<br>• मैत्रीपूर्ण सम्बन्ध सुदृढ गर्न दुवै पक्षको स्थानीय तहमा नियमित संबाद आवश्यक। |
| ७ | २०८१/१०/ २८ र २९ गते | सुदुरपश्चिम प्रदेशको कैलाली | कैलाली जिल्लामा सातौं राष्ट्रिय मधेशी बेटी सम्मेलनमा सुदुरपश्चिम | • सुदुरपश्चिम प्रदेशमा मधेशी समुदायको महिला प्रतिनिधीको उपस्थितिले मधेशी बेटीहरुको हौसला बढ्यो। |

| सि.न. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| | | जिल्ला | प्रदेशको माननीय मुख्य मन्त्री कमल बहादुर शाहीज्यूबाट सम्माननीत | |
| ८. | २०८१-११-२७ देखि १२-०४ सम्म | कोशी प्रदेशको सुनसरी जिल्ला | तराई मधेशको महान चाड होली पर्व बारे | • पर्व अवधिमा महिला तथा बालबालिकाको सुरक्षा र मर्यादापूर्ण उत्सव सुनिश्चित गर्न सचेतना आवश्यक। |
| ९. | २०८२-०१-०२ देखि २०८२-०१-०८ | कोशी प्रदेश-सुनसरी जिल्ला | मधेशी समुदायको विशेष चाड सिरुवा पर्व सम्बन्धी विचार विमर्श | • समुदायमा धार्मिक, सांस्कृतिक र सामाजिक एकता अझ सुदृढ गर्ने वातावरण सिर्जना।<br>• मधेशी समुदायको मौलिक परम्परा, भाषा र संस्कृतिको पहिचानलाई नीतिगत तहमा सम्बोधन गर्नुपर्ने सन्देश प्रवाहित। |

## माननीय सदस्य विजय कुमार गुसाज्यूले विभिन्न जिल्लामा गर्नुभएको अनुगमनको विवरण

| सि.नं | मिति | प्रदेश / जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| १ | २०८१/०८/०९ | लुम्बिनी प्रदेशको, बाँकि जिल्ला | बागेश्वरी मन्दिर स्थित तलाउको सौन्दर्यकरण र पुनर्निर्माणका कामहरूमा सहभागिता | मन्दिरमा भइरहेको गतिविधि तथा त्यहाँको विकासबारे आयोगमा प्रतिवेदन पेश गरिएको छ। |
| २ | २०८१/१०/१४ | कोशी प्रदेशको, मोरङ जिल्ला | मोरङ जिल्ला स्थित पुरानो विराट दरबारको अनुगमन | मोरङ जिल्लामा रहेको पुरानो विराट दरबार तथा त्यहाँको मधेशी समुदायबारे प्रतिवेदन पेश गरिएको छ। |
| ३ | २०८१/१०/१६ | कोशी प्रदेशको, सुनसरी जिल्ला | सुनसरी जिल्लामा मधेशी सेवा समाजलाई धरान उपमहानगरपालिकाले वडा नम्बर ४ खैरेनीटार छठपर्व हुने घाटमा सूर्यनारायणको मन्दिर निर्माणका लागि चार कट्ठा दुई धुर जग्गा उपलब्ध गराइदिएको | मधेशी समुदायमा मनाइने ठूला चाडपर्व मध्ये छठ पर्व मनाउनका निम्ति मन्दिर तथा अन्य कामकाजको लागि धरान उपमहानगरपालिका मार्फत जग्गा उपलब्ध गराइएको छ। |
| ४ | २०८१/०९/१६ | लुम्बिनी प्रदेशको, बाँकि जिल्ला | अञ्जनी माता रसोई संस्था अनुगमन तथा सुधार कार्यक्रम | भेरी अस्पतालमा आउने विभिन्न बिरामीका लागि सस्तो मूल्यमा राम्रो खानाको व्यवस्था गरिएको छ। |

| सि.नं | मिति | प्रदेश / जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| ५ | २०८२/०३/३० | लुम्बिनी प्रदेशको, बाँकि जिल्ला | बाढीले पुऱ्याएको क्षतिबारे र जनताहरूले बाढीबाट भोगेको दुःख बुझ्न राप्ती नदीको सिधनिया घाट अनुगमन | बाढीले पुऱ्याएको क्षतिबारे छलफल तथा भविष्यमा हुने क्षतिलाई न्यूनीकरण गर्ने उपाय बारे छलफल |

# माननीय सदस्य आभा कुमारीज्यूले विभिन्न जिल्लामा गर्नुभएको अनुगमनको विवरण

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| १ | २०८१।४।२४ देखी २९ सम्म | बागमती र मधेश प्रदेशका जिल्लाहरु | तिज र चौथीचाँद/चौरचन सम्बन्धमा शुभकामना आदानप्रदान कार्यक्रममा सहभागिता र सार्वजनिक यातायातको अवलोकन | • मधेशी समुदायका संस्कृतिको संरक्षण, संबर्द्धन र प्रबर्द्धनमा मधेशी आयोगको विशेष चासो रहेको जनमानसमा अनुभूती।<br>• तराई मधेशबाट आउने क्रममा निश्चित रूपमा आफ्नो साविक पुर्ख्यौली घरबाट काठमाडौं आउदा दैनिक दिनचर्याका सामानहरु लिएर आउने गर्दछन्। यसको मुख्य कारण मधेशमा सामानहरू किन्दा सस्तो पाउनु पनि हो। यो मानिसको बाच्न पाउने अधिकार भित्रै पर्दछ। तसर्थ आफ्नै देशभित्र आफ्नो दैनिक उपभोगका लागि एक ठाउँबाट अर्को ठाउँमा मालसामान ल्याउँदा कर तिरेको बिलबिजक बीच |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| | | | | बाटोमा सुरक्षा निकायले खोजतलास गरेको विषयमा प्रहरी र नागरिक बीच विवाद तथा झैझगडा हुने गरेको छ। तसर्थ यस विषयमा राष्ट्रिय रुपमा छलफल हुनुपर्ने देखिन्छ। यसलाई भ्रमणको उपलब्धीको रूपमा देखिएको छ। |
| २ | २०८१।५।२३ देखी २०८१।५।२९ सम्म | बागमती र मधेश प्रदेशका जिल्लाहरु | मधेशी महिलाहरुको जितिया पर्व अबलोकन | कुनै पनि चाडपर्ब पारिबारिक र सामाजिक सम्मेलनका आधार हुन्। सो अवसरमा सँगठित रुपमा उपस्थित भई हर्सोउल्लासका साथ चाड पर्व मनाउँदा महिनौ दिनको शारीरिक र मानसिक थकान दुर भए पुर्नताजगीको साथ कार्यक्षेत्रमा फर्किंदा उत्साहपूर्ण रूपमा काम गर्न सक्ने शारिरीक र मानसिक क्षमता अभिवृद्धिको साथै पारिबारिक र सामाजिक अन्तरघुलन सहित आत्मियता बढ्न जान्छ। यसबाट मानिसको व्यक्तिगत, पारिवारिक र सामाजिक संतुलनमा बढोत्तरी हुन्छ। यसको प्रभाब व्यक्तिको शारिरीक, मानसिक, पारिवारिक, सामाजिक स्वास्थ्यमा सकारात्मक प्रभाव पर्छ र स्वस्थ समाज र देशको निर्माण हुन्छ। तसर्थ जितिया पर्व वा अन्य कुनै महिला प्रधान पर्वमा महिला बिदाको सट्टा सामुदायिक बिदा नै उपयुक्त हुन्छ भन्ने मधेशी आयोगको सदस्यको हैसियतले नेपाल सरकारसँग जोडदार मेरो माग नै यस अनुगमनको उपलब्धी मैले ठानेकि छु। |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| ३ | २०८१/०५/२९ देखी २०८१।०६।०४ सम्म | मधेश र मधेश प्रदेशका जिल्लाहरु | बडादशैंको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम | नेपाल बहुजाति, बहुभाषी, बहुसांस्कृतिक देश हो सबै समुदाय सामाजिक मूल्यमान्यता अनुसार आ- आफ्ना पर्व मनाउछन्। तर बिडम्बना सिमित समुदायका चाडपर्वमात्रै सरकारले क्यालेन्डरमा सुचिकृत गरेको छ र बिदा पनि दिएको छ। हुनत सबै समुदायका चाडपर्वमा सरकारी बिदा दिदा सरकारको दैनिक काम काज प्रभावित हुन्छ तसर्थ यस अध्ययनबाट निष्कर्ष स्वरुप सरकारले बिदाका स्वरुप परिवर्तन गरी सामुदायिक बिदाका अवधारणा ल्याउनु पर्ने देखिन्छ। यसबाट राज्य र जनताको हितमा हुनुको साथै समतामुलक समाजको संवैधानिक व्यवस्था अर्थपूर्ण हुन जान्छ। |
| ४ | २०८१।०६।१६ देखी २०८१।०६।२९ सम्म | बाग्मती प्रदेश र मधेश प्रदेश | मधेशका भाषा संस्कृती सम्बन्धी अध्ययन | नेपाल बहुजाति, बहुभाषी, बहुसांस्कृतिक देश हो सबै समुदाय सामाजिक मूल्यमान्यता अनुसार आ- आफ्ना पर्व मनाउछन्। तर बिडम्बना सिमित समुदायका चाडपर्वमात्रै सरकारले क्यालेन्डरमा सुचिकृत गरेको छ र बिदा पनि दिएको छ। हुनत सबै समुदायका चाडपर्वमा सरकारी बिदा दिदा सरकारको दैनिक काम काज प्रभावित हुन्छ तसर्थ यस अध्ययनबाट निष्कर्ष स्वरुप सरकारले बिदाका स्वरुप परिवर्तन गरी सामुदायिक बिदाका अवधारणा ल्याउनु पर्ने देखिन्छ। यसबाट राज्य र जनताको हितमा हुनुको साथै समतामुलक समाजको संवैधानिक व्यवस्था अर्थपूर्ण हुन जान्छ। |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| ५ | २०८१।०८।०६ देखी २०८१।०८।२१ सम्म | बागमती र मधेश प्रदेश | मधेशका भाषा संस्कृति सम्बन्धी अध्ययन | सरकारले राज्यको मूल प्रवाहमा सबै जातजातिलाई सहभागिता गराउन आरक्षण नीति ल्याउँदा पनि भाषाको कारण अपेक्षाकृत सहभागिता हुन सकेको छैन। प्रश्नावली र उत्तरपुस्तिकामा तीन भाषाको प्रयोग गर्नु पर्ने देखिन्छ।<br>१) नेपाली<br>२) अङ्ग्रेजी<br>३) स्थानीय भाषा आफूले रोजेका जानेका भाषा साथै प्रश्नावली सोध्दा नेपाली साहित्य अंग्रेजीमा अनिवार्य प्रश्न सोध्ने व्यवस्था गरियोस् किनभने विश्वव्यापीकरणमा सहजीकरण हुनका लागि हाल सबै विद्यार्थी अंग्रेजीलाई प्राथमिकताको साथ ग्रहण गरी नेपाली भन्दा अंग्रेजी नै पढ्न लेख्नले प्रश्न बुझ्न र लेख्न सजिलो हुन्छ र जुन उद्देश्यले आरक्षण नीति ल्याइएको छ त्यो सफल भई समानुपातिक प्रतिनिधित्वको औचित्य पुष्टी हुन्छ। निष्कर्षमा यस अध्ययनबाट प्रतिफल उपलब्धिको रुपमा हामीले लिएका छौं। |
| ६ | २०८१।०९।२३ देखी २०८१।०९।२९ सम्म | मधेश प्रदेशका सिराहा, धनुषा र सलरी | मधेशी समुदायका धर्म, संस्कृति, पर्वतिहार | नेपाली संस्कृतिकि जननी अर्थात नेपालकी रत्न सीता र मर्यादा पुरुषोत्तम श्री रामचन्द्रले अवलम्बन गरेका दैनिक दिनचर्या नै सनातन समुदायका आचार संहिता रहेकोले दुवैको जन्मदिनमा सरकारी बिदा दिई भव्यताका साथ मनाई सम्झिनुपर्ने अध्ययनले |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| | | | | निष्कर्ष दिएको छ। यसबाट नेपाली सभ्यता संस्थागत भई नेपालको पहिचान स्थापित गराउँछ। |
| ७ | २०८१।१०।१८ देखी २०८१।१०।२४ सम्म | मधेश प्रदेशको ससरी जिल्ला | योजनामा मधेशी महिलाको पहुँच | महिलाहरूको विकासका लागि सरकारले लागू गरेकै योजनाहरू लक्षित समूहको घरदैलोमा पुगेन। प्रक्षेपण भयो यसबाट सरकारले हालसम्मको लगानीका मापन गरी कार्यान्वियनका त्रुटिहरु मापन गरी अर्थपूर्ण कार्यान्वियनका लागि नयाँ विधि अपनाई लक्षित समूहको घरदैलो पुग्न मद्दत मिल्छ। |
| ८ | २०८२।०३।०१ गते देखी २०८२।०३।०७ | मधेश प्रदेश | घरेलु हिंसा व्यवस्थापनका लागि मध्यस्थता | ससरीको चेली, सुनसरीको बुहारी घरेलु विवादलाई एकअर्कालाई सम्झाई बुझाई मध्यस्थता मार्फत पारिवारिक मिलन गराइयो। |

# अनुसूची ५

## १. राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन २०८१ (सारसंक्षेप)

**"राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन २०८१"** मधेशी आयोग, नेपालद्वारा प्रकाशित एक विस्तृत र गहन दस्तावेज हो, जसले राजर्षि जनकको दर्शन, जीवनपद्धति र शासन प्रणालीको समकालीन सान्दर्भिकताको अन्वेषण गर्दछ। आयोगले आफ्नो वैधानिक जिम्मेवारी अन्तर्गत नेपालको ऐतिहासिक र सांस्कृतिक पहिचानको संरक्षण, सम्वर्द्धन र सशक्तीकरण गर्ने उद्देश्यले यो अध्ययन कार्य सम्पन्न गरेको हो। प्रतिवेदनले जनकलाई केवल एक पौराणिक पात्रको रूपमा मात्र नभई, पूर्वीय दर्शनका एक महान् प्रणेता र नेपाल भूमिबाटै विश्वलाई मार्गदर्शन गर्नसक्ने एक 'राजर्षि' (राजा र ऋषि) को रूपमा स्थापित गर्न खोजेको छ।

अध्ययनको केन्द्रमा जनकको 'विदेह' (शरीरमा रहेर पनि त्यसको आसक्तिबाट मुक्त) को अवस्था, 'निष्काम कर्मयोग' (फलको आशाबिना कर्तव्यको पालना) को सिद्धान्त, र ज्ञानमा आधारित शासन प्रणाली रहेको छ। प्रतिवेदनले यी दार्शनिक पक्षहरूको विश्लेषण गर्दै वर्तमान नेपालका शासकीय, सामाजिक र नैतिक चुनौतीहरू (जस्तै भ्रष्टाचार, भौतिकवाद, मानसिक तनाव) को समाधानका लागि जनक दर्शन कसरी उपयोगी हुनसक्छ भन्ने कुराको विस्तृत व्याख्या गरेको छ।

प्रतिवेदनलाई छ वटा अध्यायहरूमा विभाजन गरिएको छ, जसमा जनकको वंश र मिथिलाको इतिहासदेखि लिएर उनको दर्शनका गहन सैद्धान्तिक पक्षहरू र त्यसको व्यावहारिक उपादेयतासम्मको विश्लेषण गरिएको छ। यसले पूर्वीय दर्शनको बृहत्तर परिप्रेक्ष्यमा जनकको स्थान निर्धारण गर्दै उनको दर्शनका अद्वितीय पक्षहरूलाई उजागर गरेको छ। अन्तमा, यो प्रतिवेदनले जनक दर्शनलाई नेपालको राष्ट्रिय गौरव, नैतिक मार्गदर्शक र अन्तर्राष्ट्रिय स्तरमा 'सफ्ट पावर' को रूपमा विकास गर्न सकिने सम्भावनालाई जोड दिएको छ।

# अध्याय १ - परिचय

## १.१ पृष्ठभूमि

नेपालको मिथिला भूमिमा शासन गरेका राजर्षि जनक पूर्वीय सभ्यताका एक प्रकाण्ड विद्वान्, ब्रह्मज्ञानी र आदर्श शासक थिए। उनको जीवन र दर्शन प्राचीन ग्रन्थहरू (वेद, उपनिषद्, रामायण, महाभारत) मा छरिएर रहेका छन्, तर त्यसलाई एकीकृत र समकालीन भाषामा प्रस्तुत गर्ने प्रयासको कमी रहेको पृष्ठभूमिलाई मनन गर्दै मधेशी आयोगले जनक दर्शनका विविध पक्षहरूलाई संकलन, विश्लेषण र संश्लेषण गरी एउटा आधिकारिक प्रतिवेदन तयार पार्ने आवश्यकता महसुस गरी यो प्रतिवेदन तयार पारिएको हो।

## १.२ उद्देश्य

यस अध्ययनका प्रमुख उद्देश्यहरू निम्न रहेका छन्:

- पूर्वीय दर्शनका विभिन्न शाखाहरूको संक्षिप्त परिचय दिँदै जनक दर्शनको दार्शनिक आधार तयार पार्नु।
- राजर्षि जनकको वंश र उनको ऐतिहासिकताको खोजी गर्नु।
- जनककालीन मिथिलाको सामाजिक, सांस्कृतिक, आर्थिक र आध्यात्मिक अवस्थाको चित्रण गर्नु।
- जनक दर्शनका मूल सैद्धान्तिक र व्यावहारिक पक्षहरूको गहन विश्लेषण गर्नु।
- वर्तमान सन्दर्भमा जनक दर्शनको उपादेयता (सान्दर्भिकता) र उपयोगितामाथि प्रकाश पार्नु।

## १.३ औचित्य

नेपालको संविधान र मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम मधेशी समुदायको इतिहास, संस्कृति र दर्शनको संरक्षण गर्नु आयोगको दायित्व हो। जनक दर्शन मिथिला सभ्यताको उपज मात्र नभई समग्र नेपालको र पूर्वीय दर्शनकै अमूल्य निधि भएकाले यसको अध्ययन राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरमा महत्वपूर्ण छ। यसले समाजमा नैतिक जागरण ल्याउन, सुशासन प्रवर्द्धन गर्न र नेपालको आध्यात्मिक पहिचानलाई विश्वमा स्थापित गर्न मद्दत पुर्‍याउने भएकाले यसको औचित्य स्वतः सिद्ध छ।

## १.४ अध्ययन विधि

यो प्रतिवेदन तयार गर्न गुणात्मक र व्याख्यात्मक अध्ययन विधिको प्रयोग गरिएको छ। यसका लागि निम्न स्रोत र प्रक्रियाहरू अपनाइएको छः

**प्राथमिक स्रोतः** वेद, उपनिषद् (विशेषतः बृहदारण्यक), रामायण, महाभारत, अष्टावक्र गीता, त्रिपुरारहस्य जस्ता प्राचीन संस्कृत ग्रन्थहरूको अध्ययन।

**द्वितीय स्रोतः** जनक दर्शनमाथि लेखिएका आधुनिक पुस्तक, शोधपत्र, र लेखहरूको समीक्षा।

**विश्लेषणात्मक विधिः** संकलित सामग्रीलाई दार्शनिक दृष्टिकोणबाट विश्लेषण गरी जनकको दर्शनलाई विभिन्न विषयवस्तुमा (जगत्, जीव, आत्मा, मोक्ष आदि) वर्गीकरण गरी व्याख्या गरिएको छ।

# अध्याय २ - दर्शनभित्र पौरुस्त्य दर्शनको व्याख्या

जनक दर्शनलाई सही परिप्रेक्ष्यमा बुझ्नका लागि पूर्वीय दर्शनको समग्र रूपरेखा बुझ्नु आवश्यक छ। यसैलाई ध्यानमा राख्दै यस अध्यायमा पूर्वीय दर्शनका प्रमुख शाखाहरूको संक्षिप्त परिचय दिइएको छ। पूर्वीय दर्शनलाई मूलतः दुई भागमा बाँडिन्छः

### १. आस्तिक दर्शन (वेदलाई मान्ने):

यसअन्तर्गत छ वटा प्रमुख दर्शन (षड्दर्शन) पर्दछन्:

**सांख्य दर्शनः** प्रकृति र पुरुषको द्वैतवादी सिद्धान्तमा आधारित।

**योग दर्शनः** चित्तवृत्ति निरोध गरी आत्मालाई परमात्मासँग जोड्ने व्यावहारिक दर्शन।

**न्याय दर्शनः** तर्क र प्रमाणमा आधारित ज्ञानमीमांसा।

**वैशेषिक दर्शनः** पदार्थहरूको विश्लेषण गर्ने दर्शन।

**मीमांसा दर्शनः** वेदका कर्मकाण्डहरूको व्याख्या गर्ने दर्शन।

**वेदान्त दर्शनः** उपनिषद्मा आधारित, ब्रह्म र आत्माको सम्बन्धको व्याख्या गर्ने दर्शन, जससँग जनक दर्शनको गहिरो सम्बन्ध छ।

**२. नास्तिक दर्शन (वेदलाई नमान्ने):**

**चार्वाक दर्शन:** भौतिकवादी र प्रत्यक्ष प्रमाणलाई मात्र मान्ने दर्शन।

**बौद्ध दर्शन:** दुःख, त्यसको कारण र निवारणमा केन्द्रित दर्शन।

**जैन दर्शन:** अहिंसा, अनेकान्तवाद र अपरिग्रहमा आधारित दर्शन।

यो अध्यायले जनकको दर्शन, विशेषगरी वेदान्तको अद्वैतवादी धारासँग कसरी सम्बन्धित छ भन्ने बुझ्नका लागि एउटा बलियो दार्शनिक आधार प्रदान गर्दछ।

# अध्याय ३ - राजर्षि जनक र उनको वंश

यस अध्यायले राजर्षि जनकको ऐतिहासिकता र उनको वंश परम्परामाथि प्रकाश पारेको छ। प्रतिवेदनले विभिन्न पौराणिक स्रोतहरूका आधारमा जनक वंशको सुरुवात मनुबाट भएको देखाउँछ।

**प्रमुख वंश-क्रम:**

**मनु:** मानव जातिका आदि पुरुष।

**इक्ष्वाकु:** सूर्यवंशका संस्थापक।

**निमि:** जनक वंशका संस्थापक, जसले आफ्नो शरीर त्याग गरेकाले उनका वंशजहरू 'विदेह' (देहमुक्त) कहलिए।

**मिथि:** राजा निमिका पुत्र, जसले मिथिला नगरीको स्थापना गरे।

**सीरध्वज जनक:** यही वंशका एक प्रतापी र ज्ञानी राजा, जो सीताका पिताको रूपमा प्रसिद्ध छन्। उनी नै यस अध्ययनका केन्द्र-पात्र 'राजर्षि जनक' हुन्।

प्रतिवेदनले वाल्मीकी रामायण र अन्य पुराणहरूमा वर्णित वंशावली प्रस्तुत गर्दै जनकको ऐतिहासिक अस्तित्वलाई पुष्टि गर्ने प्रयास गरेको छ। यस अध्यायले यो पनि उल्लेख गरेको छ कि जनक वंशका अन्तिम राजा कराल अत्याचारी भएका कारण जनताले उनलाई पदच्युत गरे र त्यसपछि मिथिलामा गणतान्त्रिक शासन व्यवस्थाको सुरुवात भयो, जसले यस क्षेत्रको प्राचीन लोकतान्त्रिक परम्परालाई संकेत गर्दछ।

# अध्याय ४ - मिथिलाको उद्भव र विकास

कुनै पनि दर्शन आफ्नो समय, भूगोल र समाजबाट प्रभावित हुन्छ। यस अध्यायमा जनककालीन मिथिलाको समग्र परिवेशको चित्रण गरिएको छ, जसले जनकको दर्शन निर्माणमा खेलेको भूमिकालाई बुझ्न मद्दत गर्दछ।

स्थापना र भूगोलः राजा मिथिद्वारा स्थापित मिथिला नगरी, जसको सिमाना पूर्वमा कौशिकी (कोशी) नदी, पश्चिममा गण्डकी, दक्षिणमा गंगा र उत्तरमा हिमालयसम्म फैलिएको थियो। यो क्षेत्र धनधान्यले सम्पन्न, उर्वर र प्राकृतिक रूपमा सुन्दर थियो।

**संरचना र सम्पन्नताः** मिथिला एक सुव्यवस्थित र समृद्ध नगरी थियो। यहाँ ठूला-ठूला भवन, किल्ला, सुन्दर बगैंचा, पोखरी र वनहरू थिए। मिथिला महात्म्यमा यसको वर्णन "इन्द्रको अमरावती" जस्तै सुन्दर नगरीको रूपमा गरिएको छ। यो व्यापार र कलाको पनि केन्द्र थियो।

**आध्यात्मिक केन्द्रः** मिथिलाको सबैभन्दा ठूलो विशेषता यसको आध्यात्मिक र बौद्धिक वातावरण थियो। यो ऋषि, मुनि, विद्वान् र दार्शनिकहरूको भेला हुने थलो थियो। राजर्षि जनकको सभा ज्ञान-विज्ञान र दर्शनको शास्त्रार्थ हुने विश्वकै एक उत्कृष्ट प्राज्ञिक केन्द्र बनेको थियो। यसै भूमिबाट वेदान्त दर्शनको विकास भएको मानिन्छ, जसका प्रणेता याज्ञवल्क्य थिए।

यो अध्यायले मिथिलालाई केवल एक भौगोलिक क्षेत्रको रूपमा नभई, ज्ञान, समृद्धि र आध्यात्मिकताको त्रिवेणीको रूपमा प्रस्तुत गरेको छ, जसले जनक जस्ता राजर्षिको उदयका लागि उपयुक्त वातावरण प्रदान गर्‍यो।

# अध्याय ५ - राजर्षि जनक दर्शन (भाग १: दार्शनिक आधार)

यो प्रतिवेदनको केन्द्रीय अध्याय हो, जसले जनक दर्शनका मूल सिद्धान्तहरूको विस्तृत व्याख्या गर्दछ। जनकको दर्शन मूलतः अद्वैत वेदान्त मा आधारित छ, तर उनको विशिष्टता यसको व्यावहारिक प्रयोगमा निहित छ।

**जनक दर्शनका प्रमुख आधारस्तम्भः**

**१. व्यावहारिक आधार (The Practical Basis):**

जनकको दर्शनको स्रोत उनको जीवनशैली नै हो। उनी दरबारमा बसेर, राज्य सञ्चालन गरेर पनि एक ऋषि र सन्यासी जस्तै निर्लिप्त र अनासक्त थिए। अष्टावक्र, याज्ञवल्क्य, सुलभा जस्ता ज्ञानीहरूसँग उनले गरेका संवाद र शास्त्रार्थ नै उनको दर्शनका व्यावहारिक आधार हुन्। अष्टावक्र गीता र त्रिपुरारहस्य जस्ता ग्रन्थहरूमा यी संवादहरू संग्रहित छन्, जसले उनको दर्शनलाई मूर्त रूप दिन्छन्।

**२. सैद्धान्तिक आधार (The Theoretical Basis):**

जनकको दर्शनको सैद्धान्तिक आधार **'ब्रह्म'** को अद्वैतवादी अवधारणा हो।

ब्रह्म नै परम सत्यः यो सम्पूर्ण जगत् ब्रह्मकै अभिव्यक्ति हो। आत्मा र ब्रह्ममा कुनै भेद छैन ("**अहं ब्रह्मास्मि**")।

**जगत् मिथ्याः** नाम र रूपमा देखिएको यो संसार भ्रमपूर्ण छ। जसरी डोरीमा सर्पको भ्रम हुन्छ, त्यसरी नै ब्रह्ममा जगत्को भ्रम हुन्छ। ज्ञान प्राप्त भएपछि यो भ्रम हट्छ।

**विदेह अवस्थाः** जनकको दर्शनको सबैभन्दा विशिष्ट पक्ष 'विदेह' हो। यसको अर्थ शरीरमा रहेर पनि आफूलाई शरीरभन्दा फरक, साक्षी आत्माको रूपमा चिन्नु हो। यो अवस्थामा सुख-दुःख, मान-अपमानले व्यक्तिलाई छुँदैन। जनक राजा भएर पनि यही विदेह अवस्थामा स्थित थिए।

**निष्काम कर्मयोगः** आफ्नो कर्तव्यलाई फलको आशा नगरी, केवल कर्तव्य सम्झेर पूरा गर्नु नै निष्काम कर्म हो। जनकले राज्य सञ्चालनलाई आफ्नो कर्तव्यको रूपमा लिए, तर त्यसबाट प्राप्त हुने शक्ति, प्रतिष्ठा वा सुखमा आसक्त भएनन्।

# अध्याय ५ - राजर्षि जनक दर्शन (भाग २: विषयवस्तुगत विश्लेषण)

यस खण्डमा पूर्वीय दर्शनका आधारभूत विषयवस्तुहरूमा जनकको दृष्टिकोणलाई थप स्पष्ट पारिएको छ:

**पदार्थ र जगत्:** जनकको दृष्टिमा यो भौतिक जगत् सपना जस्तै क्षणभंगुर र मिथ्या छ। परम सत्य केवल आत्मा वा ब्रह्म मात्र हो। यो जगत् ब्रह्मको मायाले गर्दा देखिएको एक भ्रमपूर्ण अभिव्यक्ति मात्र हो।

**जीव, आत्मा र ब्रह्म:** जीव भनेको अज्ञानताले ढाकिएको आत्मा हो। जब अज्ञानताको पर्दा हट्छ, जीवले आफूलाई ब्रह्मबाट अभिन्न पाउँछ। आत्मा नै सबै प्राणीमा रहेको एकमात्र चेतन तत्व हो।

**बन्धन र मोक्ष:** जीवको बन्धनको कारण अज्ञानता र 'म कर्ता हुँ' भन्ने अहंकार हो। जब जीवले आत्मज्ञान प्राप्त गरी आफूलाई शरीर र मनभन्दा परको साक्षी आत्माको रूपमा चिन्छ, तब ऊ सबै बन्धनबाट मुक्त हुन्छ। यही नै मोक्ष हो। मोक्ष मरणोपरान्त प्राप्त हुने कुनै लोक होइन, यो यही जीवनमा प्राप्त हुने 'जीवनमुक्त' अवस्था हो।

**ज्ञान र वैराग्य:** मोक्ष प्राप्तिको प्रमुख साधन 'ज्ञान' हो। तत्त्वज्ञान अर्थात् आत्मा र ब्रह्मको एकताको ज्ञान नै मोक्षको बाटो हो। तर ज्ञान प्राप्तिका लागि 'वैराग्य' (सांसारिक विषयवस्तुप्रतिको अनासक्ति) अनिवार्य छ।

**कर्मयोग:** जनकको दर्शनमा कर्मको त्याग होइन, कर्मफलको त्यागमा जोड दिइएको छ। एक शासकको रूपमा उनले कर्मको महत्वलाई दर्शाए, तर त्यो कर्म आसक्तिरहित र अहंकाररहित हुनुपर्छ भन्ने सन्देश दिए।

# अध्याय ६ - जनक दर्शनको उपादेयता

यो अध्यायले जनक दर्शन आजको २१औं शताब्दीमा किन र कसरी सान्दर्भिक छ भन्ने प्रश्नको उत्तर दिन्छ।

**सुशासन र नैतिक नेतृत्व:** जनकको 'निर्लिप्त शासक' को आदर्श आजका राजनीतिज्ञ र प्रशासकहरूका लागि एक महान् प्रेरणा हो। सत्तामा रहेर पनि लोभ, मोह र भ्रष्टाचारबाट मुक्त रहने उनको दर्शनले सुशासनको बलियो नैतिक आधार प्रदान गर्दछ।

**मानसिक शान्ति र तनाव व्यवस्थापन:** आधुनिक जीवनमा व्याप्त तनाव, चिन्ता र डिप्रेसनको समाधान जनकको 'विदेह' र 'साक्षीभाव' को दर्शनमा पाइन्छ। आफूलाई कर्ता नभई साक्षी मात्र सम्झँदा व्यक्तिले जीवनका उतारचढावहरूलाई सहजै सामना गर्न सक्छ।

**भौतिक र आध्यात्मिक जीवनमा सन्तुलन:** जनक दर्शनले भौतिक जीवन वा सांसारिक कर्तव्यहरूलाई त्याग्न भन्दैन, बरु त्यसलाई आध्यात्मिक चेतनासँग जोड्न सिकाउँछ। यसले 'Work-Life Balance' को उत्कृष्ट नमूना प्रस्तुत गर्दछ।

**नेपालको आध्यात्मिक पहिचान:** राजर्षि जनक नेपालको भूमिमा जन्मेका एक विश्व-दार्शनिक हुन्। बुद्धको दर्शन जस्तै जनकको दर्शनलाई पनि नेपालको 'सफ्ट पावर' को रूपमा विकास गरी विश्वमा नेपालको आध्यात्मिक पहिचानलाई अझ उँचाईमा पुऱ्याउन सकिन्छ।

**सामाजिक सद्भाव:** आत्माको एकताको सन्देशले सबै मानवमा समान दृष्टि राख्न सिकाउँछ, जसले जातीय, धार्मिक र वर्गीय भेदभावभन्दा माथि उठेर सामाजिक सद्भाव र एकतालाई प्रवर्द्धन गर्न मद्दत गर्दछ।

## निष्कर्ष र सिफारिसहरू

## ९.१ निष्कर्ष

**"राजर्षि जनक दर्शन: अध्ययन प्रतिवेदन २०८१"** ले यो निष्कर्ष निकालेको छ कि जनकको दर्शन केवल एक प्राचीन दार्शनिक विचार मात्र नभई, यो एक जीवन्त, व्यावहारिक र सार्वभौमिक जीवन पद्धति हो। यो दर्शनले व्यक्ति, समाज र राष्ट्रका लागि सुशासन, नैतिक उत्थान, मानसिक शान्ति र दिगो विकासको मार्ग प्रशस्त गर्दछ। मधेशी

आयोगको यो प्रयासले नेपालको एक ओझेलमा परेको बौद्धिक सम्पदालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा पुनर्स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

## ९.२ सिफारिसहरू (सम्भावित)

**शैक्षिक क्षेत्रमा:** विद्यालयदेखि विश्वविद्यालयसम्मका पाठ्यक्रमहरूमा जनक दर्शनलाई समावेश गरिनुपर्छ। जनकपुरमा **'जनक दर्शन अन्तर्राष्ट्रिय अध्ययन केन्द्र'** स्थापना गरिनुपर्छ।

**शासकीय क्षेत्रमा:** निजामती कर्मचारी र राजनीतिक नेतृत्वका लागि **'जनक दर्शन र सुशासन'** विषयक तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनुपर्छ।

**सांस्कृतिक र पर्यटकीय क्षेत्रमा:** जनकपुरधामलाई केवल धार्मिक स्थलको रूपमा मात्र नभई, जनक दर्शनको अध्ययन र अभ्यास गरिने एक अन्तर्राष्ट्रिय **'आध्यात्मिक र दार्शनिक पर्यटन'** केन्द्रको रूपमा विकास गर्न गुरुयोजना बनाइनुपर्छ।

**अन्तर्राष्ट्रिय प्रवर्द्धन:** नेपालका दूतावासहरू र अन्तर्राष्ट्रिय मञ्चहरूमार्फत जनक दर्शनलाई नेपालको मौलिक **'सफ्ट पावर'** को रूपमा सक्रिय रूपमा प्रवर्द्धन गरिनुपर्छ।

**अन्तमा,**

यो प्रतिवेदन राजर्षि जनकको ज्ञानको प्रकाशलाई वर्तमानको अन्धकारमा फैलाउने एक विनम्र प्रयास हो। यसले जनकको दर्शनलाई केवल अध्ययनको विषय नबनाई, जीवनमा अपनाउन सकिने एक प्रेरणादायी मार्गदर्शनको रूपमा प्रस्तुत गरेको छ।

# २. मधेशी आयोगका ६ वर्ष (२०७६–८१): चुनौती तथा अवसरहरू

## (सारसंक्षेप)

**मधेशी आयोगका ६ वर्ष (२०७६–८१): चुनौती तथा अवसरहरू [6 Years of the Madheshi Commission (2076-81): Challenges and Opportunities] एक विश्लेषणात्मक प्रतिवेदन (An Analytical Report)**

नेपालको एकीकरणदेखि तत्कालीन राजाहरूले प्रयोग गर्दै आएको सार्वभौमसत्ता र राजकीयसत्ता विक्रम सम्वत १९०३ बाट राणाहरूमा हस्तान्तरण भएको भन्ने नेपालको संवैधानिक इतिहासको विकासक्रमले देखाउँदछ। नेपालको अन्तरिम शासन विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५ र नेपालको संविधान, २०१९ ले सार्वभौमसत्ता र राजकीयसत्ता राजसंस्थामा केन्द्रित गरेको हो। नेपालको संविधान, २०४७ ले राज्यशक्तिको स्रोत जनता नै हो भन्ने किटान गरे तापनि संविधानमा राजालाई प्रदान गरिएको स्वविवेकको अधिकारले गर्दा सार्वभौमसत्ता र राजकीयसत्ता राजसंस्थामा पनि निहित छ भन्ने व्याख्यामा प्रयोग हुन पुग्यो। नेपालको अन्तरिम संविधान, २०६३ ले राजसंस्थालाई विधिवत् अन्त्य गर्‍यो। सार्वभौमसत्ता र राजकीयसत्ताको लामो विवादलाई नेपालको अन्तरिम संविधान, २०६३ ले सुल्झाए तापनि संविधानको प्रस्तावनामा नै प्रवेश गेरका नयाँ विषयहरू मूलतः संविधान सभा र सङ्घीयताको सवालमा राज्यको तयारी नदेखिएकाले पहिलो संविधान सभा असफल हुन पुग्यो भने दोस्रो संविधान सभाले २०७२ साल असोज ३ गते नेपालको संविधान जारी गरेको हो।

सङ्घीयता र गणतन्त्रको उपलब्धिको रूपमा सबै समुदायहरूको समुचित विकाशका लागि विभिन्न आयोगहरूको परिकल्पना गरिएको छ। नेपालको संविधानको भाग २७ बमोजिम विभिन्न आयोगहरूबारे व्यवस्था गरिएको छ। राष्ट्रिय महिला आयोग (धारा २५२), राष्ट्रिय दलित आयोग (धारा २५५), राष्ट्रिय समावेशी आयोग (धारा २५८), आदिवासी जनजाति आयोग (धारा २६१), मधेशी आयोग (धारा २६२), थारु आयोग (धारा २६३) र मुस्लिम आयोग (धारा २६४) नेपालको संविधानका अति राम्रा प्रावधानहरू हुन्।

नेपालको संविधानको भाग २७ धारा २६२ बमोजिम मधेशी आयोगको गठन गरिएको छ। प्रावधान अनुसार यस आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहनेछन्। २०७४ साल असोज २७ गते मधेशी आयोग ऐन प्रमाणित भयो। २०७५ चैत्र ७ गते यस आयोगमा प्रथम अध्यक्षको पदमा मा. डा. विजयकुमार दत्त नियुक्त हुनुभयो। अध्यक्षको पदबहाली भएको करिब दुई वर्षपछि २०७७/१०/२१ मा सदस्यको रूपमा मा. जीवछ साह, मा. रेणु देवी साह र मा. विजयकुमार गुप्ता र २०७८/३/१० मा मा. आभा कुमारी नियुक्त भई आयोगले पूर्णता पायो। तत्पश्चात् मधेशी आयोगले आफ्नो कार्य सञ्चालन गर्दै आएको छ।

मधेशी आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामा लेखिएअनुसार मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नका लागि मधेशी आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका संसद्ले यो ऐन बनाएको छ। यस अर्थमा, मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्वर्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नु नै यस आयोगको मुख्य उद्देश्य रहेको छ।

मधेशी आयोगले तराई मधेशमा सामाजिक कुरीतिका रूपमा रहेको महिला हिंसा, घरेलु हिंसा, बालविवाह लागु औषध तथा दुर्व्यसन, धार्मिक द्वन्द्व न्यूनीकरण, दाइजो प्रथा, बोक्सी/बोक्सा प्रथा, शिक्षा, स्वास्थ्य, रोजगारी, औधोगिक क्षेत्र, सिँचाई, कृषि तथा प्राकृतिक स्रोत, पर्यटन, सांस्कृतिक सम्पदा, पर्यायवरण, चुरे क्षेत्रको अवस्था, स्थानीय तहको नीति तथा कार्ययोजना तयारी, शान्ति सुरक्षासम्बन्धी समस्या, मिटरब्याजपीडित, पर्यावरणजन्य न्याय, बाढीपीडित, सुकुम्बासी समस्या, मानव अधिकारको अवस्था र भौतिक पूर्वाधारहरूको अवस्था, सांस्कृतिक स्थल निर्माणार्थ प्रभावकारी रूपमा कार्य गर्न, चुरेको विनाशलाई रोक्न, तराई–मधेशमा रहेका पुरातात्विक महत्त्वका मठ–मन्दिरलाई उचित संरक्षण र विकाश गर्न, विश्व–सम्पदा सूचीमा सूचीकृत गर्न र अन्य धेरै कार्यहरू गर्न अहम् भूमिका खेल्दै आएको छ।

नेपालको पूर्वदेखि पश्चिम भूभागमा अवस्थित मधेशी समुदायको हकहितका लागि तत्परताका साथ मधेशी आयोगले कार्यसम्पादन गर्दै आएको छ। यस आयोगको कार्यक्षेत्र मधेश प्रदेश मात्र होइन। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सातवटै प्रदेशमा मधेशीको बसोबास फैलिएर रहेको छ।

मधेशी आयोग ऐन, २०७४ को दफा ७ (क) बमोजिम मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकारसमक्ष सिफारिश गर्ने भनी आयोगको काम, कर्तव्य र अधिकार तोकिएको छ। मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि आयोगकै हुने कुरा दफा ७ (ङ) मा दिएको छ। तसर्थ, दफा ७(च) बमोजिम आयोगले आफूले गरेका सिफारिश वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने प्रावधान रहेको हुँदा २०७५–७६ देखि २०८०–८१ सम्म आयोगले सम्माननीय राष्ट्रपतिज्यूमार्फत् नेपाल सरकारलाई बुझाएका प्रतिवेदनहरूमा समेटिएका सिफारिशहरूको उपलब्धि, अवसर, चुनौती र समस्यासमेत कार्यान्वयन पक्षको सुक्ष्म विश्लेषणसहित यो अध्ययन प्रतिवेदन तयार गरिएको हो।

मधेशी आयोगको स्थापना काल २०७५/१२/०७ देखि २०८१/०४/१८ सम्म छ वटा प्रतिवेदन सम्मको कार्यान्वयन, अवसर र चुनौतीहरूको सम्बन्धमा विश्लेषणात्मक प्रतिवेदन तयार गर्ने भनी मधेशी आयोग ऐन, २०७४ को दफा ७(च) अनुसार कार्यादेश प्राप्त भएको र आयोगको मिति २०८१/०२/२८ गतेको बैठक सङ्ख्या ९३ को निर्णय नं. ९ अनुसार मधेशी आयोगका सिफारिश, उपलब्धि, चुनौती र समस्या समाधानलगायतका विषयमा अध्ययन गर्ने, गराउने र प्रकाशन गर्ने निर्णय भएबमोजिम यो अध्ययन प्रतिवेदन तयार गरिएको हो। यस प्रतिवेदनका विशिष्टीकृत उद्देश्यहरू: (क) आयोगले गरेका सिफारिश तथा सुझावहरूको कार्यान्वयनको अवस्थाको जानकारी हुनेछ र (ख) मधेशी समुदायको सशक्तीकरणमा सहयोग पुग्ने छ।

यस अध्ययनको कार्यक्षेत्र मधेशी आयोगद्वारा नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यू मार्फत् नेपाल सरकारलाई बुझाइएको २०७५/७६ देखि २०८०/८१ सम्मको छ वटा वार्षिक प्रतिवेदनहरूमा रहेका सिफारिशहरूको कार्यान्वयन उपलब्धि, अवसर, चुनौती र समस्या समाधानबारे अध्ययन क्षेत्र निर्धारण गरिएको छ। यस अध्ययनबाट प्रत्यक्ष रूपमा लाभान्वित हुने पक्षहरू मधेशी आयोग, नेपाल सरकार र मधेशी समुदाय हुन्।

## सिफारिश तथा सुझावहरू

### कानूनी र नीतिगत सिफारिश तथा सुझावहरू

तराई मधेशका थर सूचीकृत गरी मधेशीलाई परिभाषित गर्नुपर्नेछ। मातृभाषामा शिक्षाका लागि पाठ्यपुस्तक र शिक्षकको व्यवस्था हुनुपर्नेछ। पाठ्यक्रममा मधेश र मधेशीका सम्बन्धमा विषयवस्तु हुनुपर्नेछ। पाठ्यक्रममा प्रादेशिक सामग्री र स्थानीय सामग्री हुनुपर्छ। मूल्य निर्धारण निकायहरू सक्रिय हुनुपर्छ। प्रसूती केन्द्रहरू (Birthing centers) आवश्यकताअनुसार व्यवस्थापन गर्नुपर्छ। सुकुम्बासी समस्या प्रभावकारी ढङ्गबाट समाधान गर्नुपर्छ। कृषिमा व्यवसायीकरण हुनुपर्छ। सीमा (Border) मा परिचयपत्र लागु गर्नुपर्छ। योजनाबद्ध विकाशको प्रभावकारी कार्यान्वयन हुनुपर्छ। सार्वजनिक लेखापरीक्षण समयमा नै गराउनुपर्छ। जनता आवास योजना प्रभावकारी बनाउनुपर्छ। संवैधानिक आयोगहरूमा महिलाको पहुँच हुनुपर्छ। मधेशी महिलाको जनसङ्ख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्त्व हुनुपर्छ। बाल सुधार गृहलाई व्यवस्थित गर्नुपर्छ। सरकारी निकायहरू जनताप्रति इमान्दार हुनुपर्छ। बैङ्कहरू सामाजिक उत्तरदायित्वको भावनामा जानुपर्छ। सहकारीहरूको प्रभावकारी नियमन हुनुपर्छ। गाईवस्तु, भेडा, बाख्रा चराउने (हरवाहा–चर्वाहा) हरूका लागि घुम्ती विद्यालयको स्थापना हुनुपर्छ। मधेशी आयोगमा ‘राष्ट्रिय’ शब्द थपी ‘राष्ट्रिय मधेशी आयोग’ बनाउनुपर्छ। वैदेशिक रोजगारीले ल्याएको सामाजिक विकृति रोकथाम गर्नुपर्छ। सामाजिक समस्याको रूपमा रहेको झुट्टा मुद्दाको बिगबिगीलाई अन्त्य गर्नुपर्छ। मधेशभित्र मधेशीको पहुँच बढाउने कार्यक्रम एवम्

नीति ल्याउनुपर्छ। राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरणको अवस्था सुधार गरिनुपर्छ(मधेशी आयोगको प्रथम प्रतिवेदन २०७५।७६)।

मधेशी समुदायको उत्थानका लागि गुणस्तरीय शिक्षा हुनुपर्छ। प्राविधिक शिक्षालाई विशेष जोड दिँदै युवालाई स्वरोजगारयुक्त बनाउन विशेष कार्यक्रम ल्याउनुपर्छ। बाँधहरुले पुर्याउन सक्ने सम्भावित क्षतीविपत्ती सम्बन्धमा/ छिमेकी मुलुकसँग कुटनैतिक माध्यमद्धारा वार्ता गर्नुपर्छ। सीमा सुरक्षालाई कडाइ गर्नुपर्छ। कोशी सम्झौतालाई अक्षरशः कार्यान्वयन र पालना गर्नुगराउनुपर्छ। अव्यवस्थित बसोबासलाई निरुत्साहित गर्नुपर्दछ। जग्गा प्लटिङ् र अतीक्रमणमा रहेको खेतीयोग्य जग्गामा कृषि व्यवस्थापन गर्नुपर्छ। हदभन्दा बढी जग्गाको व्यवस्थापन गरी अति विपन्न र विपन्न समुदायमा वितरण गर्नुपर्छ। (मधेशी आयोगको द्वितीय प्रतिवेदन २०७६।७७)।

बालशोषण, बालश्रमिक र बालहिंसा अन्त्य गरी सबै विद्यालयहरूमा बालबालिकाको वैकल्पिक शिक्षामा पहुँच बढाउनुपर्छ। महिलाका लागि प्रौढशिक्षा सञ्चालन गर्नुपर्छ। वैदेशिक रोजगारीलाई व्यवस्थित, भरपर्दो र मर्यादित बनाउनका लागि स्वरोजगारीमा जानेलाई श्रमसम्बन्धी शिक्षा, सीप, तालिम र स्वास्थ्य बिमाको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्छ। युवामा बढ्दै गएको कुलत, दुर्व्यशनलाई रोक्नका लागि कानूनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ। नैतिकवान् समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रूपमा पाठ्यक्रममा समावेश गर्नुपर्दछ। साक्षरता अभियान सञ्चालन भए तापनि मधेश प्रदेश का ८ ओटै जिल्लामा सकारात्मक प्रभाव पर्ने गरी Each one Teach one को उपाय अपनाएर भए पनि निरक्षरता उन्मूलन गर्नुपर्दछ। उच्च शिक्षामा तराई–मधेशमा बोलिने भाषामा विद्यावारिधिको व्यवस्था मिलाउनुपर्दछ। तराई–मधेशमा सबै तहहरूमा जनस्तरबाट गरिने गुनासाहरू स्थानीय राष्ट्रिय भाषामा समेत लिनु र सम्बोधन हुनुपर्दछ(मधेशी आयोगको तेस्रो प्रतिवेदन, २०७७।७८)।

परिभाषा नं .१" मधेश "के हो ? भनि जिज्ञासाको लागि तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठान द्वारा २०४४ सालमा प्रकाशित स्थाननाम-कोष २०४४ पुस्तकको पृष्ठ ११६ अनुसार सं . मध्यदेश मध्य अर्थात् बीचको र देश अर्थात् भेक भन्ने अर्थमा तराई प्रदेशलाई" मधेश " भनिएको छ ।

चुरे र महाभारतको भित्री मधेश र चुरेदेखि दक्षिणको भागलाई खास" मधेश "भनिन्छ। प्राचीन ग्रन्थहरुमा" मध्यदेश "को उल्लेख पाइन्छ । कुरुपान्चाल राष्ट्र र कुरक्षेत्र मण्डल मध्यदेशका मुख्य अंगहरु थिए। मध्यदेशको पश्चिमी र मध्य पहाडी प्रदेशको नाम संपादलक्ष्य थियो । यहाँका प्राचीन वासिन्दाहरु खस थिए । मिथिला, अवध, भोजपुर र मगध चाहि" मध्य देश "का भाषिक प्रान्तहरु थिए ।

## परिभाषा नं.२

## मत्स्यदेश) मोरङ_

## मत्स्य + देश

पुरातात्त्विक अवशेषहरुको आधारमा मोरङ नै महाभारतकालिन भएको अनुमान हुन्छ । झापा, मोरङका सांगरी डांडा, सयसयसमेगड, किसरी नदि, सतासीधाम्, बिराटपोखर, किलागड, लुकानी, किचकवध आदी ठाउँहरुको बारेमा लोकोक्ति रहेको छ ।

मधेशी को को हुन् ? भन्ने जिज्ञासाका लागि मधेशी आयोगको अध्ययन प्रतिवेदन २०७८ अनुसार १४९ वटा जात रहेका छन् ।

मधेशी आयोगको प्रभावकारिताका लागि नेपाल सरकारसँग सम्पर्क राख्ने विद्यमान कानूनी व्यवस्थालाई संशोधन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् सम्पर्क राख्ने व्यवस्था हुनुपर्दछ। सङ्घीय संसद्का विभिन्न समितिहरूमा संवैधानिक निकायहरूको प्रतिवेदनमाथि छलफल हुने गरेकोमा प्रत्यक्षरूपमा नीतिगत निर्णयका लागि यस आयोगको प्रतिवेदन उपर प्रतिनीधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल हुनुपर्छ। मधेशी आयोग ऐन २०७४ को संशोधन पूर्व रहेको प्रावधानअनुसार यस आयोगमा विशिष्ट श्रेणीको सचिवको दरबन्दी कायम गर्नुपर्छ। कानूनी सल्लाहकार, सामाजिक सांस्कृतिक सल्लाहकार, तथ्याङ्कविद् आदिको थप दरबन्दी तथा रकम व्यवस्थापन हुनुपर्छ। आयोगलाई आर्थिक रूपमा स्वायत्त बनाउनुपर्छ। प्रदेश तहमा मधेशी आयोगका कार्यालयहरू स्थापना हुनुपर्छ। मधेशी समुदायसम्बन्धी कानून तर्जुमा गर्दा आयोगको सल्लाह अनिवार्य रूपमा लिने प्रावधान बनाउनुपर्दछ। नीति कार्यक्रम तर्जुमा गर्दा आयोगसँग समन्वय गर्नुपर्दछ। संवैधानिक आयोगहरूको छुट्टै संवैधानिक सेवा गठन गर्नुपर्छ। मधेशी आयोग विशेष र संवेदनशील आयोग रहेकाले यस आयोगलाई विशेष प्याकेजको व्यवस्था गरी परिभाषित कार्यहरू सुसम्पादन गर्न बजेट विनियोजन गर्नुपर्छ। मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने ऐनको प्रावधानलाई संशोधन गरी उजुरीमाथि 'छानबिन तथा तहकिकात' गर्ने अधिकारसमेत व्यवस्था गर्नुपर्छ। स्थानीय भाषाहरूमा पाठ्यक्रम निर्माण गरी पठनपाठन सञ्चालन गर्नुपर्छ। आठ कक्षासम्म पाठ्यक्रममा नै संस्कृत शिक्षा, नैतिक शिक्षा र योग शिक्षा हुनुपर्छ। शिक्षालाई सीपयुक्त बनाउन अनिवार्य रूपमा Learning with Earning को व्यवस्थापन गर्नुपर्छ।

अति विपन्न, विपन्न र दलितका अभिभावकहरूलाई सचेतना दिई बालबालिकाहरूलाई विद्यालयसम्मको पहुँच १००% बढाउनुपर्दछ। टोल टोलमा बिहान वा साँझ अतिरिक्त कक्षाहरूको व्यवस्था गर्नुपर्छ। शिक्षकहरूलाई पूर्ण जिम्मेवार बनाउनुपर्दछ । (मधेशी आयोगको चौथो प्रतिवेदन, २०७८।७९)।

नेपालको संविधानको भाग २७ को शीर्षमा लेखिएको 'अन्य आयोगहरू' बाट 'अन्य' शब्द झिक्नुपर्छ। धारा २६२ मा मधेशी आयोगको ऐन, २०७४ को दफा ७ मा रहेको 'सिफारिश गर्ने' हटाइ 'निर्देशन दिने' हुनुपर्छ। मधेशी आयोग ऐन, २०७४ संशोधनभन्दा पूर्वको सङ्गठन संरचनाबमोजिम कर्मचारीहरूको दरबन्दी हुनुपर्छ। आयोगलाई स्वायत्त आयोग बनाउनुपर्छ। आरक्षण नीतिलाई पुनरावलोकन गरी वैज्ञानिक ढङ्गले वर्गीय आधारमा बनाउनुपर्दछ। डिजिटल शिक्षालाई सबैको पहुँचयोग्य बनाउनुपर्दछ। विद्यालयहरूलाई वैदिक समाजोन्मुखी, गुणस्तरीय तथा रोजगारमूलक शिक्षा प्रदायक शिक्षा केन्द्रको रूपमा विकाश गर्नुपर्छ। जीवन मैत्री शिक्षा हुनुपर्दछ। आयोगमा आएको उजुरीमाथि 'अनुसन्धान र तहकिकात' का लागि सरोकारवालामा सिफारिश गर्ने प्रावधान भन्दा 'अनुसन्धान र तहकिकात' गरी कारबाहीका लागि सरोकारवालामा सिफारिशको कानूनी अधिकार आयोगलाई दिनुपर्दछ।

कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा स्वास्थ्य संस्थाहरूमा आमाको गर्भमा रहेका सन्तानलाई छोरा वा छोरी छुट्याउन लगाई गर्भपतन गराउने प्रवृत्तिले छोराको सङ्ख्या बढ्ने र छोरीको सङ्ख्या घट्ने विचलन आउने भएकाले कानूनी कारवाहीको दायरा बढाउनुपर्छ। अनावश्यक र दोहोरो राजकीय संरचनाबाट मुलुकलाई मुक्ति दिई चुस्त र तन्दुरूस्त व्यवस्थापनको व्यवहारमै अङ्गीकार गर्नुपर्छ (मधेशी आयोगको पाँचौ प्रतिवेदन, २०७९।८०)।

संविधानको धारा ४२ मा रहेको सामाजिक न्यायसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन समानता (equality), समता (equity) हुदै न्यायमा अपरिहार्य पहुँच हुनुपर्छ। अदालतहरूमा प्रभावकारी मध्यस्थताको व्यवस्था गरी मध्यस्थता न्यायालयको अवधारणामा लैजानुपर्छ। मुलुकभित्र सञ्चालित शिक्षण संस्थाहरूमा नेपाली, गाणित, विज्ञान, नैतिक शिक्षा, संस्कृत लगायत विषयहरू अनिवार्य शिक्षामा एकद्वार प्रणालीको व्यवस्था गर्नुपर्छ। OHCHR को सचिवालयबाट हुने विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review (UPR)) ले वर्गीय र जातीय आधारमा कुनै मुलुकले सहभागी गराए वा नगराएको कुरा विश्व मञ्चमा गरेको प्रतिवद्धता पूरा गरे वा नगरेको हेर्ने भएकाले UPR मा सहभागी गराउनु आवश्यक देखिन्छ। यसमा मधेशी आयोगको पँहुच बढाउनुपर्छ। स्थापनाकाल देखि नै सञ्चालित **'नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा'** कार्यक्रम पूर्ण प्रभावकारी बनेका यी कार्यक्रमहरूका लागि बजेटको आवश्यकता छ। निजामती सेवा मधेशी समुदायको आरक्षित समूहमा पुरूष र महिलाको अन्तिम प्रवेश वर्ष ४० र निबृतिभरणको उमेर ६० वर्ष हुनुपर्छ। सविधानको भाग २७ मा रहेका संवैधानिक आयोगहरूद्धारा संयुक्त अध्ययन गराइएका नेपालमा समावेशीकरणको अवस्था विषयलाई कार्यान्वयन गर्नुपर्दछ। जातजातिका लागि ६० प्रतिशत र वर्गका लागि ४० प्रतिशतमा वर्गीकरण गरी आरक्षण वा पहुँचका लागि राज्यले नीति बनाउनुपर्दछ। महिलाको वैवाहिक हिंसा,

दाइजोप्रथा र बालविवाह न्यूनीकरण गराउने उद्देश्यले सम्बन्धित वडाको सिफारिश विवाह अगाडि नै अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था मिलाउनुपर्छ। राष्ट्रिय एकता, अखण्डता र सामीप्यका लागि मुलुकमा One Nation: One Constitution को भावनामा कानूनको निर्माण र प्रयोग हुनुपर्छ (मधेशी आयोगको प्रतिवेदन, २०८०।८१)।

## मधेशी समुदायको सशक्तीकरण

राज्यका हरेक तह र तप्कामा हुने नियुक्तिमा जनसङ्ख्याको अनुपातमा मधेशी समुदायको प्रतिनिधित्व हुनेगरी सरकारले समान अवसर दिनुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७७)। महिलाहरूलाई राजनैतिक, आर्थिक, शैक्षिक रूपले सशक्तीकरण गरी सबै प्रकारका महिला हिंसा, विभेद, शोषण अन्त्यका लागि कार्यक्रम सञ्चालन गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७८)। युवा, महिला, अनुभवी जेष्ठ नागरिक विषयगत तथा सीपमूलक प्रशिक्षण दिई स्वावलम्वी बनाउनुपर्छ। मधेशी युवालाई उत्प्रेरणा जगाई कुलत कुरीति, कुसंस्कारबाट जोगाउनुपर्छ। लोकसेवा आयोगको परीक्षा प्रणाली आधुनिक र भौगोलिक रूपमा विविधता मैत्री हुनुपर्दछ। लैङ्गिक अल्पसंख्यक, फरक क्षमता, अति विपन्न, विपन्न वर्गहरूको वास्तविक पहिचान गरी सही तथ्याङ्कको आधारमा सामाजिक सेवा सुविधाको व्यवस्था गर्नुपर्छ। अति विपन्न, विपन्न, भूमिहीनहरूको पहिचान गरी जमिन आधिपत्य स्थापित गर्नुपर्छ। अति विपन्न, विपन्न र दलितको पहिचान गरी प्रमाणपत्रको व्यवस्था गरी सामाजिक सुविधा र प्रतिनिधित्त्वको व्यवस्था गर्नुपर्छ। परम्परागत सीपलाई आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गरी सांस्कृतिक अधिकार र पहिचानको व्यवस्था गर्नुपर्छ। गुणस्तरीय शिक्षा तथा वातावरण तयार गरी जातीय छुवाछुत आचारणबाटै निर्मूल गर्नुपर्छ। छुवाछुत गर्नेहरूलाई कानूनतः दण्डित गर्नुपर्छ। यी वर्गहरूलाई राज्यले विशेष आर्थिक, सामाजिक, सांस्कृतिक नागरिक र राजनीतिक अधिकारका साथै शान्ति–सुरक्षाको व्यवस्था गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७९)।

नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रमलाई राज्यको प्राथमिकतामा राखी युवाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरण गर्नुपर्छ। आयोगको स्थापना वर्ष देखि नै सरकारी सेवामा मधेशी समुदायको पहुँचका लागि 'अधिकृत' स्तरीय तयारी कक्षा सञ्चालन गरेको र सोहीबमोजिम स्थानीय तहहरूबाटै यो कार्यक्रम गर्न देशभरिका स्थानीय तहहरूमा 'तयारी कक्षा अभिमुखी कार्यक्रम' सञ्चालन गरिएको छ। स्वदेशमै लगानी गर्ने, आफ्नो पूँजीगत तथा बौद्धिक सम्पत्तिको अधिकतम् उपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने र मुलुकमा नै स्वरोजगारका अवसरहरू बढाउनुका लागि समान कामका लागि समान ज्याला, सीप विकाश तथा स्वरोजगार कार्यक्रमहरू लागु गर्नुपर्छ। वैदेशिक रोजगारीसँगै प्राप्त विप्रेषण आय ज्ञान, सीप, कुशलता, कार्यसंस्कृति, प्रविधि, उद्यमशीलता र आत्म विश्वासलाई उत्पादनमूलक क्षेत्रमा लगाउनुपर्छ। जीवनमैत्री शिक्षा

दिएर महिला, बालबालिका, लैङ्गिक अल्पसंख्यक तथा सामाजिक रूपमा पछि परेकाहरूका लागि राज्य प्रणालीमा उचित पहुँच पुऱ्याउनुपर्छ। परम्परागत पेशालाई प्राविधिक शिक्षा तथा व्यावसायीक तालिमको माध्यमबाट दक्ष जनशक्ति उत्पादन गरी सीपमूलक व्यवस्थापन, आधुनिकीकरण प्रविधि र विद्यमान प्राकृतिक स्रोत र साधन तथा मानवीय साधनको सही उपयोग गरी उत्पादकत्व बढाएर गरिबी न्यूनीकरण गर्नुपर्छ। मधेशी महिलाहरूको आर्थिक सामाजिक विकाशका लागि गुणात्मक सीपमूलक शिक्षाको माध्यमबाट स्रोतसाधन, अवसर तथा लाभमा समान पहुँच हुनेगरी सशक्त गर्नुपर्छ। मधेशी दलितको पनि आयोगका सिफारिशअनुसार आरक्षणका अधिकार सुनिश्चित हुनेगरी व्यवस्था मिलाउनुपर्दछ। विद्यमान गरिबी, बेरोजगारी, भोकमरी, शिक्षा, विभेद र असमानताको अन्त्य गरी रोजगार प्रबन्ध गरी आयमा पहुँच र मानवीय विकाश सूचकाङ्कमा सुधार ल्याउने कार्य गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०८०)।

बैङ्किङ लगानीको कम्तीमा ५०% रकम अति विपन्न, विपन्न र मध्यम वर्गमा लगानी हुनुपर्छ। निरपेक्ष गरिबीको रेखामुनि रहेका वर्गलाई पहिचान पत्र प्रदान गरी सशक्तीकरणको मार्गमा ल्याउनुपर्दछ। सशक्तीकरण, सबलीकरण र प्रवलीकरणका लागि मधेशी समुदायको 'मातृभाषा दशक' आयोजना गर्नुपर्छ। जैविक विविधताको कारणले महिलाको मासिक रूपमा चार दिन उच्च रक्तश्रावले स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने कारणले महिला कर्मचारीलाई कम्तीमा ३ दिन बिदाको व्यवस्था हुनुपर्छ। वैवाहिक हिंसा, दाइजो प्रथा र बाल विवाह न्यूनीकरण गराउने उद्देश्यले विवाह अगाडि नै सम्बन्धित वडाबाट विवाहको लागि सिफारिश अनिवार्य लिनुपर्ने व्यवस्था गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०८१)।

**मधेशी सुमदायको हकहितको संरक्षण र संवर्धन**

महिलाका महिनावारी सम्बन्धित स्वास्थ्य चेतना बढाउनुपर्छ। एबम को स्थानीय उत्पादनलाई प्रोत्साहन दिनुपर्छ। जेष्ठ नागरिकलाई स–सम्मान व्यवस्थापन गरिनुपर्छ। समानुपातिक समावेशीतालाई अक्षरशः लागु गर्नुपर्छ। शहीद र घाइतेका सन्तानलाई निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टी गर्नुपर्छ। मधेश प्रदेशमा ग्रामीण सीप संरक्षणका लागि MEDPA (Micro-Enterprise Development for Poverty Alleviation) प्रभावकारी रूपमा लागु गर्नुपर्छ। कृषि बीमामार्फत् कृषकलाई सहयोग गर्नुपर्छ। उत्पादनमुखी र निर्यातमुखी अर्थ व्यवस्था बनाउनुपर्छ। गरिब, दलित, एकल महिलासहितलाई सशक्तीकरण गर्नुपर्छ। (मधेशी आयोग प्रतिवेदन, २०७६)

मधेशमा स्वच्छ सफा र स्वस्थकर खानेपानीको प्रवन्ध मिलाउनुपर्छ। रोजगारीको अवसर मिलाउनुपर्छ। उत्पादित वस्तुलाई सहज सुलभ बजारको व्यवस्था गर्नुपर्छ। प्राविधिक शिक्षामा

जोड दिनुपर्छ। स्वरोजगारयुक्त जनशक्ति उत्पादन गर्नुपर्छ। फलफूल, माछा र पशुजन्य उत्पादनलाई प्रोत्साहन दिनुपर्छ। महिला संरक्षणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालक गर्नुपर्छ। बोक्सी, दाईजो प्रथा, अन्धविश्वासजस्ता रूढिवादी संस्कारको अन्त्य हुनुपर्छ। 'बेटी पढाऊ बेटी बचाऊ' भन्ने नारालाई सार्थक बनाउनुपर्छ। बलत्कार जस्तो जघन्य अपराधको अन्त्य हुनुपर्दछ। तराई मधेशमा हुने बाढी जस्तो दैवीप्रकोप व्यवस्थापन चुस्त र दुरूस्त हुनुपर्दछ। यस्तो प्रकोपलाई न्यूनीकरण गर्ने तयारी गर्नुपर्दछ। प्रकोपमा परेका जनताको खाना, लुगा र बासको व्यवस्थापन गर्नुपर्दछ। हावाहुरी, सर्पदंश र वन्यजन्तुको आक्रमणबाट हुने धनजनको क्षतिप्रति उचित व्यवस्थापन गर्नुपर्दछ। (मधेशी आयोग प्रतिविदेन, २०७७)

फरक क्षमता भएका व्यक्तिलाई समान व्यवहार गरी सहज जीवनयापनका लागि विशेष संरक्षणात्मक कार्यक्रमहरू गर्नुपर्दछ। गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाई महिला र बालबालिकामा स्वास्थ्य, जनचेतना फैलाउनका लागि कार्यक्रम सञ्चालन हुनुपर्छ। स्थानीय भाषामा आधारभूत स्वास्थ्य सेवा प्रदायकहरू खटाउन आवश्यक व्यवस्था गनुपर्छ। स्थानीय पालिकास्तरमा, जिल्लास्तरमा र प्रदेशस्तरमा जनस्तरबाट गरिने गुनासाहरू स्थानीय राष्ट्रिय भाषामा समेत लिने र सम्बोधन गर्ने व्यवस्था हुनुपर्छ। (मधेशी आयोग, प्रतिवेदन २०७८)

सीमावर्ती क्षेत्रमा हुने डुवान, अपराध र तस्करी जस्ता समस्याहरूलाई न्यूनीकरण गर्नुपर्छ। अतिविपन्न, विपन्न र मध्यम वर्गलाई विशेष सामाजिक सुरक्षा भत्ता व्यवस्था गर्नुपर्दछ। शिक्षा र स्वास्थ्यसहितका क्षेत्रहरूमा बढ्दै गएको अराजकता सरोकारवालाहरूसँग छलफल गरी न्यूनीकरण गर्नुपर्छ। अतिविपन्न, विपन्न र दलितलाई निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा व्यवस्था गर्नुपर्छ। बालमृत्युदर, मातृमृत्युदर घटाउन वडा स्तरीय जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। आर्थिक स्रोत बढाई जनचेतनामूलक कार्यक्रमहरूद्वारा कुपोषणको समस्या समाधान गर्नुपर्छ। स्वास्थ्य चौकीहरूमा अनिवार्य रूपमा स्नातक तहका चिकित्सकको व्यवस्था गर्नुपर्छ। उखु किसानको बक्यौता रकमको समस्या समाधान प्रदेश सरकारबाट नै पहल गरी दिर्घकालीन रूपमा गर्नुपर्दछ। देशभरिका मिटरब्याजी पीडितहरूको मागलाई सम्बोधन र समस्या समाधान सरकारले गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०७९)।

तराई–मधेशका सीमावर्ती जिल्लाहरूमा गुणस्तरीय खानेपानीको सर्वसुलभ व्यवस्था गर्नुपर्दछ। सरकारी स्तरमा स्थापित प्रज्ञा प्रतिष्ठानहरूमा 'विद्वत वृत्ति' को व्यवस्था रहेकोमा मधेशी मसुदायका विद्वान्हरूलाई समेत समानुपातिक–समावेशीको आधारमा प्रदान गरिनुपर्दछ। गरिबी, वेरोजगारी, असमानता, सामाजिक विभेद, हिंसा आदि न्यूनीकरण गरी मानव वेचविखन, महिला, बालबालिकालगायतका ओसार–पसारलाई रोक्नुपर्छ। नाबालिग विवाह जस्ता गलत अभ्यासले बालबालिकाको दीर्घकालीन स्वास्थ्यमा नै असर पर्ने गरेकोले मधेशका जिल्लाहरूमा शैक्षिक,

सामाजिक, सांस्कृतिक, आर्थिक र कानूनी वातावरणको विकाश हुनुपर्दछ। चुरे र महभारत पर्वत उद्गम स्थल रहेका नदी, खोलाहरूलाई वैज्ञानिक विधि–प्रविधिबाट नियन्त्रण गरी कटान, भडान, पटान र डुवानमा परेका जग्गालाई खेतीयोग्य भूमिमा परिणत गर्नुपर्दछ। बालसुधार गृहहरूलाई वास्तविक रूपमै बालसुधार गृहकै रूपमा व्यवस्थापन गरी संवैधानिक अधिकारहरूको सुनिश्चित गरी बालबालिकाहरूलाई सुयोग्य नागरिक बन्न अभिप्रेरित गर्नुपर्छ। कारागारहरूमा रहेका कैदी बन्दीको अवस्था दयनीय रहेको छ। कारागार जीवन व्यतीत गरिसकेपछि समाजको मूलधारमा व्यवस्थापन गर्न सजिलो हुनेगरी कैदीहरूलाई दण्ड र सजायबाट भन्दा उनीहरूलाई व्यावसायीक सीप, मनोसामाजिक कक्षा अध्ययन, योग र रूची अनुरूपका गतिविधिहरूमा संलग्न गरी सुधार गर्नुपर्छ। (मधेशी आयोग प्रतिवेदन, २०८०)।

**मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन**

२०७५ चैत्र १७ गते बारा, पर्सा जिल्लामा हावा–हुरीबाट समस्याग्रस्त वासिन्दाहरूको Rescue, Relief / Rehab का लागि सिफारिश गरिएको छ। २०७६ असार २६ गतेदेखि परेको अविरल वर्षाका कारण बाढीपहिरोबाट जनधन जोगाउन गरिएको सिफारिशमा नदीमैत्री वातावरण बनाउनुपर्छ। तटवन्धहरूलाई व्यवस्थित गर्नुपर्छ। चुरेलाई संरक्षण गर्नुपर्छ। दशगजामा बनाइएका बाँधहरूबाट भएको समस्याको समाधान गर्नुपर्छ। जनचेतना, लोकचेतनाको माध्यमबाट अन्धविश्वास र जनस्तरबाट अन्धविश्वास, हावाहुरी, दाइजो प्रथा जस्ता कुरीतिहरू न्यूनीकरण गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०७६)।

खुला दिसामुक्त घोषित भइसकेका सबै वडा, पालिका र जिल्लामा सक्रिय र प्रभावकारी अनुगमन गर्नुपर्दछ। प्रवर्धनात्मक र उपचारात्मक उपायहरू अवलम्बन गर्नुपर्छ। बोक्सी, दाइजो, जातीय छुवाछुत, धामी झाँक्री जस्ता कुरीति तथा अन्धविश्वास सम्बन्धमा नीति नियम बने पनि न्यायिक कार्यान्वयन प्रभावकारी नभएकाले स्थानीय, प्रदेशिक र सङ्घीय सरकारहरू निरन्तर अनुगमन, कारवाही र पुरस्कारको व्यवस्था गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७८)।

निर्वाचनलाई पारदर्शी, मितव्ययी र विश्वसनीय बनाउन EVM (Electronic Voting Machine) को अनिवार्य प्रयोग गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०८०)। स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले कृषिका लागि आवश्यक नक्षत्रहरूलाई सार्वजनिक गर्दै हरेक घरमा नैतिक अनुशासनमा समन्वय हुन सहज हुने व्यवस्था गर्नुपर्दछ। मूर्त तथा अमूर्त (Tangible and Intangible) प्राकृतिक सम्पदाहरूलाई पर्यटनमा अभिवृद्धि हुनेगरी प्रविधिको माध्यमबाट संरक्षण गर्नुपर्दछ (मधेशी आयोग प्रतिविदेन, २०८१)।

## आर्थिक र सामाजिक सशक्तीकरण

कमला, कोशी, बलान, गण्डक जस्ता नदीहरू बचाऊ अभियान सञ्चालन गर्नुपर्छ। कृषिको बजारको व्यवस्था हुनुपर्छ। चुरेको प्रभावकारी संरक्षण हुनुपर्छ। चुरेलाई Water Rechargeable बनाउनुपर्छ। पूर्व–पश्चिम नहर बनाउनुपर्छ। पोखरी–तालको संरक्षण हुनुपर्छ। मधेश प्रदेशमा वन तथा वातावरण कम्तीमा ४०५ हुनुपर्छ। प्राकृतिक विपद् व्यवस्थापन हुनुपर्छ। हरित अर्थव्यवस्था (Green Economy) बनाउनुपर्छ। फोहोरबाट मोहर कमाउने सोच बनाउनुपर्छ। हुलाकी सडकको निर्माण पूर्ण गर्नुपर्छ। सीमामा परिचयपत्र लागु गर्नुपर्छ वा सीमा व्यवस्थापन प्रभावकारी तरिकाले हुनुपर्छ। कृषि व्यवसायीकरण हुनुपर्छ। पौरखी युवाहरूका लागि स्वदेशमा नै रोजगारीको व्यवस्था गर्नुपर्छ। सुकुम्बासी समस्या प्रभावकारी ढङ्गबाट समाधान गर्नुपर्छ। रैथाने मधेशीलाई संरक्षण गर्नुपर्दछ।

योजनावद्ध विकाशको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। विश्व बौद्धिक सम्पति सूचीकृत हुनुपर्छ। ऐतिहासिक र पुरातात्विक सम्पत्तिको संरक्षण गर्नुपर्छ। स्थानीय सरकारले प्राकृतिक विपद्को पूर्वतयारी गर्नुपर्छ। जनशक्तिको मात्रा र आपूर्तिमा तालमेल हुनुपर्छ। गुणस्तरीय खाधान्नको व्यवस्था हुनुपर्छ। शुद्ध खानेपानीको व्यवस्था हुनुपर्छ। सलहेश सर्किटलाई मूर्तरूप दिनुपर्छ। जनता आवास योजना प्रभावकारी बनाउनुपर्छ। Culture, Agriculture, Infrastructure, Manufacture सहितका क्षेत्रहरूलाई अगाडी बढाउनुपर्छ। जनताबीच र राजनीतिक तहहरूबीच Conflict होइन connectivity मा जोड दिनुपर्छ।

वनस्पतिहरूलाई अभिलेखन गरी Patent Right लिनुपर्छ। Language Technology लाई देवनागरी लिपिमा क्रमशः लैजानुपर्छ। धर्म संस्कृतिमा अनुसन्धान हुनुपर्दछ। मधेशी समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, साहित्य परम्परा जस्ता विषयमा खोज अनुसन्धान गरिनुपर्छ।

नेपाली चलचित्रमा समानुपातिक समावेशी छायाङ्कन तथा कामको व्यवस्था हुनुपर्छ। पत्रकारिता क्षेत्रलाई नियमन र व्यवस्थापन गर्नुपर्छ। कलाको संरक्षणमा प्रभावकारिता ल्याउनुपर्छ। (मधेशी आयोग प्रतिवेदन, २०७६)।

नेपालको अन्न भण्डार तराई मधेश क्षेत्रलाई समुन्नत र उत्पादनशील बनाउन उन्नत कृषि कार्यक्रम सञ्चालन गर्नुपर्दछ। उत्पादित वस्तु तथा सेवा सहजरूपमा बेचविखन गर्न सक्ने वातावरणका लागि ठाउँ ठाउँमा बजार व्यवस्था गर्नुपर्दछ। भारतलगायत विदेशबाट आयात हुने वस्तुलाई निरुत्साहन गरी नेपाली वस्तुलाई किनबेचमा सहजता बनाउन सरकारले उचित बजारको व्यवस्था गर्नुपर्दछ। मधेशी समुदायलाई प्रोत्साहन गर्नुपर्दछ।

शिक्षाको माध्यमबाट मधेशी समुदायलाई राज्यको मूलधारमा समाहित गर्न समानुपातिक समावेशी सिद्धान्तमार्फत् राज्यका विभिन्न क्षेत्र र निकायमा प्रवेश गराउनुपर्दछ। प्रदेशलाई सहज बनाउन मातृभाषामा लोकसेवाको परीक्षा दिन पाउने गरी पाठ्यक्रमको व्यवस्था गर्नुपर्दछ। आरक्षण सिटलाई जनसङ्ख्याको आधारमा बढाउनुपर्छ। प्राविधिक शिक्षालाई जनसङ्ख्याको आधारमा बढाउनुपर्दछ। प्राविधिक शिक्षाबाट उत्तीर्ण विद्यार्थीलाई प्राविधिक सेवामा प्रवेश गराउन प्राथमिकता दिनुपर्दछ।

तराई मधेशमा रहेका बाटाघाटालाई सुदृढ गर्नुपर्छ। हुलाकी राजमार्ग र अन्य मार्गहरू कालोपत्रे गर्नुपर्दछ। बाटोघाटोको सुदृढीकरण कार्यलाई प्राथमिकता दिनुपर्दछ। चुरे दोहन, जङ्गल फँडानी, अव्यवस्थित बसोबास रोकेर पर्यावरणलाई संरक्षित गर्नुपर्छ। यसतर्फ सरकारको विशेष ध्यान जानुपर्दछ।

बन्द भएका उद्योगहरू र औद्योगिक क्षेत्रलाई पुनः सञ्चालन गर्नुपर्छ। परम्परागत पेशालाई आधुनिकीकरण गर्नुपर्छ। लक्षित वर्गलाई बजारीकरणको माध्यमबाट आय आर्जन हुनेगरी उत्पादन बढाउनुपर्छ। यसबाट बेरोजगारी र गरिबीको अवस्था न्यूनीकरण हुँदै जान्छ। निजी बैङ्क तथा वित्तीय संस्थाबाट सामुदायिक स्तरमा प्रभावकारीरूपमा लगानी व्यवस्थित गर्नुपर्दछ। लगानीलाई प्रयोगात्मक रूपमा लैजानुपर्दछ। (मधेशी आयोग प्रतिवेदन, २०७७)।

कृषिमा आधुनिकीकरण तथा वैज्ञानिकीकरणका लागि आवश्यक व्यवस्था हुनुपर्छ। कृषि बजारका लागि सरकारी मण्डीहाउसको व्यवस्था हुनुपर्छ। कृषकहरूका लागि न्यूनतम् मूल्य तोकिनुपर्छ। समयमै पर्याप्त बिउ, मलको व्यवस्थाका लागि तराई मधेशमा उद्योग र भण्डारण केन्द्र हुनुपर्छ। उखु किसानहरूको विगतको बक्यौता रकम पाउनुपर्छ। उखु बिक्री गरेको बेला तत्काल नगद भुक्तानी हुनुपर्छ।

औद्योगिक विकाशका लागि तराई–मधेशले अत्याधिक सम्भावना बोकेको हुनाले त्यसका लागि औद्योगिक वातावरण सिर्जना गर्नका लागि आवश्यक व्यवस्था मिलाउनुपर्छ। बन्द भएका उद्योगहरूलाई पुनः सञ्चालनमा ल्याउनुपर्छ। व्यवसायीक सुरक्षा, व्यापारका लागि उपयुक्त वातावरण र बजार अनुगमन मूल्याङ्कन हुनुपर्छ। तराई मधेशमा स्थानीय उत्पादन हुने वस्तुहरू निर्यातयोग्य बनाउन सरकारले प्रवर्धनात्मक कार्यहरू गर्नुपर्छ। (मधेशी आयोग प्रतिवेदन, २०७८)।

स्थानीय तह, प्रादेशिक तह र सङ्घीय तहमा आवश्यक समन्वय र सहकार्य गरी सहअस्तित्वको भावना जगाई मानव विकाश र भौतिक विकाशको वातावरण तयार गर्नुपर्छ। हुलाकी राजमार्ग निर्माण कार्यमा तीव्रता ल्याई पूर्वपश्चिमको राजमार्ग अविलम्ब सञ्चालन गर्नुपर्छ। सिरहा र

धनुषाको सीमामा रहेको कमला पुल (उद्घाटन नहुँदै भत्किएको २ वर्ष बितिसक्दा पनि बन्न नसकेकोले) को पुनः निर्माण गरी हुलाकी राजमार्ग धनुषा सिरहा खण्ड सञ्चालन गर्नुपर्छ। यसबाट आर्थिक रूपमा समाज सशक्त हुनेछ। मधेश प्रदेशका आठवटै जिल्लाहरूमा आकाशे वर्षामा आश्रित किसानहरूलाई तत्कालै 'सुख्खा क्षेत्र' घोषणा गरी राहत दिनुपर्छ। कोशी, कमला, वलान, वाग्मती, नारायणी, राप्तीसहितका नदीहरूबाट नहरको उचित व्यवस्थापन गरी बाह्रै महिना सिंचाइको व्यवस्था गर्नुपर्छ। मल कारखाना नेपालमा नै खोलेर मलको समस्या समाधान गर्नुपर्दछ। मधेशी जनतालाई आर्थिक अभावले सामाजिक संस्कार र अन्त्येष्टिमा समेत समस्या देखिएकाले स्थानीय तहको रोहवरमा सहुलियत ऋणको व्यवस्था हुनुपर्दछ।

चुरेको विनाश रोक्नुपर्छ। अवैध जङ्गल कटान, भौतिक सम्पदा निर्माण रोक्नुपर्छ। राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिलाई प्रभावकारी बनाउनुपर्दछ। उत्तरदक्षिणको सडक पूर्वाधारहरू गुणात्मक रूपमा असल दरिलो बनाउनुपर्दछ।

अति विपन्न, विपन्न दलित महिलाहरूको सीपयुक्त क्षमताको पहिचान गरी सोको आधारमा तीनै तहका सरकारहरूले सहुलियतपूर्ण पूँजीको व्यवस्थापन गर्नुपर्छ। उत्पादनमा फलदायी प्रोत्साहन गरी उत्पादित सामाग्रीहरूको उचित बजार व्यवस्थापन गर्नुपर्छ। कृषि पेशा गर्न चाहनेहरूलाई आधुनिक तथा सामूहिक खेतीमा प्रोत्साहन गर्नुपर्छ। मैनबत्ती, साबुन, भुजिया, दालमोठ, मसाला आदि बनाउने आधारभूत तालिमहरू दिनुपर्छ। स्थानीय बजारमै खपत र व्यवस्थापन हुने सीपमूलक तालिम दिई आय आर्जनबाट ती मानिसहरूलाई देशको मूलधारमा ल्याउनुपर्छ। महिला र पुरुषको ज्याला एउटै हुनुपर्छ। देश भरका मिटरब्याजी पीडितहरूको माग जस्तै पीडित किसानको जमिनको मालपोत दृष्टि बन्धक खोली अनाधिकृत तमसुक बदर गर्नुपर्ने, भूमिहीन बनाइएका किसानहरूको जमिन फिर्ता हुनुपर्ने, आदि तत्काल सरकारबाट सम्बोधन हुनुपर्दछ। (मधेशी आयोग प्रतिवेदन, २०७९)।

मल अभावको समस्यालाई समाधान गर्न पूर्ण क्षमताको एउटा रासायनिक मल कारखाना अनिवार्य रूपमा स्थापना गर्नुपर्छ। चुरेको, तल/पींधबाट पूर्व–पश्चिम नहरको निर्माण गर्नुपर्छ। कोशी कमला, नारायणीलगायतका नदीहरूलाई एक–आपसमा जोडेर नदी संयोजन गरी कृषिका लागि उपयुक्त सिंचाइ गर्नुपर्छ। यसबाट चुरे क्षेत्रको वाटर रिचार्ज (Water Recharge) हुन्छ र मधेशमा भूमिको मरुभूमीकरणबाट जोगिन्छ र जनमैत्री वातावरण निर्माण हुन्छ।

विविध संस्कृति रहेको नेपालमा सामाजिक वितृष्णा ल्याउन जातीय, धार्मिक दुर्भावनालाई उत्तेजित पार्ने दृश्य/अदृश्य अभियानमा लागेका छन्। यस्ता गतिविधिका लागि रकमसमेत भित्रिने गरेको छ। भित्रिने रकम गृह र अर्थ मन्त्रालयको एकद्वार प्रणालीबाट मात्र भित्रिएमा जातीय र धार्मिक सद्भावनालाई कायम राख्न सहज हुन्छ। धर्मान्तरणको समस्यासमेतमा न्यूनीकरण हुन्छ। भएका घटनाहरूको सन्दर्भमा न्यायिक आयोग गठन गरी सत्यतथ्य जनसमक्ष ल्याउनुपर्छ।

गाईको संरक्षण हुनुपर्छ। यसबाट मुलुकमा सामाजिक र सांस्कृतिक सद्भावमा वृद्धि भई समग्र मुलुकमा सुशासन प्राप्त हुन्छ। तराई मधेशका आर्थिक मेरुदण्डको रूपमा देखिएको हुलाकी राजमार्गको रोकिएको कार्यलाई अविलम्ब पूरा गर्नुपर्दछ। दक्षिणी भू–भागमा कुपोषणबाट पीडित बालबालिकालाई स्वस्थ आहार र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०८०)।

निजामती सेवामा पदपूर्ति हुने सङ्ख्याको कम्तीमा ६०५ सङ्ख्या प्राविधिक बनाई सोही अनुसार पदपूर्तिको कानूनी व्यवस्था सिर्जना गर्नुपर्दछ।

२०६३/०६४ पछि भएका धार्मिक द्वन्द्वहरूको अनुसन्धानका लागि उच्चस्तरीय न्यायिक आयोग बनाई उत्पन्न द्वन्द्वको दीर्घकालीन निरूपण गरी मुलुकमा खास गरी तराई–मधेशमा सामाजिक सांस्कृतिक समन्वय गर्नुपर्दछ। एकल नागरिक, विधवा/विधुर, ज्येष्ठ नागरिकरूको संरक्षण सामाजिक सुरक्षा भत्ताबाट हुनुपर्छ। तिनीहरूको अथाह ज्ञान सीपलाई मुलुक विकाश लागि सदुपयोग गर्नुपर्छ।

नेपालमा रहेका वनस्पति, वन्यजन्तु तथा अन्य जीव–जन्तुहरूको संरक्षण गरी बहुआयामिक आय आर्जनबाट मुलुकको तीव्रतम् विकाश गर्नुपर्छ। विभिन्न प्रकारका विभेदहरूबाट समाजलाई मुक्ति दिनका लागि समय समयका लोक नायकहरू जस्तै दिनाभद्री, बन्ठाचमार, अल्लाह–रुदल, सलहेशका बारे अध्ययन अनुसन्धान गरी विद्यालयको पाठ्यक्रममा राख्ने व्यवस्था गर्नुपर्दछ। मुलुकको सर्वाङ्गीण विकाशका लागि कृषिमा आधुनिकीकरण, बजारीकरण, सहुलियतीकरण प्रक्रिया व्यवहारमै ल्याउनुपर्छ।

आयआर्जन साथै सरसफाइमा टेवा पुग्ने गरी फोहरबाट मोहरमा परिणत हुने प्रविधिको प्रावधान लागु गर्नुपर्छ। जनताको राहतका लागि आयुर्वेद स्वास्थ्य सेवाको प्रबन्ध मिलाउनुपर्दछ। नदी, खोलालाई ठोस तटबन्धको माध्यमबाट नियन्त्रण गरी बगरमा आधुनिक तवरले वृक्षारोपण र उत्पादनमूलक कृषि फर्मलाई प्रोत्साहन गर्नुपर्छ। चुरेको संरक्षणको अभावमा यस क्षेत्रका ३० हजार घरपरिवार जोखिममा छन्। चुरेको दोहनले तराई–मधेशको उब्जाउ भूमि कटान, डुबान, पटान र भडानको गम्भीर सङ्कटमा परेका छ। यस अर्थमा चुरेलाई संरक्षण गरी प्रकृतिजन्य, मानवजन्य र पर्यावरण न्यायको सङ्कट निवारण गर्नुपर्दछ।

हुलाकी राजमार्गको अधुरो र अपूरो कार्य अविलम्ब सम्पन्न गरी अझ बढी प्रभावकारी तवरले मुलुकको निर्माणमा सो भूगोलको जनतालाई सम्पर्क सूत्रमा बाँध्नुपर्दछ। घरेलु उपचारपद्धति वा स्वदेशी उपचारपद्धति (Indigenous Treatment) लाई आधुनिक विधिबाट परिष्कृत गर्नुपर्दछ। यसका लागि स्थानीय जडिबुटीलगायतका सामग्रीहरूलाई सदुपयोग गर्नुपर्दछ।

## मधेशी संस्कृतिको संरक्षण र विकाश

देशदर्शन जस्ता सामाजिक र सांस्कृतिक कार्य गर्नुपर्छ। तराई–मधेश सांस्कृतिक संग्रहालय निर्माण गर्नुपर्दछ। अनाथ बालबालिकाका लागि संरक्षण केन्द्र स्थापना गर्नुपर्छ। महिला नेतृत्वमाथि समाजको विश्वास बढाउनुपर्छ। बालश्रम र सरसफाइ सहितमा जनचेतना जगाउनुपर्छ। सामाजिक सुधारका लागि सडक नाटकलगायतका कार्यक्रम प्रभावकारी बनाउनुपर्छ। अन्तरधार्मिक सम्बन्ध र सांस्कृतिक क्रियाकलाप हुनुपर्छ। श्रमदान र अन्नदानको भावनाको विकाश गर्नुपर्छ।

मधेशमा परम्परादेखि प्रचलनमा रहेका विभिन्न हस्तकलाहरूको विकाश, संरक्षण र प्रवर्धन गर्दै आयआर्जन कार्यक्रम निर्माण तथा सञ्चालन गर्नुपर्दछ। पुरातात्त्विक सम्पदाहरूको खोज गरी तिनको संरक्षण गर्नुपर्दछ। मिथिला, भोजपुरा, अवधिसहितका क्षेत्रहरूमा प्राथमिकताका साथ संग्रहालयको निर्माण गर्नुपर्दछ। सांस्कृतिक प्रतिष्ठानको स्थापना गर्नुपर्दछ। केन्द्रीय प्रज्ञा प्रतिष्ठानसँग समन्वय गरी प्रदेशस्तरमा प्रज्ञा प्रतिष्ठानको विस्तार गर्नुपर्दछ। प्रदेश स्तरमा समेत ललितकला प्रज्ञा प्रतिष्ठान, सङ्गीत तथा नाटक प्रज्ञा प्रतिष्ठान, भाषा साहित्य प्रज्ञा प्रतिष्ठान, नाट्य प्रज्ञा प्रतिष्ठान स्थापना गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०७६)।

मधेशमा बोलिने भाषा मैथिली, भोजपुरी, अवधि र थारु जस्ता भाषा तथा लिपिको संरक्षण गर्नुपर्छ र राष्ट्रिय स्तरको मान्यता दिनुपर्दछ। मधेशको विभिन्न संस्कृतिको संरक्षण र संवर्धनमा सरकारले भाषाविज्ञ र संस्कृति विज्ञलाई परिचालन गर्नुपर्दछ। बालविवाह, दाइजोप्रथा, बहुविवाह, बोक्सी, धामी, झाँक्री जस्ता कुरीतिहरूको अन्त्य गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७७)।

तराई मधेशमा रहेका मठ, मन्दिर तथा पर्यटकीय स्थल, राष्ट्रिय निकुञ्ज र आरक्षको प्रभावकारी व्यवस्थापन हुनुपर्छ। तराई मधेशमा मनाइने महत्त्वपूर्ण चाडपर्वहरूमा प्रदेश सरकारले बिदाको व्यवस्था मिलाउनुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७८)।

नेपाल–अङ्ग्रेज युद्ध भएको सर्लाहीको विष्णु गाउँपालिकास्थित **'मधुवन गोठ'** लाई ऐतिहासिक स्थलको रूपमा अध्ययन, अनुसन्धान र विकाश गर्नुपर्छ। राजा विराटको गृहनगर रहेको स्थललाई पर्यटकीय स्थलको रूपमा विकाश गर्नुपर्दछ। विश्व सम्पदा सूचीमा विश्वप्रसिद्ध (क) जानकी मन्दिर, जनकपुरधाम (ख) लक्ष्मीनारायण मन्दिर मौवाहा–३ बलान विहुल गाउँपालिका, सप्तरी (ग) लक्ष्मीनारायण मठ तथा मन्दिर, मटिहानी, महोत्तरी र अन्यलाई समेत अनिवार्य रूपमा सूचीकृत गर्नुपर्छ। कपिलवस्तु जिल्लामा रहेका प्रसिद्ध तौलेश्वर मन्दिरलाई पर्यटकीय स्थलको रूपमा विकाश गर्नुपर्छ।

नेपालको सबैभन्दा जेठो विद्यालय श्री राजकीय संस्कृत पाठशाला महोत्तरी हाल मधेश प्रदेशको महोत्तरी जिल्लाको मटिहानी न.पा. स्थित श्री राजकीय संस्कृत माध्यमिक विद्यालय ३०४ वर्ष

पुरानो रहेकोले यसलाई सोहीअनुसार सूचीकृत गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पहल गर्नुपर्छ। धर्मान्तर र धर्मान्धताको नाममा भित्रिने रकमलाई तत्काल गृहमन्त्रालयले निगरानी राख्नुपर्छ।

सूचीकृत नभएका विभिन्न धर्मावलम्बीहरूका शिक्षण संस्थाहरूलाई अनिवार्य रूपमा सूचीकृत गर्नुपर्छ। मधेशको संस्कृति नै जल संस्कृति रहेकोले चुरे संरक्षण गरी पानीको स्रोत जोगाउनुपर्दछ। चुरेको दोहनबाट सिर्जित कटान, डुबान र भरानसहितका समस्यालाई समाधान गर्नुपर्छ। अनावश्यक देखिएका राजकीय संरचनाहरू खारेज हुनेगरी सफासुग्घर संरचनाको विकाश गर्नुपर्दछ।

मधेशी समुदायका आस्थाका केन्द्र लोकतन्त्र र सनातान हिन्दू संस्कृति नै रहेको छ। यसलाई अक्षुण्ण राख्न लोकतान्त्रिक संस्कृतिलाई बलियो पार्नुपर्छ। साथै सनातन हिन्दु संस्कृति माथि अतीक्रमण र धर्मान्तरण सहितका कार्यलाई अविलम्ब रोक्नुपर्छ। देशदर्शन अभियान सघन रूपमा सञ्चालन गर्नुपर्छ। यसबाट आफ्नै मुलुकको कला, संस्कृति, समाज, लोकज्ञानमा सहज पहुँच हुन्छ। सामाजिक, सांस्कृतिक र राष्ट्रिय एकता बलियो हुन्छ।

चुरेको विनाशलाई रोक्न तत्काले कदमहरू चाल्नुपर्छ। वन तथा वातावरण मन्त्रालयले अवैध जङ्गल कटान, भौतिक सम्पदा निर्माणलाई रोक्नुपर्दछ। राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिलाई प्रभावकारी बनाउनुपर्दछ। तराई–मधेशमा रहेका पुरातात्विक महत्त्वका मठ–मन्दिरलाई उचित संरक्षण दिनुपर्छ र विकाश गर्नुपर्छ।

प्रसिद्ध शक्तिपीठ श्री छिन्नमस्ता भगवती सखडेश्वरी सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ मा अवस्थित छ। हालसम्म निजी गुठीको रूपमा रहेको छ। जसलाई सार्वजनिक गुठीमा परिणत गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, केन्द्रीय गुठी संस्थान आदि सबैले पहल गर्नुपर्दछ। सो शक्तिपीठको परिसरमा रहेको छिन्नमस्ता भगवती भूपेन्द्र संस्कृत मा.वि. वडा नं. ३ लाई आधुनिक तथा प्रभावकारी रूपमा संस्कृत शिक्षाका लागि व्यवस्थित गर्नुपर्दछ।

सप्तरी जिल्लाको राजगढ गाउँपालिका वडा नं. २ बनैनियामा रहेको श्री नवदुर्गा भगवती मन्दिर ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिले १०० वर्षभन्दा बढी पुरानो रहेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यसको संरक्षण र संवर्धन गर्नुपर्दछ।

मिथिला पेन्टिङसहितका हस्तकला ५० वर्ष पहिलेदेखि विश्वप्रसिद्ध छन्। यसका प्रखर र निपुण हस्तकारिगरहरूलाई स्थानीय र प्रदेश सरकारहरूले विवरण सङ्कलन गरी **"कलाकारिता सुरक्षा भत्ता"** को व्यवस्था गर्नुपर्दछ। तराई–मधेशमा भएका ऐतिहासिक कलाहरू (मिथिला, भोजपुरी र

अवधि पेन्टिङ) लगायतका हस्तकलाहरूलाई अध्ययन अध्यापनका लागि शैक्षिक पाठ्यक्रममा राख्नुपर्दछ।

सुनसरी जिल्लाको हरिनगरा गाउँपालिकामा रहेको ऐतिहासिक तथा पुरातात्त्विक शिव मन्दिर, सप्तरी जिल्लाको कङ्कालीनी भगवती मन्दिर, लोकनायक दिनाभद्री, सिरहा जिल्लाको लहान न.पा.को ढोडनामा अवस्थित राजदेवी पञ्चावती मन्दिर, सिरहा जिल्लाको सहलेश फूलबारी मन्दिर, पतारी(पताइर) पोखरी, मानिक दह, मिर्चैया न.पा. वडा नं. ९ मा अवस्थित प्राकृतिक कमल दह, बारा जिल्लाको गढीमाई, पर्सा जिल्लाको माईस्थान, बाँके जिल्लाको बागेश्वरी मन्दिर, नवलपरासी जिल्लाको त्रिवेणीधाम, कपिलवस्तु जिल्लाको तिलौराकोटलगायतका धार्मिक स्थलहरूको उचित विकाश तथा पर्यटन प्रवर्धन गर्नुपर्दछ।

विश्वप्रसिद्ध (क) जानकी मन्दिर, जनकपुरधाम (ख) लक्ष्मीनारायण मन्दिर मौवाहा–३ बलान बिहुल गाउँपालिका, सप्तरी (ग) लक्ष्मीनारायण मठ तथा मन्दिर र (घ) मटिहानी महोत्तरीलाई अनिवार्य रूपमा विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्छ (मधेशी आयोग प्रतिवेदन, २०७९)।

नेपालका सांस्कृतिक सम्पदाहरूलाई नेपाल सम्पदा र विश्व सम्पदामा विभाजन गरी सूचीकृत गर्नुपर्छ। मातृभाषाको संरक्षण, संवर्धन र सशक्तीकरण गर्नुपर्दछ। मधेशी समुदायको मातृभाषा दिवस मनाउनुपर्दछ। लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाको तिलौराकोट, दाङ जिल्लाको गढवा गाउँपालिका कोइलावासको ऐतिहासिक सीताराम मन्दिर, मोरङ जिल्लाको विराटनगरस्थित ऐतिहासिक तथा पुरातात्त्विक स्थल विराट दरबार, धनुषाका धनुषाधामलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्छ। सातौँ शताब्दीका प्रतापी राजा शैलेश/सलहेशको राजधानी सिरहा जिल्लाको फूलबारी, पतारी, महिसोथा, मनिकदह लगायतका क्षेत्रहरूको संरक्षण र संवर्धन गरी सामुदायिक र सांस्कृतिक पर्यटनको विकाश गर्नुपर्दछ। मधेशी समुदायको लिपि मिथिलाक्षर देवनागरी लिपि, कैथी लिपि, महाजनी लिपिलगायतका लिपिहरूलाई स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले आफ्ना मातहतका संस्थाहरूबाट संरक्षण गराउनुपर्दछ।

पोखरी, सरोवरलगायतलाई पिँध (Bottom) को सफाइ गरी जलचरमैत्री बनाउनुपर्दछ। पोखरी इनार आदिलाई संरक्षण गरी तराई–मधेशको 'जल संस्कृति' लाई अक्षुण्य राख्नुपर्दछ।

सर्लाही जिल्ला, हरिपुर–४ मा अवस्थित रजवा शिवालयको मन्दिर एवं धर्मशालालाई संरक्षण गरी धार्मिक पर्यटकीय स्थलको रूपमा प्रवर्धन गर्नुपर्दछ। यो क्षेत्र जङ्गबहादुर राणा देहावसान भएको स्थानको रूपमा पनि परिचित छ। यो धार्मिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्नुपर्छ। संरक्षण र विकासका लागि मधेशी आयोगकै पहलमा प्रदेश सरकारबाट बजेट समेत निकासा भएको थियो, तर स्थानीय नेतृत्व वर्गले चासो नदेखाएका कारणले उक्त बजेट फ्रिज भएको र पुनः बजेट

निकाशा गरेको भएपनि हालसम्म कुनै कार्य नभइ पुनः फ्रिज नै भएर गएको देखिन्छ। सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ मा अवस्थित श्री छिन्नमस्ता भगवती सखडेश्वरी शक्तिपीठ हालसम्म निजी गुठीकै रूपमा रहेकोले त्यसलाई सार्वजनिक गुठीमा परिणत गर्नुपर्छ। मधेशी आयोगले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र केन्द्रीय गुठी संस्थानले त्यसका लागि पहल गर्नुपर्छ। सो शक्तिपीठको परिसरमा रहेको छिन्नमस्ता भगवती भूपेन्द्र संस्कृत मा.वि. वडा नं. ३ लाई समेत संस्कृत शिक्षाका लागि आधुनिक तथा प्रभावकारी रूपमा विकाश गर्नुपर्दछ।

ई.सं. १८५७ तिर भारतका तत्कालीन राजा तथा शासकहरूले नेपालमा आएर निर्माण गरेका काठमाडौँको थापाथलीमा रहेका ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको लक्ष्मीनारायण मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गरी ऐतहासिक, सांस्कृतिक र पुरातात्विक पक्षको संरक्षण गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०८०)।

विश्व सम्पदा सूचीमा हालसम्म पनि नपरेको सप्तरीको सखडेश्वरी/सखडा भगवती शक्तिपीठलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नुपर्दछ। भारदहस्थित कङ्कालीनी माताको मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गर्नुपर्दछ। मुलुकभित्र विभिन्न धार्मिक कार्यका लागि भित्रिने रकम/जिन्सीलाई सामाजिक सांस्कृतिक सामञ्जस्यताका लागि एकद्वार प्रणालीबाट मात्र भित्र्याउनुपर्छ। विदेह सभ्यता र अवध सभ्यतामा अनादिकालीन र आदिकालीन उपचारपद्धति (Eternal and indigenous Treatment System) हरूलाई वैज्ञानिक तवरले उपचारको अनिवार्य पद्धतिको रूपमा राज्यले विकाश गर्नुपर्दछ।

मिथिला महात्म्यअनुसार जनककालीन दरबारका चारैतिर चारवटा महादेवका मन्दिरहरू अवस्थित थिए। ती मन्दिरहरूमध्ये मठेश्वरनाथको मन्दिर बौद्धिक उत्खननका विषय बनेका थिए। त्यसका अवशेषहरू स्थानीय तहका अगुवाहरूको सहयोगमा पुरातत्त्व विभागको उत्खननमा पाइएको छ। सो मन्दिरलाई पूर्ण रूपमा उत्खनन गरी तत्कालीन र पुरातात्विक शैलीमा नै राज्यले निर्माण गरी मिथिलाको इतिहासलाई संरक्षण गर्नुपर्दछ।

सिफारिश गरिएको मधेश दिवसको तिथिअनुसार – जनक जयन्ती, सुगौली सन्धि, मधेश प्रदेश स्थापना, मधेशी समुदायको स्थायी पहिचान भएको दिन, नेपाल सद्भावना परिषद्को गठन मिति, १७७०–८० मा मधेशी शब्द प्रयोग भएको मिति, काठमाडौँ आउँदा पासपोर्ट हटाएको दिन, २०६२/६३ को जनआन्दोलन (२०६२ चैत्र २४), सीताको जन्मदिन, गौतम बुद्धको जन्मदिन, मधेशी आयोग ऐन जारी मिति, मधेश गोश्वारा (१९७४), सर्वोच्चको परमादेश (२०७१ फागुन २५), अन्तरिम संविधान जारी मिति (२०६३), १९१० को मुलुकी ऐन जारी भएको मिति (मधेश शब्द उल्लेख भएको), सरकार र संयुक्त मधेशी मोर्चाबीच ८ बुँदे सम्झौता भएको दिन (२०६४ फागुन

१६), बलिदान दिवस (माघ ५), मध्यदेशको प्रथम राजा वैवस्वत मनु जलप्रलय हुँदा प्राणी र बीज रक्षा गर्न त्रिविष्टप (तिब्बत) पर्वत चढे र प्रलय पश्चात् पुनः तिनलाई लिएर मध्यदेश ओर्लेको मिति (चैत्र शुक्ल तृतीया)।

मधेशी समुदायको मातृभाषा दशक मनाउनु पर्छ। मधेशी समुदायको मातृभाषा दिवस मनाउनुपर्छ। नेपालले आफ्नो सभ्यतालाई बहुआयामिक रूपमा संरक्षण, संवर्धन र सशक्तीकरण गर्दै सकारात्मक रूपमा प्रभाव पार्नु पर्दछ (मधेशी आयोग प्रतिवेदन, २०८१)।

**चेतनामूलक कार्यक्रम, समीक्षा, अनुगमन तथा मूल्याङ्कन**

सन् २०१९ मा देखा परेको कोभिडका सन्दर्भमा तराई–मधेशमा भएको प्रकोपलाई न्यूनीकरण गर्न सचेतनाको कार्यक्रम, क्वारेन्टाइनको व्यवस्था, स्थानीय तहमा हुनेगरी कोभिड परीक्षणको व्यवस्था, आईसोलेसन र भेन्टिलेटरको समुचित व्यवस्था गरिनुपर्दछ भनि सिफारिश गरिएको थियो।

ज्येष्ठ नागरिकहरूलाई घरबाट सम्मान गर्ने भावनाको विकाश गर्नुपर्दछ। महिला, बालबालिका, युवाहरूको नैतिक विकाशका लागि स्थानीयहरू तथा शिक्षण संस्थाहरूमा अभिमुखीकरण कक्षाहरू सञ्चालन गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०७९)।

मधेशी आयोगले निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात् तीनवटै चरणमा सातै प्रदेशका विभिन्न मतदानस्थलहरूको अनुगमन गरी निर्वाचनको क्रममा हुने विभिन्न विषयहरूको समीक्षा र मूल्याङ्कन गरेको छ। स्थानीय तह, प्रदेश सभा सदस्यको निर्वाचन र प्रतिनिधि सभा सदस्यको निर्वाचनलाई अनुगमन र मूल्याङ्कन गर्दा निर्वाचनमा गरिने दृश्य र अदृश्य खर्च र प्रभावको कारणले वर्तमान अवस्थामा निर्वाचन आमजनताको पहुँचबाट भनै टाढिँदै गएको, निर्वाचन आचारसंहिता अक्षरसः र व्यवहारपरक रूपमा कार्यान्वयन नभएको, निर्वाचनभन्दा पहिले सरकारी कर्मचारीहरूलाई प्रभाव र दबाबमा पार्ने गरेको, राजनीतिक दल, सरोकारवाला र सुरक्षा निकायबीच विश्वासिलो वातावरण सिर्जना नभएको, निर्वाचन शिक्षामा बढीभन्दा बढी सहभागितामूलक नभएको, मतगणना कार्य छिटोछरितो नभएको आदि प्रतिक्रियाहरू प्राप्त भएको थियो। यस्ता अवस्थाहरूलाई पूर्ण रूपमा अन्त्य गरी निर्वाचनलाई सही रूपमा व्यवस्थापन गरी लोकतन्त्रका खम्बाहरूलाई बलियो पार्दै लोकतन्त्रको संस्थागत विकाश हुनुपर्दछ।

जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी वैदिक र वास्तविक रूपान्तरणतिर समाजलाई डोऱ्याउनुपर्दछ। नेतृत्व वर्गमा देखिएका विचलनहरूले राज्यको संरचना मै समस्या परेको देखिन्छ। नीति र नियतमा एकरूपता हुनुपर्छ। यसबाट राजकीय संरचना र सामाजिक संरचनामा सबलता प्राप्त हुन्छ (मधेशी आयोग प्रतिवेदन, २०८०)।

डोजर विकाशमा प्रतिवन्ध लाग्ने गरी र प्रकृति संरक्षणमा सहयोग हुनेगरी पर्यावरणलाई सुरक्षित तथा संरक्षित बनाउन पर्यावरणीय न्यायलाई जनसचेतीकरणको माध्यमबाट अग्रसारित गर्नुपर्छ।

नेपाल विद्युत प्राधिकरणको लापरवाही र जनतामा सचेतनाको अभावले विद्युत प्रणाली दिन प्रतिदिन मृत्युको कारण बन्दैछ। मधेश प्रदेशमा मात्र २०७५ देखि २०८० सम्ममा ४४९ जनाले विद्युत प्रणालीकै कारण ज्यान गुमाएका छन्। क्षतिपूर्ति पनि पाएका छैनन्। नेपाल विद्युत प्राधिकरणलाई अझ बढी जिम्मेवार बनाई र जनतालाई सचेत बनाई यस्ता विपद्लाई निर्मूलीकरण गर्नुपर्दछ।

मानवीय गलत कार्यहरूले प्राकृतिक विपद् बढ्दै गएको छ। राज्यले जनतालाई सजग र सचेत गराई दैवीप्रकोपलाई न्यूनीकरण गर्नुपर्दछ (मधेशी आयोग प्रतिवेदन, २०८१)।

**मधेशी आयोगको समन्वयमा नेपाल पक्षबाट भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन**

छिमेकी मुलुकले सीमामा लगाइएको बाँधले गर्दा नेपालतर्फको हजारौँ हेक्टर जमिन डुबानमा पर्दछ। यसरी बनाइएका बाँधबाट भविष्यमा हुन सक्ने विपत्ती/ क्षति लगायतका विषयमा छिमेकी मुलुकसँग कुटनीतिक माध्यमबाट वार्ता गर्नुपर्दछ। कोशीको पानी सप्तरीको सिँचाईमा व्यवहारतः प्रयोग गर्नुपर्दछ। कोशी सम्झौतालाई अक्षरशः कार्यान्वयन र पालना गर्नुपर्दछ। (मधेशी आयोग प्रतिवेदन, २०७७)।

सीमामा लुटपाट एवम् तस्करी हुने गरेको छ। सीमा सुरक्षालाई कडाइ गरिनुपर्दछ। अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन भए/नभएको सम्बन्धमा तराई मधेशबाट प्रवाह हुने नदीहरूबाट हुनुपर्ने सिँचाईको क्षेत्रहरूमा आवश्यक मात्रामा पानीको व्यवस्था गर्न सरकारले पहल गर्नुपर्दछ।

नेपाल भारत सीमा क्षेत्रमा भारतद्वारा ठाउँठाउँमा अग्लाअग्ला बाँध बाँधिएकाले सीमा क्षेत्रमा डुबान हुने गर्दछ। नेपाली किसानहरूले रोपाइँ गरे तापनि जलमग्न भई ठूलो मात्रामा धानवाली नष्ट हुने गरेको छ। यस सम्बन्धमा उच्च स्तरीय टोली गठन गरी दुई देशबीच आपसी छलफल तथा समन्वय गरी बाँध र डुबानबारे समस्या समाधान गर्नुपर्दछ। (मधेशी आयोग प्रतिवेदन, २०७८)।

नेपाल भारतका सीमा खुल्ला रहेकोले निजी वा पारिवारिक जीवनमा हुने सामाजिक, सांस्कृतिक र आर्थिक कार्यहरूलाई सङ्घीय सरकारले व्यवस्थित गर्नुपर्दछ। साथै सीमा क्षेत्रमा हुने अवैध कार्यहरूलाई रोक्नुपर्दछ। (मधेशी आयोग प्रतिवेदन, २०७९)।

सीमा संवेदनशील विषय हो। जनताको चासो र जीवनशैलीलाई असर नपारी आतङ्ककारी, अपराधी, तस्करी र सीमा अतीक्रमण रोक्ने मानवीय र वैज्ञानिक व्यवस्था हुनुपर्दछ। शान्ति सुरक्षा,

भूगोल र छिमेकी राष्ट्रहरूसँगको सम्बन्ध राम्रो हुनुपर्दछ। साथै जलप्रकोपको अवस्थामा सुधार हुनुपर्दछ। (मधेशी आयोग प्रतिवेदन, २०८०)।

नेपालसँग जोडिएका सीमा/बोर्डरलाई नियमन गर्नुपर्छ। त्यसबाट सीमा वारिपारिमा आपराधिक, गैर–कानूनी क्रियाकलापहरू नियन्त्रण हुनेछ। छिमेकी राष्ट्रहरूबीच राम्रो सम्बन्ध कायम रहनेछ। (मधेशी आयोग प्रतिवेदन, २०८१)।

## मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी, छानबिन तथा तहकिकात

मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी, छानबिन तथा तहकिकात सम्बन्धमा पनि सिफारिश भएको छ। सरोकारवालाहरूसँग छलफल गरी वार्ताको माध्यमबाट किसानका आन्दोलनबाट उठाइएका जायज मागहरुको सम्बोधन गरिनुपर्छ भनी सिफारिश भएको छ (मधेशी आयोग प्रतिवेदन, २०७९)।

मधेशी आयोग ऐन, २०७४ को दफा ७(ठ) अनुसार मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्ने सम्बन्धित निकायमा सिफारिश गर्ने व्यवस्था रहेको छ।

## मधेशी समुदायको पहिचान

मारवाडीहरूलाई सांस्कृतिक पहिचान दिनुपर्छ। (मधेशी आयोग प्रतिवेदन, २०७६)।

मुलुक दर्शनको व्यवस्था गरी हिमाल र पहाडका बासिन्दालाई तराई–मधेश र तराई–मधेशका बासिन्दालाई हिमाल र पहाडतिर घुमफिर गराउने हो भने एक अर्कालाई पहिचान गर्ने र घुलमिल गर्ने वातावरण सहज हुन्छ। यसबाट देशभक्ति र राष्ट्रिय एकतामा बल पुग्छ। (मधेशी आयोग प्रतिवेदन, २०८०)।

जनताको जनअपेक्षाअनुसार जनरक्षार्थ पहिचान, प्रतिनिधित्व र पहुँचको अवस्थालाई अझ लक्षित वर्गमुखी बनाउनुपर्दछ।

राज्यले यथार्थताको ठोस धरातलमा रही अति विपन्न, विपन्न र मध्यम वर्गको पहिचान गरी पहिचान पत्रको प्रबन्ध गर्नुपर्दछ। यसबाट निरपेक्ष गरिबी रेखामुनि रहेका नागरिकलाई राज्यको मूलधारमा समेटिन मद्दत पुग्नेछ।

## विश्लेषण तथा सुझाव:

नेपालको संविधान, २०७२ को भाग २७ को धारा २६२ बमोजिम गठित मधेशी आयोगका कार्यहरू सबै मधेशी आयोग ऐन, २०७४ बमोजिम निर्देशित तथा व्यवस्थित छन्। यो ऐनको

परिच्छेद–३ दफा ७ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार तोकिएको छ। दफा ७ बमोजिम समष्टिगत रुपमा यो आयोगले (१) नेपाल सरकारसमक्ष सिफारिश गर्ने, सुझाव दिने, (२) समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने (३) आयोगको आचारसंहिता बनाइ लागु गर्ने र वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्नेछ।

विस्तृत रुपमा मधेशी आयोग ऐन, २०७४ मा उल्लेखित कार्यहरुमा जनचेतनामूलक कार्यक्रम गर्ने; मधेशी समुदायसम्बन्धी अध्ययन गर्ने, हकहित संरक्षण र संवर्धन तथा सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गर्ने, (कार्यान्वयन नेपाल सरकारले गर्ने); संरक्षण र संवर्धन तथा सशक्तीकरणको प्रभावकारिता अध्ययन र अनुसन्धान गर्ने, कानूनी, नीतिगत तथा संस्थागत गर्नुपर्ने सुधारका लागि सिफारिश गर्ने, नीति तथा कायर्क्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने, सिफारिश वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने, आर्थिक वा सामाजिक रूपमा रहेका पिछडावर्गको विकास र सशक्तीकरणका लागि कार्यक्रम गर्ने भनी उल्लेख गरिएको छ।

विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यसका संरक्षण र विकासका लागि कार्यक्रम तर्जुमा गर्ने, विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न सशक्तीकरणका लागि कार्यक्रम तर्जुमा गर्ने, अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन भए नभएको अनुगमन गर्ने, अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गर्ने, थर सूचीकरण गर्ने, नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने, आयोगका लागि आचारसंहिता बनाउने, र आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने भनी उल्लेख गरिएको छ।

दफा ७ बमोजिम नेपाल सरकारसमक्ष मधेशी समुदायका सम्बन्धमा सल्लाह, सुझावसहित सिफारिश गरिएको छ। कार्यक्रम तथा सिफारिशका कार्यान्वयन पक्षको समीक्षा अनुगमन तथा मूल्याङ्कन कार्य पनि गरिएको छ। आयोगको अचार–संहिता बनाइएको छ। वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने प्रक्रिया भएको छ।

सिफारिशका विषयमा प्रस्तुत अध्ययन प्रतिवेदनमा विभिन्न विधाहरूमा सिफारिश भएको स्पष्ट देखिन्छ। सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक, बैङ्किङ, कृषि, न्यायिक/कानूनी, भौगोलिक, प्रशासनिक, संवैधानिक, ऐतिहासिक, पुरातात्विक, स्वास्थ्य र धार्मिक गरी केही विधाहरूमा वर्गीकरण गरी यी सिफारिशहरूलाई राखिएको छ। हरेक वर्ष प्रस्तुत गरिएका प्रतिवेदनमा धेरै सङ्ख्यामा सिफारिशहरू भएका छन्। आ.ब. २०७५/७६(पहिलो

वार्षिक प्रतिवेदन) मा २८ वटा सिफारिशहरू छन्। आ.ब. २०८०/८१(छैठौ वार्षिक प्रतिवेदन) मा ४४ वटा सिफारिशहरू छन्। यी सबैका कार्यान्वयन पक्ष फितलो देखिन्छ।

सीमा क्षेत्रसम्बन्धी विवाद सदैव रहेको छ। सीमा क्षेत्रका एकतर्फी तटबन्धहरूले नेपालको दक्षिण भू–भागहरू जलमग्न हुन्छ। खेतबारी कटान र डुबान हुने गरेका छन्। दुवै देशका उच्च स्तरका प्रतिनिधिहरूबाट यस विषयमा छलफल गरी समस्याको उचित समाधान गर्नु पर्ने देखिन्छ।

विद्यालयमा प्राथमिक शिक्षा मातृभाषामा दिइने व्यवस्था गरिएको छ। पाठ्यक्रमहरू पनि परिवर्तन भइरहन्छन्। समूहगत र विषयगत पाठ्यक्रम निर्माण गरिन्छन्। शिक्षा वा पाठ्यक्रमसम्बन्धी छलफलमा शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयले सरोकारवालाहरु र विषय विज्ञहरुलाई सहभागी गराउनुपर्छ।

उद्योग सञ्चालन र बजार व्यवस्थापनका विषयमा समेत सिफारिशको कार्यान्वयन पक्षको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्दा समग्र पक्ष सन्तोषजनक नरहेको देखिन्छ। मधेशी आयोगले गरेका सिफारिशहरु सम्बन्धमा सम्बन्धित मन्त्रालयले सरोकारवालाहरुसँग छलफल गरी सिफारिशको सन्दर्भ र महत्त्वसँगै यसको कार्यान्वयनमा जोड दिनुपर्छ।

मधेशी आयोग ऐन, २०७४ को दफा ७ मा रहेको सिफारिश गर्ने कार्यसम्म सीमित रहेको देखिन्छ। तर आयोगको सिफारिशको औचित्य पुष्टि गर्नका लागि मधेशी समुदायको हकहित संरक्षण र सम्बर्धन तथा सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्य महत्त्वपूर्ण रहेको बुझिन्छ। मधेशी आयोगलाई राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गर्ने अधिकार रहेको छ। उदाहरणका लागि तराई–मधेशको कुनै गाउँ वा ठाउँमा विपन्न वर्गका बालबालिकाका लागि विद्यालय खोल्न भनी नीति तथा कार्यक्रम तर्जुमा गर्न सकिन्छ। यसलाई एउटा परियोजनाको रूपमा अगाडि बढाउन सकिन्छ। नेपाल सरकारलाई सिफारिश गरेसँगै सम्बन्धित सरोकारवाला मन्त्रालय तथा विभागसँग सम्पर्क गरी त्यो परियोजना पूरा गर्न पहल गर्न सकिन्छ। यसको कार्यान्वयन नेपाल सरकारको सम्बन्धित मन्त्रालय तथा विभागले गर्नेछ तर सिफारिश तथा पहल गर्ने कार्य मधेशी आयोगले गर्न सक्छ। मधेशी समुदायका लागि राष्ट्रिय नीति र कार्यक्रम तर्जुमा गर्ने मधेशी आयोगको महत्त्वपूर्ण अधिकार हो। यसको कार्यान्वयन नेपाल सरकारले गर्दछ।

मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने अधिकार मधेशी आयोगलाई छ। मधेशी समुदायसँग सम्बन्धीत अन्तर्राष्ट्रिय सन्धिसम्झौता सम्बन्धमा आयोगले अनुगमन गरी सरोकारवाला एवम् सम्बन्धीत विज्ञहरुसँग छलफल गरी कार्यान्वयन गर्नुपर्ने विषयमा वार्षिक प्रतिवेदन मार्फत नेपाल सरकारलाई सिफारिश

गर्नुपर्छ। मधेशी समुदाय वा व्यक्तिको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलनसँगै छानबिन तथा तहकिकात पनि गर्न सक्ने अधिकारको माग मधेशी आयोगले सिफारिशमा गरेको छ। सिफारिशका केही बुँदाहरू दोहोरिएका छन्। यसो हुनुमा नेपाल सरकारले आयोगले गरेका सिफारिस सम्बन्धमा उचित सम्बोधन नगर्नु नै हो।

मधेशी आयोगले २०७५–८१ को ६ वर्षको अवधिमा आयोगका विभिन्न बैठकहरुबाट २३७ वटा निर्णयहरू भएको छ र लगभग ९५५ निर्णयहरू उपर कार्यान्वयन भएको हुँदा यो राम्रो उपलब्धि नै हो। ६ वर्षको अवधिमा अन्तिम लेखापरीक्षण हुँदा हरेक वर्ष बेरुजु ० (शुन्य) रहेको छ। यो एक महत्त्वपूर्ण उपलब्धि नै हो। नेपालको संविधान तथा मधेशी आयोग ऐन, २०७४ मा उल्लेख भए अनुसारका काम, कर्तव्य र अधिकारहरूलाई मधेशी आयोगले नियमित रूपमा कार्यान्वयन गरेको स्पष्ट देखिन्छ।

# अनुसूची - ६

# आयोगका बैठकहरु

## २०८१ श्रावण देखि २०८२ असार मसान्त सम्मका बैठकहरु

**सम्बत् २०८१ साल साउन १ गते बसेको आयोगको बैठकका निर्णयहरु**

**निर्णयः**

प्रस्ताब नं १ माथि छलफल गर्दा संघीय संसद, प्रतिनिधि सभा, महिला तथा सामाजिक मामिला समितिको मिति २०८१।०४।०१. च.नं. ०१ समय विहान ११.०७ बजेको पत्रानुसार आयोगको आकस्मिक बैठक बसी सो सम्मानीत समितिलाई आयोग परिवारलाई सो सारगर्भित बैठकमा उपस्थित्तिको लागि आग्रह गर्ने।

**सम्बत् २०८१ साल साउन ४ गते बसेको आयोगको बैठकका निर्णयहरु**

**निर्णयः**

१. राष्ट्रिय गौरवको रणनीतिक आयोजना तराई मधेश द्रुत गति आयोजना (Fast track) को सम्बन्धमा नेपाली सेनाका उच्चस्तरीय विभागिय प्रमुखहरुसँग गहन विमर्ष भई सो आयोजनाका चुनौतिहरुलाई यथाशिघ्र समाधान गरी समय सीमा भित्र सुसम्पन्न हुने गरी कार्यमा मधेशी आयोगले पनि आवश्यक समन्वय गर्ने।

प्रस्ताव नं २ माथि छलफल गर्दा मधेशी समुदायमा सशक्तीकरण राज्यको मुल प्रवाहमा मधेशी समुदायको समावेशिताको अवस्था र यस सम्बन्धमा मधेशी आयोगले खेल्दै आएका भुमिका विषयक छलफल कार्यक्रममा आयोगले गरेको राज्यको मुल प्रवाहमा मधेशी समुदायको पहुँच सम्वन्धी अध्ययन प्रतिवेदन २०८० र मधेशी समुदायको वस्तुस्थिति विवरण २०८१ लाई आधार मानी प्रस्तुतीकरण तयार गरी सो सम्माननीत समितिमा प्रस्तुत गर्ने।

प्रस्ताव नं ३ माथि छलफल गर्दा आयोगको छैटौ वार्षिक प्रतिवेदनलाई छलफलहरु गरी सम्पादित गर्ने।

(ख) डायरी, डटपेन, कप र हाल्फ ज्याकेटमा आयोगको नाम र लोगो राखी छाप्ने।

## सम्बत् २०८१ साल साउन ६ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णय:**

प्रस्ताव १ माथी छलफल गर्दा राष्ट्रिय गौरवको रणनीतिक आयोजना रेल मार्गको सम्बन्धमा रेल विभागका प्रतिनिधीहरुबाट विस्तृत जानकारीहरु प्राप्त भयो, जसमा नेपाल सरकारबाट लगानी गरिएका आयोजनाहरु र बैदेशिक सहयोगबाट निर्माण हुने आयोजनाहरु सुव्यवस्थित गराउन रेल मन्त्रालय बनाई द्रुत गतिमा अगाडि बढाउनुपर्ने। वर्तमान संरचना अन्तर्गतमा रहेका नेपाल रेलवे कम्पनी, लगानी वोर्ड नेपाल, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयसँग छलफल गर्ने तथा आवश्यकता अनुसार अन्य सरोकारवालाहरुसँग विमर्श गर्ने।

**प्रस्ताव २ माथि छलफल गर्दा** मधेशी समुदायको थर सूचिकरण सम्बन्धमा आएका जटिलताहरुलाई समाधान गर्न ३ (तीन) पुस्ते विवरण अनिवार्य गर्ने/गराउने।

## सम्बत् २०८१ साल साउन ७ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णय:**

प्रस्ताव १ माथी छलफल गर्दा आयोगको छैटौं प्रतिवेदनमाथि गहन छलफल गरियो साथै यसलाई निरन्तरता दिने।

## सम्बत् २०८१ साल साउन ८ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णय:**

प्रस्ताव १ माथी छलफल गर्दा भाषा आयोगको माननीय अध्यक्षज्यूसहितको पदाधिकारीहरुसँग छलफल गर्ने।

प्रस्ताव २ माथी छलफल गर्दा कसेरा जातको थप थरलाई समाविष्ट गर्ने, प्रेषित पत्र माथी छलफल गर्दा सो पत्रको र संस्थाको अधिकारिकताको लागि पत्राचार गर्ने।

प्रस्ताव ३ माथी छलफल गर्दा तपशिल बमोजिमको ४ (चार) सदस्य सहितको अध्ययन समिति गठन गरी श्रावण १० गते भित्र पेश गर्ने।

**तपशिलः**

माननीय सदस्यः श्री आभा कुमारी

सचिवः : श्री नरेश राज खरेल

उपसचिव : श्री सविता डंगोल

शाखा अधिकृत : श्री रमेश कुमार दास

## सम्बत् २०८१ साल साउन ९ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णयः**

प्रस्ताव १ माथी छलफल गर्दा मधेशी आयोगको हालसम्मका १०० वटा बैठकहरु सम्पन्न भएकोमा सोको समिक्षा गर्दा बैठक नम्बर ३० सम्ममा जम्मा ६९ वटा निर्णयहरुको कार्यान्वियन स्थिति विषयमा समिक्षा गरियो। सो निर्णयहरु प्रशंसनीय, सिर्जनात्मक तथा मधेशी समुदायको हितमा रहेको साथै बाँकी बैठक तथा निर्णयहरुमाथिको समिक्षालाई निरन्तरता दिने।

## सम्बत् २०८१ साल साउन १० गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णय**

प्रस्ताव नं १ माथि छलफल गर्दा मधेशी आयोगको माननीय सदस्य आभा कुमारीले यस आयोगमा पेश गरेको निवेदन र संलग्न पत्रमा उल्लेख भएको "उपरोक्त सम्बन्धमा सौभाग्य बस मलाई अन्तर्राष्ट्रिय क्षेत्रिय विरांगना फाउण्डेशन दिल्ली भारतले मिति २८ जुलाई २०२४ आइतवार पटनामा आयोजना गर्ने अन्तर्राष्ट्रिय सम्मान समारोह २०२४ मा मलाई विशिष्ट अतिथी भनी निमन्त्रणा दिएकोले मिति २०८१ साउन १३ देखी २० गते सम्मको नेपालको अन्तर्राष्ट्रिय भ्रमण नेपालको कानुन अनुसार नियममा रही भ्रमण स्वीकृत्ति पर्ने गराई दिन हार्दिक अनुरोध गर्दछु। साथै यस कार्यक्रममा सहभागी हुन जाँदाको सम्पूर्ण खर्च राज्यले दिन सकेन भने म आफै व्यहोर्ने जानकारी गराउदै निमन्त्रणा पत्र यसै सँग संकलित गरेको छु" भने व्यहोरा अनुसार आयोगको खर्च शिर्षकमा रकम नरहेकोले नियामानुसार पाउने सुबिधा नेपाल सरकारले व्यवस्था गरिदिनुहुन अनुरोध गर्ने। साथै नेपाल सरकारबाट खर्चको व्यवस्थापन नहुने भएमा

माननीय सदस्य आभा कुमारी आफैले आफ्नो खर्चमा जाने गरी मिति २०८१ साउन १३ देखी २०८१ साउन २० गते सम्म अन्तर्राष्ट्रिय क्षेत्रिय विरांगना फाउण्डेशनको अनुरोधमा अन्तर्राष्ट्रिय क्षेत्रिय विरांगना सम्मान समारोह २०२४ मा पटना, बिहार, भारतमा विशिष्ट अतिथीको रुपमा सम्मलित हुन अन्तर्राष्ट्रिय भ्रमण स्वीकृतीका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारमा अनुरोध गर्ने।

प्रस्ताव नं २ माथि छलफत गर्दा आज मिति २०८१ साउन गते बिहान ११: ११ बजे सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा परी १८ (अठार जनाको मृत्यु भएको घटनाप्रति आयोग हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछ। साथै घाइते भएको १ (एक) जनाको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै सो घाइतेको सघन उपचारको व्यवस्थाको लागि राज्यले दायित्व बोध गरोस।

यसका साथै यस वर्ष २०८१ सालमा जेष्ठ महिना देखी मनसुनी वर्षा प्रारम्भ भएको कारण बाढी पहिरोका साथै सयकडौले ज्यान गुमाउनु परेको देखिन्छ। यसै क्रममा २०८१ असार २०७३ गते राती चितवन जिल्लामा भएको २ (दुई) बटा बस दुर्घटनामा मृत्यु भएकाहरुप्रति आयोग हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै अझै बेपत्ता रहेका यात्रुहरुको स्वास वा लासको यकिन गरी पिडित परिवारलाई सहानुभूतीपूर्वक पूर्ण व्यवस्थापन गर्नुपर्ने तथा दुवै घटनामा ज्यान गुमाएकाहरुको आश्रित परिवारलाई राज्यले यथा सम्भव राहत, पुनर्वासको व्यवस्था गरी गराइदिनुहुन आयोग हार्दिक अपिल गर्दछ।

यसका अतिरिक्त प्राकृतिकजन्य, मानवीयजन्य विपतलाई वैज्ञानिक तवरले नै न्यूनिकरण गर्नका लागि आयोग राज्यलाई सिफारिस गर्दछ।

मृतकहरुप्रति आयोग भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै परिवारजनमा शोक सन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्दछ।

## सम्बत् २०८१ साल साउन १३ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णयः**

प्रस्ताव नं. १ माथी छलफल गर्दा आयोगको छैटौं वार्षिक प्रतिवेदन (आ.ब. २०८०।८१) का छलफल टुङ्गियो र स्रोत अनुसारको संख्यामा प्रकाशन गर्ने।

**सम्बत् २०८१ साल साउन १३ गते बसेको आयोगको बैठकका निर्णयहरु**

**निर्णयः**

प्रस्ताव १ माथी छलफल गर्दा मधेशी आयोगले मधेशी समुदायका राजपत्रांकित प्रथम र द्वितीय श्रेणीका नवनियुक्त कर्मचारीहरुलाई बधाईज्ञापन तथा सम्मान गरियो।

**सम्बत् २०८१ साल साउन १५ गते बसेको आयोगको बैठकका निर्णयहरु**

**निर्णयः**

**निर्णय १ः** प्रस्ताव नं. १ माथी छलफल गर्दा मधेशी आयोगको हालसम्मका १०० वटा बैठकहरुको समिक्षा गर्दा २१८ वटा निर्णयहरु भए जसमा कार्यान्वियन भएको ९५.८७ प्रतिशत र कार्यान्वियन हुन बाँकी ४.१३ प्रतिशत देखियो। कार्यान्वियन नभएका कारणहरुलाई हेर्दा अन्य सरकारी निकायहरुमा लेखिएका पत्रलाई अहिलेसम्म जवाफ नआएको वा कार्यान्वियन नभएको देखिएको छ।

यसका साथै आयोगको बैठक संख्या ७५ मा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचिन पछि प्राप्त अनुगमन प्रतिवेदन सोही समयमा आयोगका माननीय सदस्य श्री जीवछ साहबाट प्राप्त भइसकेको।

**निर्णय २ः** प्रस्ताव नं. २ माथी छलफल गर्दा आगामी दिनमा आयोगका प्रमुख पदाधिकारी तथा पदाधिकारीहरुलाई विदेश भ्रमणको लागि निमन्त्रणापत्र आएमा नियमानुसार सम्प्रेषित गर्ने।

**निर्णय ३ः** प्रस्ताव ३ (विविध) माथी छलफल गर्दा मिति २०८१ जेठ २८ गते आयोगको बैठक संख्या ९३ को निर्णय नं. ३ मा "निवेदक शुभम राज सृष्टीले दिएको निवेदन अनुसार म सुडी जातको सृष्टी थर भएको भनी निवेदन आयोगमा परेको हुँदा सो सृष्टी थर सुडी जातको थर गर्ने।" निर्णय भएकोमा सृष्टी थर सुडी जातको समग्रमा नभई निवेदक सुभम राज सृष्टीको हकमा मात्र लागु हुने।

**सम्बत् २०८१ साल साउन १५ गते बसेको आयोगको बैठकका निर्णयहरु**

निर्णयः प्रस्ताव नं. १ माथी छलफल गर्दा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूसँग

**आयोगको अपेक्षाः-**

(क) मधेशी आयोगलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्पर्क कार्यालयको रुपमा यथासिघ्र व्यवस्थापन गर्न।

(ख) आयोगको कार्यक्रमलाई थप प्रभावकारी बनाउन थप बजेटको व्यवस्थापन गर्नहुन।

(ग) सम्माननीय प्रधानमन्त्रीज्यूसँग तराई मधेशका नागरिक समाजको प्रत्यक्ष अन्तरसम्वाद कार्यक्रममा प्रमुख आथित्य ग्रहण गर्नको लागि समयको व्यवस्थापन गर्न।

**सम्बत् २०८१ साल साउन १६ गते बसेको आयोगको वैठकका निर्णयहरु**

**निर्णयः**

**निर्णयः प्रस्ताव नं .**१ मा छलफल गर्दा आ.व.२०८१/८२ को बार्षिक बजेट अन्तर्गत शिर्षक नं.२३०००११३ ख.शि.नं. २२४११ र कृयाकलाप २.५.२.४. मा अध्ययन अनुसन्धान सेवामा रु ५,००,००० (अक्षरुपी रु पाचँ लाख) विनियोजन भएकोले सो रकमलाई देहाय बमोजिम बाडँफाड गरी देहाय बमोजिमका अध्ययन अनुसन्धान गर्ने गराउने निर्णय गरियो।

| शिर्षक | अध्ययन अनुसन्धानको नाम | रकम |
|---|---|---|
| १. | जनकदर्शन सम्बन्धमा अध्ययन | रु.३,००,०००।- अक्षरुपी तिन लाख मात्र। |
| २. | मधेशी आयोगको सिफारिश उपलब्धी, चुनौती र समस्या समाधन लगायतका बिषयमा अध्ययन | रु.२,००,०००।-अक्षरुपी दुई लाख मात्र। |

**सम्बत् २०८१ साल साउन ३१ गते बसेको आयोगको वैठकका निर्णयहरु**

**निर्णयहरुः**

**प्रस्ताव नं. १** मा छलफल गर्दा सम्माननीय राष्ट्रपतिज्यूलाई आ.ब. २०८०।८१ छैठौ प्रतिवेदन ग्रहण गर्नुभएकोमा हार्दिक धन्यवाद दिने निर्णय गरियो।

**प्रस्ताव नं. २** माथी छलफल गर्दा मधेशी आयोगले देहाय बमोजिमको भाषाहरुलाई भाषा आयोगको प.सं. २०८१।३।२७ को अनुसार प्रेषित पत्रलाई आधार मानी देहायका भाषाहरुमध्ये मधेशी समुदायको मातृभाषा सूचीकृत गर्ने।

| क्र.सं. | भाषा |
|---|---|
| १ | अङ्गिका |
| २ | अवधी |
| ३ | उराउँ/कुडुख |
| ४ | किसान |
| ५ | कुर्माली |
| ६ | केवरत |
| ७ | कोचे |
| ८ | खरिया |
| ९ | गनगाई |
| १० | ताजपुरिया |
| ११ | धिमाल |
| १२ | पञ्जावी |
| १३ | बङ्गला |
| १४ | बज्जिका |
| १५ | बोटे |
| १६ | भोजपुरी |
| १७ | मगही |
| १८ | मारवाडी |
| १९ | मुण्डा/मुडियारी |
| २० | मेचे |
| २१ | मैथिली |
| २२ | राजवंशी |
| २३ | सधनी |
| २४ | सन्थाली |
| २५ | साद्री |
| २६ | सिन्धी |
| २७ | सोनाहा |
| २८ | हिन्दी |
| २९ | हरियान्वी |

**पुनश्चः** संघीय संसद प्रतिनिधि सभामा लिखित रुपमै पेश भएका तथा जनअपेक्षाको रुपमा रहेको मधेशी भाषा, ठेट/ठेटी मैथिली भाषा सूचीकृत गर्न भाषा आयोगलाई अनुरोध गर्ने।

**प्रस्ताव नं ३.** माथि छलफल गर्दा चालु आ.व. २०८१/८२ मा विनियोजित भएको बजेट मध्ये निम्न बमोजिमको वार्षिक कार्यक्रमको लागि रकम बाँडफाँड गरी संचालन गर्ने निर्णय गरियो।

| क.स. | कार्यक्रमको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | (२२५१२-२.६.६.१) नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रममा प्रत्येक कार्यक्रमको लागि माननीय अध्यक्षज्यू र माननीय सदस्यज्यूहरुले तोकेको स्थानमा रु १,०५,०००/- को दरले जम्मा ५,२५,०००/- खर्च गरी कार्यक्रम संचालन गर्ने। | रु ५,२५,०००/- |
| २ | (२२५१२-२.६.५.६) मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रममा प्रत्येक कार्यक्रमको लागि माननीय अध्यक्षज्यू र माननीय सदस्यज्यूहरुले तोकेको स्थानमा रु २,१०,०००/- को दरले जम्मा १०,५०,०००/- खर्च गरी कार्यक्रम संचालन गर्ने। | रु १०,५०,०००/- |

**सम्बत् २०८१ साल मंसिर ४ गते बसेको आयोगको वैठकका निर्णयहरु**

**निर्णयः**

१. प्रस्ताव नं. १ मा छलफल गर्दा अनुकुल समयमा U-१९ World Cup २०२५ मा छनौट हुनु भएका U-१९ Women's Nepali Cricket Team का सबै खेलाडीहरुलाई सम्मान गर्ने निर्णय गरियो।

**सम्बत् २०८१ साल मंसिर २१ गते बसेको आयोगको वैठकमा "आरक्षणको सम्बन्धमा सम्मानननीत सर्वोच्च अदालतबाट प्राप्त रिट निवेदन नं ०८१ wo-५३० को छलफल सम्बन्धमा"**

**सम्बत् २०८१ साल पौष १४ गते बसेको आयोगको वैठकमा "२०८१ सालमा मधेशी समुदायबाट नवनियुक्त शाखा अधिकृतहरुको सम्मान"**

## सम्बत् २०८१ साल पौष १६ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय नं.: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस आयोगका माननीय अध्यक्ष डा.विजय कुमार दत्तज्यूलाई अखिल भारतीय कायस्थ महासभा द्धारा मिति १२-०१-२०२५ तद अनुसार २८-०९-२०८१ गते मा आयोजित "विश्व युवा युग परिवर्तक-सनातन ध्वज वाहक स्वामी विवेकानन्द" एवं अध्यात्म पुरुष महर्षि योगी जयन्ती समारोह" तथा "कायस्थ उत्सव" कार्यक्रममा अति विशिष्ट अतिथिको रुपमा आमन्त्रित गरिएको हुनाले माननीय अध्यक्षज्यूलाई सो कार्यक्रममा सहभागि हुनको साथै सो कार्यक्रममा माननीय अध्यक्षज्यूको सहभागिताको निमित्त कुटनीतिक राहदानी उपलब्ध गराउनको लागि निर्णयका साथै राहदानी विभाग, त्रिपुरेश्वरलाई पत्राचार गर्ने ।

**निर्णय नं २: प्रस्ताव नं २ माथि छलफल गर्दा यस आयोगका माननीय सदस्यज्यूहरु**

१. श्री जीवछ साह

२. श्री रेणु देवी साह

३. श्री विजय कुमार गुप्ता

४. श्री आभा कुमारी

ज्यूहरुलाई कुटनीतिक राहदानी उपलब्ध गराउनको लागि राहदानी विभाग, त्रिपुरेश्वरलाई पत्राचार गर्ने ।

## सम्बत् २०८१ साल फागुन ९ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णय :प्रस्ताव नं .१ मा छलफल गर्दा**

(क) मिति २०८१ फागुन २ गते यस आयोगमा इमेलबाट प्राप्त भएको निवेदन तथा जिल्ला प्रशासन कार्यालय कपिलवस्तुद्वारा प्रेसित पत्रलाई हेर्दा मधेशी आयोगको कार्यक्षेत्र बाहिर पर्ने भएकोले सो निवदेन माथी प्रक्रिया अग्रसारित नगर्ने।

साथै सो सम्बन्धमा पुननिवेदन आउदा यस आ :योगको माननीय सदस्य श्री विजय कुमार गुप्ता-संयोजक लुम्बिनी प्रदेशलाई जिम्मेवारी दिई प्राप्त प्रतिवेदन अनुसार प्रकृया अगाडि बढाउने।

(ख) मिति २०८१ फागुन २ गते नेपाल चन्द्रवंशी समाज सेवा समितिको केन्द्रिय कार्यालय सुनसरीबाट यस आयोगमा प्राप्त निवेदन माथी छलफल गर्दा कोशी प्रदेशका संयोजक माननीय सदस्य श्रीमती रेणु देवी साहलाई अध्ययन प्रतिवेदनको लागि जिम्मेवारी प्रदान गर्ने। सो अध्ययन प्रतिवेदन प्राप्त भएपछि आयोगले अग्रसारित गर्ने।

(ग) मिति २०८१ फागुन २ गते नेपाल कविरथ वंगाली समाज सुनसरीबाट यस आयोगमा प्राप्त निवेदन माथी छलफल गर्दा कोशी प्रदेशका संयोजक माननीय सदस्य श्रीमती रेणु देवी साहलाई अध्ययन प्रतिवेदनको लागि जिम्मेवारी प्रदान गर्ने। सो अध्ययन प्रतिवेदन प्राप्त भएपछि आयोगले अग्रसारित गर्ने।

(घ) मिति २०८१ फागुन ९ गते जानकी गाउँपालिका, वडा नं. २ को कार्यालय बाँकेबाट यस आयोगमा प्राप्त निवेदन माथी छलफल गर्दा लुम्बिनी प्रदेशको संयोजक माननीय सदस्य श्री विजय कुमार गुप्तालाई अध्ययन प्रतिवेदनको लागि जिम्मेवारी प्रदान गर्ने। सो अध्ययन प्रतिवेदन प्राप्त भएपछि आयोगले अग्रसारित गर्ने।

**निर्णयः प्रस्ताव नं. २ माथी छलफल गर्दा :**

मधेशी आयोगको स्थापना तथा वार्षिक उत्सव चैत्र ७ गते आयोजना गर्ने गरिएको र यस वर्ष २०८१ चैत्र ७ गतेको अवसरमा तीन दिवसीय कार्यक्रम आयोजना गर्ने मुल समारोह चैत्र ७ गते हुने र सो भन्दा पुर्व र पश्च नागरिक समाज र विज्ञहरुसँग छलफल गर्ने। यसको लागि आयोगको सचिब श्री नरेश राज खरेलज्यूको संयोजकत्वमा पाँच सदस्य समिति गठन गर्ने। समिति निम्न बमोजिमको रहने।

| | |
|---|---|
| सचिव, श्री नरेश राज खरेल | : संयोजक |
| उपसचिव, श्री सविता डंगोल | : सदस्य |
| शाखा अधिकृत, श्री रमेश कुमार दास | : सदस्य |
| शाखा अधिकृत, श्री अखिलेश्वर कर्ण | : सदस्य |
| लेखापाल, श्री गोपाल प्रसाद घिमिरे | : सदस्य |

**निर्णयः प्रस्ताव नं. ३ माथी छलफल गर्दा**

- फागु पूर्णिमाको अवसरमा २०८१ फागुन २६ गते समय बिहान ११:१५ बजे सरोकारवालाहरुलाई आमन्त्रण गरी भव्यताको साथ मनाउने।
- मिति २०८१ पुस १६ गते राहदानी विभागमा पठाइएको पत्र अनुसार राहदानी उपलब्ध भएको र सो अनुसार अखिल भारतीय कायस्थ महासभाद्वारा मिति २०८१ पुस २८ गते (तदअनुसार डिसेम्बर १, २०२५) भएको भारतमा भएको कार्यक्रममा सक्रिय सहभागी भई मिति २०८१ पुस २९ गते फर्किसक्नु भएको छ। सो कार्यक्रममा जाते आते खर्च उपलब्ध गराईदिनुहुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने।

**सम्बत् २०८१ साल फागुन २६ गते बसेको आयोगको बैठकका निर्णयहरु**

निर्णयः प्रस्ताब नं. १ मा छलफल गर्दा आयोगको छैठौ बार्षिक उत्सव र आयोगको स्थापना दिवस यस वर्षको २०८१ चैत्र ७ प्रतिनिधिसभाको सम्माननीय सभामुख श्री देबराज घिमिरेज्यूको प्रमुख आतिथ्यतामा नेपाल प्रज्ञा प्रतिष्ठानको सभाकक्षमा गर्ने र सो को समय बिहान ८:१५ देखि १०:१५ बजेसम्म हुने। यस कार्यक्रममा मधेशीमुलका माननीय मन्त्रीज्यूहरुलाई आमन्त्रण गर्ने यसका अतिरिक्त विशिष्ठ अतिथी र अतिथीहरुलाई आमन्त्रण गर्ने।

निर्णयः प्रस्ताव नं. २ मा छलफल गर्दा आयोगद्वारा प्रकाशित पूर्विय दर्शनमा आधारित र पूर्विय सभ्यताको केन्द्रविन्दु विदेह राजा राजर्षी जनक सम्बन्धी पुस्तक बिमोचन सम्माननीय सभामुखज्यूबाट गर्ने/गराउने।

**निर्णयः प्रस्ताब नं. ३ मा छलफल गर्दा**

(क) यस आयोगलाई भविष्यमा विज्ञको लागि आवश्यक परेको बेलामा आयोगका निवर्तमान प्रमुख पदाधिकारी, निवर्तमान पदाधिकारीहरुका साथै भाषाविदहरु प्रा.डा. योगेन्द्र प्रसाद यादव, प्रा.डा. रामअवतार यादव, डा. रामदयाल राकेश साह लगायतलाई चयन गर्ने र आवश्यकतानुसार भविष्यमा कानुनविद, संस्कृतिविद, सामाजिक क्षेत्र, संचारकर्मी, वातावरणविद सहितलाई क्रमश नाम समावेश गर्दै जाने।

(ख) प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मिति २०८१/११/१८ च.नं.२०८१/८२ यो.आ.८४२२/४४०८ को पत्रअनुसारको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रममा समावेश गर्नु पर्ने विषय सम्बन्धमा संलग्न अनुसारको नीति र कार्यक्रम स्वीकृत गरी पत्राचार गर्ने।

तपशिल

| क्र.सं. | नीति | कार्यक्रम | क्रियाकलाप | प्रस्तावित बजेट | स्रोत | समय सीमा | नीति तथा कार्यक्रमको प्रकृति | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|---|---|
| १ | मधेशी समुदायको सशक्तीकरण | मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम | २० (बीस) लाख | नेपाल सरकार | आ.ब. २०८२।८३ | निरन्तरता दिने | मधेशी समुदायलाई सरकारी सेवामा पहुँच अभिवृद्धि हुने |
| २ | नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा | मधेशी समुदायको नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम | मधेशी समुदायका व्यक्तिहरुमा सदाचार, नैतिकता र व्यवसायिकतामा अभिवृद्धि गराउने कार्यक्रम | १० (दश) लाख | नेपाल सरकार | आ.ब. २०८२।८३ | निरन्तरता दिने | मधेशी समुदायमा सदाचार, नैतिकता व्यवसायिकतामा अभिवृद्धि हुने। |
| ३ | मधेशी समुदायको भाषा, लिपीको संरक्षण र सम्बर्द्धन | मधेशी समुदायको मधेशी भाषा, लिपी, संस्कृतिको संरक्षण सम्बर्द्धन सम्बन्धी | विभिन्न साँस्कृतिक कार्यक्रमहरु संचालन मार्फत संस्कृतिको संरक्षण र | ३ (तीन) लाख | नेपाल सरकार | आ.ब. २०८२।८३ | निरन्तरता दिने | मधेशी समुदायमा भाषा, लिपी तथा संस्कृतिको संरक्षण र |

| क्र.सं. | नीति | कार्यक्रम | क्रियाकलाप | प्रस्तावित बजेट | स्रोत | समय सीमा | नीति तथा कार्यक्रमको प्रकृति | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|---|---|
| | | | सम्बर्द्धन गर्ने | | | | | सम्बर्द्धन हुने। |
| ४ | स्थानीय स्तरको विवाद समाधानका लागि प्रशिक्षक प्रशिक्षण | स्थानीय स्तरको विवाद समाधानका लागि प्रशिक्षक प्रशिक्षण (TOT) सम्बन्धी कार्यक्रम | मधेशी समुदायका स्थानीय तहमा विवाद समाधानका लागि आवश्यक ज्ञान र क्षमता विकास गर्ने कार्यक्रम | ७ (सात) लाख | नेपाल सरकार | आ.ब. २०८२।८३ | नयाँ कार्यक्रम | विवाद समाधान गतिविधिहरुको अनुगमन र मूल्याङ्कन गर्ने प्रणाली स्थापित गर्ने |
| ५ | मुलुक दर्शन | मुलुक दर्शन सम्बन्धी कार्यक्रम | साँस्कृतिक विविधताको अन्तरआवद्धता कार्यक्रम | १० (दश) लाख | नेपाल सरकार | आ.ब. २०८२।८३ | नयाँ कार्यक्रम | विभिन्न भुगोल धर्म, संस्कृतिबीच सहिष्णुता कायम हुने साथै आन्तरिक पर्यटनको विकासमा टेवा पुग्ने |

## सम्बत् २०८१ साल चैत्र ५ गते बसेको आयोगको बैठकका निर्णयहरु

**निर्णयः**

निर्णय १: प्रस्ताव १ माथि छलफल गर्दा यस आयोगको माननीय अध्यक्ष डा. विजय कुमार दत्तज्यूको राष्ट्रपतिको कार्यालय प.सं. २०७५।७६, मिति २०७५।१२।०७ गते र च.नं. १५६ को पत्रानुसार सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा २६२ को उपधारा २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा ६ वर्षका लागि अध्यक्ष पदमा नियुक्ति भएको थियो। सो पदावधिको सोही मितिदेखी गणना गर्दा २०८१।१२।०६ गते समाप्त हुने भएकोले तथा सो ६ वर्षे कार्यकालको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानान्यायाधिशज्यू, सम्माननीय सभामुखज्यू प्रतिनिधि सभा, सम्माननीय अध्यक्षज्यू राष्ट्रिय सभा, माननीय उपसभामुख प्रतिनिधिसभा, माननीय मन्त्रीज्यूहरु, संवैधानिक निकायका माननीय अध्यक्षज्यू तथा सदस्यज्यूहरु लगायतका महानुभावहरुमा धन्यवाद आभार अर्पण गर्ने।

**निर्णय २: प्रस्ताव २ माथि छलफल गर्दा** आयोगको छैठौं वार्षिक उत्सव तथा स्थापना दिवसको लागि देहाय बमोजिमको व्यवस्था गर्ने।

- ब्यानर (मधेशी आयोगको छैठौं वार्षिक उत्सव तथा स्थापना दिवस)
- आमन्त्रण सम्बन्धमा (आयोगका माननीय सदस्यज्यूहरु तथा कर्मचारीहरुलाई जिम्मेवारी दिने)
- उदघोषण : सविता डंगोल
- अध्यक्षताः आयोगका कार्यवाहक अध्यक्षः माननीय जीवछ साह।
- मुख्य अतिथीः माननीय उपसभामुख, श्री इन्दिरा राना।

**विशिष्ट अतिथी :**

- माननीय मन्त्री, श्री प्रदिप यादवज्यू, खानेपानी मन्त्रालय, सिंहदरवार, काठमाडौं।
- माननीय मन्त्री, श्री अजयकुमार चौरसियाज्यू, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं।

- माननीय मन्त्री, श्री नवलकिसोर साह सुडीज्यू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमाडौं।
- माननीय मन्त्री, श्री राजकुमार गुप्ताज्यू, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं।
- माननीय मन्त्री, श्री तेजुलाल चौधरी, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार।
- माननीय राज्यमन्त्री, श्री अरुणकुमार चौधरीज्यू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, सिंहदरवार, काठमाडौं।

**अतिथी :**

- राष्ट्रिय मानव अधिकार आयोग नेपाल, पुल्चोक, ललितपुर।
- श्री राष्ट्रिय महिला आयोग, भद्रकाली प्लाजा।
- राष्ट्रिय दलित आयोग, कुपण्डोल।
- राष्ट्रिय समावेशी आयोग, हरिहरभवन ललितपुर।
- आदिवासी जनजाति आयोग, पुल्चोक, ललितपुर।
- थारु आयोग, अनामनगर, काठमाडौं।
- मुस्लिम आयोग, जावलाखेल, ललितपुर।

**राष्ट्रिय गानः**

**प्रमुख अतिथीलाई स्वागत (गमछा पहिराई)ः माननीय सदस्य विजय कुमार गुप्ता, माननीय सदस्य आभा कुमारी।**

**समुदघाटनः प्रमुख अतिथीज्यूबाट गमलामा पानी हालेर**

**नृत्य प्रदर्शन (पहिलो सेसन)**

**स्वागत तथा आयोगको उद्देश्यमाथी प्रकाश गर्नेः** अध्यक्षताः आयोगका कार्यवाहक अध्यक्षः माननीय जीवछ साह।

**पुस्तक लोकार्पण :**

- राजर्षि जनक दर्शन

**मन्तव्य**

- माननीय मन्त्री, श्री प्रदिप यादवज्यू, खानेपानी मन्त्रालय, सिंहदरवार, काठमाडौं।
- माननीय मन्त्री, श्री अजयकुमार चौरसियाज्यू, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं।
- माननीय मन्त्री, श्री नवल किसोर साह सुडीज्यू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमाडौं।
- माननीय मन्त्री, श्री राजकुमार गुप्ताज्यू, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं।
- माननीय मन्त्री, श्री तेजुलाल चौधरी, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार।
- माननीय राज्यमन्त्री, श्री अरुणकुमार चौधरीज्यू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, सिंहदरवार, काठमाडौं।
- माननीय अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग, पुल्चोक।

धन्यवाद ज्ञापनः माननीय सदस्य, रेणु देवी साह

समापनः उपसचिव, श्री सविता डंगोल ।

## सम्बत् २०८१ साल चैत्र ७ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १: संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को परिच्छेद ४ को (२०) र मधेशी आयोग ऐन, २०७४ को परिच्छेद ४ को (१६) बमोजिम मिति २०८१ चैत्र ७ गतेबाट कार्यवाहक अध्यक्षको रुपमा माननीय जीवछ साहज्यूलाई स्वागत एवं आगामी कार्यकालको सफलताको हार्दिक शुभकामना व्यक्त गरियो।

निर्णय २: प्रस्ताव २ माथि छलफल गर्दा आयोगको छैटौ वार्षिकोत्सव सफलतापूर्वक सम्पन्न भएकोमा आयोगका परिवार लगायत सम्पूर्णलाई धन्यवाद ज्ञापन गरियो।

## सम्बत् २०८१ साल चैत्र १२ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १: प्रस्ताव १ माथि छलफल गर्दा आ.ब. २०८२।८३ को संलग्न अनुसारको चालुतर्फ/पुँजीगत तर्फको बजेट LMBIS मा प्रविष्ट गर्ने।

# मधेशी आयोग

कार्यालय कोड नं. 230003401

ब.उ.शि.नं. 230000114 (पुंजिगत)

आ.ब.०८२/८३ को बिस्तृत बार्षिक कार्यक्रम

1 कार्यक्रमको नामः 31122 मेशिनरी तथा औजार

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 11.3.7.3 प्रिन्टर डुप्लेक्स | 60000 | 3 | 180000 |
| 2 | 11.3.7.8 डेक्सटप कम्प्युटर सेट | 80000 | 3 | 240000 |
| 3 | ल्यब टप | 150000 | 4 | 600000 |
| 4 | Shredder (कागज धुलाउने मेसिन) | 40000 | 1 | 40000. |
| 5 | स्मार्ट टि भी | 200000 | 1 | 200000 |
| 6 | अन लाइन भिडियो कन्फ्रेन्स सिष्टम | 100000 | 1 | 100000 |
| 7 | ए सी | 120000 | 1 | 120000 |
| 8 | वाटर पम्प | 25000 | 3 | 75000 |
| 9 | वाटर डिष्पेन्सर | 30000 | 4 | 120000 |
| 10 | जेनेरेटर | 200000 | 1 | 200000 |
| 11 | एस एस टी | 5000 | 25 | 125000 |
| | कुल जम्मा रु. | | | 2000000 |

2 कार्यक्रमको नामः 31123 फर्निचर तथा फिक्चर्स

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 11.6.13.4 रिभल्भिङ चियर (हेव्वी /मझ्यौला) | 25000 | 4 | 100000 |
| | जम्मा रु. | | | 100000 |
| कुल जम्मा रु. | | | | 2100000 |

# मधेशी आयोग

कार्यालय कोड नं. 230003401

ब.उ.शि.नं. 230000113 (कार्य सन्चालन चालु)

आ.ब.०८२/८३को बिस्तृत बार्षिक कार्यक्रम

1 कार्यक्रमको नामः 21111 पारिश्रमिक कर्मचारी

| सि.नं. | कृयाकलाप र नाम | तलव (ग्रेड समेत) | कर्मचारी संख्या | जम्मा | क.सं.कोष | जम्मा | १२ महिनाको | चाड पर्व खर्च | कुल जम्मा | आवस्यक पर्ने रकम रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 1.1.1.3 रा प प्रथम | 70038 | 1 | 70038 | 7003.8 | 77041.8 | 924501.6 | 70038 | 994539.6 | 994000 |
| 2 | 1.1.1.4 रा प दितिय | 61737 | 1 | 61737 | 6173.7 | 67910.7 | 814928.4 | 61737 | 876665.4 | 877000 |
| 3 | 1.1.1.5 रा प तृतिय | 55337 | 2 | 110674 | 11067.4 | 121741.4 | 1460896.8 | 110674 | 1571570.8 | 1572000 |
| 4 | 1.1.1.6 रा प अनं प्रथम | 46310 | 4 | 185240 | 18524 | 203764 | 2445168 | 185240 | 2630408 | 2631000 |
| | कुल जम्मा रु. | | | | | | | | 6073183.8 | 6074000 |

2 कार्यक्रमको नामः 21121 पोशाक

| सि.नं. | कृयाकलाप र नाम | दर | कर्मचारी संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 1.3.1.1 निजामति कर्मचारिको | 10000 | 10 | 100000 |
| | कुल जम्मा रु. | | | 100000 |

3 कार्यक्रमको नाम: 21132 महंगि भत्ता

| सि.नं. | क्याकलाप र नाम | | कर्मचारी संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 1.2.2.1 स्थायी कर्मचारीको महंगी भत्ता | 2000 | 10 | 20000 | 12 | 240000 |
| | कुल जम्मा रु. | | | | | 240000 |

4 कार्यक्रमको नाम: 21139 प्रसुति स्याहार भत्ता

| सि.नं. | क्याकलाप र नाम | दर | कर्मचारी संख्या | जम्मा | पटक | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 1.2.8.1 प्रसुति स्याहार भत्ता, | 5000 | 5 | 25000 | 1 | 25000 |
| | कुल जम्मा रु. | | | | | 25000 |

5 कार्यक्रमको नाम: 21141 पदाधिकारी बैठक भत्ता

| सि.नं. | क्याकलाप र नाम | दर | बैठक संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 1.2.11.1 पदाधिकारी बैठक भत्ता | 26000 | 12 | 312000 | 1 | 312000 |
| | कुल जम्मा रु. | | | | | 312000 |

6 कार्यक्रमको नाम: 21212 योगदानमा आधारीत निवृतिभरण तथा उपदान कोष खर्च

| सि.नं. | क्याकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2.6.2.1 कर्मचारीको योगदानमा आधारीत निवृति भरण तथा उपदान कोष | 100000 | 1 | 100000 | 1 | 100000 |
| | कुल जम्मा रु. | | | | | 100000 |

7 कार्यक्रमको नाम: 21213 योगदानमा आधारीत वीमा कोष खर्च

| सि.नं. | क्याकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 1.6.4.1 कर्मचारीको योगदानमा आधारीत विमा कोष | 400 | 10 | 4000 | 12 | 48000 |
| | कुल जम्मा रु. | | | | | 48000 |

8 कार्यक्रमको नाम: 22111 पानी बिजुली

| सि.नं. | क्याकलाप र नाम | दर | महिना संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.1.2.1 बिध्युत महशुल | 11500 | 12 | 138000 |
| 2 | 2.1.3.1 जारको पिउने पानी | 8000 | 12 | 96000 |
| 3 | 2.1.3.2 ट्यांकर पानी | 6000 | 12 | 72000 |
| 4 | 2.1.3.3 मिनिरल वाटर | 8000 | 12 | 96000 |
| | कुल जम्मा रु. | | | 402000 |

9 कार्यक्रमको नाम: 22112 सन्चार महशुल

| सि.नं. | क्याकलाप र नाम | दर | महिना संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.1.6.1 टेलिफोन महशुल | 7000 | 12 | 84000 |
| 2 | 2.1.7.1 इमेल /इन्टरनेट / वेवसाइट महशुल | 20000 | 12 | 240000 |
| 3 | 2.1.8.1 कर्मचारीको सुविधाको सन्चार महशुल | 5000 | 12 | 60000 |
| 4 | 2.1.9.1 हुलाक / कुरियर खर्च | 5000 | 12 | 60000 |
| | कुल जम्मा रु. | | | 444000 |

10 कार्यक्रमको नाम: 22212 इन्धन कार्यालय प्रयोजन

| सि.नं. | क्याकलाप र नाम | दर | महिना संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.2.2.1 पेट्रोल ४ पाङ्ग्रे | 32000 | 12 | 384000 |
| 2 | 2.2.2.2 पेट्रोल 2 पाङ्ग्रे | 27000 | 12 | 324000 |
| 3 | 2.2.2.3 डिजेल | 35000 | 12 | 420000 |
| 4 | 2.2.2.4 मोबिल | 40000 | 4 | 160000 |
| | कुल जम्मा रु. | | | 1288000 |

11 कार्यक्रमको नाम: 22213 सवारी साधन मर्मत खर्च

| सि.नं. | क्याकलाप र नाम | दर | महिना संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.3.1.2 हलुका सवारी साधन मर्मत खर्च | 310000 | 4 | 1240000 |
| 2 | 2.3.1.3 दुइ पाङ्ग्रे सवारी साधन मर्मत खर्च | 55000 | 4 | 220000 |
| | कुल जम्मा रु. | | | 1460000 |

12 कार्यक्रमको नामः 22214 वीमा तथा नविकरण खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | थान | पटक | जम्मा |
|---|---|---|---|---|---|
| 1 | 2.9.2.3 वीमा सवारी साधन अन्य (अन्य) | 526000 | 22 | 1 | 526000 |
| | कुल जम्मा रु. | | | | 526000 |

13 कार्यक्रमको नामः 22221 मेशिनरी तथा आजार मर्मत सम्भार तथा सञ्चालन खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | थान | पटक | जम्मा |
|---|---|---|---|---|---|
| 1 | 2.3.2.2 फोटोकपी.स्क्यानर मर्मत खर्च | 50000 | 20 | 6 | 300000 |
| | कुल जम्मा रु. | | | | 300000 |

14 कार्यक्रमको नामः 22311 मशलन्द तथा कार्यालय सामाग्री

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.4.1.1 कार्यालय सामान खर्च ( कार्यालय सामान तथा सेवा | 150000 | 12 | 1800000 |
| | कुल जम्मा रु. | | | 1800000 |

15 कार्यक्रमको नामः 22314 इन्धान अन्य प्रयोजन

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.2.3.2 ग्यांस | 8000 | 12 | 96000 |
| | कुल जम्मा रु. | | | 96000 |

16 कार्यक्रमको नामः 22315 पत्र पत्रीका छपाइ तथा सूचना प्रकाशन खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.4.13.1 छपाइ खर्च | 26000 | 6 | 156000 |
| 2 | 2.4.13.2 पत्र पत्रिका तथा पुस्तक | 14000 | 12 | 168000 |
| 3 | 2.4.13.3 विज्ञापन तथा सूचना प्रकाशन | 50000 | 3 | 150000 |
| | कुल जम्मा रु. | | | 474000 |

17 कार्यक्रमको नामः 22411 सेवा र परामर्श खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.5.2.3 सफ्टवेर निर्माण र नविकरण | 70000 | 1 | 70000 |
| 2 | 2.5.2.4 अध्ययन अनुसन्धानका लागि विज्ञको सेवा लिनु पर्ने | 500000 | 1 | 500000 |
| 3 | 2.5.3.3 सुरक्षा गार्ड | 72000 | 12 | 864000 |
| | कुल जम्मा रु. | | | 1434000 |

18 कार्यक्रमको नामः 22413 करार सेवा शुल्क

| सि.नं. | कृयाकलाप र नाम | दर | जना | पटक | जम्मा | रा फि मा |
|---|---|---|---|---|---|---|
| 1 | 2.5.7.2 करार पोशाक | 10000 | 18 | 1 | 180000 | 180000 |
| 2 | 2.5.7.3 ह.स.चा. पारिश्रमिक | 27612 | 7 | 13 | 2512692 | 2513000 |
| 3 | 2.5.7.4 का.स .पारिश्रमिक | 24702 | 6 | 13 | 1926756 | 1927000 |
| 4 | 2.5.7.7 निजी सहायक पारिश्रमिक | 34730 | 5 | 13 | 2257450 | 2258000 |
| | कुल जम्मा रु. | | | | 6876898 | 6878000 |

19 कार्यक्रमको नामः 22511 कर्मचारी तालिम खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | जना | पटक | जम्मा |
|---|---|---|---|---|---|
| 1 | 2.6.3.1 कर्मचारी तालिम | 100000 | 8 | 1 | 100000 |
| | कुल जम्मा रु. | | | | 100000 |

20 कार्यक्रमको नामः 22512 सिप विकास जनचेतना तालिम तथा गोष्ठी खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | जना | पटक | जम्मा |
|---|---|---|---|---|---|
| 1 | 2.6.5.6 मधेशी समुदायको सशक्तिकरण सम्बन्धि अभिमुखिकरण कार्यक्रम | 150000 | 50 | 10 | 1500000 |
| 2 | 2.6.6.1 मधेशी आयोगको इच्छ्या नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम | 150000 | 50 | 5 | 750000 |
| | कुल जम्मा रु. | | | | 2250000 |

21 कार्यक्रमको नामः 22522 कार्यक्रम खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.7.25.1 मधेशी आयोगको सरोकारवाला संग बैठक | 50000 | 5 | 250000 |
| 2 | 2.7.25.14 बार्षिक उत्सव मनाउने | 150000 | 1 | 150000 |
| 3 | 2.78.25.17 बार्षिक प्रतिवेदन तयारी र छपाइ | 500000 | 1 | 500000 |
| 4 | 2.7.25.18 मधेश सम्बन्धि बिभिन्न सूचना सहितको क्यालेण्डर उत्पादन र छपाइ | 250000 | 1 | 250000 |
| 5 | 2.7.25.23 मधेशी भाषा लीपि सस्कृति समक्षण र संबर्धन सम्बन्धि कार्य | 50000 | 4 | 200000 |
| | कुल जम्मा रु. | | | 1350000 |

22 कार्यक्रमको नामः 22611 अनुगमन मुल्यांकन खर्च ।

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.8.1.1 अनुगमन मुल्यांकन र भ्रमण (बिशिष्ट) | 78000 | 12 | 936000 |
| 2 | 2.8.1.2 अनुगमन मुल्यांकन र भ्रमण ( प्रथम) | 18000 | 8 | 144000 |
| 3 | 2.8.1.3 अनुगमन मुल्यांकन र भ्रमण ( दितिय) | 34000 | 5 | 170000 |
| 4 | 2.8.1.4 अनुगमन मुल्यांकन र भ्रमण ( तृतिय) | 95000 | 5 | 475000 |
| 5 | 2.8.1.6 अनुगमन मुल्यांकन र भ्रमण ( चतुर्थ) | 55000 | 5 | 275000 |
| | 2.8.1.7 यातायात खर्च | 72000 | 2 | 144000 |
| | कुल जम्मा रु | | | 2144000 |

23 कार्यक्रमको नामः 22612 सरुवा भ्रमण खर्च ।

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.8.2.3 सरुवा भ्रमण खर्च | 20000 | 5 | 100000 |
| | कुल जम्मा रु | | | 100000 |

24 कार्यक्रमको नामः 22711 बिबिध खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.9.6.3 स्वागत तथा अतिथि सत्कार (अन्य) | 20000 | 12 | 240000 |
| 2 | 2.9.6.5 अन्य बिबिध खर्च पूजा | 25000 | 5 | 125000 |
| 3 | 2.9.6.7 समितिको बैठक खाजा | 20000 | 12 | 240000 |
| 4 | 2.9.6.9 बिभिन्न सचिवालयको खाजा | 55000 | 12 | 660000 |
| 5 | 2.9.9.1 गमला व्यवस्थापन | 12000 | 12 | 144000 |
| | कुल जम्मा रु | | | 1409000 |

25 कार्यक्रमको नामः 28142 घर भाडा

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 8.3.1 कार्यालयको घर भाडा | 242000 | 12 | 2904000 |
| | कुल जम्मा रु | | | 2904000 |

# मधेशी आयोग

कार्यालय कोड नं. 230003401

ब.उ.शि.नं. 230000013 (पदाधिधारी)

आ.ब.०८१/८२ को बिस्तृत बार्षिक कार्यक्रम

1 कार्यक्रमको नाम: 21112 पारिश्रमिक पदाधिकारी

| सि.नं. | कृयाकलाप र नाम | तलब (ग्रेड समेत) | पदाधिकारी संख्या | जम्मा | क.सं.कोष | जम्मा | १२ महिनाको | चाड पर्व खर्च | कुल जम्मा | आवस्यक पर्ने करम रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2.1.7.1 पारिश्रमिक पदाधिकारी अध्यक्ष | 85043 | 1 | 85043 | 8504.3 | 93547.3 | 1122567.6 | 85043 | 1207610.6 | 1208000 |
| 2 | 2.1.7.2 पारिश्रमिक पदाधिकारी सदस्य | 77660 | 4 | 310640 | 31064.00 | 341704.0 | 4100448 | 310640 | 4411088 | 4412000 |
| | कुल जम्मा रु. | | | | | | | | 5618698.6 | 5620000 |

2 कार्यक्रमको नाम: 21142 पदाधिकारी अन्य सुविधा (पोशाक)

| सि.नं. | कृयाकलाप र नाम | दर | कर्मचारी संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.3.2.1 पदाधिकारीको पोशाक खर्च | 45000 | 1 | 45000 |
| | कुल जम्मा रु. | | | 45000 |

3 कार्यक्रमको नाम: 21149 पदाधिकारी अन्य भत्ता (महंगी भत्ता )

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 1.2.12.1 पदाधिकारीका लागि महंगि भत्ता | 2000 | 5 | 10000 | 12 | 120000 |
| | कुल जम्मा रु. | | | | | 120000 |

4 कार्यक्रमको नाम: 22111 पानी तथा बिजुली

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2.1.4.1 सुविधा बापतको पानिको महशुल | 1000 | 5 | 5000 | 4 | 20000 |
| | कुल जम्मा रु. | | | | | 20000 |

5 कार्यक्रमको नाम: 22112 संचार महशुल

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2.1.8.2 पदाधिकारी सुविधाको सन्चार महशुल अध्यक्ष | 1200 | 1 | 1200 | 12 | 14400 |
| 2 | 2.1.8.3 पदाधिकारी सुविधाको सन्चार महशुल सदस्य | 700 | 4 | 2800 | 12 | 33600 |
| | कुल जम्मा रु. | | | | | 48000 |

6 कार्यक्रमको नाम: 22211 इन्धन (पदाधिकारी)

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | पटक | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2.2.1.4 मोबिल | 6000 | 5 | 30000 | 4 | 120000 |
| 2 | 2.2.1.5 इन्धन पदाधिकारी अध्यक्ष | 26250 | 1 | 26250 | 12 | 315000 |
| 3 | 2.2.1.6 इन्धन पदाधिकारी सदस्य | 17500 | 4 | 70000 | 12 | 840000 |
| | कुल जम्मा रु. | | - | | | 1275000 |

7 कार्यक्रमको नाम: 28142 घर भाडा

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 8.1.4.1 सुविधाको घर भाडा पदाधिकारी | 18000 | 5 | 90000 | 12 | 1080000 |
| | कुल जम्मा रु. | | | | | 1080000 |

कुल जम्मा रु. 8208000

**निर्णय २: प्रस्ताव २ माथि छलफल गर्दा** क्यालेण्डर प्रकाशन सम्बन्धमा आवश्यक तयारी गरी आयोगलाई पेश गर्न आयोगका उपसचिव श्री सविता डंगोलको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरियो।

**समितिमा निम्न बमोजिमको सदस्यहरु रहने**

१. श्री सविता डंगोल - उपसचिव-संयोजक
२. रमेश कुमार दास - शाखा अधिकृत-सदस्य
३. सुन्दर प्रसाद निरौला - नायब सुब्बा-सदस्य

**निर्णय ३:** प्रस्ताव ३ माथि छलफल गर्दा भट्ट जातको थर सुचिकरण सम्बन्धी बिस्तृत अध्ययन अनुसन्धानका निम्ति भट्ट जातिय संगठनबाट सिफारिस, भट्ट जाति एतिहासिक पृष्ठभुमि, भेषभुषा, संस्कृति (चाडपर्व), भाषा (मातृभाषा) लगायतका विषयहरुमा थप स्पष्टताका लागि सम्बन्धितलाई पत्राचार गर्ने।

**निर्णय ४: प्रस्ताव ४ माथि छलफल गर्दा (INSEC)** इन्सेकबाट प्राप्त मस्यौदा प्रस्ताव माथि छलफल गर्दा सहकार्य गरी कार्यक्रम संचालन गर्ने।

## सम्बत् २०८१ साल चैत्र २६ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णय १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा :** २०८२ सालको क्यालेन्डर तयारी समितिले पेश गरेका प्रतिवेदन माथि छलफल तथा आवश्यक फोटोहरु छनौट भए अनुसार क्यालेन्डर छपाई तथा प्रकाशन गर्न छापाखाना पठाउने निर्णय गरियो।

## सम्बत् २०८२ साल जेठ १९ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा मधेशी समुदायले मानवअधिकारका क्षेत्रमा सामाना गर्नुपरेका प्रमुख समस्याहरूका सम्बन्धमा मधेशी आयोगले तयार पारेको मुख्य बुँदाहरु UPR मा समावेश गर्न श्री राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवनमा पठाउने।

१. मधेशी समुदायको नागरिकता प्रमाणपत्र, शिक्षा, भाषा, संस्कृति, सामाजिक न्याय र समानता, राजनीतिक अधिकार, न्यायपालिकामा समावेशिता, कानुनी सहायता एवम् न्यायमा सुलभ पहुँचमा उदासिन रहेको।

२. महिला हिंसा, बालवालिका, भूमि अधिकार र जग्गा सम्बन्धी अधिकार, कुटनैतिक नियुक्तीमा भेदभाव, भूक्षय एवम् प्राकृतिक प्रकोपले असर पुऱ्याएको सीमाक्षेत्रहरुमा पुनःनिर्माण एवम् राहत कार्यक्रमप्रति उदासिन रहेको।

## सम्बत् २०८२ साल असार ७ गते बसेको आयोगको बैठकका निर्णयहरु

**निर्णयः**

**प्रस्ताव नं १** माथि छलफल गर्दा आयोगको सातौ वार्षिक प्रतिवेदन तयार गर्न निम्न बमोजिमको समिति बनाउने निर्णय गरियो।

| | |
|---|---|
| श्री नरेश राज खरेल | : संयोजक |
| श्री सविता डंगोल | : सदस्य |
| श्री रमेश कुमार दास | : सदस्य |
| श्री अखिलेश्वर कर्ण | : सदस्य |
| श्री अनुप बहादुर खडका | : सदस्य |
| श्री अमित कुमार साह | : सदस्य |
| श्री चन्द्रा कुमारी बिष्ट | : सदस्य |
| श्री सुन्दर प्रसाद निरौला | : सदस्य |
| श्री खगेन्द्र नेपाली | : सदस्य |

- सातौ वार्षिक प्रतिवेदन तयारीको लागि आवश्यकता अनुसार विज्ञको रुपमा डा. राजकिशोर सिंहलाई आमन्त्रण गर्ने।
- आ.ब. २०८१।८२ को वार्षिक प्रतिवेदन (सातौ प्रतिवेदन) तयारी समितिले मिति २०८२ श्रावण ३० गते आयोगको बैठकमा बार्षिक प्रतिवेदनको मस्यौदा प्रस्तुत गर्ने र भाद्र महिनाको पहिलो सातामा छ्पाईको कार्य सम्पन्न गर्ने र भाद्र महिनाको दोस्रो साता भित्र नेपालको संविधान अनुसार सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने।

**प्रस्ताव नं २** माथि छलफल गर्दा निम्नानुसारको निर्णय गरियो।

(क) मधेशी आयोगको सात वटै प्रदेशमा प्रादेशिक कार्यालयहरु स्थापना गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवारमा अनुरोध गर्ने।

## सम्बत् २०८२ साल असार २३ गते बसेको आयोगको बैठकका निर्णयहरु

**निर्णयः**

प्रस्ताव नं १ माथि छलफल गर्दा आयोगको सातौं वार्षिक प्रतिवेदन (आ.ब. २०८१।८२) को हालसम्मको प्रगति सम्बन्धमा छलफल गरियो।

# अनुसूची - ७

## आयोगका प्रेस विज्ञप्ती

मिति-२०८१।०४।०९

## प्रेस-विज्ञप्ति

आज मिति २०८१ साउन ९ गते विहान ११ः ११ बजे सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा परी १८(अठार) जनाको मृत्यु भएको घटनाप्रति आयोग हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछ।साथै घाइते भएको १ (एक) जनाको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै सो घाइतेको सघन उपचारको व्यवस्थाको लागि राज्यले दायित्व वोध गरोस।

यसका साथै यस वर्ष २०८१ सालमा जेष्ठ महिना देखी मनसुनी वर्षा प्रारम्भ भएको कारण बाढी पहिरोका साथै सयकडौले ज्यान गुमाउनु परेको देखिन्छ। यसै क्रममा २०८१ असार २७ गते राती चितवन जिल्लामा भएको २ (दुई) वटा वस दुर्घटनामा मृत्यु भएकाहरुप्रति आयोग हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै अझै वेपत्ता रहेका यात्रुहरुको स्वांस वा लासको यकिन गरी पिडित परिवारलाई सहानुभुतीपूर्वक पुर्ण व्यवस्थापन गर्नुपर्ने तथा दुबै घटनामा ज्यान गुमाएकाहरुको आश्रित परिवारलाई राज्यले यथा सम्भव राहत, पुनर्वासको व्यवस्था गरी/गराइदिनुहुन आयोग हार्दिक अपिल गर्दछ।

यसका अतिरिक्त प्राकृतिकजन्य विपतलाई वैज्ञानिक तवरले नै न्युनिकरण गर्नका लागि आयोग राज्यलाई सिफारिस गर्दछ।

मिति-२०८१।०४।२१

# प्रेस-विज्ञप्ति

# गैर-मधेशीलाई मधेशी भनेर प्रमाणित र नियुक्ति दिईएको बारे

प्रस्तुत विषयमा न्युज २४ मा प्रशारित रिपोर्ट अनुसार सिरहा जिल्ला साविक विष्णुपुर कट्टी गा.वि.स हाल धनगढीमाई नगरपालिका-१३ का स्थायी वासिन्दा, खडानन्द अधिकारीका छोरा ईश्वर अधिकारी गैर-मधेशी भएपनि मधेशी कोटामा नेपाल प्रहरीको प्रहरी निरीक्षक पदमा २०८१ मा नियुक्तिको लागि सिफारिस भएको घटना प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । गैर-मधेशी समुदायका व्यक्तिलाई मधेशी समुदायको लागि छुट्टयाइएको कोटामा नियुक्ति सिफारिसले मधेशी समुदाय बाट प्रतिस्पर्धा गर्ने प्रतिस्पर्धीहरु माथि गम्भीर अन्याय भएको यस आयोगको निष्कर्ष रहेको छ । मधेशी आयोगले **"मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन-२०७८"** प्रकाशित गरिसकेको अवस्थामा पनि गैर-मधेशी समुदायका व्यक्तिलाई कुन आधारमा मधेशी प्रमाणित गरिएको र मधेशी कोटामा नियुक्तिको लागि सिफारिस गरिएको सम्बन्धमा आयोगले नेपाल प्रहरी प्रधान कार्यालय र ईलाका प्रशासन कार्यालय, लहानलाई पत्र पठाईसकेको जानकारीको लागि अनुरोध छ ।

यस्ता घटनाहरुले मधेशी समुदायका व्यक्तिहरुको मनोबललाई कमजोर गर्ने आयोगको ठम्याई रहेको छ । तसर्थः गैर-मधेशी समुदायका व्यक्तिलाई मधेशी भनी प्रमाणित नगर्न/नगराउन तथा मधेशी कोटामा मधेशी समुदाय भित्र नपर्ने व्यक्तिलाई सिफारिस नगर्न सम्बन्धित सबै सरोकारवालाहरुलाई आयोग हार्दिक अनुरोध गर्दछ ।

मिति २०८१।४।२२

# प्रेस-विज्ञप्ति

## वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन अपिल

नेपालको अर्थतन्त्र वैदेशिक रोजगारमा नै मुख्यत आधारित रहेको तथ्यांकहरुबाट प्रष्टिन्छ। यो मुलुकको लागि अपरिहार्य जस्तै भएको छ र युवाका लागि पर्याय नै बनेको छ। विगतका वर्षहरुमा वैदेशिक रोजगारमा गएका नेपालीहरुले विभिन्न प्रकारका समस्याहरुबाट गुज्रिनुपरेको यथार्थता हामी सबैको सामुन्ने नै छर्लङ्ग रहेको छ।

वैदेशिक रोजगारमा जानुभन्दा पहिले ऋणको भारी व्यवस्थित नभएकाले ठगी लगायतका आन्तरिक तथा प्रशासनिक प्रक्रियाबाट गुज्रिनु परिरहेको छ भने अर्कोतिर विदेशमा गएपछि सम्झौता अनुसारको काम नपाउनु, सम्झौता अनुसारको पारिश्रमिक र सुविधा नपाउनु, बेरोजगारी हुनु, नियमकानुनहरुको बोझिलो झन्झटमा पर्नुजस्ता समस्याहरुबाट कष्ट भोग्नु परेको देखिन्छ। यसका साथै परिभाषित कानुनी आधारसहितका जनचेतनाको अभाव हुनुको कारण श्रमिकहरुसँगै परिवारजनहरु समेत समस्याको सामना गर्नुपरिरहेको देखिन्छ।

यसै क्रममा नेपाली श्रमिकहरुलाई महिनौंदेखि मलेसियामा सम्झौता अनुसारको काम र दाम नपाउनु मात्रै होइन बेरोजगार भई भौतारिरहनु परिरहेको यथार्थताको चित्र विभिन्न मिडियाहरुबाट प्राप्त भएको छ भने यसका सम्बन्धमा विगतदेखि नै आयोगमा उजुरीहरु समेत परेका छन्। यस समस्याका समाधानार्थ राज्यले श्रमिकहरुलाई वैदेशिक रोजगारमा जानुभन्दा पहिलेका पहिचानिएका समस्याहरु वा चिन्हित समस्याहरुलाई न्युनीकरण गर्दै वैदेशिक रोजगारको क्रममा विदेशमा गएकाहरुको समस्याहरुलाई तत्काल सम्बोधन गर्नुपर्ने देखिन्छ। तसर्थ सम्पूर्ण सरोकारवालाहरुले समस्यालाई तत्काल सम्बोधन गरिदियोस् भन्ने आयोग हार्दिक अपिल गर्दछ।

मिति-२०८१।०४।२७

# प्रेस-विज्ञप्ति

बंगलादेशका धार्मिक अल्पसंख्यकमाथिको वहुआयामिक गम्भिर हिंसाको अन्त्य हेतु राज्य धर्मको निर्वहनको लागि आयोगको अपील।

विभिन्न मितिमा प्राप्त बंगलादेशमा धार्मिक अल्पसंख्यकहरु हिन्दु, बौद्ध लगायत माथि निरन्तर भई रहेको गम्भिर र मानवता विरोधी वहुआयामिक हिंसा सम्बन्धी उजुरीहरुको आधारमा आयोगले नेपाल सरकारलाई राज्यधर्मको निर्वहनका साथै मानवअधिकार र मानवीय मुल्य, मान्यतालाई संरक्षण, सम्वर्द्धन गर्न पत्राचार गरेको छ। ती उजुरीहरुमा धार्मिक अल्पसंख्यकहरु हिन्दु, बौद्ध लगायतका मठ-मन्दिरहरु, घर र प्रतिष्ठानहरु, सर्वसाधारण महिला, बालबालिका तथा नागरिक अगुवाहरुमाथिको मानवतालाई शर्मसार हुने गरिएको आक्रमणले मानवतामा दानवताका सम्पुर्ण स्वरुप उजागर गरेको छ।

यस्ता निरन्तर जेहादी आक्रमणलाई तुरन्तै रोक्न नेपाल सरकारले विश्व समक्ष अपील गर्नुपर्छ। र, यसका साथै, जवाफदेहिताको सिद्धान्तलाई अवलम्बन गर्न र दण्डहीनतालाई शत-प्रतिशत निस्तेज पार्नुपर्छ। दोषीहरुलाई त्यस मुलुकका कानुन र अन्तर्राष्ट्रिय कानुन अनुसार अधिकतम दण्डको लागि जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

वसुधैवकुटुम्बकम् को विश्वव्यापी भावनालाई अक्षरशः अंगीकार गराउन नेपाल सरकारले अपील गरोस् आयोगले हार्दिक अपील गर्दछ।

मिति-२०८१।०४।२८

# प्रेस-विज्ञप्ति

## हार्दिक श्रद्धाञ्जली अर्पण !

नेपालीय शास्त्रीय गायन तथा वाद्य-वादनका लागि अद्वितीय प्रतिभाको चित्रलाई जीवनको सजीवतामा सचित्रात्मक चरित्र निर्वहन गर्नु भएका लक्ष्मीपुर पतारी-२, सिरहा निवासी गुरुदेव कामतको ६७ बर्षकै अल्पायु मै लौकिक मृत्युले जनप्रेमीहरु अकल्पनीय पीडाबोध गरेका छन्। मैथिली, नेपाली, भोजपुरी, हिन्दी लगायतका भाषाहरुमा कोकिल स्वर प्रदान गरी गीत र संगीतलाई जनमुखी वनाउन उहाँ पुर्ण सफल हुनु भएकोमा जन जन गौरवान्वित भएका छन् !

उहाँको शारिरिक अवसानले अपुरनीय क्षति भएको छ। उहाँप्रति अश्रुपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक सम्वेदना अर्पण !

नेपाल सरकारले उहाँद्वारा गरिएका योगदानलाई सदा-सर्वदा जीवन्त राख्न गुरुदेव कामत संगीत प्रतिष्ठान स्थापना गरी युवा पुस्तालाई प्रेरणाका स्रोत वनोस् भनी आयोग श्रद्धाञ्जली अपील गर्दछ।

यसका साथै, समाजसेवी सानेपा काठमाण्डौ निवासी श्रवणकुमार अग्रवालको ७७ बर्षको उमेरमा देहावसान भएकोमा निज प्रति भावपुर्ण श्रद्धाञ्जली अपर्ण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक सम्वेदना अर्पण।

मिति-२०८१।०४।३०

# प्रेस-विज्ञप्ति

मधेशी आयोगको छैठौं वार्षिक प्रतिवेदन राष्ट्रपतिज्यू समक्ष पेश भैसकेको छ। प्रतिवेदनको अवधिमा प्राप्त उजुरी मध्ये ९३ प्रतिशत उजुरीमा सिफारिस भएको छ। छैठौं वार्षिक प्रतिवेदनमा मधेशी आयोगद्वारा सम्पादित मुख्य मुख्य सिफारिस देहाय बमोजिम रहेका छन्।

**सिफारिसहरु :**

१. **पहिचान भित्रको पहिचान -:**

जनताको जनअपेक्षानुसार जनरक्षार्थ पहिचान, प्रतिनिधित्व र पहुँचको अवस्थालाई अझ लक्षित वर्गमुखि बनाउन पहिचानभित्रको पहिचान, प्रतिनिधित्वभित्रको प्रतिनिधित्व र पहुँचभित्रको पहुँचको अवस्थालाई कानुनी र व्यवहारिक रुपमा अंगिकार गरी विनियोगमा ल्याएमा सर्वजन हिताय र सर्वजन सुखायको सुखद अवस्था सृजना हुनेछ।

२. **बैंकिङ्ग लगानी विपन्नमैत्री -:**

मुलुकमा रहेका बैंक तथा वितिय संस्थाहरुको लगानी विपन्नमैत्री नभएको देखिन्छ। तसर्थ, लगानीको कम्तीमा ५०% रकम अतिविपन्न, विपन्न र मध्यम वर्गमा हुनुपर्ने जसबाट गरीबीको दुरावस्था र दुष्चक्रबाट जनता र मुलुकले त्राण पाउने छ। यसबाट मुलुक उर्द्धगमनतिर लम्किने छ।

३. **निजामती सेवामा प्राविधिकिकरण :**

मुलुकको चतुर्दिक विकासको लागि प्रविधि र प्राविधिक अत्यावश्यक नै हुन्छ। तर, सो अवस्था हालसम्म देखिएको छैन। तसर्थ, निजामती सेवामा पदपुर्ति हुने संख्याको कम्तिमा ६०% संख्या प्राविधिक बनाई सोहि अनुसार पदपूर्तिको कानुनी व्यवस्था सृजना गरी मुलुक अग्रगमनतिर जानेछ।

४. **सखडेश्वरी भगवतीलाई विश्व सम्पदा सूचीकृत गर्न-:**

विश्व सम्पदा सूचीमा हालसम्म पनि नपरेका सप्तरीका सखडेश्वरी/सखडा भगवती शक्तिपीठलाई विश्वसम्पदामा सूचीकृत गरी श्रद्धालु र पर्यटकलाई अझवढि आर्कषित गरी/गराई रोजगार श्रृजना गर्नुपर्छ। यसबाट, स्थानीय तहको आय,प्रदेश

सरकार र संघीय सरकारको आय र राजस्वमा बृद्धि हुनेछ। साथै, भारदह स्थित कंकालिनी माताको मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गरी मनग्य आय स्रोतको पुर्वाधार बनाई स्वदेशमै रोजगारीको वातावरण निर्माण हुनेछ।

५. **उच्च स्तरीय न्यायिक समिति गठन गर्न-:**

०६३/०६४ पछि भएका धार्मिक द्वन्दहरुको अनुसन्धानको लागि उच्चस्तरीय न्यायिक समिति वनाई उत्पन्न द्वन्दको दीर्घकालीन निरुपण गरी मुलुकमा खासगरी तराई-मधेशमा सामाजिक, सांस्कृतिक समन्वय गर्नुपर्ने देखिन्छ। यसबाट मुलुकको अग्रगामी विकास हुनेछ।

६. **एकद्वार प्रणाली-:**

मुलुकभित्र विभिन्न धार्मिक कार्यका लागि भित्रिने रकम/जिन्सीलाई एकद्वार प्रणालीबाट मात्र भित्राउनुपर्छ। यसबाट मुलुकमा सामाजिक सांस्कृतिक सामंजस्यताको वलियो रुप देखा पर्नेछ।

७. **सीमा व्यवस्थापन-:**

नेपालसँग जोडिएका सीमा/वोर्डरलाई नियमन गर्नुपर्छ। यसवाट सीमा वारि-पारीका आपराधिक, गैर-कानुनी क्रियाकलापहरुमा नियन्त्रण हुनेछ र मुलुकहरु बीचको चतुर्दिक सम्बन्ध अक्षय हुनेछ।

८. **नक्षत्रहरुलाई सार्वजनिकिकरण-:**

प्रदेश सरकार,स्थानीय सरकार र संघीय सरकारले कृषिको लागि आवश्यक नक्षत्र आर्दा/अदरा/अरदरा लाई स्थानीय, प्रादेशिक र संघीयरुपमै भव्यताका साथ आयोजना गर्नुपर्ने। यसबाट कृषिमा आधारित नेपालको सामाजिक, सांस्कृतिक र पारम्परिक जीवनमा उर्जा थपिने छ। यसका साथै, बर्षभरिका २८ वटै अश्विनी, भरणी, कृतिका, रोहिणी, मृगशिरा, आर्दा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पुर्वा फाल्गुणी, उत्तरा फाल्गुणी, हस्त, चित्रा, स्वाति, विशाखा, अनुराधा, ज्येष्ठा, मुल, पुर्वाषाठा, उत्तराषाठा, श्रवण, घनिष्ठा, शतभिषा, पुर्वाभाद्रपद, उत्तराभाद्रपद, रेवतीर अभिजीत नक्षत्रलाई बुझ्न र पर्व मनाउन सहजता हुनेछ। यी नक्षत्रहरुमा प्रत्येक घर घरमा रहेका कुलदेवी/कुलदेवताहरुको सामाजिक, सांस्कृतिक, धार्मिक तथा पारम्परिक भावनाहरुसँग जोडि पारिवारिक तथा नैतिक अनुशासनमा सम्वद्ध हुन सहजता हुनेछ।

९. **पर्यावरण न्याय-:**

पर्यावरणलाई सुरक्षित तथा संरक्षित बनाउन पर्यावरणीय न्यायलाई जनसचेतीकरणको माध्यमबाट अग्रसारित गर्नुपर्छ। यसमा डोजरे विकासमा प्रतिवन्ध लाग्नेछ जसबाट प्रकृति संरक्षणमा सहयोग हुनेछ।

१०. **मुर्त तथा अमुर्त प्राकृतिक सम्पदा-:**

मुर्त तथा अमुर्त (Tangible & Intangible) प्राकृतिक सम्पदाहरुलाई प्रविधिकै माध्यमबाट नै व्यवहार र आचरणमै विनियोगगरी संरक्षण गर्नुपर्छ। यसवाट मुलुकभित्र रहेका सम्पदाको माध्यमवाट विविधा पर्यटनमा अभिवृद्धि हुनेछ।

११. **निरपेक्ष गरीवी रेखामुनीलाई वास्तविक पहिचानपत्र-:**

विपन्न वर्गलाई यथार्तता र वास्तविकताको आधारमा वर्गीकरण गरी पहिचानपत्र प्रदान गरी तिनीहरुलाई राज्यको मुलधारमा प्रवाहीकरण हुन्छ।

१२. **सामाजिक सुरक्षा भत्ता-:**

एकल नागरीक, विधवा/विधुर, ज्येष्ठ नागरीकहरुको संरक्षण मात्र हैन तिनीहरुको अथाह ज्ञान सीपलाई सदुपयोग गरी मुलुक विकासका लागि सदुपयोग गर्नुपर्छ। यसबाट उनीहरुको सम्मान, सत्कार, संरक्षण लगायतको कार्य हुन्छ।

१३. **प्राकृतिक पर्यटन-:**

नेपालको भूगोलभित्र रहेका वनस्पति, वन्यजन्तु तथा अन्य जीव-जन्तुहरुको संरक्षण गरी वहुआयामिक आय आर्जनबाट मुलुकको तीव्रतम् विकास गर्नुपर्छ। यस कार्यमा सबजनको दायित्ववोध हुनेछ।

१४. **मातृभाषा दशक-:**

मधेशी समुदायको मातृभाषा दशक आयोजना गर्नुपर्ने। मधेशी समुदायका मातृभाषाहरुलाई अझवढि सशक्तिकरण गर्नको लागि मधेशी समुदायको मातृभाषालाई अभियान तहत नै सबलीकरण र प्रबलीकरणको लागि सचेतनामुलक सहकार्यमा आधारित कार्यक्रमहरुको आयोजना गर्दा मातृभाषाहरुको जन जनसम्म विस्तारिकरण हुन्छ।

१५. **लोकनायकहरुलाई सुचीकृत गर्न-:**

विभिन्न प्रकारका विभेदहरुवाट समाजलाई त्राण दिन समय समयमा लोकनायकहरु जस्तै दिनाभद्री, बन्ठा चमार, आल्हाउदल-, सलहेश जस्ता नायकहरुलाई जन-जनमा लैजान अध्ययन, अनुसन्धानका साथै पाठ्यक्रम बनाई विद्यालयहरुमा लागु

गर्दा तत्कालीन समयको सम्बन्धमा जानकारी हुनुका साथै सामाजिक विभेदबाट त्राण पाउने ज्ञान समेत हुन्छ।

१६. **कृषिमा आधुनिकिकरण-:**

कृषिमा आधुनिकरण, वैज्ञानिकीकरण, बजारीकरण, सहुलियतीकरण प्रकृया व्यवहार र आचरणमै लागु गर्दा मुलुकको सर्वाङ्गिगिण विकासमा टेवा पुग्छ।

१७. **सामाजिक न्याय-:**

संविधानको धारा ४२ मा रहेको सामाजिक न्याय सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन समानता (Equality), समता (Equity) हुँदै न्याय (Justice) मा अपरिहार्य पहुँच आवश्यक हुन्छ। साथै, सामाजिक न्याय सम्बन्धी संरचनाको अनिवार्यतः व्यवस्था गर्नुपर्छ। यसबाट मुलुकको सर्वकालिक विकासमा टेवा पुग्छ।

१८. **न्यायालयमा मध्यस्थताको अवधारणा-:**

अदालतहरुमा प्रभावकारी मध्यस्थाको व्यवस्था गरी न्यायालयको अवधारणामा लैजानुपर्छ। यसबाट झुठामुद्दाहरुको अवस्थामा न्युनीकरण हुन्छ र देवानीमुद्दाबाट फौजदारी मुद्दामा परिणत हुने अवस्थामा क्रमशकमि : हुनेछ।

१९. **फोहरबाट मोहर-:**

फोहरबाट मोहरमा परिणत हुने प्रविधिको अनिवार्यतः प्रावधान लागु गर्नुपर्छ। यसबाट आय आर्जनका साथै सर-सफाईमा टेवा समेत पुग्छ।

२०. **आयुर्वेद उपचार पद्धति-:**

आर्युवेदलाई उपचारको प्रथम प्रस्थान विन्दु बनाई जनरक्षक स्वास्थ्य सेवाको प्रबन्ध मिलाउन सके जनतालाई राहत हुनेछ।

२१. **नैतिक शिक्षाको उपयोग-:**

शाश्वत कर्मलाई प्रबन्धन गरी नैतिक शिक्षा तथा नैतिक अनुशासनको व्यवस्था गरी समाजलाई कर्तव्यामुखीतिर डो-याई एकत्वमा समत्व र समत्वमा एकत्वको विकास हुन्छ।

२२. **शिक्षामा एकद्वार प्रणाली-:**

मुलुकभित्र संचालित शिक्षण संस्थाहरुमा नेपाली, गणित, विज्ञान, नैतिक शिक्षा, संस्कृत लगायतका विषयहरु अनिवार्यतः शिक्षणको व्यवस्थागरी सम्पूर्ण

विद्यार्थीहरुमा संसारका संस्कार र पारम्परिक शाश्वत जीवन विधि र पद्धतिको विकास हुन्छ।

२३. **सोचमा सकारात्मकता-:**

सकारात्मक सोचलाई गुस्तरीय शिक्षासँग, गुणस्तरीय शिक्षालाई व्यवसायिक सीपसँग, व्यवसायिक सीपलाई सर्वसुलभ उत्पादनसँग, सर्वसुलभ उत्पादनलाई अनुकुलन बजारसँग, अनुकुलन बजारलाई व्यवस्थित रोजगारसँग, व्यवस्थित रोजगारलाई मुलुकको समग्र विकाससँग र समग्र विकासलाई जनसमृद्धिसँग कडीकृत गरी लैजानु पर्ने हुन्छ। यसबाट प्रत्येक वर्गलाई स्वस्वामित्वको भावना जागृत भै मुलुकको सर्वपक्षीय विकास हुनेछ।

२४. **बगरलाई उपयोगीकरण-:**

नदि, खोलालाई ठोस तटबंधको माध्यमबाट नियन्त्रित गरी बगरमा आधुनिक तवरले वृक्षारोपण र उत्पादनमुलक कृषि कर्मलाई प्रोत्साहन गर्नुपर्छ। यसबाट बगरको सदुपयोग, आयस्ताको स्रोतको विकास र पर्यावरणलाई दीर्घकालीन फाइदा हुनेछ।

२५. **चुरेको संरक्षण-:**

## चुरेको उत्पति

भूगोलविद् अनुसार, हिमालयको उत्पतिको समयमा थुप्रिएको गेग्रान जुन कमलो माटो थियो त्यसबाट चुरेको उत्पति भएको हो। यसको फेदिमा नदिले बगाएर ल्याएका ढुंगामाटोले बनेको क्षेत्रलाई भावरको समथर भुभाग बनेको छ। यसको निर्माण करीब ४ करोड वर्ष पहिले भएको देखिन्छ। र, यस पर्वतलाई सबभन्दा कमजोर र कान्छो पहाडपनि भनिन्छ।

## के हो चुरे ?

नेपालको भूगोलभित्र तराईको उत्तर तथा महाभारतबाट दक्षिण तर्फको भागलाई चुरे/चुरिया/शिवालिक पर्वत भनिएको छ। नेपालको भूगोल बाहिर बर्तमान पाकिस्तानको इन्दस नदि देखि नेपाल-भारतको ब्रम्हपुत्रसम्म फैलिएको छ। नेपालको कुल क्षेत्रफलको १२.७८% भुभाग यस पर्वतले ओगटेको छ। यसले

पुर्व ईलामदेखि सुदुरपश्चिमकोसम्मका ३७ वटा जिल्लामा फैलिएको छ। जम्मा जंगलको करीब ७३% भुभाग यसै पर्वतको सेरोफेरोमा पर्छ।

## चुरेको चरम वेथिति कहिले देखि ?

नेपालमा चुरेको दोहन २०११ सालदेखि शुरु भएको र २०१३ सालमा मलेरिया उन्मुलन अभियान पछि यस क्षेत्रमा मानव बसोवासको क्रम चलेको थियो। २०१८ सालमा तत्कालीन राजा महेन्द्रवाट झोरा क्षेत्रमा वनफडानीगरी भुतपुर्व सैनिकहरुलाई उदयपुर, झापा, मोरंग र सुनसरी जिल्लामा वसोवास गराएका थिए। यस क्षेत्रले ५१% जनसंख्या ओगटेको छ।

## संरक्षणका लागि गरीएका प्रयास ?

चुरे संरक्षणको लागि औपचारिकरुपमा २०६७-२०६८ सालदेखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम शुरु भए र २०७२ साल आषाढ २ गतेदेखि राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति गठनगरी कार्य प्रारम्भ भए। यसले २० बर्षे गुरु योजना निर्माण गरेर पन्चवर्षिय योजना समेत निर्माण गरे जस अनुसार प्रथम बर्ष ९ अर्ब ८७ करोड

दोस्रो बर्ष १८ अर्ब २४ करोड

तेस्रो बर्ष २१ अर्ब २० करोड

चौथो बर्ष १८ अर्ब ४८ करोड

पांचौ बर्ष १३ अर्ब ५ करोड ९६ हजार

रहेको थियो।

## चुनौती

यस पर्वत र क्षेत्रका ३० हजार घरपरिवार जोखिमा रहेका छन् भने यसको दोहनले तराईमधेशका उपजाउ भुमि कटान, डुबान, पटान र भडान को गम्भिर संकटमा परेको छ। पानीको सतहको अवस्था दयनीय बनेको छ र खोला नालामा संकटै संकट रहेको छ।

यसलाई संरक्षणगरी प्रकृतिजन्य, मानवजन्य, पर्यावरण न्यायको संकट निवारण हुनेछ।

२६. **UPR सम्बन्धमा-:**

UPR मा वर्गीय र जातिय आधारमा सहभागी गराउन राज्यले पहल गर्नुपर्ने देखिन्छ। Universal Periodic Review (UPR) विश्वव्यापी आवधिक समिक्षाले कुनै पनि मुलुकले विश्व मन्चमा गरेको प्रतिवद्धता कति को पुरा गरे? वा गरेन? को समिक्षा गर्ने विश्वव्यापी मन्च हो। यसलाई मुलुकको ऐना भनिन्छ, जसमा सरकारले आफ्नो मुलुक र सरकारको अनुहार आफै हेर्छ। प्रत्येक मुलुकमा रहेका OHCHR का कार्यालयले यसको सचिवालयको रुपमा काम गर्छ।

**यस विश्वव्यापी मन्चमा पहुँचको आधार**

क . अल्पसंख्यक

ख . सीमान्तकृत लाई हुने गर्छ। साथै,राज्यको विभेदात्मक व्यवहारले सो लक्षित वर्गलाई के ? कति ? असर पारको छ को आधार लिने गर्दछ। जसमा

जातिय विभेद

वर्णीय विभेद

व्यवस्था रहेको छ। यी बुँदाहरुको आधारमा राज्यका संविधान, ऐन, कानुनले गरेको व्यवस्थानुसार मुलुकले के ? कति ? कार्यान्वयन गरेको छ भनि राज्यले आफ्ना लिखित दस्तावेज प्रस्तुत गर्छ र त्यस सम्बन्धमा गैर -राज्यका प्रतिनिधिहरु र अन्य सदस्य मुलुकहरुले प्रति जिज्ञासा गर्ने गर्छ।

विश्वव्यापी आवधिक समिक्षाले मध्यावधि समिक्षा समेत गर्छ। यसै सम्बन्धमा लगातार नेपालभित्रका राज्य र गैर-राज्यका समिक्षात्मक बैठकहरुमा आयोगको सक्रिय सहभागीता रहेको छ। र, विज्ञहरुसँग यसमा प्रत्यक्ष संलग्नता कसरी हुन्छ? को सम्बन्धमा समेत गहन विमर्श हुंदै आएको छ। तर, विज्ञहरुले देखाएका UPR प्रदत्त आधारहरुमा समस्या देखिएका छन् ! गैर-राज्यका संस्था तथा राज्यसँगको सहकार्य अहिलेको लागि विकल्पहीन विकल्प रहेको देखिएको छ। त्यसमा मधेशी आयोगको पहुँच बढाउनु राज्यको प्रथम कर्तव्य रहेको देखिन्छ।

## २७. विद्युतमा नियमन-:

विद्युतमा नेपाली जनताको पहुँच बढ्दै गएको सन्देश सकारात्मक रहेको छ। तर, विद्युत प्राधिकरणको लापरवाहि र जनतामा सचेतनाको आभावले दिनप्रतिदिन मृत्युको कारण बन्दैछ। मुलुकमा यो दृश्य/अदृश्य समस्या क्रमशः गम्भिर रुप लिदै गएको छ। खासगरी मधेश प्रदेशमा २०७५ सालदेखि २०८० सालसम्म ४४९ जनाले विद्युतको प्रवाहको कारण ज्यान गुमाएका छन्। विद्युतका कारण ज्यान गुमाएकाहरुले राज्यबाट पाउनु पर्ने उचित परिपुरण समेत पाएका छैन। राज्य र सरोकारवालाहरुले विद्युत प्राधिकरणलाई अझबढि जिम्मेवार बनाई र जनतालाई सचेत बनाई यस्ता मानवकृत विपदलाई निर्मुलीकरण गरी जनआहतलाई जनराहतका रुपान्तरणगरी बाँच्नु पर्ने अधिकार र दायित्वको ग्यारेन्टी हुनेछ।

## २८. प्रकृति संरक्षण-:

मानवजन्य कुकृत्यले प्राकृतिकजन्य आपदा-विपदा दिनप्रतिदिन आफ्नो वहुआयामिक कुप्रभाव क्रमशः फैलाइदै गएको छ। कृत्य मानवजन्य व्यवहार र आचरणका लागि राज्यले जनतालाई सजग र सचेतको आचरणतर्फ डोऱ्याई दैवीप्रकोपलाई न्यूनीकरण तर्फ लैजानु पर्ने देखिन्छ। यसबाट प्रकृतिप्रतिको न्याय र जनताको ज्यानलाई सुरक्षा हुन्छ।

## २९. विदेह सभ्यता-:

विदेह सभ्यता र अवध सभ्यतामा अनादीकालिन र आदिकालिन उपचार पद्धति (Eternal & Indigenous treatment System) हरुलाई वैज्ञानिक तवरले उपचारका अनिवार्य पद्धतिको रुपमा राज्यले विकास गर्नु पर्छ। यसबाट जनताका जनस्वास्थ्यमा माटोको सुगन्ध अनुसारको अनुकुलन प्राप्त हुनेछ। साथै, जीवन सरल र सहज प्रवाहित भई राज्यलाई अनुपम सहयोग हुनेछ।

## ३०. जनककालिन दरवार-:

मिथिला महात्म्य अनुसार जनककालीन दरबारका चारैतिर चारवटा महादेवका मन्दिरहरु अवस्थित थिए। पुर्व-दक्षिण कुनामा कल्याणेश्वर मन्दिर, दक्षिण-पश्चिम

कुनामा जलेश्वरनाथ मन्दिर, पश्चिम-उत्तरको कुनामा क्षीरेश्वरनाथ मन्दिर र उत्तर-पुर्व कुनामा मठेश्वर/कुशेश्वरनाथ मन्दिर उल्लेख भएको छ। तर, मठेश्वरनाथको मन्दिर बौद्धिक उत्खनन् का विषय बनेका थिए। वर्तमान समयमा सो मठेश्वरनाथ मन्दिरको अवशेषहरु स्थानीय तहका अगुवाहरुको सहयोगमा पुरातत्व विभागको उत्खनन् मा पाइएको छ। सो मन्दिरलाई पुर्णरुपेण उत्खनन गरी तत्तकालिन र पुरातात्विक शैलीमै राज्यले निर्माणगरी मिथिलाका इतिहासलाई संरक्षण गर्नु पर्छ। साथै जनकदरबार र ती मन्दिरहरुलाई सडक पुर्वाधारबाट जोडी जनकमार्ग नामांकरण गर्नु पर्छ। यसबाट श्रद्धालु र पर्यटन क्षेत्रमा कायापलट हुनेछ।

**३१. आयोगका कार्यक्रमहरु-:**

स्थापनाकालदेखी नै संचालित **"नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा "** कार्यक्रम तथा सरकारी सेवामा मधेशी समुदायको पहुँच कार्यक्रम पुर्ण प्रभावकारी बनेको छ। यी कार्यक्रमहरुलाई पर्याप्त बजेटका साथ स्थानीय तह, प्रदेश तह र संघीय तहमा कार्यान्वियन गर्नुपर्छ। यसबाट जनता र तहहरुमा नैतिककर्ताको माध्यमबाट नियन्त्रण र समन्वय गर्न सहयोग हुनेछ भनी अर्को तर्फ सरकारी सेवामा यथेष्ठ पहुँचबाट लक्षित समुदायको राज्यप्रति अपनत्व प्राप्त हुनेछ। मुलुकमा भावनात्मक एकिकरणको ठोस आधार प्राप्त हुनेछ।

**३२. हुलाकी राजमार्गको निर्माणमा द्रुतीकरणः-**

मुलुककै सबभन्दा पुरानो र ऐतिहासिक राजमार्ग हुलाकी राजमार्ग को अवस्था जीर्ण रहेकै छ। पुर्व झापाको कचनकवलदेखि पश्चिम कन्चनपुरको गड्डाचौकीसम्म रहेको यो बाटो राणा शासनकाल, पंचायतकाल, प्रजातन्त्रकाल, लोकतन्त्रकाल र गणतन्त्रकालको प्रत्यक्ष साक्षी रहेता पनि राज्यको उदासीनताको चपेटाबाट निस्किन पाएको छैन। परिणामतः ती क्षेत्र र भूगोलका बासिन्दाको जीवनस्तर उठ्न सकेको छैन। उचित यातायातका पुर्वाधार नभएकै कारण उत्पादित सामग्रीहरुको उचित मुल्य पाउन सकेको छैन भने गरीबी, अशिक्षा, कमजोर स्वास्थ्य अवस्था, कुपोषण लगायतका विषम अवस्थाबाट गुज्रिन बाध्य भएको छ। तसर्थ, हुलाकी राजमार्गका अधुरो र अपुरो कार्य अबिलम्ब सम्पन्न गरी अझबढि

प्रभावकारी तवरले मुलुकको निर्माणमा सो भूगोलका जनतालाई सम्पर्कसुत्रमा बाधि जानुपर्ने देखिन्छ। यसबाट सबै क्षेत्र र भूगोलका जनतामा आपसी र भावनात्मक सम्बन्धको सुदृढिकरण हुनेछ।

## ३३. निजामती सेवामा समावेशीकरणः

निजामती सेवा मधेशी समुदायको आरक्षित समुहमा अन्तिम प्रवेश वर्ष कम्तिमा भएका व्यवस्था ३५ वर्ष नै राख्नुपर्ने र महिलाको उमेर ४० वर्ष नै राख्नुपर्ने ! यसबाट आरक्षित र लक्षित वर्गको अपेक्षा पुरा हुनेछ। सम्भव भए पुरुष र महिलाको अन्तिम प्रवेश वर्ष ४० र निवृतिभरणको उमेर ६० वर्ष भएमा अनुभवी कर्मचारीहरुको अनुभवलाई झन् राम्रो तवरले सदुपयोग गर्ने सकिन्छ। साथै,बढुवा वा आरक्षित व्यवस्था हाल भएकै व्यवस्था राखि आरक्षणको मुलमर्मलाई जोगाई राख्नु पर्छ।

## ३४. संयुक्त अध्ययन :

संविधानका भाग २७ तह रहेका संवैधानिक आयोगहरुद्वारा संयुक्त अध्ययन गराइएका नेपालमा समावेशीकरणको अवस्था विषयलाई कार्यान्विनको व्यास्थागरी राज्यमा मधेशी समुदाय लगायत लक्षित वर्गको अपेक्षा र अपनत्वको ग्यारेन्टी गर्नु पर्छ।

## ३५. घरेलु उपचार पद्धति :

स्वदेशी उपचार पद्धति [Indigenous Treatment] लाई आधुनिक विधिवाट प्रयोगगरी यस पद्धतिलाई प्रोत्साहनगरी नेपालको भूगोलमा रहेका जडिबुटी लगायतका सामग्रीहरुलाई सदुयोग गर्नु पर्छ। यसबाट एकातिर जनताको स्वास्थ्यमा आमुल परिवर्तन हुनेछ भने अर्कोतर्फ,राष्ट्रिय आयमा बृद्धि,प्रगति र सफलताका आयाम थपिने छ।

## ३६. मधेशी दिवसको तिथि-

**मधेश दिवसको तिथि सिफारिश देहाय बमोजिमका तिथि सुझाईएका छन :**

- जनक जयन्ती: नेपालका प्रथम विभूति राजा जनक जसलाई विदेह पनि भनिन्छ र उहाँको जन्म अक्षय तृतीयाका दिन भएको र कालान्तरमा त्रेता युगसमेत प्रारम्भ भएको दिनका साथै मधेश भूगोलका मिथिला र अवधमा मात्र होइन सम्पूर्ण वैदिक सनातनीहरुले सोही दिनबाट कृषि कर्म प्रारम्भ गरी नयाँ वर्ष मनाउने गरेको।
- सुगौली सन्धी सन् १८१६ मार्च ४
- मधेश प्रदेश स्थापना भएको मिति २०७८ माघ ३ गते
- मधेशी समुदायको स्थायी पहिचान भएको दिन।
- नेपाल सद्भावना परिषद्को गठन मित
- १७७०-८० मा मधेशी शब्द प्रयोग भएको (श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले तत्कालीन प्रधानसेनापति अभिमानसिंह बस्नेतलाई पत्राचार गर्दा "मधेश नछोड्नु" भन्ने शब्द उल्लेख भएको)
- काठमाण्डौ आउदा पासपोर्ट हटाएको दिन
- २०६२/६३ को दोस्रो जनआन्दोलन भएको दिन २०६२ चैत्र २४
- सीताको जन्म दिन वैशाख शुक्ल नवमी वाल्मीकि रामायणमा आदर्श नारी सीताको जन्म वैशाख शुक्ल नवमी र तिश्य नक्षत्रको योगमा भएको बताइएको छ भने निर्णयसिन्धु' को 'कल्पतरू' मा फाल्गुन कृष्ण अष्टमीको तिश्य योगमा भएको भनिएको छ। ।
- गौतम बुद्धको जन्म दिन ई पू ५६३ जन्म वैशाख शुक्ल पूर्णिमाको दिन (सिद्धार्थ बुद्धको कथा अनुसार उनी पुर्व जन्मका बोधिसत्व भएकोले मानिसको दुःखको कारण र दुःखको निवारण के हुन सक्छन् भन्ने कुरामा निकै संवेदनशील थिए
- मधेशी आयोग ऐन जारी भएको दिन २०७४/०६/२७
- मधेश गोश्वारा १९७४
- सर्वोच्चको परमादेश २०७१ फागुन २५
- अन्तरिम संविधान २०६३ जारी भएको दिन

- १९१० को मुलुकी ऐन जारी भएको मिति (नेपाल, पहाड, मधेश शब्द उल्लेख भएको।
- सरकार र संयुक्त मधेशी मोर्चाबीच ८ बुँदे सम्भौता भएको दिन फाल्गुन १६ गते (२०६४ फागुन १६ गते तत्कालीन प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला र संयुक्त मधेशी मोर्चाबीच भएको ८ बुँदे सम्झौतामा मधेश शब्द उल्लेख भएको।
- माघ ५ गते बलिदानी दिवसमधेश मध्यदेशको अपवशित रूप हो। मध्यदेशको प्रथम राजा वैवस्वत मनु हो।
- मध्यदेशमा जल प्रलय हुँदा मत्स्यको सहाराले वैवस्वत मनुले नै प्रागी र बीजको रक्षा गर्न त्रिविष्टप (तिब्बत) पर्वत चढे र प्रलय पश्चात् पुनः तिनलाई लिएर मध्यदेशमा ओर्लेका थिए। यसै दिनलाई मधेश दिवसको रूपमा मनाउन उपयुक्त छ। यो तिथि चैत्र शुक्ल तृतीया हो।

**३७. मातृभाषा दिवसः-**

मधेशी समुदायको मातृभाषा दशक मनाउने। यसबाट विभिन्न भूगोल बीच एकताको रक्तप्रसार हुनेछ।

**३८. मातृभाषा दिवसः-**

मधेशी समुदायको मातृभाषा दिवस मनाउने। यसबाट मधेशी समुदायको मातृभाषाहरुको संरक्षण र सशक्तिकरण हुवेछ।

**३९. आरक्षणको नीतिः**

राज्यको मूलप्रवाहमा ल्याउन मधेशी समुदायका पछाडि परेका जातजाती (मधेशी दलित,मधेशी आदिवासी जनजाती, पीछडा वर्ग) र वर्गको घरदैलो सर्भेक्षण गराई जातजातीको लागि ६० प्रतिशत र वर्गको लागि ४० प्रतिशतमा वर्गिकिरण गरी आरक्षण वा पहुँचका लागि राज्यले नीति नियमन गर्नु पर्दछ।

**४०. महिला विदा-ः**

राज्यको हरेक तह र तप्कामा सहभागितामूलक विकासक्रममा महिलाको उल्लेख्य सहभागिता रहेको छ। तर जैविक विविधताका कारण महिलाको मासिक रुपमा चार दिन उच्च रक्तश्रापको स्वास्थ्यमा प्रतिकुल प्रभाव परेको कारण महिला कर्मचारीलाई कम्तिमा ३ दिन विदा राज्यले गर्नु पर्ने।

४१ . **प्रतिवद्धता-:**

महिलाको वैवाहिक हिंसा दाइजोप्रथा र वालविवाह न्यूनीकरण गराउने उद्देश्यले सम्बन्धित वडाको सिफारिस विवाह अगाडि नै अनिवार्य रुपमा लिनु पर्ने कानुनी व्यवस्था गर्नु पर्ने।

४२. **राष्ट्रिय एकताः**

मुलुकमा One Nation, One Constitution को एकलव्यी भावनामा कानुनको निर्माण र प्रयोग हुनुपर्ने जसबाट मुलुकको एकता, अखण्डता र सामिप्यतामा अभिवृद्धि हुनेछ।

४३. **वर्ग पहिचान र समावेशीकरण-:**

अतिविपन्न, विपन्न, मध्यम वर्ग लगायतका निरपेक्ष गरीबी रेखा मुनि भएकाहरुलाई राज्यले यर्थातताको ठोस धरातलमा रहि को-को हुन अतिविपन्न, विपन्न र मध्यम वर्गको पहिचान गरी पहिचान-पत्रको प्रबन्ध गर्नु पर्छ। यसबाट निरपेक्ष गरीबीका रेखामुनि रहेका नागरीकलाई राज्यको मुलधारमा समेटिन मदत मिल्नेछ। साथै, बहुआयामिक सशक्तिकरणमा सहयोग मिल्ने छ।

४४. **सम्पदामैत्री वातावरणः**

नेपालले सभ्यताको मुहानको रूपमा परिचय स्थापित गरेको छ। यसलाई बहुआयामिक रूपमा संरक्षण, सम्वर्धन र सशक्तीकरणको लागि नेपाल सरकारले सकारात्मक र प्रभावकारी रूपमा काम गर्नुपर्ने देखिन्छ। यसवाट मुलुकको समग्रतामा बहुआयामिक सशाक्तिकरण हुनेछ।

# मधेशी आयोगका कार्यक्रमहरुः

## मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

आजको मानव समाज निहित स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत, सामाजिक, धार्मिक तथा जातिय विभेद जस्ता साँघुरो सोचवाट गुज्रिरहेको छ। यस्तो सोचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ।

नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोंचको विकास तथा क्षमताहरुको अभिबृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ। मानिस नैतिक रुपमा सफा हुनु पर्दछ, जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढाउदै व्यक्तिमा सदाचार, विनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन्। परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता बोध गरी मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि मधेश प्रदेशको वारा जिल्लाको कलैया उपमहानगरपालिकामा, धनुषा जिल्लाको जनकपुरधाममा, लुम्विनि प्रदेशको बाँके जिल्लाको नेपालगंजमा उक्त कार्यक्रम संचालन गरिएको थियो।

## सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

नेपालको संविधानको भावनाको मूल मर्म अनुसार संवैधानिक निकायको रुपमा स्थापित यस मधेशी आयोगले स्थापनाकाल देखि नै मधेश र मधेशी जनताको हित र रक्षाको निम्ति कार्य गर्दै आईरहेको छ। नेपाल बहुजातिक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त बहुलतामा आधारित मुलुक भएकोले राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक आदि आयामहरुमा बहिष्करणमा परेका र पारिएका वर्ग, क्षेत्र, लिङ्ग, समुदाय जातजातीलाई शासन विकास र सेवा प्रवाहमा मूलप्रवाहिकरण गरी समावेशी र अपनत्व सहितको राज्य स्थापना गर्ने गरी समावेशीकरण अभ्यास अवलम्वन गरिएको छ। यस सन्दर्भमा मधेशी जनताको हित रक्षा गर्न क्षमता विकास सशक्तीकरण गरी

प्रशासनिक एवम राजनीतिक प्रक्रियामा पहुँच स्थापना गर्ने एवम मधेश र मधेशी समुदायको सर्वाङ्गिण विकासमा टेवा पुर्याउनका लागि आयोगले वार्षिक विकास कार्यक्रम अन्तर्गत क्षमता विकास र सशक्तीकरणका लागि कार्य गर्दै आईरहेको छ। यसै अन्तर्गत मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई आयोगद्वारा अध्ययन गरिएका मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका अति विपन्न र विपन्न वर्गका नागरिकलाई सशक्तीकरण, रुपान्तरण, सचेतीकरण, संचारीकरण, प्रसारीकरणका माध्यमबाट मुलधारमा ल्याउने ध्येयले कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, सुदुरपश्चिम प्रदेशको कन्चनपुर जिल्लाको महेन्द्रनगरमा सम्पन्न भयो।

### मुलुक दर्शनः

तराई मधेशका नागरिकलाई हिमाल र पहाडका नागरिकहरुसँग समन्वय, सहकार्य, सहअस्तित्व र सहभावनालाई अभिवृद्धि गर्नुका साथै एकअर्काको भाव, भावना र भावभूमीलाई नजिकबाट पहिचान गर्नुका साथै **समत्वमा एकत्व र एकत्वमा समत्वको** पवित्र राष्ट्रिय उद्देश्यलाई परिपुर्ति गर्न आयोगले विभिन्न संघसंस्थासँग समन्वय गरी विभिन्न भूगोलका धार्मिक, सामाजिक, सांस्कृतिक केन्द्रहरुसँग विमर्श तथा अन्तरक्रिया गरी सद्भाव बढाउने कार्य गर्दै आएको छ।

## उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

### उपलब्धीहरु

मधेशी आयोग ऐन, २०७४ को दफा ८, ९, १०, र ११ माथि उल्लेखित कार्यहरुको आधारमा आयोगले आफ्नो कामकारवाहीको सम्बन्धमा बिभिन्न सरोकारवाला र विज्ञहरुसँग सल्लाह सुझाब लिई कार्य गरेको छ। विभिन्न संबैधानिक आयोगहरुसँग बैठक बसी आगामी दिनमा कसरी जान सकिन्छ भन्ने बारेमा छलफल गरिएको छ। त्यसैगरी नागरिक समाजको अगुवासँग बैठक गरिएको छ।

१. मधेश प्रोफाइल तयार भएको।

२. नैतिकवान मधेश र नैतिक शिक्षा कार्यक्रम मधेश प्रदेशको वारा जिल्लाको कलैया उपमहानगरपालिकामा, धनुषा जिल्लाको जनकपुरधाममा, लुम्विनी प्रदेशको बाँकि जिल्लाको नेपालगंजमा संचालन गरिएको थियो। यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ।

३. कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, सुदुरपश्चिम प्रदेशको कन्चनपुर जिल्लाको महेन्द्रनगरमा लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यकम सम्पन्न गरिएको छ। यसबाट लक्षित वर्गलाई सरकारी सेवामा पहुँचको लागि सकारात्मक विचार सहजीकरण र सम्प्रेषण भएको छ।

४. विभिन्न माध्यमबाट आयोगमा प्राप्त उजुरीहरू सम्बन्धमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल गरिएको छ। जसबाट पीडितहरुलाई केही सहजता भएको छ।

५. सातै प्रदेशका विभिन्न जिल्लाहरूमा समन्वय र सहकार्य गरी विषयगत कार्यक्रम तथा अनुगमन गरिएको छ। यसबाट अपेक्षित वर्गहरु लाभान्वित भएका छन्।

६. वालविवाह तथा दाइजोप्रथा अन्त्यका लागि मधेश प्रदेश अन्तर्गत रहेका आठ वटै जिल्लाका विभिन्न समुदायका धर्मगुरुहरु, बुद्धिजिवीहरु, नागरिक समाजका अगुवा तथा संचारकर्मीहरुसँग गहन अन्तरक्रियात्मक तथा प्रतिवद्धात्मक कार्यक्रम महोत्तरी जिल्लाको वर्दिवासमा सुसम्पन्न भएको छ। जसबाट विभिन्न समुदायका धार्मिक स्थलहरुमा हुने गरेको वालविवाह तथा दाइजोप्रथा निर्मुलीकरणको अभियान संचालन हुनेछ।

७. राजनीतिककर्मी र विज्ञहरुसँग विभिन्न सामाजिक र साँस्कृतिक विषयमा छलफल गरिएको छ। जसबाट उठाइएका समस्याहरु समाधान गर्न सहज भएको छ।

८. सामाजिक अभियन्ता तथा नागरिक संगठनहरूसँग छलफल अन्तरक्रिया गरिएको छ। यसमा छुट भएका जातजातिहरु समावेश गरिएका छन्।

९. मिटरव्याजी पिडितहरुको मागको अनुगमन गरी सम्बोधनका लागि सिफारिस गरिएको छ। जसबाट नेपाल सरकार र आन्दोलनरत मिटरव्याजी पिडित बीचमा वार्ता भई समस्या समाधानका लागि सरकारले विभिन्न कार्यहरु गरिरहेका छन।

यसका साथै मिटरव्याज पिडितलाई ठोस रुपमा पहिचान गरी लगानीकर्ताहिरुसँग छलफल गरी मात्र कानुनी कारवाहीलाई अग्रसारित गर्नुपर्छ।

१०. मधेशका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक तथा धार्मिक स्थलहरूको अध्ययन गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिएको छ।

११. मधेशी समुदायको विविध पक्षहरूलाई सशक्तीकरण गर्नका लागि विज्ञहरुसँग सामुहिक परामर्श गरी प्राप्त समस्या समाधानार्थ सहज भएको छ।

१२. महिला हिंसा, घरेलु हिंसा, धार्मिक द्वन्द्व, बालविवाह तथा जातिय विभेदका घटनाको स्थलगत अनुगमन गरिएको छ, जसबाट समस्याको समाधान गर्न सहज भएको छ।

## समस्या तथा चुनौतीहरु

आयोगले मानव स्रोत र जनशक्तिमा पूर्णता नपाउनु, आयोगको दायित्व पूरा गर्नका लागि स्रोत साधन सीमित हुनु, संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्न वित्तीय साधन अभाव रहनु मुख्य चुनौतीको रुपमा रहेका छन्। आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन्।

१. बालविवाह, बहुविवाह तथा दाइजोप्रथा अन्त्यका लागि कानुन भएतापनि सो सम्बन्धमा नागरिक सचेतनाको अभावमा तराई मधेशका जिल्लाहरुमा बालविवाह, बहुविवाह तथा दाइजोप्रथाको प्रथा उन्मुलन हुन नसकिएको कारणले यसका लागि जनचेतनामूलक कार्यक्रमहरु सरोकारवालाहरुले गर्नुपर्ने देखिन्छ। जसबाट बालविवाह, बहुविवाह तथा दाइजोप्रथा जस्ता कुरीति तथा अपराधहरुमा बन्देज लाग्नेछ।

२. मधेशी समुदायको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थामा गर्नुपर्ने सुधार सम्बन्धी अध्ययनको लागि प्रर्याप्त बजेटको अभाव रहनु।

३. आयोगको आफ्नो जग्गा र उपयुक्त भवन नहुँदा कार्यालय सहजतापूर्वक सञ्चालन गर्न कठिनाई हुनु।

४. आयोगको काम बढी जसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरबन्दी नहुनु।

५. मधेशी समुदायसँग सम्बन्धित एकिकृत तथ्यांकको विश्लेषणका लागि पर्याप्त बजेट नहुनु।

६. मधेशी समुदायको अपेक्षित माग र आयोगबाट प्रवाहित सेवा बीच तालमेलको कमि हुनु।

७. सीमित जनशक्ति, अपर्याप्त बजेट र स्रोतसाधनका बाबजुद मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्न सरकारलाई विश्लेषणात्मक र अनुसन्धानमूलक सुझाव दिन कठिनाई हुनु।

८. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजोप्रथा उन्मूलन गर्न नेपाल सरकारले आयोगलाई प्रभावकारी समन्वय गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य चुनौतीको रुपमा रहनु।

९. मधेशी समुदायको हक, हित र अधिकारको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गरी त्यस्तो समुदायमाथि हुने सबै प्रकारका भेदभावको अन्त्य गरी समानुपातिक सहभागिता, पहुँच अभिवृद्धि र हिंसाको प्रभावकारी रुपमा निराकरण गरी मधेशी समुदायको उत्थान र विकास गर्नु।

१०. पिडितमैत्री, जनमैत्री, समाज र समुदायमैत्री वातावरणको आवश्यकता अनुसार व्यवस्थापन गर्न कठिनाई हुनु।

११. आयोगका कामलाई प्रभावकारी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्पर्क तथा समन्वयको कार्यालय बनाउनुपर्नेमा आयोगले सिफारिस गरेता पनि अझै सम्म सो व्यवस्था हुन नसक्नु।

१२. संविधानद्वारा प्रदत्त समानुपातिकसमावेशी आरक्षित पदसंख्या-हरुमा विगत पाँच वर्षदेखी सुरक्षा निकायहरु लगायतका निकायहरुमा पदपूर्ति हुन नसक्नुले समुदायमा विश्वासको संकट उत्पन्न हुनु।

१३. मधेशी आयोग लाई "**राष्ट्रिय**" शब्द थपि राष्ट्रिय मधेशी आयोग अझैसम्म राज्यले नामांकरण गर्न नसक्नु।

# आयोगको अपेक्षा तथा भावी कदमहरु

१. मधेशी आयोग ऐन, २०७४ अनुसार "**मधेशी समुदाय**" भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ। मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ। सो ऐनको दफा ७ (ड) मा उल्लेखित कार्य मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ। मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई भनि दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधाबाट बञ्चित हुनु परेको छ। तसर्थ मधेशी समुदायको स्पष्ट पहिचानका आधारहरु तोकि थर सूचीकरण गर्नु अति आवश्यक र कानुनी रुपमा बाध्यकारी समेत भएको कुरालाई आत्मसात गर्दै आयोगलाई बजेट विनियोजन भएमा प्रथम तथ्याङ्कको आधारमा थर सूचीकृत गर्ने कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

२. मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामै मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि मधेशी आयोगको आवश्यकता भएको विषयलाई जोड दिएको छ। मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ। सो ऐनको दफा ७ (क) मा मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ। तदअनुरुप यस आयोगबाट अध्ययन, अनुसन्धान गर्न पञ्चवर्षिय रणनीतिक योजना अन्तर्गत विभिन्न २० वटा कार्यदल गठन गरी काम गर्ने लक्ष्य रहेको सन्दर्भमा प्रथम तथ्याङ्कको आधारमा मधेश पार्श्वचित्र (प्रोफाइल) निर्माण सम्बन्धी कार्यदल पनि एक रहेकोले सोही बमोजिम मधेश प्रोफाईल निर्माणको कार्यक्रम सम्पन्न गरिनेछ। आधाजसो जनसंख्या बसोवास गर्ने मधेशमा अझै पनि आर्थिक,

सामाजिक, सांस्कृतिक रुपान्तरण अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा त्यहाँको भूगोल, जनसंख्या, भू-उपयोग, प्रमुख पेशा, उत्पादन, प्राकृतिक श्रोत साधन, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाईको अवस्था, धार्मिक सम्पदा, सडक संजाल, उद्योगधन्दा, कलकारखाना, सञ्चारमा पहुँच लगायतका विषयहरुमा केन्द्रित भई वास्तविक चित्र समेटेर अर्थविद, योजनाविद, भूगोलविद, जनसंख्याविद लगायत क्षेत्रगत विषयविज्ञहरु, बुद्धिजिवी, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका प्रतिनिधि तथा राष्ट्रिय सभाका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यहरुसँग अन्तरक्रिया तथा छलफल गरी विज्ञको सहायतामा सबै स्थानीय तहको लागि प्रोफाईलमा समेटिने विषयवस्तुको आधारमा नमूना प्रोफाइलको विकास गरिनेछ। नमूना प्रोफाइल तयार गर्ने कार्यका लागि बजेट विनियोजन भएमा यो कार्यक्रम सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

३. मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा आयोगले यो ऐन र प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानुन बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने व्यवस्था रहेको छ। मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी नीतिगत कानुनी र संस्थागत सुधारको विषयमा, मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेको कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारको सम्बन्धमा र मधेशी समुदायको अधिकार उलंघन गर्ने व्यक्ति वा संस्थाको विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले कानुनी विशेषज्ञको आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना कानुनी विज्ञ व्यवस्था गर्न साथै सोही ऐनको दफा ७ मा व्यवस्था भए बमोजिम मधेशी समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडी परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, मधेशी समुदाय भित्रका विभिन्न भाषा लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गर्न,

मधेशी समुदायको विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न वा मधेशी समुदायको सशक्तीकरणको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले सामाजिक तथा संस्कृति विज्ञ आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना सामाजिक तथा सांस्कृतिक विज्ञ व्यवस्था गर्न र उल्लेखित कार्यहरुको लागि आयोगमा बजेट विनियोजन भएमा कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

४. मधेशी समुदायको गौरवपूर्ण भाषा संस्कृति परम्पराको संरक्षण र प्रवर्द्धनका रचनात्मक कार्यक्रमहरू तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न आवश्यक मानवीय वित्तीय र भौतिक स्रोत साधन नेपाल सरकारबाट प्राप्त गर्ने र कार्यक्रम कार्यान्वियन गर्ने।

५. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि निर्माण गरिएको पञ्चवर्षिय रणनीतिक योजना-अनुसार विविध क्षेत्रका विज्ञहरुको राय सुझाव अनुसार क्रमशः कार्यान्वियन गर्दै जाने।

६. आयोगलाई सूचना प्रविधीमैत्री गराउदै काम कारवाहीमा सूचना प्रविधिको प्रयोग बढाउदै लैजाने।

७. मधेशी समुदाय भित्रका लक्षित वर्गको उत्थान तथा सशक्तीकरणको लागि प्रभावकारी रुपमा विविध कार्यक्रम संचालन गरिने।

८. मधेशी समुदायको हक हित संरक्षण गर्दै अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्धको उजुरी संकलन, सिफारिस तथा अनुगमनलाई स्वस्फूर्तरुपमा सञ्चालन गर्दै लगिनेछ। कानुनी सल्लाहका लागि एकजना कानुन विशेषज्ञको सेवा आयोगले नेपाल सरकारबाट अपेक्षा गरेको छ। यसका साथै, मधेशी आयोग ऐन २०७४ को दफा ७ को (ठ) मा संशोधन गरी "उजुरी माथी छानविन गर्ने" अधिकारको प्रत्याभूति गर्नुपर्ने।

९. मधेशी समुदाय सम्बन्धमा नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वियन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वियनको लागि सिफारिस गरिनेछ वा सुझाव दिईनेछ।

१०. आयोगको संस्थागत विकास अन्तर्गत पर्ने भवन तथा भौतिक संरचना निर्माण वा प्राप्तिको लागि आवश्यक पहल गरिने छ।

११. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय, सहकार्य गरी आयोगका क्रियाकलापहरुमा गुणात्मक सहभागिता वृद्धि गर्ने।

१२. संवैधानिक मर्म अनुसार आयोगको कार्यक्षेत्र भित्रका विषयहरुमा निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन र समीक्षा गर्दै लैजाने।

१३. सम्बन्धित क्षेत्रका ख्यातिप्राप्त विज्ञहरुको राय सुझावको आधारमा संविधानले तोकेका आयोगको काम, कर्तव्य साथै अधिकारका विषयहरुमा आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी पार्दै लैजाने।

१४. मधेशी समुदायसँग सम्बन्धित एकीकृत तथ्याङ्कलाई सरल, एकिकृत र व्यवस्थित रुपमा राखी वहुउपयोगी बनाउदै लैजाने र मधेश प्रोफाइललाई २०७८ को जनगनणाको प्राथमिक तथ्याङ्क अनुसार अद्यावधिक गर्ने।

१५. प्राप्त थर सूचीकरणको प्रतिवेदनलाई प्राथमिक तथ्याङ्कको आधारमा स्वरुप प्रदान गर्न कार्यक्रम कार्यान्वियका लागि नेपाल सरकारमा सिफारिस गर्ने।

१६. मधेशी समुदायको राज्यमा पहुँचको अवस्था सम्बन्धी अध्ययन, अनुसन्धान कार्य द्धितीय तथ्याङ्कको आधारमा भएतापनि प्राथमिक तथ्याङ्कको आधारमा तयार गर्न थप बजेटको अपेक्षा गरेको छ।

१७. आयोगले निरन्तर समस्याहरुका समाधानका लागि सिफारिस गरेतापनि अझैसम्म राज्यले संवेदनशिल हुन नसकेको अवस्था रहेको छ।

१८. संघीय संसदका प्रतिनिधसभा र राष्ट्रियसभाका समितिहरुले संसदमा नीति निर्माण भन्दा पहिले आयोगसँग मधेशी समुदायको चुनौती र अवसरहरु के के रहेका छन् भन्ने कुराको आयोगको स्थापना भएको छैठौं वर्षसम्म गहन छलफल हुन नसकेकोले आगामी आर्थिक वर्षमा संसदमा प्रस्तुत हुने नीति तथा कार्यक्रम भन्दा पूर्व अनिवार्य रुपमा आयोगको सल्लाहकारी भूमिकालाई स्वीकार र अंगिकार गर्नुपर्ने देखिन्छ।

१९. पर्यावरण संरक्षणका लागि नेपाल सरकारले पर्यावरणमैत्री अवस्थाको सृजना गर्नुपर्ने जसबाट वन तथा वातावरण, नदीजन्य व्यवस्थापन तथा जलचरको यथोचित व्यवस्थापन हुनेछ। यसका साथै आपदा, विपदालाई अवसरमा रुपान्तरण हुनेछ।

२०. शिक्षाको आधारभुत तहसम्म अनिवार्य रुपमै मातृभाषामा पठनपाठनको व्यवस्थापन गर्नुपर्ने।

२१. शिक्षा ऐनलाई समाज उपयोगी बनाई शिक्षामा गुणस्तरीय परिवर्तन गरी यूवाशक्ति आय आर्जन तथा समाजमा जिम्मेवारीपूर्ण वातावरण बनोस् जसबाट मुलुक विकासको अग्रगतितिर लम्किनमा सहजता प्रदान हुनेछ। यसका लागि विद्यालयमा मानविय जनशक्ति, भौतिक पूर्वाधार, शैक्षिक सामाग्री विद्यार्थी अनुसारका दरबन्दी र दरबन्दी अनुसारका शिक्षक अविलम्ब व्यवस्था हुनुपर्नेछ।

२२. लक्षित कक्षासम्मका विद्यार्थीहरुलाई दिवाखाजाको कार्यक्रम रहेता पनि सो अनुसारका सम्भव भएसम्म रैथाने/स्थानीय रुपमा उत्पादित वस्तुहरुको प्रयोग गरी गुणस्तरीय तथा स्वास्थ्यवर्द्धक खाजाको व्यवस्थापन अनिवार्य गर्नुपर्दछ।

२३. विद्यालयमा सबै बालबालिकाहरुको पहुँच हुनुपर्ने, नामांकित गरिएका विद्यार्थीहरुको उपस्थिति सकेसम्म सत प्रतिशत हुनुपर्ने, विद्यार्थीको अध्ययनलाई अविरल रुपमा संचालनका लागि व्यवस्था गरिएका छात्रवृतिलाई प्रभावकारी रुपमा वितरण गर्नुपर्ने। एउटै विद्यालयमा विद्यार्थीहरुलाई उपस्थितिको लागि अनिवार्यता गर्ने,

२४ प्रभावकारी सुशासनको माध्यमले शिक्षा, यातायातका संशाधन, स्वास्थ्य, खानेपानी सहितका सामाजिक सूचकहरुमा सकारात्मकता ल्याई मुलुकलाई समृद्धितिर डोर्याउनुपर्ने। यसका साथै समाजका अति महत्वपूर्ण वर्ग ज्येष्ठ नागरिकका ज्ञान, सिप र क्षमतालाई सदुपयोग गरी मुलुकको विकासलाई द्रुतगति अगाडि बढाउनुपर्ने तथा ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा प्राप्त गर्ने वर्गहरुले प्राप्त गर्दै आउदै गरेका सामाजिक सुविधाहरुलाई तीनै तहका सरकारले समयमै नियमित रुपमा उपलब्ध गराउदा ती व्यक्तित्वहरुलाई सम्मानको भावनामा वृद्धि हुनेछ तथा जीवनयापनमा सहजता प्राप्त हुनेछ।

२५. तराई मधेशमा विकराल रहेका विवाहदर्ता, जन्मदर्ता र मृत्युदर्ताको समयावधि ३५ दिन रहेता पनि व्यवहारतः सो समयावधि भित्र घटना दर्ता गरेको देखिदैन। यो

अवस्थाको निर्मुलीकरण गर्न स्थानीय सरकारका वडा कार्यालयले स्थलगत वा परिवारगत रुपमा दर्ता हुने गरी व्यवस्था गरेमा घटना दर्ता सम्बन्धी समस्या न्यून हुने देखिन्छ। घटना दर्तालाई प्रभावकारी बनाउनका लागि सरोकारवाला सवैले आवश्यक व्यवस्थापनमा ध्यान दिन आयोग ठम्याई रहेको छ। साथै, प्रविधिको माध्यमबाट तोकिएका म्यादभित्र निशुल्क पञ्जिकरण हुने कानुनी व्यवस्था रहेकोले सो कानुनी व्यवस्थालाई अक्षरसः अंगिकार गर्न तीनै तहका सरकार तथा सरोकारवालाहरुले सामाजिक तथा कानुनी सचेतनाका लागि प्रभावकारी प्रयास गर्नुपर्ने देखिन्छ।

मिति-२०८१।०५।०६

# प्रेस-विज्ञप्ति

## कमला पुल शिघ्रातिशिघ्र निर्माणार्थ अपील

हुलाकी सडक अन्तर्गत धनुषा र सिराहा जिल्लाको बीचमा रहेको कमला पुलको निर्माण २०७८ सालमा भएता पनि सो पुल उदघाटन हुनुभन्दा पूर्व नै भासिएको कुरा सर्वविदित्तै छ। सो पुल निर्माणार्थ मधेशी आयोगले वार्षिक प्रतिवेदनमा तथा बीचबीचमा समेत सिफारिस गर्दै आएको छ। सोही क्रममा आ.ब. २०७८।७९ को चौथौ वार्षिक प्रतिवेदनको पाना नं. १४ तथा सिफारिस नं. ३६ कमला पुल पुनर्निमाण र आ.ब. २०८०।८१ को छैठौं वार्षिक प्रतिवेदनको पाना नं. २४ अन्तर्गत क्र.सं. ३२ मा हुलाकी राजमार्गको निर्माणमा द्रुतिकरणलाई सिफारिस गरेको छ। यो मार्ग पूर्व झापाको कचनकवल देखी पश्चिम कन्चनपुरको गड्डाचौकी सम्म रहेको यो मार्ग राणाशासनकाल, पञ्चायतकाल, प्रजातन्त्रकाल, लोकतन्त्रकाल र गणतन्त्रकालको प्रत्यक्ष साक्षी रहेको छ। तर, यो पुल अपुर्ण र अपुरो कै अवस्थामा रहेको छ।

सिराहा, सप्तरी र धनुषाको बीस लाख भन्दा बढी जनताको जीवनरेखा नै रहेको कमला पुलको निर्माण र सम्पन्न गर्न अति आवश्यक देखिएको छ। यसै क्रममा विगत केही दिन देखि नागरिक समाजका अगुवाहरुद्वारा मधेश प्रदेशको प्रादेशिक राजधानी जनकपुरधामको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडी अनसनरत रहेका छन्। नेपाल सरकारका संघीय सरकार र प्रदेश सरकारले यथासिघ्र तदारुकताका साथ पुल निर्माण गरी जनजीवनलाई बहुआयामिक सहजता प्रदान गरिदिनुहुन आयोग हार्दिक अपील गर्दछ।

मितिः २०८१।५।९

# प्रेस-विज्ञप्ति

## शुभकामना

भाद्र कृष्णपक्ष हल षष्ठी छठको तिथिमा मधेशी समुदायको अवधि संस्कार मान्ने आमाहरुले आफ्नो सन्तानको सुस्वास्थ्य र दिर्घायुको कामना गर्दै महुवाको फल, तिन्नीको चामल, कुशको बोट तथा सालको विरुवामा पूजा अर्चना गरी मनाउनुहुने तीन छठी पर्वको ब्रतालु आमाहरु लगायत सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

मिति-२०८१।०५।२०

# प्रेस-विज्ञप्ति

# हरितालिका तीज तथा चौठचन्द्र पर्वको शुभकामना

शाश्वत र सनातनी महिलाहरुको निर्जला ब्रत हरितालिका तीज प्रत्येक वर्ष भाद्र शुक्ल तृतीया तिथिका दिन भगवान शिवको पुजाआराधनागरि धुमधामका साथ मनाउने आदिकालदेखि नै परम्परा रहेको छ। प्रत्येक पर्व मनाउनुको वैदिक तथा पौराणिक महत्व रहेको हुन्छ। शिवपुराण अनुसार हिमालय पर्वतपुत्री पार्वतीले भगवान शिवलाई पतिदेवको रुपमा पाउन भगवान हरिको सल्लाह अनुसार कठोर र निर्जला ब्रत तपस्यागरि भगवान शिवलाई पतिदेवको रुपमा पाउन सफल भएकीले यस ब्रतलाई।हरितालिका तीज भनिन्छ। यो ब्रत गर्दा ब्रतीहरुलाई चिताएको फल प्राप्त हुने भएकोले सनातनी महिलाहरु भाद्र शुक्ल तृतीयाका दिन निराहारवसि ब्रत वस्ने गर्दछिन। यो पर्वले प्रकृति र पुरुषलाई एकाकार गर्ने गरेको हुनाले पारिवारिक सुख-शान्तिको प्राप्ति हुने गर्दछ।

श्रीमदभागवत पुराण अनुसार भाद्रकृष्ण अष्टमीका दिन भगवान श्री कृष्णको जन्म भई ११ औं दिनमा नामाकरण भएको अवसरमा गोपगोपिणीहरुले खुशी आनन्द मनाएकोले सम्पुर्ण जीवजगत खुशी साटासाट गर्ने गर्छ।

शाश्वत सनातनीहरुको दोस्रो प्रशिद्ध पर्व चौठचन्द्र हुन। यस पर्वलाई चौरचन/चौठीचान पनि भन्ने गरिन्छ। यो पर्व भाद्र शुक्ल चतुर्थीका दिन चन्द्रमाको विधिविधानका साथ पुजाअर्चनागरि मनाउने प्रचलन रहेको छ। यस पर्वलाई प्रकृति र शान्तिको पर्व भनिन्छ। यो पर्व गर्नाले विविधा दोषकलंकबाट मुक्ति पाइन्छ भन्ने जनविश्वाश रहेको छ। यस पर्वमा अरिपन गरेको पवित्र स्थानमा सामयिक कृषिमा आधारित अन्नपानीबाट तयार गरिएका खीरपुरी,केरा,दहि लगायतका मिष्ठानहरुको भोग अर्पण लगाउने गरिन्छ।

यसका साथै, यसै भाद्र चतुर्थी तिथिमा नै भगवान गणेशको जन्म भएकोले यो पर्व धुमधामका साथ आयोजना गर्ने परम्परा रहेको छ। यि त्रिपर्वहरुले व्यक्ति,परिवार,समाज र मुलुकमा सुखशान्ति,समृद्धि,उन्नति र प्रगतिमार्गको मार्गदर्शक वनोस् !

हार्दिक मंगलमय शुभकामना अर्पण !

मिति २०८१।०६।०७

# प्रेस-विज्ञप्ति

# जितिया पर्वको शुभकामना

# जितिया एक बहुआयामिक पर्व !

शाश्वत सनातनी मधेशी महिलाहरुको अत्यन्त कठोरतम् निर्जला व्रत-उपासना जीवित्पुत्रिका / जितिया व्रत यहि आश्विन कृष्ण पक्षको सप्तमी, अष्टमी र नवमी तिथिमा परेको छ। यसको प्रथम दिन नहाए-खाए [दर खाने], दोस्रो दिन अष्टमी तिथिमा निर्जला व्रत वस्ने र तेस्रो दिन नवमीमा पारण/पार्वन/समापन गर्ने रहेको छ। यो व्रतले सन्तानको कल्याण, परिवार र समाजको कल्याण हेतु महिलाहरुले उपवास र पुजाआराधना गर्ने गर्छिन। यो पर्व सामाजिक र सामाजिक एकताका साथै महिलाहरुले दिवंगत माइती र घर पक्षका आ-आफना पितृ / पितरहरुलाई श्रद्धापुर्वक पोखरी वा खोलामा गई पुजाअर्चना गर्ने गर्छिन। यस पछि नै सोह्र श्राद्धमा पुरुषहरुद्वारा पुजा तथा जलअर्पण गर्ने गरिन्छ।

यस पर्वले प्रकृति संरक्षण, जल संरक्षण, धार्मिक तथा आध्यात्मिक पक्ष, महिला सशक्तिकरण, सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्ष लगायतका बहुआयामिकताको यो परम पवित्र पर्व हुन्।

हार्दिक मंगलमय शुभकामना अर्पण !

मिति-२०८१।०६।१४

# प्रेस-विज्ञप्ति

मिति २०८१ असोज ११ र १२ गते अबिरल बर्षाको कारणबाट काठमाडौ उपत्यका लगायत देशभरमा बाढी पहिरोले धनजनको क्षति भएको घटनाप्रति दुःख व्यक्त गर्दै मृतकहरुप्रति आयोग हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछ। साथै घाइते भएका नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै सो घाइतेहरुको सघन उपचारको व्यवस्थाको लागि राज्यले दायित्व बोध गरोस, साथै अझै बेपत्ता रहेका नागरिकहरुको खोजी कार्य यथाशिघ्र गरी पीडित परिवारलाई सहानुभुतीपूर्वक पूर्ण व्यवस्थापन गर्नुपर्ने तथा आश्रित परिवारलाई राज्यले यथा सम्भव राहत, पुनर्वासको व्यवस्था गरी/गराइदिनुहुन आयोग हार्दिक अपिल गर्दछ। यसका अतिरिक्त प्राकृतिकजन्य विपतलाई वैज्ञानिक तवरले नै न्युनिकरण गर्नका लागि आयोग राज्यलाई सिफारिस गर्दछ।

मितिः २०८१।०६।१६

# प्रेस-विज्ञप्ति

## शुभकामना !

*या देवी सर्वभुतेषु सर्वकार्य शिद्धिरुपेण संस्थिता।*

*नमतस्यै नमतस्यै नमतस्यै नमोनम। ।:*

*प्रथमम् शैलपुत्री च द्वितीयम ब्रम्हचारिणी*

*तृतीय चन्द्रघण्टति कुशमाण्डा चतुर्थयम्*

*पन्चम् स्कन्ध मातेती षष्ठम् कात्यायनी*

*सप्तम् कालरात्रेती महागौरी अष्टमम्*

*नवमम् शिद्धिदात्रीती नवदुर्गा साष्टांग नमामी।*

शास्वत सनातनीहरुको शैव, शक्ति र वैष्णवहरुका आराध्या र अपराजिता देवी दुर्गाको व्रत, उपवास र उपासना गरि असत्य माथि सत्यको विजय, असुरमाथि सुरको विजयको प्रत्यक्षानुभूति र जनानुभूति पर्व विजयादशमीको पर्व हो।

माता दुर्गाले असुर महिषासुरको बध गरी सुर देउताहरुलाई असुरको-आतंकबाट भयमुक्त गरिन् र त्रेतायुगीन भगवान् रामले असुर रावणलाई बध गरी माता सीतालाई रावणेश्वर लंकाबाट मुक्त गरे। यी महानतम् दैविक कार्यहरुको प्रारम्भ आश्विनको शुक्ल प्रतिपदाका तिथिमा भएकोले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदाकै तिथिमा घटस्थापना गरि आरम्भ हुन्छ र विजयोत्सव नवमी तिथिमा शिद्धिदात्रीको पूजा गरी मनाउने धार्मिक परम्परा रहेको छ।

यस पर्वले जनतामा सामाजिक र सांस्कृतिक सदभावलाई थप प्रगाढ बनाउन मद्दत गरेको छ। आर्थिक क्रियाकलापमा अत्यधिक वृद्धि हुने गरेकोले प्रत्येक वर्गको जीवनमा सजीवीकरण र संचारीकरण हुने गर्छ र हुन्छ पनि ।

तर विगत केहि वर्षदेखि माता दुर्गाको पुजन र विर्सजन कार्यमा केहि विर्धमीहरुबाट अवरोध उत्पन्न गरि/गराई समाजमा अराजकता र शान्तिपूर्ण रहेको नेपाली समाजमा द्वेष फैलाउने अधर्मी कार्य गरेको देखिन्छ। यी अपराधिक र असामाजिक कार्यलाई सुरक्षा निकायहरुले निर्मुलीकरण गर्नै पर्छ। तथा, समयमै सचेत रहि ती असामाजिक तत्वहरुलाई कानुन बमोजिमको कारवाही गरोस् भनि अपेक्षा समेत गर्दछौं।

अन्त्यमा, यस पावन पर्वले सबैमा खुशी, सम्पन्नता, सौहार्दता अपनत्व, माधुर्यता र आनन्दमा श्रीवृद्धि गरोस्।

**हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछौं।**

जय जानकी जय जनपाल

जय बुद्ध जय नेपाल।

मिति-२०८१।०७।३०

# प्रेस-विज्ञप्ति

**कार्तिक पुर्णिमाको शुभकामना।**

शुभं करोती कल्याणं आरोग्यं यशसम्पदा।

शत्रुवुद्धि विनाशाय:विष्णु देवो नमोस्तुते। ।

शाश्वत सनातनीहरुको विभिन्न पर्व त्योहार र पुर्णिमा मध्ये कार्तिक महिनाको पुर्णिमाको विशेष महत्त्व रहेको छ।

यस पुर्णिमाले सबैमा सम्पदा प्रदान गरोस शुभकामना।

मिति-२०८१।०९।०५

# प्रेस-विज्ञप्ति

# तत्काल नै कारवाही गरियोस्

मिति २०८१/०९/०४ गतेमा सम्पन्न NPL (Nepal Premier League) को अन्तिम खेलमा एउटा उदण्ड र अराजक समुहद्धारा जनकपुर वोल्टस् प्रति देखाएका नश्लीय र साम्प्रदायिक तथा रंगीयताका अभद्र रंग कुनैपनि तवरले अग्राह्य रहेको ठम्याई आयोगको रहेछ।विभिन्न प्रकारका संचार माध्यमबाट प्रष्टिएकाहरु माथि राज्यका जिम्मेवारीमा वसेका सुरक्षा निकायहरुले कुनैपनि कारवाही नगर्नु अशोभनिय रहेको र जिम्मेवारी बोध नभएको देखिन्छ। कुनै पनि देशको संविधान, ऐन, कानूनले त्यो मुलुकको सभ्यता- संस्कृति- प्रथा- परम्परा- सोच- व्यवहार र सामाजिक रितिरिवाज समेतलाई प्रतिबिम्बित गरेको हुन्छ। संबिधान, ऐन, कानूनले विभेद, गलत रितिरिवाज, छुवा-छूत विरुद्ध कानुनी रूपमा दण्ड सजायको गरेको छ। तर, सो कानुनी व्यवस्थाको बावजूद पनि यस्ता विभेदकारी सोच र व्यवहार व्यवहारिक रूपमा विद्यमान नै रहेको देखिन्छ।अहिले एउटा सम्प्रदायमा देखिएका मधेशी समुदायप्रतिको विभेदकारी र नश्लीय सोचले मुलुक निर्माणमा अवश्य नै समस्या उत्पन्न गर्नेछ। NPL मा जनकपुरका खेलाडीहरुका अगाडी नै अभद्र र अपमानित हुने खालका नारा-जुलुस लगाए। जुन कार्य अति निन्दनीय र कानुन विपरितका दण्डनीय कार्य रहेको छ।

तर्सथ, तत्कालै राज्यले ती उदण्डी र अभद्री आपराधीलाई तुरुन्त कानूनी रुपमा दण्डित गर्ने कार्य गर्न र संवेदनशील हुन आयोग अपील गर्दछ। र, सोको लागि आयोगले गृह- प्रशासनमा सिफारिस समेत गरिसकेको छ।साथै, संयमित हुन समेत आग्रह गर्दछ।

मिति-२०८१/१०/०३ गते

# प्रेस-विज्ञप्ति

न्यायको मन्दिर न्यायालयमा मिति २०८१/१०/०२ गते जिल्ला अदालत काठमाण्डौको परिसरमा वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी माथि भएको हातपातको घटना अत्यन्तै दुखद र निन्दनीय छ। यो घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

न्यायालयमा सुरक्षाकर्मीहरुको बाक्लै उपस्थिति रहेको हुन्छ तर अधिवक्ताज्यू माथि सांघातिक हमला भई राख्दा पनि जोगाउन नसक्नु समेत दुखद रहेको छ।

न्यायालयमा कानुन व्यवसायी समेत सुरक्षित नहुनुले राज्यको सुरक्षा व्यवस्थाप्रति नै प्रश्न चिन्ह लागेको छ।

यसका साथै सो आपराधिक क्रियाकलापमा लागेकाहरुलाई कानुनी प्रक्रियामा ल्याई दण्डितगरि मौलाई रहेको दण्डहीनतालाई निस्तेज पार्न आयोग अपील गर्दछ।

मिति-२०८१/१२/३१ गते

# प्रेस-विज्ञप्ति

# धार्मिक र सामाजिक सदभावको लागि अपिल।

विविध संस्कृतिको पवित्र थलो नेपालमा सवै धर्मावलम्बीहरुले आ-आफ्नो धार्मिक पर्वहरु मनाउने गर्दछन्।

मधेश प्रदेश पर्सा जिल्लाको विरगंजमा हनुमान जयन्तीको शान्तिपूर्ण र्‍यालीमा गरिएको ढुङ्गामुढा वाट त्यहाँ सदियौ देखि मिलेर बसेको समुदायहरु वीच सदभाव विगार्ने प्रयास गरिएको देखिन्छ।

विगतका केहि बर्षहरुका धार्मिक उत्सवहरु आयोजना हुने क्रममा केहि कानुन विपरीतका घटनाहरु घटाइएका थिए, जसवाट सामाजिक र धार्मिक सद्भाव खलवलिएका थिए। समाजमा सद्भाव कायम राख्न स्थानीय प्रशासनले धार्मिक र सामाजिक सम्प्रदाय एवम् नागरिक समाजको बीचमा समझदारी र सम्झौता गराएका थिए। यो सुखद पक्ष हो र सोही अनुसार कार्यहरु भई राखेका थिए।

गरिएका समझदारी र सम्झौता अनुसार नै प्रत्येक धर्मावलम्बीहरुले प्राप्त धार्मिक र कानुनी अधिकार उपयोग र उपभोग गर्दै सामाजिक सद्भाव कायम राख्न सरोकारवाला निकायहरुसँग आयोग हार्दिक अपील गर्दछ।

मितिः २०८२।१२।३१

# प्रेस-विज्ञप्ति

## नव वर्ष २०८२ सालको हार्दिक मंगलमय शुभकामना।

नव वर्ष २०८२ सालले सबै नेपाली नागरिकहरुको सर्वाङ्गीण विकासका लागि प्रभावकारी भूमिका खेलोस्। संविधान प्रदत्त नागरिकका मौलिक अधिकारका साथै आधारभूत आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सशक्तिकरणका लागि ठोस पहलकदमीको अपेक्षा गर्दै सम्पूर्ण नेपालीहरुको बीचमा सामाजिक एकता तथा सहकार्यका लागि नयाँ वर्ष पूर्ण फलदायी बनोस्। माता जानकी, भगवान पशुपतिनाथ र सबै धर्मावलम्वीहरुका आराध्यादेवहरुले मुलुकलाई शान्ति, एकता, मेलमिलाप र सहकार्यको संस्कृति निर्माण गरोस !

मधेशी आयोग शुभकामना अर्पण गर्दछ।

मितिः २०८२।१।१९

# प्रेस-विज्ञप्ति

## जनकी नवमी-सीता जयन्तीको मांगलिक अवसरमा शुभकामना।

प्रकटी भुमिपुत्री, सत-मनुको सृष्टि

ईक्ष्वाकुको ईच्छा।

"नेमी"को कानन, जनकको आँगन

"मिथि" विदेह सदिच्छा।।

जनक शिरध्वज विदेहराष्ट्रका २५ औं राजा भए। विदेहराजका जनताको जनहितका लागि जनक शिरध्वजले कृषिकर्मी भई हलो जोत्न लाग्दा हलोको अग्रभागवाट एउटी परम सुन्दरी सुकन्या प्राकट्य भईन्। हलोको अग्रभागलाई "शीत" भनिन्छ र हलोको अग्रभागको कारणले प्रकटी सुकन्याको नाम सीता राखिएको थियो। विदेह राजा जनकले आफ्नो पुत्रीको रुपमा स्वीकार गरेको कारणले जानकी, वैदेही आदि नामले सीता संसारभरि पूजित भईन्। सो प्राकट्य हुने तिथि शुक्ल नवमी वैशाख महिना रहेको सीतायण ग्रन्थमा उल्लेखित रहेको छ। यस वर्ष शुक्ल नवमी वैशाखको २३ गते मंगलवार रहेको छ।

सात वर्षकै कलिलो उमेरमा परम प्रतापी तथा तेजस्वी मुनि परशुराम प्रदत्त शिव धनुलाई एक हातले उठाई अर्को हातले पुजाघर लिप्ने गरेको यर्थाथिता देखि राजा जनक "धनुषभंजन" गर्नेसँग मात्र सीताको विवाह गर्ने प्रण अनुसार अयोध्याका राजा दशरथका पुत्र श्री राम धनुष भंजन गरेको

रामायण, सीतायण लगायतका ग्रन्थहरुमा उल्लेख रहेको छ। "नेमि" विदेहको नामबाट रचित-रखित नेपाल राष्ट्र हुन र यसवाट नेपालीहरु गौरवान्वित भएका छौं। नेपालको प्रथम स्थानमा राष्ट्रिय विभूति जनक र दोस्रो स्थानमा सीता नै हुन। मुलुककै राष्ट्रिय विभूति सीतालाई एउटा प्रदेशभित्र मात्र सीमित गर्नु उचित हुँदैन। जगत जननी सीतालाई नेपाल र नेपालीको घर घरमा पर्वोत्सवको रुपमा हर्षोल्लासका साथ मनाउनु पर्दछ।

यसवाट "यत्रानार्यस्तु पुज्यन्ते, रम्यनणते तत्र देवता" को भावना अभिभूत हुन्छ। यस उत्सववाट राष्ट्र र राष्ट्रियता झन् बलियो हुन्छ।

यस आयोगवाट संघीय गणतान्त्रिक नेपालको सामाजिक-सांस्कृतिक मधुरता, स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डताका साथै विविधता बीचको एकता तथा सहिष्णुता अक्षय रहि रहोस् भावनाका साथै सीता जयन्तीलाई राष्ट्रिय पर्वको रुपमा घोषणा गरि राष्ट्रिय विदाको व्यवस्था होस् पुनःसंघीय सरकारलाई अनुरोध र अपिल गर्दछु।

**हार्दिक मंगलमय शुभकामना समर्पण !**

# अनुसूची - ८

# आयोगको भौतिक सम्पत्ति

म.ले.प.फाराम नं. ४१३

नेपाल सरकार

मधेशी आयोग, ललितपुर

कार्यालय कोड: ३०००३४०१

मधेशी आयोग जिन्सी स्टोर

सम्पत्ति/जिन्सी मालसामानको वार्षिक विवरण

आर्थिक वर्ष: २०८१-०८२

सम्पत्ति तथा जिन्सी मालसामानको प्रकार: खर्च भएर नजाने (सम्पत्ति)

मुद्रा:

| क.स. | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| 1 | ६११२११६००००१ | मोटर साइकल | थान/थान | ११ | २,८०१,९००.०० | ० | ०.०० | ० | ०.०० | ११ | २,८०१,९००.०० |
| 2 | ६११२११६००००२ | स्कुटर | थान/थान | ४ | ९०२,७८२.०० | ० | ०.०० | ० | ०.०० | ४ | ९०२,७८२.०० |
| 3 | ६११२११७००००१ | कार | थान/थान | ४ | १०,८०५,४४५.१३ | ० | ०.०० | ० | ०.०० | ४ | १०,८०५,४४५.१३ |
| 4 | ६११२११७००००२ | जिप | थान/थान | ४ | १९,२८५,२३६.४३ | ० | ०.०० | ० | ०.०० | ४ | १९,२८५,२३६.४३ |
| 5 | ६११२२११००००१ | डेस्कटप कम्प्युटर | थान/थान | २२ | १,४७५,८५४.२० | १ | १२४,४२६.०० | ० | ०.०० | २३ | १,७००,३८०.२० |
| 6 | ६११२२१२००००१ | ल्यापटप | थान/थान | १२ | १,२२४,२४१.९८ | ० | ०.०० | ० | ०.०० | १२ | १,२२४,२४१.९८ |
| 7 | ६११२२१२००००२ | आइ प्याड | थान/थान | १ | ९२,०००.०० | ० | ०.०० | ० | ०.०० | १ | ९२,०००.०० |
| 8 | ६११२२१५००००१ | फोटोकपी मेसिन | थान/थान | १ | ११८,५००.०० | ० | ०.०० | ० | ०.०० | १ | ११८,५००.०० |
| 9 | ६११२२१६००००१ | टेलिभिजन | थान/थान | ३ | १४८,२७४.३२ | ० | ०.०० | ० | ०.०० | ३ | १४८,२७४.३२ |
| 10 | ६११२२१६००००२ | टेलिफोन | थान/थान | २ | २०,०००.०० | ० | ०.०० | ० | ०.०० | २ | २०,०००.०० |
| 11 | ६११२२१६००००३ | ईन्टरकम टेलिफोन | थान/थान | १ | ३२,०००.०० | ० | ०.०० | ० | ०.०० | १ | ३२,०००.०० |
| 12 | ६११२२१६००००४ | भ्वाइस रेकर्डर | थान/थान | १ | १०,१७०.०० | ० | ०.०० | ० | ०.०० | १ | १०,१७०.०० |
| 13 | ६११२२१६००००५ | डिजिटल क्यामेरा(Digital Camera) | थान/थान | २ | १३७,४८५.०० | ० | ०.०० | ० | ०.०० | २ | १३७,४८५.०० |

2025-08-11

Page 1 of 4

१४६

| क.स | सम्पत्ती तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
